

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

तेह्रौं वार्षिक प्रतिवेदन

२०५९।६०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल।
भाद्र, २०६०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल, काठमाडौं

फोन नं. ४ २६२ ८४२
४ २६२ ५१५
फ्याक्स : ४ २६२ ९३०
इ-मेल :- akhtiyar@ntc.net.np

पत्र संख्या:- मिति :- भाद्र ५, २०६०

विषय :- तेह्रौं वार्षिक प्रतिवेदन ।

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०५९/६० (२०५९ श्रावण १ गतेदेखि २०६० आषाढ मसान्तसम्म) मा गरेको कामको वार्षिक प्रतिवेदन चढाएका छौं ।

सरकार, जो हुकुम ।

सेवकहरु,

(वासुदेव लामिछाने)	(कृष्णबल्लभ शर्मा काफ्ले)	(इन्द्रबहादुर शेरचन)	(माधवदत्त भट्ट)	(सूर्यनाथ उपाध्याय)
आयुक्त	आयुक्त	आयुक्त	आयुक्त	प्रमुख आयुक्त



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
तेह्रौं वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०५९/६०
अनुक्रमणिका

विषय	पृष्ठ
आयोगको संक्षिप्त परिचय	१
सार-संक्षेप	५
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका कामको विवरण	
परिच्छेद १ : भ्रष्टाचार सम्बन्धी कारबाहीको विवरण	७
क) अदालतसमक्ष दायर गरिएका मुद्दाको विवरण	७
ख) पुनरावेदन तथा पुनरावलोकन दर्ता गरिएका मुद्दाहरु	३२
अ) सर्वोच्च अदालतमा गरिएको पुनरावेदनको विवरण	३२
आ) सर्वोच्च अदालतमा पुनरावलोकनको लागि दिएका निवेदनहरु	३६
ग) मुद्दा फैसलाको सार-संक्षेप	४०
परिच्छेद २ : अनुचित कार्य सम्बन्धी कारबाहीको विवरण	४१
क) विभागीय कारबाहीको लागि लेखिएको विवरण	४१
ख) सचेत गराइएको विवरण	५०
परिच्छेद ३ : सुझाव पठाएको वा ध्यानाकर्षण गराइएको विवरण	५६
क) सुझाव पठाइएको विवरण	५६
ख) ध्यानाकर्षण गराइएको विवरण	६१
परिच्छेद ४ : विविध	६४
क) विविध निर्णयहरु	६४
ख) विस्तृत अनुसन्धान पश्चात् तामेलीमा राखिएका विषयहरुको विवरण	६६
ग) अनुसन्धान अधिकृत नियुक्त भई विस्तृत अनुसन्धान जारी रहेका विषयहरुको विवरण	६७
घ) अन्य निकायमा आवश्यक कारबाहीको लागि उजूरी पठाएको विवरण	७०
ङ) विभागीय वा अन्य कारबाही गर्न वा सचेत गराउन लेखिएका विषयको कार्यान्वयन स्थिति	७३

परिच्छेद ५ : आयोगका अन्य गतिविधि ८४

क) रणनैतिक योजनाको तर्जुमा तथा कार्यान्वयन ८४
ख) अन्तर्राष्ट्रिय सहकार्य ८५
ग) अन्य उपलब्धिहरु ८७
घ) लक्ष्य, चुनौती र आगामी कार्यक्रम ८८
ङ) निस्कर्ष ९०

अनुसूचीहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०४७
पुस्तकालय

आयोगको संक्षिप्त परिचय

१. पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ ।

२. गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम यस आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरु रहने प्रावधान छ । श्री ५ बाट संवैधानिक परिषद्को सिफारिसमा आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्तहरुको नियुक्ति गरिबक्सिन्छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ वर्षको उमेरसम्म बहाल रहन सक्ने व्यवस्था रहेको छ । हाल आयोगमा निम्नानुसार १ जना प्रमुख आयुक्त र ४ जना आयुक्तहरु कार्यरत रहनु भएको छ :-

श्री सूर्यनाथ उपाध्याय प्रमुख आयुक्त,	२०५७।७।१८ मा प्रमुख आयुक्त पदमा नियुक्त ।
श्री माधवदत्त भट्ट आयुक्त,	२०५४।५।६ मा आयुक्त पदमा नियुक्त ।
श्री इन्द्रबहादुर शेरचन आयुक्त,	२०५४।५।६ मा आयुक्त पदमा नियुक्त ।
श्री कृष्णबल्लभ शर्मा काफ्ले आयुक्त,	२०५४।५।६ मा आयुक्त पदमा नियुक्त ।
श्री वासुदेव लामिछाने आयुक्त,	२०५७।७।१८ मा आयुक्त पदमा नियुक्त ।

सचिव (प्रतिवेदन अवधिमा कार्यरत)

श्री खेमराज नेपाल	२०५७।८।८ - २०५९।९।१०
श्री माधवप्रसाद घिमिरे	२०५९।९।१५ - २०५९।२।५
श्री बालकृष्ण प्रसाई	२०५९।२।५ देखि ।

३. काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम यस आयोगका काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने,

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कार्यबाही गर्न अख्तियारवालालाई लेख्ने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले *भ्रष्टाचार* गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपरसमेत मुद्दा दायर गर्ने वा गराउने,
- श्री ५ समक्ष सम्पादित कामहरुको वार्षिक प्रतिवेदन चढाउने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व पनि सुम्पेको छ । यस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुन्छन् :

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- दुष्परिणाम सच्याउन आदेश दिने,
- हानी नोक्सानी असूल उपर गराउने,
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक कार्यहरु गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सम्बन्ध र सहयोग वृद्धि गर्ने,
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४ छानविन तथा अनुसन्धान प्रकृया :

नेपाल अधिराज्यको संविधान, २०४७ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती विषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार पृथक रुपमै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजूरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्ने र निवेदकको सनाखत समेत गर्नु पर्ने व्यवस्था छ । तर सार्वजनिक चासोको विषय भएको उजूरीको हकमा भने यो बन्देज लागू हुदैन ।

भ्रष्टाचारको उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा पनि आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारबाई चलाउन सक्दछ ।

प्रारम्भिक छानविनको प्रकृया : आयोगसमक्ष परेका अख्तियार दुरुपयोग सम्बन्धी कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारीउपर प्रारम्भिक छानविनको क्रममा सो विषयमा कारवाई गर्नु पर्ने वा नपर्ने निर्क्यौल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गर्ने गरिएको छ :

क) उजूरी निवेदनको विषयवस्तु के हो ?

ख) उजूरी आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ग) उजूरीमा उल्लिखित विषयको गम्भीरता के कति छ ?

घ) उजूरीको आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?

च) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?

छ) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानविन गरी संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानविन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारबाई नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ :-

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,

ख) ऐनको हदम्याद नाघेको,

ग) आयोगको अधिकार र कार्यक्षेत्रभित्र को विषय नभएको,

घ) अदालतमा मुद्दा परिरहेको विषयको,

ङ) तथ्ययुक्त आधार नभएको,

च) खिचोला वा टण्टा दिने मनसायको, र

छ) मामूली कुरासम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपर्युक्त आधार सन्निहित नभएका उजूरीमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाई अगाडि बढाउने गरिन्छ । कुनै विषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर विस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

<u>विस्तृत अनुसन्धान तहकिकातको प्रकृया :</u> प्रारम्भिक छानवीनको रोहबाट विस्तृत अनुसन्धान तहकिकात गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित विषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धान तहकिकातको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्तसमक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा उपयुक्त आदेश हुन सक्छ । अन्यथा अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोगसमक्ष पेश गर्ने आदेश गरिन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गम्भीरता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारबाईको सिफारीश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारबाई गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

<u>आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :</u>

- नेपाल अधिराज्यको संविधान, २०४७
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (दोश्रो संशोधन सहित)
- भ्रष्टाचार निवारण ऐन, २०५९

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५७

५. क्षेत्राधिकार

कुनै सार्वजनिक पद धारण गरेको कुनै पनि व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्दछ । तर देहायका पदाधिकारीको सम्बन्धमा कारबाई गर्ने अधिकार आयोगलाई प्राप्त छैन :

क) त्यस्तो कारबाईको सम्बन्धमा संविधानमै छुट्टै व्यवस्था गरिएका पदाधिकारी, र

ख) सैनिक ऐन बमोजिम कारबाई हुने पदाधिकारी ।

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा श्री ५ को सरकारद्वारा नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगले हालै स्वीकृत गरेको नयां रणनीति अनुरुप आयोगको प्रशासनिक संगठनलाई आगामी आर्थिक वर्षभित्रै सुदृढ गरिने भएको छ । आयोगको सांगठनिक संरचना अनुसूची २ मा दिइएको छ । हाल आयोगमा ६ वटा अनुसन्धान महाशाखाहरु, १ वटा मुद्दा महाशाखा, १ वटा प्रहरी महाशाखा, १ वटा प्रशासन महाशाखा र १ वटा योजना महाशाखा गरी १० वटा महाशाखाहरुमा स्वीकृत दरबन्दी तर्फका ११७, प्रहरीतर्फका २६, काज खटिएका ७२ समेत जम्मा २१५ कर्मचारी कार्यरत रहेका छन् ।

७. आयोगको बैठक

आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिवमार्फत् सम्बन्धित आयुक्तसमक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने विषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि विषयको जटिलता, अवस्थार शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय गर्न सकिने व्यवस्था छ । यसै अनुरुप आर्थिक वर्ष २०५९/६० को अवधिमा ११७ पटक आयोगको बैठक बसी २१९ वटा निर्णयहरु भएका थिए ।

८. अधिकार प्रत्यायोजन

आयोगको व्यापक क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा विस्तार नभएकोले अर्को व्यवस्था नभएसम्मको लागि २०५९।६।१ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

९. बजेट व्यवस्था

आर्थिक वर्ष २०५९/६० मा आयोगको कूल बजेट रु. २,८०,९४,६७२।४३ मध्ये रु. २,४३,७९,४४०।९८ निकासा भई रु. २,४३,७९,४४०।९८ खर्च भएको छ । यस अघि आर्थिक वर्ष २०५८/५९ मा आयोगको कूल बजेट रु. २,०६,४८,८२३/०८ मध्ये रु. १,९४,६६,०६९/३२ निकासा भई रु. १,९४,६६,०६९/३२ खर्च भएको थियो । आर्थिक वर्ष २०५९/६० को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

तेह्रौं वार्षिक प्रतिवेदनको
सार-संक्षेप

अ) भ्रष्टाचार सम्बन्धी कारबाहीको विवरण :

१) अदालतसमक्ष दायर गरिएका मुद्दाको विवरण :

आर्थिक वर्ष २०५९/६० को अवधिमा जम्मा ४२१ जना व्यक्तिलाई प्रतिवादी बनाई निम्नानुसार १४७ थान मुद्दा दायर भएका छन् :

गैरकानूनी रुपमा अस्वाभाविक सम्पत्ति आर्जन गरेको विषयको मुद्दा	- २८ थान
नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दा	- ८१ थान
गैरकानूनी कर्जा सम्बन्धी मुद्दा	- १८ थान
अन्य विविध विषयको मुद्दा	- २० थान
	जम्मा १४७ थान

२) पुनरावेदन तथा पुनरावलोकनका लागि दर्ता गरिएका मुद्दाहरु :

क) शुरु अदालतबाट भएको फैसलामा चित्त नबुझी सर्वोच्च अदालतसमक्ष पुनरावेदन गरिएका मुद्दा : ४ थान

ख) सर्वोच्च अदालतबाट भएको फैसलामा चित्त नबुझी पुनरावलोकनका लागि दर्ता गराइएका निवेदन : २ थान

३) मुद्दा फैसलाको स्थिति :

विशेष अदालतमा जिम्मेवारी सरी आएका वा दर्ता भएका मुद्दाहरुमध्ये सो अदालत गठन भएको पहिलो वर्ष २०५९/६० मा फैसला भएका कूल ५५ थान भ्रष्टाचार सम्बन्धी मुद्दाहरुमा ४३ थान मुद्दाहरुमा आयोग पूर्ण सफल, ४ थान मुद्दामा आंशिक सफल, ७ थान मुद्दामा असफल र १ थान मुद्दा प्रतिवादीको मृत्यु भएको कारण खारेज भएको छ । हाल विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी २०७ थान मुद्दाहरु विचाराधीन छन् ।

आ) अनुचित कार्य सम्बन्धी कारबाहीको विवरण :

१) **सचेत :** विभिन्न २५ वटा विषयगत उजूरीहरुबाट २८ वटा कार्यालयहरुका जम्मा ४९ जनालाई सचेत गराइएको ।

२) **विभागीय कारबाही :** विभिन्न २५ वटा विषयगत उजूरीहरुबाट ३५ वटा कार्यालयहरुका जम्मा ३९ जनालाई विभागीय कारबाही गर्न तथा १२ वटा कार्यालयहरुका हाल सार्वजनिक पदमा नरहेका जम्मा १८ जनाको हकमा निजहरुको कार्यको अभिलेख राख्न सम्बन्धित अख्तियारवालाहरुलाई लेखिएको ।

इ) अन्य कारबाही :

१) ध्यानाकर्षण :

निम्नानुसारका जम्मा ९ विषयहरुमा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराइएको :

ऐन, नियमहरुको अक्षरशः पालना गराउने विषयमा – ३

अभिलेख व्यवस्थापन तथा अनुगमनका विषयमा – २

प्रकृयागत सुधार गर्ने विषयमा – २

अध्ययन प्रतिवेदन आदिको सिफरीश कार्यान्वयन गर्ने विषयमा – २

जम्मा : ९

२) सुझाव पठाइएको विवरण :

निम्नानुसार जम्मा २२ विषयहरुमा सम्बन्धित निकायहरुलाई सुझाव पठाइएको :

नियम संशोधन वा परिमार्जन गर्ने विषयमा – ३

नयां कानूनी प्रावधान बनाउने विषयमा – ४

विद्यमान प्रकृया वा परिपाटीमा सुधार गर्ने विषयमा – १४

तोकिएको प्रकृया पुगे नपुगेका बारे सजग रहने विषयमा – १

जम्मा : २२

ई) आयोगबाट भएको कारबाहीको विवरण तालिका :

विवरण	कारबाहीको किसिम							
	मुद्दा दायर	सुझाव प्रेषित	विभागीय कारबाही गर्न लेखिएको			सचेत गराइएको		ध्यानाकर्षण गराइएको
			विषयगत संख्या	व्यक्ति संख्या*	अभिलेख राख्न लेखिएको	विषयगत संख्या	व्यक्ति संख्या*	
क) प्रारम्भिक छानविनबाट :		१				३	४	५
ख) विस्तृत अनुसन्धानबाट :								
मुद्दा दायर शीर्षकबाट	१४७	२	५	१३		३	६	
विभागीय कारबाही शीर्षकबाट		४	२०	२५	१८	३	८	
सचेत गराएको शीर्षकबाट		२				१६	३१	
सुझाव पठाएको शीर्षकबाट		१३						
ध्यानाकर्षण शीर्षकबाट								४
जम्मा	१४७	२२	२५	३९	१८	२५	४९	९

* व्यक्ति संख्या स्पष्ट खुलेको विवरण मात्र यसमा समावेश गरिएको छ । सम्बद्ध पदाधिकारीहरुको पहिचान गरी सम्बन्धित निकायबाटै कारबाही गर्न लेखिएको अवस्थामा यथार्थ व्यक्ति संख्या खुल्न नसक्ने हुंदा कारबाहीको लागि लेखिएका व्यक्तिहरुको वास्तविक संख्या यस तालिकामा उल्लेख गर्न सकिएको छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको कामको विवरण

परिच्छेद १
भ्रष्टाचार सम्बन्धी कारबाहीको विवरण

क) अदालतसमक्ष दायर गरिएका मुद्दाको विवरण :

विशेष अदालतको गठन हुनु भन्दा अघि पुनरावेदन अदालतमा र विशेष अदालतको गठन पश्चात् सो अदालतमा दायर गरिएका भ्रष्टाचार सम्बन्धी मुद्दाहरुको विवरण निम्नानुसार रहेको छ :

१. सार्वजनिक पद धारण गरेका निम्न व्यक्तिले गैरकानूनी रुपमा निम्न दावी बमोजिमको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्चस्तरको जीवन यापन गरिरहेको, निज र निजका परिवारका नाममा रहेको सम्पत्ति अमिल्दो, अस्वाभाविक देखिएको, सो सम्पत्ति के कस्तो श्रोतवाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण निजले दिन नसकेको एवं निजले सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) वा ७(२), १५, १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) को कसूर गरेको देखिंदा सोही दफा वमोजिम हदैसम्म हुने सजायको मागदावी लिई छुट्टाछुट्टै मुद्दा दायर गरिएको :-

क्र.सं.	प्रतिवादीको नाम	दावी बिगो रु.	कैफियत
१.	अर्थ मन्त्रालयका शाखा अधिकृत सुरेशकुमार रेग्मी θदीपा रेग्मी	५४,८४,२५५।-	
२.	भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत गणेशप्रसाद श्रेष्ठ θशान्तिदेवी श्रेष्ठ तथा θसरस्वती श्रेष्ठ	१,८६,०५,०१५।२७	
३.	बैदेशिक हुलाक भन्सार कार्यालय, सुन्धारा, काठमाडौंका ना.सु. केशवराज गौतम θकेशवी गौतम, θलीलाराज गौतम, θराजु गौतम र θगंगा कुमारी गौतम	१,७९,५३,१२२।६३	
४.	२ नं आन्तरिक राजस्व कार्यालयका सहसचिव जनार्दन शर्मा θमीनु शर्मा, θआलोक शर्मा, θनलीनी शर्मा र θदीक्षा शर्मा	१,६३,३३,५४८।५६	
५.	तातोपानी भन्सार कार्यालयका खरिदार भरतप्रसाद घिमिरे θरमादेवी घिमिरे	१,६५,००,२७९।०९	
६.	अर्थ मन्त्रालय अन्तर्गतका ना.सु.निरन्जनबाबु श्रेष्ठ θअरुणा श्रेष्ठ र θसत्यदेवी श्रेष्ठ	६१,५०,२४४।२६	
७.	अर्थ मन्त्रालय अन्तर्गतका ना.सु.केदारनाथ ढुंगाना θसरस्वती ढुंगाना, θअरुण ढुंगाना र θविनीता ढुंगाना	१,२६,३३,४७९।९५	
८.	पूर्व मन्त्री चिरन्जीबी वाग्ले θदेबेन्द्र वाग्ले, θशान्तादेवी वाग्ले र θअन्जु शर्मा वाग्ले	३,२९,५५,०७१।३२	मन्त्री पदमा आसीन व्यक्ति भएकोले थप सजायको मागदावी समेत गरिएको
९.	त्रिभूवन विमानस्थल भन्सार कार्यालयका खरिदार रामकृष्ण तिवारी θदुर्गा तिवारी	७२,२८,३५४।१३	

१०.	भन्सार विभागका उप सचिव शरदकान्त अधिकारी θसुमित्रा अधिकारी	९८, ४१, ८२०।२३	
११.	अर्थ मन्त्रालयका उप सचिव ईश्वरप्रसाद पोखरेल θउषा पोखरेल, θप्रवीण पोखरेल र θकिरण पोखरेल	१, २३, ०३, ६९५।१७	
१२.	अर्थ मन्त्रालय अन्तर्गतका ना.सु. अर्जुन थापा θसवु थापा र θरणबहादुर थापा	१, १७, ०९, १०४।८६	
१३.	अर्थ मन्त्रालय अन्तर्गतका ना.सु. उमेशकुमार रेग्मी θसंजना काफ्ले (रेग्मी), θउषादेवी काफ्ले, θसुशीलाकुमारी काफ्ले (अर्याल) र θसुधीरकुमार काफ्ले	१, ४३, २२, ३५९।०५	
१४.	भन्सार विभागका शाखा अधिकृत देवीप्रसाद भण्डारी θदेवी भण्डारी (कडेल)	६७, ७८, ४२६।६६	
१५.	वीरजंग भन्सार कार्यालय अन्तर्गत अलौ छोटी भन्सारका ना.सु. केदारप्रसाद चालिसे θपद्मा पोखरेल (चालिसे), θप्रह्लादकुमार चालिसे, θनानीमैया दाहाल र θपेसल पोखरेल	८१, ६८, ९९१।८९	
१६.	नेशनल कन्स्ट्रक्शन कम्पनी, नेपालका तत्कालीन महाप्रवन्धक रामाज्ञा चतुर्वेदी θआशा चतुर्वेदी, θअभिषेक चतुर्वेदी, θरीतेस चतुर्वेदी र θअदिती चतुर्वेदी	६, ९१, ८२, ५३५।७९	महाप्रवन्धक भएकोले थप सजायको मागदावी समेत गरिएको
१७.	सडक विभागका तत्कालीन महानिर्देशक आनन्दप्रसाद खनाल θपद्मा खनाल, θअनिल खनाल, θअमित खनाल र θआभाषा खनाल	३, ९७, ४०, ०७३।३६	
१८.	अर्थ मन्त्रालय अन्तर्गतका सह सचिव श्रीराम पन्त θभवानीदेवी पन्त, θउत्तमराज पाण्डे, θउषा विष्ट र θनितम विष्ट	१, १७, ६७, ३२६।७१	
१९.	पूर्व मन्त्री जयप्रकाश प्रसाद गुप्ता θसरस्वती पुरी (गुप्ता)	२, ०८, ०८, ०४६।३८	मन्त्री पदमा आसीन व्यक्ति भएकोले थप सजायको मागदावी समेत गरिएको
२०.	मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केशरजंग खडका θसीतादेवी खड्का, θरामजंग खड्का र θलक्ष्मणजंग खड्का	१, ४५, ६२, १७४।२२	
२१.	श्रम तथा रोजगार प्रवर्द्धन विभागका शाखा अधिकृत गणेश अर्याल θभागीरथी भण्डारी (अर्याल), θ गोमा अर्याल (खरेल) र θनारायण कार्की	८२, ४०, ७०२।५६	
२२.	आन्तरिक राजस्व विभागका ना.सु. डोलराज शर्मा θसावित्री शर्मा, θ अञ्जु शर्मा, θ मञ्जु शर्मा र θसजन शर्मा	३, ५२, ८७, ४६७।४७	

२३.	पूर्व मन्त्री खुमबहादुर खड्का θशीला शर्मा (खडका) र θपूनम खडका	२,३६,८७,६२४।२४	मन्त्री पदमा आसीन व्यक्ति भएकोले थप सजायको मागदावी समेत गरिएको
२४.	नेशनल कन्स्ट्रक्सन कम्पनी, नेपालका तत्कालीन अध्यक्ष कृष्णकुमार शर्मा घिमिरे	१,१५,५०,०००।–	अध्यक्ष भएकोले थप सजायको मागदावी समेत गरिएको
२५.	भन्सार विभागका निर्देशक खेमराज भट्टराई गीता भट्टराई (कोइराला) θलता भट्टराई	२,४५,६३,८७८।३३	
२६.	आन्तरिक राजस्व क्षेत्र नं. १ का उप सचिव भरतराज सुवेदी θमञ्जु सुवेदी	४३,४५,६४३।६२	
२७.	तातोपानी भन्सार कार्यालयका ना.सु. श्यामकुमार बस्नेत θममता कार्की (बस्नेत)	३५,९३,५४०।९५	

द्रष्टव्य :- यस्तो (θ) चिन्ह लागेका व्यक्तिहरु सार्वजनिक पद धारण गर्ने व्यक्ति नभए पनि निजहरुको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनको लागि मात्र प्रतिवादी बनाइएको ।

२. निम्न राष्ट्रसेवकहरुले शुरु नियुक्ति/पदोन्नति पाउने उद्देश्यले पेश गरेको निम्न शैक्षिक योग्यताका प्रमाणहरु अनुसन्धानका क्रममा सम्बन्धित विश्वविद्यालय, बोर्डबाट प्राप्त पत्र समेतका आधारमा नक्कली एवं झुठा देखिन आएकोले निजहरुको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले पनि भ्रष्टाचारको कसूर देखिन आएको हुंदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई छुट्टाछुट्टै मुद्दा दायर गरिएको :-

क्र.सं.	कर्मचारीको नाम, थर, पद र कार्यालय	उपाधि	अनुक्रमाङ्क	बोर्ड/विश्वविद्यालय
१	डासीराम पन्थी, शाखा अधिकृत, निर्वाचन आयोग	बी.ए.	२९०७ १९९५	गोरखपुर विश्वविद्यालय
२	नीरा न्यौपाने, लेखापाल, कृषि विकास बैंक	मध्यमा	१७।५४३ १९९२	बिहार संस्कृत शिक्षा बोर्ड
३	सानुकाजी महर्जन, स.प्र.अ., नेपाल खानेपानी संस्थान	मध्यमा	२२८।२५ १९९१	बिहार संस्कृत शिक्षा बोर्ड
४	रञ्जु तिवारी, स. लेखापाल, नेपाल खानेपानी संस्थान	मध्यमा	४०२।३७४ १९९०	बिहार संस्कृत शिक्षा बोर्ड
५	शारदालक्ष्मी कर्माचार्य (बिष्ट) वरिष्ठ सहायक, राष्ट्रिय वाणिज्य बैंक	आई.ए.	२९०७ १९७३ सि.नं. ७००४	पटना विश्वविद्यालय
६	होमबहादुर थापा प्रहरी नायब उपरीक्षक, प्रहरी प्रधान कार्यालय	इन्टरमिडियट	८३१५३८ १९९२	माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश ।
७	मदन गुरुङ्ग प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	त्रिवर्षीय स्नातक	६८५१२ १९९४	गोरखपुर विश्वविद्यालय
८	कुमारबहादुर कटुवाल प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	मध्यमा	१९०/८३५ १९९२	बिहार संस्कृत शिक्षा बोर्ड
९	मोहनकृष्ण खड्का प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	त्रिवर्षीय स्नातक	३६४०९१ १९९५	गोरखपुर विश्वविद्यालय

१०	नारायणसिंह थापा मगर प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	इन्टरमिडियट	१७७२९८५ १९९५	माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश
११	शैलेन्द्रकुमार शर्मा प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	,,	७८२९३५७ १९९५	माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश
१२	सुदर्शन थापा, लेखापाल, कृषि विकास बैंक	,,	८४४०५९ १९९१	,,
१३	शोभा कार्की, कार्यालय सहायक, कृषि विकास बैंक	,,	८८३३१३ १९९५	,,
१४	भगवती नेपाली, कार्यालय सहायक, कृषि विकास बैंक	,,	११३८९६९ १९९७	,,
१५	ऋषिराम शर्मा, कार्यालय सहायक, कृषि विकास बैंक	,,	११५४५१६ १९९१	,,
१६	विष्णुदेवी कुंवर योगी, महिला कार्यकर्ता, कृषि विकास बैंक	हाइस्कूल	१६४०७८१ १९९३	,,
१७	अनन्तभक्त वाग्ले, कार्यालय सहायक, कृषि विकास बैंक	इन्टरमिडियट	३९५५६४ १९९०	,,
१८	इन्दिरा भुषाल, लेखापाल, कृषि विकास बैंक	,,	१०५५५०४ १९९३	,,
१९	तारा थापा, स्टेनो, कृषि विकास बैंक	,,	८६४२९५ १९९४	,,
२०	नारायणदत्त भट्टराई, कार्यालय सहायक, कृषि विकास बैंक	,,	१०७७८५६ १९९३	,,
२१	अकलवहादुर सि.के., कार्यालय सहायक, कृषि विकास बैंक	,,	०४३९६०५ १९९१	,,
२२	काशीराम शर्मा, कार्यालय सहायक, कृषि विकास बैंक	,,	९९९११२ १९९३	,,
२३	कमला भण्डारी, लेखापाल टाइपिष्ट, कृषि विकास बैंक	,,	२१८८४५१ १९९८	,,
२४	किशोर भट्टचन जुनियर क्याप्टेन, शाही नेपाल वायुसेवा निगम	,,	६७४२०९ १९८७	,,
२५	राजश्री भट्टचन विमान परिचारिका, शाही नेपाल वायुसेवा निगम	,,	५१११७८ १९८७	,,
२६	गीता ज्ञवाली नेपाल सहायक चतुर्थ, घरेलु तथा साना उद्योग विकास समिति	हाइस्कूल	१७४३२०९ १९९१	,,
२७	कालु गुरुङ्ग, सहायक प्रथम, साझा स्वास्थ्य सेवा	इन्टरमिडियट	८८६७८५ १९९४	,,
२८	विमला पोखरेल हेड असिस्टेन्ट, उदयपुर सिमेन्ट कारखाना	,,	८८३३४३ १९९५	,,
२९	रविन्द्र तण्डुकार टेलिफोन अपरेटर, नेपाल दूरसंचार संस्थान	हाइस्कूल	१६३४१८६ १९९०	,,
३०	हरिचन्द्र आचार्य इलेक्ट्रिक सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण	,,	१७८२६१८ १९९३	,,

३१	कृष्णबहादुर शाक्य लेखा अधिकृत, नेपाल विद्युत प्राधिकरण	,,	१९३४२९१ १९९६	,,
३२	सुरोजकुमार श्रेष्ठ जुनियर फोरम्यान, दुग्ध विकास संस्थान	,,	१७०५६७२ १९९१	,,
३३	टोपबहादुर स्वाँर चतुर्थ तह, नेपाल खानेपानी संस्थान	,,	२०८०९१० १९९८	,,
३४	कृष्णदेवी कार्की , निरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग	मध्यमा, इन्टरमिडियट	३१६/७५० ०३९३८९९	विहार संस्कृत शिक्षा बोर्ड, माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश
३५	कृष्णहरी ज्ञवाली, वरिष्ठ सहायक, नेपाल खानेपानी संस्थान	इन्टरमिडियट	९१०६३५	माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश
३६	झुल वहादुर राना सुपरभाईजर, नेपाल खानेपानी संस्थान	हाइस्कूल	१६५५७७९	,,
३७	राजु लामिछाने, अपरेटर , नेपाल दूर सञ्चार संस्थान		८२५९६३५	
३८	भीमबहादुर चौलागाई, अपरेटर , नेपाल दूर सञ्चार संस्थान		१६२३२९७	,,
३९	नर नारायण थापा, टाइपिष्ट-ग, त्रिभुवन विश्वविद्यालय, भूगर्भशास्त्र केन्द्रीय विभाग		१७४३२४२	,,
४०	ताराप्रसाद श्रेष्ठ, वरिष्ठ सहायक, नेपाल बैंक लिमिटेड	,,	११२९१८७	,,
४१	दीपक पौडेल, नायब प्राविधिक सहायक, नेपाल बैंक लिमिटेड	इन्टरमिडियट	८७६५४३	,,
४२	प्रभुराम वस्नेत, टाईपिष्ट, नेपाल बैंक लिमिटेड	हाइस्कूल	६१०९।९०५	विहार विश्वविद्यालय परीक्षा समिति
४३	पारस अधिकारी, गोदाम रक्षक, नेपाल बैंक लिमिटेड	इन्टरमिडियट	८२५६९१	माध्यमिक शिक्षा परिषद उत्तरप्रदेश
४४	शिवहरी पौडेल, टाईपिष्ट, नेपाल बैंक लिमिटेड	हाइस्कूल	१७१७११९	,,
४५	चम्पा श्रेष्ठ , वरिष्ठ टाइपिष्ट, नेपाल खानेपानी संस्थान	इन्टरमिडियट	एम ६७७१२१	,,
४६	रामभजन यादव, सहायक रेकर्ड कीपर, नेपाल राष्ट्र बैंक	मध्यमा	४७।१३	विहार संस्कृत शिक्षा बोर्ड
४७	मनोजकुमार श्रेष्ठ नायब प्राविधिक सहायक, नेपाल बैंक लि.	इन्टरमिडियट	४६७९७८	माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश
४८	नगेन्द्रबहादुर शाही नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय, बांके	हाइस्कूल	१९१५३१२	,,
४९	जनकराम पौडेल, वरिष्ठ सहायक, नेपाल बैंक लिमिटेड	एस.एल.सी.	९३०२/१९१	विहार विद्यालय परीक्षा समिति
५०	दीपक गुरागाई, सहायक भण्डारपालक, स्नातकोत्तर क्याम्पस, विराटनगर	मध्यमा	२३९।५८५	बिहार संस्कृत शिक्षा बोर्ड

५१	मिथिला महाजु सहायक (ख), राष्ट्रिय बाणिज्य बैंक	नवीन मध्यमा	९६६	कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय
५२	थानेश्वर कोईराला उप सचिव (अवकास)	एम.ए.	३२६४	भूपेन्द्र नारायण मण्डल विश्वविद्यालय
५३	राजेन्द्र गिरी प्रशासकीय अधिकृत	बी.ए.	४२२५६	,,
५४	कुलराज शर्मा नेत्र प्राविधिक,नेपाल रेडक्रस सोसाइटी	,,	४७८४२	,,
५५	अमर प्याकुरेल लेखा अधिकृत, सडक विभाग	एम.ए.	४७९२	,,
५६	राजेन्द्र सिंह सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण	हाइस्कूल	१५०८९५३	माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश
५७	श्यामकृष्ण थापा सिनियर मीटर रीडर, नेपाल खानेपानी संस्थान.	,,	१७४४५७१	,,
५८	प्रदीप पोखरेल प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	बि.ए.	५६३३२/ १९९७	गोरखपुर विश्वविद्यालय
५९	मुकुन्दकुमार निरौला प्रहरी निरिक्षक, प्रहरी प्रधान कार्यालय	बि.ए. प्रतिष्ठा	मधि/ ११८०६/ १९९४	भुपेन्द्रनारायण मण्डल विश्वविद्यालय
६०	प्रदीप पोखरेल प्रहरी नायव उपरीक्षक, प्रहरी प्रधान कार्यालय	बि.ए.	५०६८/ १९८०	बिहार विश्वविद्यालय
६१	शरदकुमार मोक्तान प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	आई.ए.	pat ९३९/ १९८२	पटना विश्वविद्यालय
६२	राजन श्रेष्ठ प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	,,	७२४०५३/ १९८९	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
६३	रामहरि के.सी. प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	हाइस्कूल	१२०८९६७/ १९८६	,,
६४	तेजवहादुर वाइवा लामा अधिकृत छैटौं, हेटौडा सिमेन्ट उद्योग लि.	मध्यमा	१९९/१२९/ १९९०	विहार संस्कृत शिक्षा बोर्ड
६५	भीम कोईराला पियन ,दुग्ध विकास बोर्ड	A/ssc I.Sc	५४३१७२१/ १९८४	केन्द्रीय माध्यमिक शिक्षा बोर्ड
६६	गोपालकृष्ण श्रेष्ठ चौथो तह, नेपाल विद्युत प्राधिकरण	आई.ए.	pat ८९९/ १९८५	पटना विश्वविद्यालय
६७	गणेशबहादुर के.सी. प्रहरी निरीक्षक ,प्रहरी प्रधान कार्यालय	हाइस्कूल	१७५८५५६/ १९९४	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
६८	बसन्तबहादुर बुढा प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	,,	१६४३२२७/ १९९३	,,
६९	गणेशप्रसाद भुषाल प्राविधिक नायब सुब्बा, मुद्रण विभाग	इन्टरमिडियट	८४४००५/ १९९१	,,
७०	पुस्कल गजुरेल टेलिफोन अपरेटर, नेपाल दूरसञ्चार संस्थान	मध्यमा	१३५/३१५/ १९८९	विहार संस्कृत शिक्षा बोर्ड
७१	मीरा कोइराला सहायक चौथो, नेपाल दूरसञ्चार संस्थान	,,	१९९/५२२/ १९९२	,,
७२	अजयकुमार सिंह वरिष्ठ पियन, नेपाल राष्ट्र बैंक	,,	५८/८७/ १९९८	,,

७३	भूवीन्द्रप्रसाद अधिकारी शिक्षक, कालिका माध्यमिक विद्यालय, डोल्पा	आई.ए.	०९९२०२१/ १९९३	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
७४	लक्ष्मी गुरुङ्ग शिक्षक, भूमे निम्न माध्यमिक विद्यालय, राम्चे, रसुवा	हाइस्कूल	२०५६३८०/ १९९८	,,
७५	नवराज न्यौपाने शिक्षक, भूमे निम्न माध्यमिक विद्यालय, राम्चे, रसुवा	मध्यमा	४०४/ ७६८१९९१	विहार संस्कृत शिक्षा बोर्ड
७६	वीरबहादुर गुरुङ्ग शिक्षक ,मयुर प्राथमिक विद्यालय, बर्दिया	एस.एल.सी सरह	५२६/०२८	नेपाल शिक्षा परिषद्
७७	दुर्गाप्रसाद लुईटेल लेखा सहायक चतुर्थ, नेपाल टेलिभिजन	मध्यमा	३५।२६४/ १९९२	विहार संस्कृत शिक्षा बोर्ड
७८	रमा शर्मा सहायक चौथो, नेपाल दूरसंञ्चार संस्थान	नवीन मध्यमा	१४३६/ १९७३	कामेश्वर सिंह दरभंगा विश्वविद्यालय
७९	कृष्णकुमार के.सी. सहायक, कृषि सामग्री संस्थान	नवीन उ.मध्यमा	९५५/१९७०	,,
८०	आत्माराम फुयाल वरिष्ठ पियन, नेपाल राष्ट्र बैंक	एस.एल.सी	१९२५४५२/ १९९६	माध्यमिक शिक्षा परिषद्
८१	राजेन्द्र कुमार कालिराज सहायक प्रशासक, त्रिभुवन विश्वविद्यालय	बी.ए.	८०७९७/ १९९४	गोरखपुर विश्वविद्यालय

३. ग्रेट सिद्धार्थ इण्टरनेशनल ट्रेड कन्सर्नका प्रोप्राइटर राजेन्द्र डाँगी, निजलाई सहयोग गर्ने नारायण डाँगी, भक्ति के.सी, कृष्ण गिरी तथा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, वानेश्वरका तत्कालीन मेनेजर श्रीकृष्ण श्रेष्ठ, एकाउन्टेण्ट मदनकुमार सिवाकोटी र एल.सी. इन्चार्ज महेन्द्रभक्त प्रधानाङ्ग समेतको परस्पर मिलोमतो सरसल्लाह, सहयोग र संलग्नतामा संचालन तथा व्यापारिक कारोवार नै नभएको ग्रेट सिद्धार्थ इण्टरनेशनल ट्रेड कन्सर्न नामक फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय वानेश्वरबाट मिति २०५२।११।१५, २०५२।११।२२, २०५२।२।११ मा BNR/T/३०/११, BNR/T/३०/२२, BNR/T/३०/५० नं. को प्रतितपत्र खोली मिति २०५२।२।५, २०५२।२।४ र २०५२।२।२४ मा बिना औचित्य वा कारण रकम संशोधन गरी सिंगापुरबाट मेडिकल इन्स्ट्रुमेन्ट, ब्लडप्रेशर इन्स्ट्रुमेन्ट, डिस्पोजल सिरिन्ज साथै फोटोग्राफिक पेपरहरु आयात गर्न भनी अमेरिकी डलर कमश ९६२६०, १७६००० र १७४८०० भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै विदेशी मुद्रा विनिमय सम्बन्धी फाराम नं. ४ मा भन्सार अधिकृत तथा भन्सार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी गराई भन्सार अधिकृतको दस्तखत नभिडाई त्यसैका आधारमा बैंकमा राखेको धरौटी फिर्ता दिएको तथा सामान आयात नै नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचारको कसूर गरेको देखिँदा प्रतिवादी राजेन्द्र डाँगी, नारायण डाँगी, भक्ति के.सी. र कृष्ण गिरीउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम र श्रीकृष्ण श्रेष्ठ, मदनकुमार सिवाकोटी र महेद्रभक्त प्रधानाङ्गउपर सोही ऐनको दफा ७(२) बमोजिम सजाय तथा आयोगको मिति २०५९।४।७ को निर्णय बमोजिम कायम हुन आएको विनिमय दर अनुसार जनही जरिवाना हुन र विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा वृद्धि हुंदै गइरहेको र अमेरिकी डलर यसको बिगो भएको हुंदा बिगोको हकमा सोही ऐनको दफा २९ बमोजिम बिगो असूलउपर हुने मितिमा कायम हुने विनिमय दर अनुसार सबै प्रतिवादीहरुबाट दामासाहीले बिगो भरी भराई पाउन समेत माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. स.अ.१३१७८० बाट विभिन्न मितिमा गरी रु. ५२,४९,७५३/- जाली चेक किताव माग फारामको आधारमा पुरानो चेक किताबमा ३२ थान चेक पानाहरु वाँकी छँदा छँदै नयां चेक किताव उक्त बैंकबाट प्राप्त गरी गराई भ्रष्टाचार गरी उक्त विभागको रकम हिनामिना भएको सम्बन्धमा निम्न प्रतिवादीउपर निम्न बमोजिम बिगो दावी लिई भ्रष्टाचारको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत मुद्दा दायर गरिएको :-

क्र.सं.	प्रतिवादीको नामथर, पद र कार्यालय	कसूर	बिगोदावी/सजाय
१	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सह लेखापाल तुलसीप्रसाद पराजुली	आफ्नो जिम्मामा रहेको धरौटी खाताको चेकबूक माग फारामको छायांप्रति, खाता सञ्चालकको दस्तखत नमूना समेत गैर कानूनी रुपले असम्बद्ध व्यक्ति दिलिप भन्ने अनिरुद्र ठाकुरलाई उपलब्ध गराएको	रु. ५२,४९,७५३/-
२	नेपाल राष्ट्र बैंकका का.मु. सहायक निर्देशक दुर्गाप्रसाद मानन्धर	चेक किताबभित्र हुने नयाँ चेक किताब माग फाराम भन्दा छुट्टै आकारको, बैंकले लगाउने छाप भन्दा फरक छाप लगाएको, महानिर्देशकको नाम र छाप भएको ठाउंमा लेखा अधिकृत तथा लेखा अधिकृतको नाम छाप भएको ठाउंमा महानिर्देशकको दस्तखत गरिएको, त्यसमा गरिएका चारवटै दस्तखत (दुईजना बैंककै कर्मचारी र दुईजना माग गर्ने पदाधिकारीको) कीर्ते गरिएको माग फारामलाई वेवास्ता गरी, नेपाल बैंक लिमिटेडबाट कलेक्सनमा आएको चेक २०५८।३।१७ आइतवार (सार्वजनिक विदा) का दिनको मिति राखी जांच गरेको,	"
३	बैंक सहायक हिरण्य निरौला, नेपाल राष्ट्र बैंक	पुरानो चेक किताबका पानाहरु बांकी रहेको कुरा वेवास्ता गरी नयां चेक किताब पोष्टिङ गरेको	"
४	प्रमुख सहायक तीर्थकुमारी मानन्धर, नेपाल राष्ट्र बैंक	नयां चेक किताब दिंदा पद, नाम, थर लेखेर दस्तखत गराएर मात्र दिनु पर्नेमा स्पष्ट परिचय पत्र विनाको व्यक्तिलाई चेक किताब दिएको	"
५	का.मु. सहायक निर्देशक चम्पा कोइराला, प्रमुख सहायक वीणा श्रेष्ठ र सहायक निर्देशक शारदा मिश्र, नेपाल राष्ट्र बैंक	नयां लगिएको चेक किताबबाट रकम माग गरी भुक्तानीका लागि पेश भएका चेकहरुको कीर्ते दस्तखतलाई ठीक हो भनी जांच गरेको	"
६	नेपाल बैंक लिमिटेड, लाजिम्पाट शाखाका तत्कालीन प्रवन्धक सन्ततिलाल जोशी	निवेदकको दस्तखत नै नभएको खाता खोल्नका लागि पेश गरिएको निवेदन र परिचय गराउनेको छाप फरक भएको कुरालाई वेवास्ता गरी नयां वचत खाता खोल्न आदेश दिएको	"
७	नेपाल बैंक लिमिटेड, लाजिम्पाट शाखाका सुपरीक्षक विष्णु खनाल	नयां खातावालाको परिचय गराउनेको कीर्ते दस्तखत जांच गरी सांचो हो भनी खाता खोल्न दिएको	"

८	मधुसूदन पुरी र दीलिप भन्ने अनिरुद्धप्रसाद ठाकुर	तुलसीप्रसाद पराजुलीको सहयोगमा उक्त विभागको नेपाल राष्ट्र बैंकमा रहेको धरौटी खाताको चेक किताव माग फारामको छायाप्रति, खाता सञ्चालकको नमूना दस्तखत समेत प्राप्त गरी उक्त नमूनाहरुको आधारमा नक्कली चेक किताव फाराम छपाई त्यसवाट नयां चेक किताव प्राप्त गरी खाता सञ्चालकहरुको कीर्ते दस्तखतका आधारमा रकम झिकेको	रु. ५२,४९,७५३।- तथा यसै रकमबाट आशा गोपालको नाममा दीलिप भन्ने अनिरुद्ध प्रसाद ठाकुरले खरीद गरी चलाई आएको वा. ११ प. ९५०९ नं.को हिरोहोण्डा मोटर साइकल र मधुसूदन पुरीवाट रु.२२,०००।- जफत हुन
९	ट्याक्सी चालक दिनेश श्रेष्ठ	नेपाल बैंक लिमिटेडबाट रु.४८,००,०००।- भुक्तानी सम्बन्धमा २/३ दिन अघिदेखि सल्लाह गरी आफूले चलाउने गरेको बा. १ ज. ५८३७ को ट्याक्सीबाट उक्त रकम सो बैंकबाट सामाखुसी बालाजुपुलसम्म पुऱ्याउन सहयोग गरी त्यसवापत रु.२,०००।-लिएको	रु.२ हजार जफत हुन
१०	रामबहादुर कार्की	दीलिप भन्ने अनिरुद्र ठाकुर समेतलाई अपराधबाट वचाउने कार्य समेत गरी सहयोग पुऱ्याई आएको	
११	पार्वती राजबंशी	आफ्ना श्रीमान दिलिप भन्ने अनिरुद्र ठाकुरलाई मधुसूदन पुरीले उक्त उपराध जन्य कामको सिलसिलामा सदर खोरबाट गरेको फोनको खवर उपलब्ध गराई सहयोग पुऱ्याएको	

५. बुटवल न.पा. वडा नं. ६ एरिया खस्यौलीको कि.नं. १४ को जग्गाको पूर्वतर्फ रहेको पर्ती जग्गालाई चार किल्ला प्रमाणित गराई शिवकुमारीले मिति २०२७।१०।११ मा क्षेत्रफल ०-०-१३ विगाहा र सोही मितिमा पुण्यदेवीले ०-१-३ विगाहा जग्गा नेत्रबहादुर थापावाट राजिनामा गराई लिएकोमा उक्त जग्गाहरु खिचोला गरेको भनी पुण्यदेवी श्रेष्ठले प्रेमिनि गुरुङसेनी र एम. एम. मथाईउपर र शिवकुमारी घिमिरेले एम.एम. मथाईउपर दिएको जग्गा खिचोला मुद्दामा तह तह हुंदै पश्चिमाञ्चल क्षेत्रीय अदालतबाट वादी दावी नपुग्ने ठहराई फैसला भएको, यसरी फैसलावाट समेत आफूहरुको हक कायम हुन नसकेको उक्त सरकारी पर्ती जग्गालाई प्रतिवादीहरुले बुटवल नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष कुलबहादुर कुंवरवाट चौकिल्ला प्रमाणित गर्न लगाई उक्त जग्गामध्ये ०-०-१३ विगाहा कुशाराम घिमिरेको नाममा मालपोत कार्यालय, रुपन्देहीवाट नामसारी गराई मिति २०५६।१०।१४ मा चक्रचूडामणी पौडेल समेतका संयुक्त नाममा रु. २,७८,५००।- मा राजिनामा गरिदिएको र पुण्यदेवी श्रेष्ठका छोराहरु अनिल श्रेष्ठ, मिलन श्रेष्ठ र विनोद श्रेष्ठको संयुक्त नाममा ०-१-३ जग्गा नामसारी भई आएपछि निजहरुले मिति २०५७।१।७ मा चक्रचूडामणी पोडेललाई ०-०-११.५ विगाहा र कृष्णप्रसाद पाठकलाई मिति २०५६।७।२९ मा ०-०-११.५ बिगाहा जग्गा राजिनामा गरिदिएको देखिदा सरकारी पर्ती जग्गाहरु प्रतिवादीहरुवाट जफत भै सरकारी पर्ती नै कायम गरि पाउन तथा निम्न प्रतिवादीउपर निम्न वमोजिम बिगो दावी लिई प्रचलित भ्रष्टाचार निवारण ऐन अनुसार मुद्दा दायर गरिएको :-

क्र. सं.	प्रतिवादी	कसूर	बिगोदावी/सजाय
१	कुलबहादुर कुंवर, वडाअध्यक्ष	स्थापित नभएका प्रतिवादीहरुको नाममा उक्त सरकारी पर्ति जग्गाको चौकिल्ला एवं ३ पुस्ते प्रमाणित गरेको	रु. ९,३७,५००।- जरिवाना एवं कैद
२	दुर्गादत्त सिग्देल वडा सचिव	प्र. कुशाराम घिमिरे र प्र. कुलबहादुर कुंवरको मतियार	भ्र .नि. ऐन, २०५९ को दफा २२ बमोजिम सजाय

३	अनिल श्रेष्ठ, विनोद श्रेष्ठ र मिलन श्रेष्ठ	सरकारी पर्ती भन्ने जानी जानी चौकिल्ला र ३ पुस्ते प्रमाणीत गराई ०-०-११.५ विगाहा जग्गा बिक्री	बिगो रु. ५,७५,०००।- र बिगो बमोजिम जरिवाना तथा कैद
४	कुशाराम घिमिरे	सरकारी पर्ती भन्ने जानी जानी ०-०-१३ विगाह जग्गा आफ्नो नाममा नामसारी गराई ३ जनाको नाममा राजिनामा गरि दिएको	बिगो रु. ९,३७,५००।- र बिगो बमोजिम जरिवाना तथा कैद
५	कृष्णप्रसाद पाठक	गैह्कानूनी कामवाट उत्पन्न हुन सक्ने मुद्दा मामिला समेतको जिम्मा लिई जग्गा राजिनामा गराई पर्ति जग्गा समेत भोग चलन गर्ने योजना वनाई सो काममा लागेको खर्च र भोग चलन गर्दा आउने रकम आफु समेतले बराबर व्यहोर्ने शर्तमा काम गरेको	बिगो रु. ९,३७,५००।- र बिगो बमोजिम जरिवाना तथा कैद
६	चक्र चुडामणी पौडेल	उक्त जग्गा आफु समेत ३ जनाको नाममा नामसारी गराई लिएको र अनिल,मिलन र विनोदका नाममा नामसारी भै आएपछि निजहरुवाट ०-०-११.५ विगाहा जग्गा राजिनामा गराई लिएको	बिगो रु. ९,३७,५००।- र बिगो बमोजिम जरिवाना तथा कैद
७	नारायणप्रसाद उपाध्याय सापकोटा र शिवप्रसाद अधिकारी	पर्ती जग्गा कुशारामको नाममा नामसारी भएपछि निजसंग आफू समेत ३ जनाको नाउंमा संयुक्त रुपमा राजिनामा गरिलिई प्र. कुशाराम घिमिरे, चक्रचूडामणी पौडेल र कृष्ण प्रसाद पाठकको मतियार भएको	भ्र .नि. ऐन, २०५९ को दफा २२ बमोजिम

६. मोरङ जिल्लामा आर्थिक वर्ष २०५२/०५३ देखि संचालित बक्राहा नदी नियन्त्रण योजनाका ठेकेदार चाइना हेनान इण्टरनेशनल इकोनोमिक टेक्नीकल को-अपरेशन कर्पोरेशनले अन्तर्राष्ट्रिय बोलकवोल प्रकृयाद्वारा स्वीकृत लागत अनुमानको करीव ३४% कम लागतमा उक्त नदी नियन्त्रण योजनाको निर्माण कार्य गर्दै आएकोमा बचत हुन आएको करीव रु. १२ करोड खर्च गर्ने मनसायले थप काम गर्न आवश्यक परेको भनी सोही ठेकेदारलाई वार्ताद्वारा रु. १२ करोडको काम दिने क्रममा निम्न पदाधिकारीहरुले निम्न कसूर गरेको अभियोगमा प्रचलित भ्रष्टाचार निवारण ऐन बमोजिम मुद्दा दायर गरिएको :-

क्र.सं.	प्रतिवादी	कसूर	बिगोदावी/ सजाय
१	योजना प्रमुख नारायणवहादुर थापा	• भेरिएशन रकम वास्तविक भन्दा कम देखाएको, • रु. १४ करोडको नयाँ ईस्टिमेट बनाई ३९% कममा सोही योजनास्थलमा सोही प्रकृतिको काम गरिरहेको ठेकेदारलाई साविक ठेक्काको दररेट भन्दा १५% मात्र कम हुने गरी थप काम दिएको, • २.५ वर्ष अगाडिको विनिमय दर सहितको शर्त स्वीकार गरेको तर सोवाट पर्ने असरका सम्बन्धमा कुनै हिसाव नै नगरेको, आदि	रु. ४,०५,९०,५९१।३४

२	सिंचाई बिभागका तत्कालीन उप-महानिर्देशक, आमोदानन्द मिश्र	• रु. १४ करोडको नयां इष्टिमेट बनाई प्रतिस्पर्द्धा बिना साविककै ठेकेदारबाट गराउन सिफारिस गरेको • साविकको ठेकेदारबाट गराउनु पर्ने थप काम साविक सम्झौता बमोजिम भेरिएसन अर्डरबाट गराउनु पर्नेमा नयां ठेक्का गरी भेरिएसन जस्तो पारी बढी दररेट हुने गरी नयां दररेट निर्धारण गरेको	रु.४,०५,९०,५९१।३४
		• ३९% कममा काम गरिरहेको अवस्थामा १८ देखि २१% मात्र घटी भएको दररेटलाई most favourable rate भनी वार्ताटोलीको संयोजकको हैसियतले बदनीयतपूर्वक राय सिफारिस गरेको • २.५ वर्ष अगाडिको विनिमय दर सहितको शर्त स्वीकार गरेको तर सोवाट पर्ने असरका सम्बन्धमा कुनै हिसाव नगरेको, आदि	
३	जलश्रोत मन्त्रालयका तत्कालीन सचिव विश्वनाथ सापकोटा	• तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६३(८) बमोजिम विभागीय प्रमुखको तहबाटै भेरियसन सम्बन्धी कार्यको टुंगो लाग्नु पर्नेमा आफूसमक्ष पेश हुन आएको फाइल सम्बन्धित पदाधिकारी समक्ष फिर्ता नपठाएको, • साविकको ठेक्कामा भएको Variation सम्बन्धी प्रावधानको वेवास्ता गरी ऐन, नियम र सम्झौतामा उल्लेख नै नभएको तरिकाले वार्ताटोली गठन गर्ने आदेश दिएको र टोलीको प्रतिवेदनलाई बोलपत्र मूल्यांकन समितिमा रायको लागि भनी पठाएको • साविकको ठेकेदारबाट साविककै दररेटको आधारमा साविककै ठेक्काको शर्त अन्तरगत Variation order दिन सकिने प्रावधानलाई वेवास्ता गरी बढी दररेटमा काम गराएको • आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को असम्बन्धित नियम १९१ को आधार लिई बदनीयतपूर्वक मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने स्वीकृति लिएको, आदि	रु.४,०५,९०,५९१।३४

४	तत्कालीन जलश्रोत मन्त्री खुमवहादुर खड्का	• Variation को आवरणभित्र वास्तविक अर्थमा नयां गैरकानूनी ठेक्का गर्न ठेकेदारसित वार्ता गरे जस्तो गरी बिना आधार नयां दररेट निश्चित गरी तयार पारिएको प्रस्ताव पेश गर्न जानाजान स्वीकृति दिई आर्थिक प्रशासन सम्बन्धी नियमावलीको नियम १९१ को असान्दर्भिक नियम प्रयोग गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको • मन्त्रिपरिषद् सचिवालयबाट अर्थ मन्त्रालयको राय लिई पेश गर्नका लागि प्रेषित पत्रको वास्ता नगरी बदनियतपूर्वक मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको • सोही ठेक्कामा भेरीएसन अन्तरगतको अधिकांश काम सम्पन्न हुने अवस्थामा रहेकोमा सो प्रकृयालाई बीचमा नै छाडी महानिर्देशकको तहमा निर्णय गर्नु पर्ने विषयलाई मन्त्रिपरिषद्बाट निर्णय गराएको, आदि	रु. ४,०५,९०,५९१।३४
५	ठेकेदार चाइना हेनान इन्टरनेशनल इकोनोमिक टेक्नीकल को-अपरेशन कर्पोरेशन (CHICO) का ठेक्का व्यवस्थापक Cao Shuangqun	• भेरिएसनको व्यवस्था अन्तर्गत साविकको दररेटको आधारमा काम गरिरहेकोमा उपर्युक्त व्यक्तिहरुसित मिलोमतो गरी बिना कुनै आधार थप कामको दररेट निश्चित गरे गराएको • Similar Item को दररेटको हकमा सम्झौतामा भएका दररेट तथा मूल्यको आधारमा नै मूल्यांकन गर्नु पर्ने सम्झौताको बेहोरा विपरीत नयां आइटम भन्न नमिल्ने विषयलाई आयोजनाले स्वीकृत गरेको भेरीएसनको दररेट र थप कामको भेरीयसन गर्दा भुक्तानी गरेको दररेटमा दिन मञ्जुर गरी भुक्तानी समेत लिइसकेको अवस्थामा नयां र बढी दररेटको कोटेशन पेश गरेको, आदि	रु.४,०५,९०,५९१।३४

यस अतिरिक्त, मन्त्रिपरिषद्मा पेश हुने यस किसिमका प्रस्तावका हकमा पालन गर्नुपर्ने कानून र प्रकृया पुगे नपुगेको तर्फ सतर्कता अपनाउन श्री ५ को सरकार मन्त्रिपरिषदलाई सुझाव समेत दिइएको ।

७. टेरेष्ट्रियल टेलिभिजन संचालनार्थ इजाजतपत्र दिने प्रयोजनका लागि २०५७।६।१५ मा द राइजिंङ नेपालमा प्रकाशित सूचना बमोजिम कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि. लगायतका विभिन्न ९ कम्पनी/फर्मले प्रस्ताव दर्ता गराएको र २०५८।६।२२ मा मन्त्रिस्तरीय निर्णय अनुसार आफूले लगानी गर्न कवुल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकमको सेक्युरिटी बण्ड माग गरिएकोमा पहिलो पटक प्रस्ताव पेश गर्नेमध्ये नेटवर्क (अधिराज्यभरी प्रसारण गर्ने) तर्फ ४ र मेट्रो (काठमाडौं उपत्यकामा मात्र) तर्फ ३ वटा कम्पनीले पुनः प्रस्ताव पेश गरेको देखियो । नेटवर्कतर्फ ५ प्रतिशत भन्दा कम सेक्युरिटी बण्ड राखेको आधारमा कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि. वाहेक अरु सबैलाई प्रतिस्पर्धाबाट हटाउने बदनियत राखी मिति २०५९।१।४ मा इजाजतपत्र दिइएको कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.का निर्देशक कैलास सिरोहियाको २०५९।१।११ को निवेदनका आधारमा २०५९।१।२५ मा सो सेक्युरिटी बण्ड २१ दिन पछि फुकुवा/फिर्ता माग गरी निजलाई इजाजतपत्र दिएपछि तत्कालै बण्ड फिर्ता गरेको पाइयो । यसबाहेक २०५९।१।४ मा कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि. लाई इजाजतपत्र दिंदा बण्डको म्याद २०५९।१।५ मा समाप्त हुने देखिएपछि आफ्नो २०५८।६।२३ को पत्रानुसार तोकिएको शर्त (इजाजतपत्रको क्र.सं. ९ मा रहेको) १८ महिनाभित्र काम समाप्त नभए जफत गर्ने प्रयोजनका लागि समेत बण्डको

म्याद बढाउन लगाउनु पर्नेमा सो म्याद बढाउन लगाएको पाइएन । यसबाट राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ६ को बदनीयतपूर्वक जानी जानी पालना नगरिएको प्रष्ट हुन आयो ।

यसमा मन्त्रालयको निर्णय प्रकृयातर्फ हेर्दा दर्ता भएको निवेदनका आधारमा टिप्पणी उठी सम्बन्धित अधिकृतको राय सिफारिश समेत उल्लेख हुदै अन्तिम निर्णयार्थ उपल्लो पदाधिकारी (मन्त्री)समक्ष पेश हुनु पर्नेमा सो नभई ठाडो र उल्टो प्रकृयाबाट निर्णय भएको, सेक्युरिटी बण्ड जफत हुने शर्त इजाजतपत्रमा नराखेको, म्याद समाप्त हुने कुरा टिप्पणीमा उठान नगरेको, सेक्युरिटी बण्डको म्याद समाप्त भए पश्चात पनि सोको म्याद थप नगरे नगराएको, सेक्युरीटी बण्ड फुकुवा पाउन निवेदन गर्ने र फुकुवा/फिर्ता दिने दिलाउने कार्य वदनीयतपूर्ण, दुराशययुक्त र गैरकानूनी देखिनुका साथै सो कान्तिपुर टेलिभिजन नेटवर्क प्रा. लि.को सेक्युरिटी बण्डको म्याद थप नगराउने र फुकुवा/फिर्ता दिने कार्यवाट कान्तिपुर टेलिभिजन नेटवर्क प्रा. लि. लाई रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) वरावरको गैरकानूनी फाइदा र श्री ५ को सरकारलाई रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) वरावरको हानी नोक्सानी भएकोले तत्कालीन सूचना तथा संचार मन्त्री जयप्रकाश प्रसाद गुप्तालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) को कसूरमा सोही दफा बमोजिम हदैसम्म कैद सजाय र बिगो बमोजिम रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) जरिवाना समेत दुवै सजाय गरिपाउन र निज श्री ५ बाट नियुक्त पदाधिकारी हुँदा सावित ऐनको दफा १४ क. तथा हालको ऐनको दफा २४. अनुसार हदैसम्म थप कैद समेत हुन, का.मु. सचिव प्रभाकर अधिकारीलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) तथा हालको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) को कसूरमा सो वमोजिम हदैसम्म कैद र बिगो रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) वमोजिम जरिवाना समेत दुवै सजाय गरी निज श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदाधिकारी रहेबाट सावित ऐनको दफा १४क. हालको ऐनको दफा २४ अनुसार हदैसम्म थप सजाय गरी पाउन, डि.ई. सोहनबहादुर न्याछ्योलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) तथा हालको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) को कसूरमा सो वमोजिम हदैसम्म कैद र बिगो रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) वमोजिम जरिवाना समेत दुवै सजाय गरी पाउन, प्राविधिक अधिकृत अनुप नेपाललाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) तथा हालको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) को कसूरमा सो वमोजिम हदैसम्म कैद र बिगो रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) वमोजिम जरिवाना समेत दुवै सजाय गरीपाउन, कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.का निर्देशक कैलास सिरोहियालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम हदैसम्म कैद, बिगो बमोजिमको जरिबाना र बिगो रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) असूलउपर गर्न समेतको दावी लिई मुद्दा दायर गरिएको ।

८. मनुष्मारा सिंचाई प्रणालीको प्रथम चरण तथा दोश्रो चरणका नहर, शाखा नहर, प्रशाखा नहर, कुलो र कुलेसो समेतका तटवन्धमा रहेका सिसौका रुखहरु गैरकानूनी रुपमा कटानी भई भ्रष्टाचार भएको देखिएकोले प्रचलित भ्रष्टाचार निवारण ऐन बमोजिम सजायको माग दावी लिई निम्न बमोजिम दुईवटा मुद्दा दायर गरिएको :-

(क) प्रथम चरणको नहरतर्फ :

क्र.सं.	प्रतिवादी	कसूर	बिगो
१	सुरेन्द्रप्रसाद सिंह, अध्यक्ष,	सिंचाई नियमावली २०५६ बमोजिम संरक्षणको जिम्मा लिने भनि यकीन लगत बिना, प्राविधिकबाट निश्चित प्रतिवेदन नलिई, ढलापडा रुख मात्र काट्न सहमति पाएकोमा निजले काटेको भनि स्वीकार गरेको १८५५ थान रुखहरु मात्र काटिएको भन्ने निहुँ बनाई १८१८१ थान रुख कटान गरेको र संस्थाले बरामद गरी संकलन गरेको काठ समेत गैर कानूनी रुपमा हिनामिना गरेको	रु.३,८४,९७,३८०।-

२	जल उपभोक्ता संस्थाका पदाधिकारीहरु : कोषाध्यक्ष दसै पण्डित, सचिव गोनोर महतो, सदस्यहरु तेजनारायण राय, हरिनारायण मण्डल, रामनरेश राउत, हुलास राय, अमिरी राउत, दीपलाल साह, रामप्रेम सिंह, उपाध्यक्ष नवलकिशोर प्रसाद साह, सदस्यहरु रामदेव प्रसाद साह, भूपनारायण राय, रामाश्रय साह, बेनी साह, लालबाबु महतो, राजाराम राय तथा तत्कालीन गाविस अध्यक्षहरु नन्दलाल महतो (भवानीपुर गाविस) , फकिरा महतो (हरकठवा गाविस), रामाश्रय साह (धनकोल गाविस)	सडे ढलेका रुखहरु मात्र काट्ने सहमति भएको देख्दादेख्दै संस्थाको अध्यक्षलाई खडा (हरियो) रुख समेत काट्ने अख्तियारी दिएको, अनियमित भएमा अध्यक्ष र कोषाध्यक्ष जिम्मेवार हुने गरी दिईएको शर्त बिपरित तत्सम्बन्धी निर्णयको सम्पूर्ण अधिकार पनि अध्यक्षलाई नै दिएको तथा त्यस अधिकार बमोजिम अध्यक्षले रुख कटानी गर्दा गरेको रुख लिलामी कार्यमा संलग्न भई श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याएको	
३	रामेश्वर भारती सिनियर डिभिजनल ईन्जिनियर, जिल्ला सिंचाई कार्यालय, सर्लाही	सिंचाई नियमावली, २०५६ बमोजिम रुख कटानी सम्वन्धी वैठक वोलाई जल उपभोक्ता संस्थालाई रुख काट्ने अनुमति दिई सकेपछि आफूले अनुमति दिए बमोजिमको काम भएको छ छैन भन्ने सम्बन्धमा आफ्नै संयोजकत्वमा बसेको समितिको निर्णय बमोजिम अनुगमन लगायतको कुनै काम नगरेको	
४	बन्धुलाल चौधरी, ओभरसियर, जिल्ला सिंचाई कार्यालय, सर्लाही	प्रथम चरणका नहरहरुको डिलमा लगाएका सिसौका रुखहरुमध्ये सडे ढलेका र सुकेका रुखहरुको स्थलगत रुपमा निरीक्षण गर्न खटाइएकोमा जम्मा कति रुख छन्, कति रुख काट्नुपर्ने अवस्थामा छन् केही नखुलाई स्थलगत निरिक्षण गरेको, हचुवा खालको र आफुलाई नतोकिएको बिषयमा नहर किनारामा रुख नै रहनु हुँदैन भन्ने बदनीयतपूर्ण प्रतिवेदन दिएको	
५	नारायण प्रसाद अधिकारी, प्रहरी निरीक्षक ,इलाका प्रहरी कार्यालय, बरहथवा	नहर किनारामा व्यापक मात्रामा रुख कटानी भइरहेको अवस्थामा रुख काट्ने व्यक्तिहरुलाई पक्राउ गरी गैरकानुनी रुपमा रकम लिई कानूनी कारवाही विना छाड्ने गरेको, निज कार्यरत ईलाका अन्तर्गतको नेपाल बैंक लिमिटेड बरहथवामा निजको नाममा रहेको बचत खाता नं. ६८५५ मा नहरका सिसौ कटान भइरहेकै अवधिमा पटक पटक गरी कुल रु. ४,२६,५६८।- जम्मा भएको, उक्त रकम जम्मा भएको प्रमाणित हुने श्रोत पेश गर्न नसकेको	

सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी केशवराज धिमिरेले मिति २०५८।१०।११ मा जिल्ला वन कार्यालय, लालवन्दीलाई सम्बोधन गरी लेखिएको भनिएको च.नं. ४१२४ को पत्र मिति २०५९।५।२८ मा तयार गरी मिति

२०५८।१०।१२ का दिन पारी आफू मातहतको खरिदारलाई ठाडो आदेश गरी पत्र चलानी गर्न लगाई जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी उपरीक्षक अरुणकुमार सिंहसंग मिलेमतो गरी २०५८।१०।१२ कै मितिमा दर्ता भएको दर्ता नं. उल्लेख गरी गराई नहर किनाराका रुखहरु कटानी गर्दा आफूले रोक्ने प्रयास गरेको भन्ने पारी प्रमुख जिल्ला अधिकारी जस्तो मर्यादित र जवाफदेहीपूर्ण पदमा रहेका व्यक्तिले अनुसन्धानलाई नै प्रभावित गर्ने तरीकाबाट झुठ्ठा कामकारबाही गरेको हुंदा निजलाई बिभागीय कारवाही गर्न अख्तियारवालालाई लेखिएको ।

(ख) दोश्रो चरणको नहरतर्फ :

क्र.सं.	प्रतिवादी	कसूर	बिगो
१	अमिरि राय यादव, अध्यक्ष, जल उपभोक्ता संस्था	वन कार्य योजनाका शर्तहरुको पालना नगरेको, वन ऐन, २०४९ र वन नियमावली २०५१ विपरित सामुदायिक वन मास्ने कार्य गरेको, मिति २०५७।१०।१८ को कटान आदेश बमोजिम काटिएका १०४८ वटा रुखहरुबाट प्राप्त काठ दाउरा के कसरी बेचियो र त्यसबाट कति आम्दानी भयो यकिन हिसाब देखाउन नसकेको, मिति २०५८।८।२० को दोश्रो पटकको रुख कटानी आदेशका सम्वन्धमा प्रथम पटकको कटानी आदेशबमोजिमको कुनै पनि प्रक्रिया नपुऱ्याएको	रु.६,१९,११,६४७।४०
२	राजा वराल, नि. जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, सर्लाही	रेन्जर सरोजानन्द मिश्रले अधिकारविहीन रुपमा मिति २०५८।८।२० मा जल उपभोक्ता संस्थालाई दिएको रुख कटानी आदेशलाई मिति २०५८।८।२९ मा प्रहरीलाई पत्र लेखी परोक्ष रुपमा मान्यता दिएको, रुख कटान गरिंदा कार्ययोजना बमोजिम गरिनुपर्ने अनुगमनको कुनै पनि काम नगरेको	जरिवाना प्रयोजनको लागि अन्य अभियुक्तहरुको हकमा रु.६,१५,८८,७३५।२०
३	सरोजानन्द मिश्र, रेन्जर, ईलाका वन कार्यालय, मूर्तिया,सर्लाही	जल उपभोक्ता संस्था र जिल्ला वन कार्यालयबीच भएको वन कार्ययोजनामा लेखिएका शर्तहरु जानीजानी पालना नगरी आफूलाई अधिकारै नभएको रुख कटानीको आदेश दिएको	
४	अरुणकुमार सिंह, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सर्लाही	जल उपभोक्ता संस्थाले दोस्रो पटक रुख कटाउंदा ४० दिनसम्म प्रहरीहरु बसेको भनी सुरक्षा खर्च लेखेको माइन्युटबाट देखिएको तर उक्त संस्थाले माग गरे बमोजिम सुरक्षा दिने सम्बन्धमा सहयोगका लागि प्रहरी पठाउने आदेश दिई आयोगबाट बुझ्दाका बखत प्रहरी नै पठाएको छैन भनी आयोगलाई झुठा जानकारी गराएको र कटानको समयमा प्रहरीको उपस्थिति थिएन भन्ने देखाउने समेतका प्रयासहरु गरेको	

लेखा परीक्षक त्रिभुवन सिंहले जल उपभोक्ता संस्था मनुष्मारा सिंचाई प्रणाली दोस्रो चरणका अध्यक्षसंग मिलेमतो गरी अडिटको प्रतिवेदनमा आम्दानी र खर्चको गलत अंक प्रस्तुत गरी प्रमाणित गरी दिएको कुरा अन्य प्रमाण समर्थित हुन नआई उक्त प्रतिवेदन नै छानबिन गरिनुपर्ने अवस्थाको देखिएबाट छानबिन गरी निज लेखा परीक्षकलाई आवश्यक कारबाही गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा लेखिएको ।

९. कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरका शाखा अधिकृत प्रदीप अधिकारीले विद्यालयहरुको दर्ता सम्बन्धी काम गर्दा ओम ज्ञानमन्दीर समेतका विद्यालयहरुको दर्ता सम्बन्धी काम गर्न भनी तुलसीराम काफ्लेवाट घूस रिसवत लिएको रु.१०००।- दरको पांच थान रुपैयाँ निज प्रदीप अधिकारीको पाइण्टको खल्तीवाट बरामद भएको र बरामदी मुचुल्कामा उल्लीखित रकम आफ्नो खल्तीवाट वरामद भै सो मुचुल्का खडा गरिएको हो भनि स्वीकार गरि बयान गरेको हुंदा निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिमको कसूर भएकोले निजलाई सोही ऐनको सोही दफा बमोजिम सजायको मागदावी लिई विशेष अदालत काठमाण्डौंमा मुद्दा दायर गर्ने र

निजवाट वरामद भएको उक्त रकम रु. ५०००।- उजूरवाला तुलसीराम काफ्लेले यस आयोगवाट भर्पाई गरी बुझी लगेको रकम हुंदा उक्त रकम यस आयोगलाई फिर्ता हुन समेत मागदावी लिई मुद्दा दायर गरिएको ।

१०. राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय, नाम्चेका प्रवन्धक समेतका कर्मचारीहरुले प्राथमिक क्षेत्र तथा हाईपोथिकेसन कर्जा प्रवाह गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा देहायमा उल्लिखित व्यक्तिको धितो अनुसारका देहायका ऋणीहरु र सो संग सम्बन्धित कर्मचारीहरुउपर बैंकबाट कर्जा प्रवाह गर्न रोकेको र प्राथमिकता क्षेत्रतर्फ रकम विनियोजन नभएको अवस्थामा समेत धितो लिएका जग्गा, घरको अस्वाभाविक रुपमा अधिक मूल्यांकन गरी गराई कर्जा प्रवाह गर्दा पुऱ्याउनु पर्ने रीत नपुगेका कागजातको आधारमा असुरक्षित किसिमवाट नाम्चे शाखा जस्तो सानो एकाईबाट अत्यधिक रकमको कर्जा एकै दिनमा एकै व्यक्तिलाई विभिन्न शीर्षकबाट प्रवाह गरी गराई बैंकको लगानी डुवाउने बदनीयतसाथ गैरकानूनी रकम लिई कर्जा प्रवाह गर्दा पालना गरिनुपर्ने प्रचलित वैंक सम्बन्धी कानून पालना नगरी आफूहरुलाई गैरकानूनी लाभ र राष्ट्रिय वाणिज्य बैंकलाई गैरकानूनी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरे गराएको कसूरमा देहाय बमोजिम दावी लिई प्रचलित भ्रष्टाचार निवारण ऐन बमोजिम माग दावी लिई पृथक पृथक मुद्दा दायर गरिएको :-

क्र. सं	धितो जग्गा वाला	ऋण लिने	बिगो रु. (ऋण रकम)	ऋण दिनमा संलग्न राष्ट्रसेवक कर्मचारीहरु	बिगो रु. (प्रवाहित कर्जा)
१	सर्किलुमु शेर्पा	सर्किलुमु शेर्पा	२,००,०००।-	प्रवन्धक वकिल यादव	३५,००,०००।-
		श्रीमती नरेत राई	४,००,०००।-	व.स.वैजुनाथ ठाकुर वरही	
		डिमा शेर्पा	५,००,०००।-	स.ख.देवराज वास्तोला	
		चन्द्रबहादुर राई	६,००,०००।-	खजान्ची हरिप्रसाद उपाध्याय	
		धनकुमारी राई	६,००,०००।-		
		सुनिता राई	६,००,०००।-		
		रामवहादुर राई	६,००,०००।-		
२	घनश्याम निरौला	घनश्याम निरौला	३,००,०००।-	वकिल यादव	१९,००,०००।-
		अम्वर वहादुर दर्जी	४,००,०००।-		
		तिले दर्जी	४,००,०००।-	देवराज वास्तोला	
		बम्वै दर्जी	४,००,०००।-	वैजुनाथ ठाकुर	
		श्रीमती तारा परियार	४,००,०००।-	हरिप्रसाद उपाध्याय	

३	हेम कुमारी सुब्दास	अमर वहादुर दर्जी बम्बै दर्जी	२,००,०००।- २,००,०००।-	वकिल यादव देवराज वास्तोला हरिप्रसाद उपाध्याय वैजुनाथ ठाकुर	४,००,०००।-
४	तिले दर्जी	तिले दर्जी बम्बै दर्जी	४,००,०००।- २,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला हरि प्रसाद उपाध्याय	६,००,०००।-
५	डोमा शेर्पा	डोमा शेर्पा पासाङफुटी शेर्पा पेम्वाछिरी शेर्पा वाङथोमे शेर्पा लाक्पा शेर्पा दाछिरी शेर्पा	३,००,०००।- २,००,०००।- २,००,०००।- ४,००,०००।- २,००,०००।- २,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला हरिप्रसाद उपाध्याय	१५,००,०००।-
६	कुविर मान तामाङ	कुविरमान तामाङ विना तामाङ राजकुमार राई	६,००,०००।- ४,००,०००।- ३,००,०००।-	वकिल यादव देवराज वास्तोला वैजुनाथ ठाकुर हरिप्रसाद उपाध्याय	१३,००,०००।-
७	डोमा छिरिङ शेर्पा	डोमा छिरिङ शेर्पा मिङमा शेर्पा पासाङफुटी शेर्पा डाली शेर्पा पासाङनुरु शेर्पा लाक्पाफुटी शेर्पा	४,००,०००।- ४,००,०००।- ४,००,०००।- ४,००,०००।- २,००,०००।- २,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला हरिप्रसाद उपाध्याय सुनचांदी जांचकी कृष्णप्रसाद आचार्य	२०,००,०००।-

८	शेरबहादुर राई	जसवहादुर राई रामकुमार राई	३,००,०००।- ३,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला हरिप्रसाद उपाध्याय	६,००,०००।-
९	दिलबहादुर मगर	दिलबहादुर मगर	४,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला हरिप्रसाद उपाध्याय	४,००,०००।-
१०	मौलिधन तामाङ	मौलिधन तामाङ पासाङ तामाङ निरकुमारी तामाङ प्रेमकुमारी तामाङ पम्फामाया तामाङ नरवहादुर मगर	२,००,०००।- २,००,०००।- २,००,०००।- २,००,०००।- २,००,०००।- २,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला कृष्णप्रसाद आचार्य हरिप्रसाद उपाध्याय	१२,००,०००।-
११	बालकुमार दर्जी	बालकुमार दर्जी	३,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला हरिप्रसाद उपाध्याय	३,००,०००।-
१२	जसवहादुर राई	जसवहादुर राई पृथीमाया राई	२,००,०००।- २,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर	१०,००,०००।-

		श्यामकुमार राई शेर वहादुर राई	२,००,०००।- ४,००,०००।-	गणक कृष्णवहादुर कटुवाल	
१३	दाछिरी शेर्पा	दाछिरी शेर्पा पासाङफुटी शेर्पा	२,००,०००।- ३,००,०००।-	वकिल यादव देवराज वास्तोला कृष्णप्रसाद आचार्य हरिप्रसाद उपाध्याय वैजुनाथ ठाकुर	५,००,०००।-
१४	मिङमा शेर्पा	दिलवहादुर मगर	२,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर कृष्ण वहादुर कटुवाल	२,००,०००।-
१५	नरवहादुर दर्जी	नरवहादुर दर्जी वम्वै दर्जी	२,००,०००।- २,००,०००।-	वकिल यादव देवराज वास्तोला कृष्णप्रसाद आचार्य	४,००,०००।-
१६	मंगलवहादुर कामी	मंगल वहादुर कामी	२,००,०००।-	वकिल यादव देवराज वास्तोला वैजुनाथ ठाकुर हरिप्रसाद उपाध्याय	२,००,०००।-
१७	आङनिमा शेर्पा	आङनिमा शेर्पा	१,००,०००।-	वकिल यादव	१,००,०००।-

				देवराज वास्तोला कृष्णप्रसाद आचार्य हरिप्रसाद उपाध्याय	
१८	पासाङ फुटी शेर्पा	श्रीमती पासाङफुटी शेर्पा लाक्पा शेर्पेनी डोमा शेर्पा दाछिरी शेर्पा	४,००,०००।- ४,००,०००।- ४,००,०००।- २,००,०००।-	वकिल यादव वैजुनाथ ठाकुर देवराज वास्तोला कृष्णवहादुर कटुवाल	१४,००,०००।-

११. हिमालयन बहुउद्देश्यीय सहकारी संस्थाको आ.ब. २०५८।५९ को लेखा परीक्षणको स्वीकृती माग गर्न जांदा जिल्ला सहकारी कार्यालय, ललितपुरका सहकारी निरीक्षक चुरामणी मरासिनीले घूस मागेको भनी भरत राई समेतले जिल्ला प्रशासन कार्यालय ललितपुरमा निवेदन दिई सो कार्यालयवाट बुझिलिएको रु. एक हजार दरको १५ थान नोट निज प्रतिवादी कार्यरत कार्यालयको वाथरुमको शिशा पछाडिवाट वरामद भएको वरामदी मुचुल्कावाट देखिनुका साथै बयानमा समेत उक्त रुपियां उजूरवालाले मेरो खल्तीमा राखिदिएको हो सो रुपियां मैले वाथरुपको शिशा पछाडि राखेको हूं भनी स्वीकार गरेबाट उजूरी बेहोरा पुष्टि हुन आएकोले निजलाई सजाय हुनका लागि र बरामद हुन आएको उक्त रकम उजूरवालामध्ये भरत राईले जिल्ला प्रशासन कार्यालय, ललितपुरवाट भर्पाई गरी बुझिलिएको हुंदा सोही कार्यालयलाई फिर्ता हुन माग दावी लिई मुद्दा दायर गरिएको ।

१२. कृषि विकास बैंक, भक्तपुर शाखाका कार्यालय सहायक विजयराज आचार्यले २०५७।५८ देखि २०५९।६० सम्ममा ऋण प्रवाह गरिएका विभिन्न उद्देश्यका ऋण लिने ऋणीहरु लालाप्रसाद तिमल्सिना समेत ९९ जनाले तिर्न बुझाउन पर्ने किस्तावन्दी तथा कूल सांवा, ब्याज रकम असूली पूर्जा, लेखा भौचर, रि-पेमेन्ट सेड्यूल समेतका कर्जा असूली कार्यमा आवश्यक कागजातका विवरणमा फरक फरक विवरण लेखी चढाई, कम्प्यूटरमा मैनेजरको पासवर्डको दुरुपयोग गरी रकमको अंक हेरफेर गरी ऋणीको नाम फेरबदल गरी असूल भएको रकम असुल नभएको भन्ने र असुल नभएकोलाई असुल भएको जनाई, तिरेको रकम वरावरको कागजात तयार नगरी कम्प्यूटरमा पनि सोही अनुरुप झूठा विवरण चढाई प्राप्त रकममध्ये कम रकम मात्र प्राप्त भएको देखाई रकम फेरवदल गरी जम्मा रु. १६,६१,२८३।- लिनु खानु गरी आफूलाई फाइदा र कृषि विकास बैंक शाखा कार्यालय, भक्तपुरलाई हानी नोक्सानी पुऱ्याई सार्वीक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको देखिएकोले बिगो असुल गरी हदैसम्म सजायको मागदावी लिई मुद्दा दायर गरिएको ।

यसै सन्दर्भमा बैंकको निर्देशन, लेखा दिग्दर्शन, कार्यविधि समेतमा उल्लिखित काम कर्तव्य गर्नु पर्ने प्रवन्धक भविन्द्र खत्री, का.मु. शाखा अधिकृत गुणरत्न शाक्य, स्टेनो बच्चु खड्का समेतले कम्प्यूटर लेजर, भौचर समेत मिलान हुने गरी फेरवदल गर्ने जस्तो कार्य भई सम्बन्धित अधिकृतहरुबाट हुनुपर्ने रेखदेख र नियन्त्रण प्रभावकारी रुपमा नभएको देखिंदा जिम्मेवारी अनुसारको काम नगर्ने निजहरु उपर यस सम्वन्धमा बैंकबाट गठित कार्यदलको प्रतिवेदन र बैंकको ऐन नियम अनुसार आवश्यक कारवाही गर्न कृषि विकास बैंक, मुख्य कार्यालयमा लेखिएको ।

१३. जिल्ला सरकारी वकिल कार्यालय, ओखलढुंगाका नायव सुब्बा मातृका नेपाल र कारागार शाखा ओखलढुंगाका प्रहरी नायव निरीक्षक सोमबहादुर कार्कीले अदालतमा बिचाराधीन डांका मुद्दाका थुनुवा दिलिप तामाङका दाजु दलबहादुर तामाङसंग रिसवत लिनु खानु गरेको भन्ने मौकाको जाहेरी बेहोराको पुष्टी रु. ९५ हजार मातृका नेपालको डेरा कोठाबाट

र रु. ५ हजार सोमबहादुर कार्कीको डेराकोठाबाट नगद बरामद भएको र प्रतिबादीहरुले कसूरमा पूर्ण साबित भई गरेको बयान समेतबाट निजहरुको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसूर देखिदा प्रतिबादीहरु मातृका नेपाल र सोमबहादुर कार्कीलाई सोही ऐनको सोही दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिमको सजाय, बिगो बमोजिम जरिवाना र घुस रिसवत दिने दलबहादुर तामाङलाई सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ३ को उप दफा (३) बमोजिमको कसूर भएको देखिंदा सोही ऐनको सोही दफा ३ को उपदफा (३) बमोजिमको सजाय, बिगो बमोजिम जरिवाना र रिसवत लिए दिएको रकम जफत हुन माग दाबी लिई मुद्दा दायर गरिएको ।

१४. अभयकुमार श्रीवास्तवको घर (डेरा) बाट अनुसन्धानका क्रममा उच्च माध्यमिक शिक्षा परिषद्संग सम्बन्धित मार्कस्लिप, ट्रान्सकृप्ट, माइग्रेसन जस्ता कागजात लगायत रु. ३०,०००।- नगद बरामद भएको र सो नगद रकम निजले अनुत्तीर्ण परीक्षार्थीलाई पुनर्योग गरेको देखाई उत्तीर्ण गराउने काममा परीक्षा शाखाका कर्मचारीहरूलाई प्रभावमा पार्ने नीयतले लिएको अनुसन्धानबाट देखिएकोले निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को कसूर हुंदा सोही ऐनको दफा २१ बमोजिम सजाय हुन माग दावी लिई मुद्दा दायर गरिएको ।

अभयकुमार श्रीवास्तवको घर (डेरा) बाट बरामद भएका विभिन्न शिक्षण संस्थासंग सम्बन्धित कागजातहरू सद्दे कीर्ते के हो ? विवादास्पद अवस्थामा रहेकोले प्रचलित कानून बमोजिम अनुसन्धान गरी कारवाई गर्न सम्बन्धित कागजातको प्रतिलिपि समेत राखी सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पठाउनुका साथै निम्नानुसार गरिएको :-

(क) NIMS कलेजका संस्थापक सदस्य रामेश्वरप्रसाद उपाध्यायले अभयकुमार श्रीवास्तवलाई आफ्नो विद्यालयमा प्रिन्सिपल बनाएको, निम्स कलेजको स्वामित्व हस्तान्तरण गर्न निज गैरनेपाली नागरिकलाई उच्च माध्यमिक शिक्षा परिषद् ऐन र विनियम विपरीत सिफारिस गरेको, निज अभयकुमार श्रीवास्तवलाई नै परीक्षा नियन्त्रण कार्यालयको कामको जिम्मा सुम्पेको समेत कारणले गैरकानूनी क्रियाकलाप हुन गएको देखिएकोले रामेश्वरप्रसाद उपाध्यायको हकमा गैरनागरिकलाई गैरकानूनी रुपमा सिफारिस गरेकोमा आवश्यक कारवाही गर्न जिल्ला प्रहरी कार्यालयलाई लेखिएको ।

(ख) उत्तर पुस्तिकाहरू र मार्कस्लीपहरू अभयकुमार श्रीवास्तवको घर (डेरा) मा बरामद भएको र सो सम्बन्धमा परीक्षा सम्बन्धी मुख्य जिम्मेवारी भएका परीक्षा नियन्त्रकले कुनै सतर्कता अपनाएको नदेखिएको तथा तत्काल कार्यरत परीक्षा नियन्त्रक डा. अम्वीर पाण्डेको बयान कथन हेर्दा प्रमाणपत्र निर्माण गर्दा, प्रमाणपत्र छपाउंदा, ट्रान्सक्रिप्ट लेख्दा र वितरण गर्दा अपनाइएको कार्य प्रणालीका कारण त्यस्तो लापरवाही भएको देखिएकोले निजलाई सचेत गराइएको ।

(ग) परीक्षा नियन्त्रण कार्यालयको परीक्षा शाखामा कार्यरत कर्मचारीहरू सह-नियन्त्रक निर्मलराज पाण्डे, शाखा अधिकृत उपेन्द्रराज सुवेदी र गोविन्दराज खनियाको परीक्षा संचालन र परीक्षा प्रकृयामा संलग्नता र जिम्मेवारी भएतापनि आफ्नो जिम्मेवारी समुचित रूपमा वहन नगरेको तथ्य निजहरूको बयान तथा अभयकुमार श्रीवास्तवबाट बरामद भएका कार्यालयका कागजातहरू समेतले पुष्टि गरेकोले निजहरूलाई सचेत गराइएको ।

(घ) उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयका ना.सु. विष्णुभक्त क्षेत्रीले उक्त कार्यालयको नलेखिएको सक्कली मार्कस्लिप, प्रोभिजनल सर्टिफिकेट, माइग्रेशन र ट्रान्सक्रिप्ट सर्टिफिकेट गैरकानूनी तरिकाले ललितपुर कलेजका दिनेश ढकालमार्फत् अभयकुमार श्रीवास्तवलाई उपलब्ध गराई ऐन, नियम र आचरणहीन कार्य गरेको भन्ने दिनेश ढकालको कथन रहेको र निज विष्णुभक्त क्षेत्रीले आफ्नो वयानमा सो कुराको खण्डन गरे तापनि अभयकुमार श्रीवास्तवको घर (डेरा) बाट उल्लिखित मार्कस्लीप, उत्तरपुस्तिका समेतका कागजात बरामद भएकोले निजलाई २ वर्षसम्म परीक्षा शाखाको काममा नलगाउने भनी लेखिएको ।

(ङ) वीरेन्द्र सैनिक आवासीय महाविद्यालय (क्याम्पस), भक्तपुरमा पोष्ट ग्राजुयट टीचर पदमा रही उच्च माध्यमिक शिक्षा परिषद्को अंग्रेजी विषयको उत्तरपुस्तिका परीक्षण गर्ने नेत्रबहादुर सुवेदीले उत्तरपुस्तिका परीक्षण तथा अंक चढाउंदा ३५ अंक चढाउनु पर्नेमा २८ अंक चढाउनुका साथै आफ्नी श्रीमतीलाई भित्री पानाको अंक जोडी बाहिरी पानामा अंक र अक्षरमा समेत लेख्न लगाई गैरजिम्मेवारीपूर्ण कार्य गरेको देखिंदा निजलाई २ वर्षसम्म उक्त परिषद्को कुनै पनि परीक्षाको परीक्षा पुस्तिका परीक्षण गर्न नपाउने गरी लेखिएको ।

(च) अन्नपूर्ण उच्च माध्यमिक विद्यालय, पार्वतीपुर चितवनका उप-प्राध्यापक पुण्यप्रसाद शर्माले पहिलो पटक उत्तरपुस्तिका परीक्षण गरेको, अनुभवको कमीले गर्दा परीक्षणमा गल्तीहरू हुन गएको भनी बयान गरे तापनि दिनुपर्ने स्वभाविक अंक नदिएको, निजले प्रदान गरेका अंक १९ पछि परीक्षण हुंदा ५७ अंक देखिएको परीक्षार्थीको भविष्यसंग गांसिएको यस्तो संवेदनशील विषयको कार्य अत्यन्त लापरवाहीपूर्ण तवरबाट गरेको देखिएकोले निजलाई २ वर्षसम्म उच्च माध्यमिक शिक्षा परिषद्को उत्तरपुस्तिका परीक्षण गर्न नदिने भनी लेखिएको ।

(छ) वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनका उप-प्राध्यापक इन्द्रप्रसाद सापकोटाले उत्तरपुस्तिका परीक्षण गर्दा उत्तरपुस्तिका मूल्याङ्कन गरी अंक दिनु पर्नेमा सो नगरी सतही तवरबाट अंग्रेजी विषयको उत्तरपुस्तिका मूल्याङ्कन गरेको र अंक प्रदान गर्दा पनि अंक छुटाई ४२ हुनु पर्नेमा २९ अंक प्रदान गरी गणना गरेको देखिएकोले निजलाई अब उप्रान्त २ वर्षसम्म उच्च माध्यमिक शिक्षा परिषद्बाट लिइएको परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्न नदिने भनी लेखिएको ।

यसै सन्दर्भमा उच्च माध्यमिक शिक्षा परिषद्मा भएका अनियमितता रोक्न व्यवस्थित अभिलेख र कार्य प्रणाली विकास गरी वदनीयतपूर्ण कार्य हुन रोक लगाउन निम्न सुझाव पठाइएको :-

(अ) उच्च माध्यमिक शिक्षा परिषद्मा परीक्षा आवेदन भर्दा नक्कली प्रमाणपत्रको सम्भावनालाई न्यूनीकरण गर्ने उपाय अवलम्वन गर्ने ।

(आ) उच्च माध्यमिक शिक्षा परिषद्बाट तयार भई जारी हुने मार्कस्लिप, ट्रान्सक्रिप्ट तथा प्रमाणपत्रको जारी नं (Issue No.) तथा सिरियल नं. समेत प्रष्ट रूपमा कुन सिरियल नं. को पेपर कति Issue No. बाट जारी भयो वा रद्द भयो वा Duplicate बनाई जारी गरियो भन्ने थाहा पाउने खालको कम्प्युटर प्रोग्राम तैयार गरी कम्प्युटरबाटै यकीन हिसाव देखिने व्यवस्था हुनुपर्ने ।

(इ) प्रमाणपत्र, ट्रान्सक्रिप्ट जस्ता छपाइएका सामग्रीहरू स्टोर दाखिला गर्दा र स्टोरबाट तयारी र वितरणका क्रममा निकासा दिंदा क्रमशः सिरियल नं. ... देखि .... सम्म थान ... भन्ने उल्लेख गरी बुझिलिने कर्मचारीको नाम, थर, पद, शाखा/फांट खुलाएर भरपाई गराई मात्र दिने व्यवस्था गर्ने ।

(ई) ट्रान्सक्रिप्ट वा प्रमाणपत्र तथा होलोग्राम (स्टीकर) छपाई ल्याउने, स्टोर दाखिला गर्ने, निकासा दिने, प्रयोग (तैयार) गर्ने, चेक जांच गरी अन्तिम दस्तखत गरी वितरण गर्ने सम्मको कामका लागि स्पष्ट रुपमा छुट्टै कार्यविधि र शाखा/फांट अनुसार प्रत्येक कर्मचारीको पदीय जिम्मेवारी तथा कार्य प्रकृति तोकी कार्यविधि निर्धारण गरी लागू गर्ने ।

(उ) उत्तरपुस्तिका वितरण गर्दा सम्बन्धित परीक्षकले नबुझी विद्यालयका प्रधानाध्यापकले बुझ्ने र सम्बन्धित परीक्षकलाई प्रधानाध्यापकले बुझाउने जस्ता प्रकृया अपनाएको देखिएकोले सोबाट गोपनीयता भङ्ग हुने, जिम्मेवारीको प्रश्न उठ्ने तथा वदनीयतपूर्ण कार्य हुने सम्भावना समेत उच्च हुने भएकोले जिम्मेवारीयुक्त बनाउन परीक्षा पद्धतीमा गोपनीयताका साथै सम्बन्धित परीक्षकलाई नै उत्तरपुस्तिका जिम्मा दिने व्यवस्था मिलाउनु पर्ने ।

(ऊ) परीक्षा नियन्त्रण कार्यालयलाई बढी जिम्मेवारयुक्त बनाउने उपाय अवलम्वन गर्नुपर्ने, जस्तै- परीक्षा नियन्त्रण कार्यालयलाई स्व-निर्णयको अधिकार प्रदान गर्नुपर्ने ।

(ए) कक्षा १० उत्तीर्ण गरेको विदेशी प्रमाणपत्रका आधारमा उच्च शिक्षामा भर्ना गर्दा परीक्षार्थीको परीक्षण गरिने गरिएकोमा हाल सो व्यवस्था स्थगित भएको देखिन्छ । नक्कली प्रमाणपत्रको प्रयोगको स्रोतमा नियन्त्रण गर्न पूर्ववत परीक्षण प्रणालीको व्यवस्था अपनाउनु पर्ने ।

१५. नेपाल आयल निगम लिमिटेड अन्तर्गत इन्धन डिपो, अमलेखगंजबाट बिक्रेताहरूलाई पेट्रोलियम पदार्थ आपूर्ति गर्ने क्रममा सरोज आयल ट्रेडिङ, वरहथवाका सरोजकुमार साहले नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, अमलेखगंजमा पेट्रोलियम पदार्थ खरीदका लागि बैंकमा रकम जम्मा गर्ने क्रममा निगमका कर्मचारीहरूसंग मिलेमतो गरी विभिन्न मितिमा १४ थान भौचरमार्फत् कम रकम जम्मा गरी ग्राहक प्रति भौचरमा अंक तथा अक्षर सच्याई, केरमेट गरी अंक तथा अक्षर थप गरी १४ थान भौचरमा आफूले जम्मा गरेको कूल रकम रु. ४३,३००।- लाई सच्याई रु. ४२,८६,७००।- बराबरको बढी पेट्रोलियम पदार्थ लगेको, यसरी डिपोबाट पेट्रोलियम पदार्थ लिनका लागि सच्याइएका भौचरहरू निगमका कर्मचारी

उप-प्रवन्धक सुनिलकुमार प्याकुरेल तथा तत्कालीन सहायक प्रवन्धक सुरेशराज बराल र पियन विश्वेश्वर यादवको सहयोगबाट कर विजक पास गराई निगमलाई प्रत्यक्ष रूपमा रु. ४२,८६,७००।- बराबरको हानी-नोक्सानी पुग्न गएको देखियो ।

उपर्युक्तानुसार कसूर गर्दा सरोज आयल ट्रेडिङ्ग, वरहथवाका बिक्रेता सरोजकुमार साहले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा ४ बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो बमोजिम जरिवाना गरी बिगो असूलउपर हुन तथा हदैसम्म कैद सजाय समेत हुन र यसमा संलग्न कर्मचारीद्वय उप-प्रवन्धक सुनिलकुमार प्याकुरेल तथा तत्कालीन उप-प्रवन्धक सुरेशराज बरालले सविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(२)र दफा १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ०) को कसूर गरेको देखिन आएकोले निजहरूलाई कसूरको मात्रानुसार बिगो बमोजिम जरिवाना तथा हदैसम्म कैद सजाय हुन माग दावी लिई मुद्दा दायर गरिएको ।

इन्धन डिपो, अमलेखगंजका प्रमुख मुकुन्दप्रसाद ढुंगेलले डिपोमा भएका दैनिक प्रशासनिक तथा आर्थिक कृयाकलापहरूको व्यवस्थित ढंगबाट कार्य संचालन नगराएको कारणले निगमलाई प्रत्यक्ष रूपमा हानी-नोक्सानी पुग्न गएको, डिपोमा दैनिक बिक्रेताहरूबाट प्राप्त हुने बैंक भौचर रुजु गर्ने शाखामा लेखासंग सम्वद्ध कर्मचारीलाई खटाउनु पर्नेमा पियनलाई बैंक भौचर रुजु गरी कर विजक तयार गर्ने काममा लगाएको, कर्मचारीहरूको अभाव भएमा कर्मचारी माग गर्ने काम समेत नगरेको, लामो समयसम्म अव्यवस्थित तवरबाट कार्य संचालन गराई बैंक रिकन्सिलियसन समेत नगराएको, लापरवाहीपूर्ण तवरबाट कार्य संचालन गरे गराएको कारण निगमलाई हानी-नोक्सानी पुग्न गएको हुंदा निजलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही हुन अख्तियारवालासमक्ष लेखिएको ।

सहायक लेखापाल विष्णुप्रसाद दाहाल र पियनद्वय माधव ढुङ्गाना तथा विश्वेश्वर यादवले उपर्युक्त कार्यमा विभिन्न कोणबाट आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय दायित्व पूरा नगरी लापरवाहीपूर्ण कार्य गरे गराएको देखिन आएकोले निजहरूलाई विभागीय कारवाही हुन अख्तियारवाला समक्ष लेखिएको ।

सरकारी संस्थान एवं निगम आदिमा आर्थिक कारोवारको जिम्मेवारी वोकेका अर्थ विभागका प्रमुखहरुको उदासीनताका कारणले सरकारी संस्थानहरु टाट पल्टदै जाने क्रम रहेको देखिन्छ । तसर्थ माथी उल्लिखित न्यायिक एवं विभागीय कारवाहीका अतिरिक्त नेपाल आयल निगम, केन्द्रीय कार्यालयमा कार्यरत अर्थ विभागका प्रमुखले विक्रेताले पेश गरेको भौचर र वैंक स्टेटमेन्ट भिडाउने पाक्षिक वा मासिक (आवधिक वैक रिकन्सिलियसनको) व्यवस्था नगर्नुका अतिरिक्त आन्तरिक लेखा परीक्षण लगायत विक्री कारोवार समेत स्पष्ट देखिने व्यवस्था लगायतको अनुगमन गर्ने गरेको नपाईएकोले तत्कालीन आयल निगम, अर्थ विभागका प्रमुखको ध्यानाकर्षण गराइएको ।

१६. इलाका वन कार्यालय, कुसुम, बांके अन्तर्गतको वनबाट कर्मचारी समेतको मिलोमतोमा काठ काटिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वारदात हुनु पहिले नै रोहीणी रेञ्जपोष्ट बांकेका रेञ्जर ज्ञानबहादुर चौधरी, सोही रेञ्जपोष्टका वनरक्षक मोहम्मद नियास खां, ढकेरी रेञ्जपोष्ट बांकेका वन रक्षक हमिद खां तथा कोहलपुर इलाका वन कार्यालय, बांकेका सहायक वन रक्षक डम्वरवहादुर खत्रीले आशाराम चौधरी तथा वर्सादी खांको घर गाउंमा गई निजहरुलाई गैर कानूनी तरिकाले जंगलवाट काठ ओसारपसान गर्न सहयोग पुऱ्याउन गाउंलेहरुवाट उठाइएको तोरीको तेल तथा चामल लिएर आई काठ ल्याउनेहरुवाट थप रकम समेत लिने तयारी गरेका तथा काठ काटी सकिई लोड गरिंदाका अवस्थामा यिनीहरुकै साथ जंगलमा पुगेका रोहीणी रेञ्जपोष्ट, बांकेका लोकवहादुर वस्नेत समेतले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) को कसूर गरेको, आफू कार्यरत रेञ्जपोष्ट अन्तर्गतको वन क्षेत्रको नियमित गस्ती गर्नुपर्ने लगायतका काम नगरी ठूलो परिमाणमा काठ हानी नोक्सानी भएको समयमा हानी नोक्सानी नभएको भनी झूठो अनुगमन फाराम आफैले तयार गरी अन्य कर्मचारीहरुलाई दस्तखत गराई तालुक ईलाका वन कार्यालयमा पेश गर्ने ढकेरी रेञ्जपोष्ट बांकेका रेञ्जर हरिशंकर साहले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ७(१) को कसूर गरेको, प्रस्तुत कसूरको प्रमुख नाइके आशाराम चौधरीलाई पक्राउ परिसकेको अवस्थामा थुनावाट छुटाउने आदेश दिने कोहलपुर इलाका वन कार्यालय वांकेका रेञ्जर मैनुद्दीन अन्सारी र सो आदेश कार्यान्वयन गर्ने सोही कार्यालयका शुकराम लामा समेतले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ७(१) को कसूर गरेको र उक्त गैरकानूनी काम गराउन अन्य व्यक्तिवाट रकम उठाउने र यस वारदातका मूल व्यक्ति देखिएका आशाराम चौधरी तथा वर्सादी खां एवं उक्त कामका लागि रकम दिने मुनवर अली शेख, हिरालाल चौधरी, माधौराम ठग्गा थारु, खडग वहादुर थारु चौधरी, रमजान अलीशेष, वेद प्रकाश थारु चौधरी, मानवहादुर चौधरी, मुस्तफा मनिहार, वीरवहादुर पुन, वेचना चौधरी, रोसन अहमद खां, मासुम अली खां, शहरियार खां,

मालतीप्रसाद राड, इसाक अली शेखले सोही ऐनको दफा ४, ८ र १६ (क) को कसूर गरेको हुंदा उल्लिखित दफाहरु बमोजिम सजाय हुन र हानि नोक्सानी भएको विगो रु. ५,४८,६००।- तथा रिसवत वापतको रु. ४४,२१०।- सोही ऐनको दफा २९ बमोजिम असूल उपर गरी सोही बमोजिम जरिवाना हुन समेत मागदावी लिई पुनरावेदन अदालत, नेपालगञ्जमा मुद्दा दायर गरिएको ।

जिल्ला वन कार्यालयको गस्ती टोलीले काठ सहीत पक्राउ गरेका वलीराम चौधरी, जंगली प्रसाद थारु, हजारी थारु, सुव्वा खाँ, जमिम खाँ, तसैवर मनिहार, फकरुद्दीन खाँ, एकराम खाँ, कालीराम थारु, मैकु खाँ, जन्नार खाँ, सैयाद खाँ, प्रधान थारु, कासीम अली साई, नन्कु अली शेख सहितका १५ जना व्यक्तिहरु उपर अवैध रुपले वन हानी नोक्सानी गरेको कसूरमा बांके जिल्ला अदालतमा मुद्दा चलिसकेको र वन कर्मचारीलाई रिसवत दिई अवैध काठ ल्याउने काममा संलग्नता रहेको भन्ने अनुसन्धानवाट खुल्न आएको नदेखिएको ।

१७. जिल्ला सुर्खेत रामघाट गाउं विकास समिति अन्तरगत साझ गोठरी सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य वैक सुर्खेत स्थित वचत हिसाव नं. १०७६३।६३ वाट उक्त सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष पदमवहादुर वली, कोषाध्यक्ष धनवहादुर वली र सोही उपभोक्ता समूहका सचिव बृष वहादुर रानाले रु. ५६,४८४।- झिकी सार्वजनिक सम्पत्ति हिनामिना गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको हुंदा उक्त ऐन वमोजिम सजाय गरी बिगो रु. ५६,४८४।- उक्त वन उपभोक्ता समुह वडा नं. ७,८,९ रामघाट सुर्खेत लाई दिलाई भराई पाउन मागदावी लिई मुद्दा दायर गरिएको ।

१८. जिल्ला स्वास्थ्य कार्यालय, ताप्लेजुङका तत्कालिन लेखापाल हरिप्रसाद वरालले उक्त कार्यालयमा कार्यरत रहंदा मिति २०५७ श्रावण महिनादेखि ऐ. चैत्र मसान्तसम्मको वजेट उपशिर्षक ७०-३-१२२ (सा.) तलव भत्ता, ७०-५-४७० (वि.) दैनिक भ्रमण, ७०-५-४५३ (वि) भत्ता तथा ७०-३-१२४ (सा.) तलव भत्तावाट रु. २,६१,४३५।०७ कर्मचारीहरुको मिति २०५७ श्रावण देखि चैत्र मसान्तसम्मको तलव भत्ता भुक्तानी दिन झिकी सम्बन्धित कर्मचारीहरुलाई भुक्तानी वा बैंक दाखिला फरफारक नगरी वदनियतपूर्वक सरकारी रकम आफैले हिनामिना गरी श्री ५ को सरकारलाई हानी नोक्सानी पु-याएकोमा प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा निजले बिगो रकम रु. २,०७,९४३।१० हिनामिना गरी भ्रष्टाचार गरेको र निजको यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसूर अपराध भएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन,०१७ को दफा १३ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३. बमोजिम सजाय हुनका साथै निजले हिनामिना गरेको उक्त रु. २,०७,९४३।१० सोही ऐन वमोजिम भराइ पाउन मागदावी लिई मुद्दा दायर गरिएको ।

१९. श्रीनगर खाद्य डिपो हुम्लाका डिपो प्रमुख तेजविक्रम शाही मिति २०५४।८।१२ देखि २०५४।१०।२५ सम्म उक्त डिपोमा कार्यरत रहदाको अवस्थामा सुर्खेत र बाजुराको कोल्टीबाट ढुवानी गरी दाखिला भएको १५१ क्वीन्टल मोटा चामलको रु. ३,२०,१२०।- निजको जिम्मा रहेकोमा सो मध्ये रु.१,४३,८९२।- डिपोका पियन जसवहादुर रोका मार्फत् मिति २०५४।९।२८ मा शाखा कार्यालय हुम्लामा दाखिला भएको र रु. ५५,०००।- पियन जसवहादुर रोकालाई भरपाई गराई मिति २०५४।१०।२६ मा बुझाएको देखिन आई वांकी रकम रु. १,२१,२२८।- निज तेजविक्रम शाहीले हिनामिना गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसूर अपराध गरेकोले निजलाई सोही ऐन सजाय हुनका साथै निजले हिनामिना गरेको बिगो रु. १,२१,२२८।- सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा २९ र प्रचलित भ्रष्टाचार ऐन, २०५९ को दफा १७ बमोजिम भराई पाउन मागदावी लिई मुद्दा दायर गरिएको ।

२०. अमर ज्योति माध्यमिक विद्यालय सीतापुर जमुनी बर्दियाका भू.पु. लेखापाल होमकान्त बस्यालले विद्यालयका शिक्षक र कर्मचारीहरुको २०५७ चैत्र, २०५८ बैशाख, जेष्ठ र आषाढ गरी चार महिनाको कर्मचारी संचयकोषको रकम रु. ५०,५३५।२० को चेकको अर्धकट्टीमा रकम पाउने महलमा विद्यालयको नाम लेखी बैंकमा प्रस्तुत हुने चेकमा रकम पाउनेको महलमा आफ्नो नाम उल्लेख गरी संचय कोषमा जम्मा गर्नु पर्ने रकम बैंकबाट झिकी आफैले खाई मासी आफ्नो कसूर लुकाउन आफ्नो र बैंकका खजान्ची एवं प्रवन्ध इन्चार्ज समेतको कीर्ते दस्तखत गरी आफैले बनाएको बैंकको "जनरल" भन्ने छाप समेत लगाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसूर अपराध गरेकोले निजलाई सोही दफा बमोजिम सजायको मागदावी लिई मुद्दा दायर

गरिएको ।

विद्यालयका प्रधान अध्यापक टिकाराम गौतमको सो चेकको रकम मस्यौट गर्ने काममा संलग्नता नदेखिए पनि लेखापालले संचयकोषको खातामा जाने रकमको आफुले भूक्तानी पाउने गरी अनियमित गरी काटेको चेकमा प्रधान अध्यापकको हैसियतले दस्तखत गरेको र लेखापालको काममा निगरानी र नियन्त्रण राख्न नसकेकोले निज प्रधान अध्यापक टीकाराम गौतमलाई सचेत गराइएको ।

२१. सर्लाही जिल्ला खुटौना गाउं विकास समितिका तत्कालीन गाउं विकास समिति अध्यक्ष सियाराम यादवले मुचुल्का तयार गरी आफै रोहवरमा पनि वसी मिति २०५८।५।१९ मा चन्द्र मण्डल खतवे समेत आठ जनाबाट उक्त गाउं विकास समितिको "वडा नं. ६, गाउं ब्लक नं. ३२२ को नालादेखि दक्षिण, पोखरीदेखि उत्तर, प्रहरी चौकीदेखि पूर्व र स्वास्थ्य चौकीदेखि पश्चिममा पर्ने ५० फिटको वर्गाकार घर परम्परागत रुपमा हुसेनी दुसादको स्ववासी घर हो" भनी सर्जमिन गराई सोही मितिमा उल्लिखित चौहदी र क्षेत्रफल देखाई सो जग्गा हुसेनी दुसाधको अमल दखलको हो भनी गाउं विकास समिति खुटौनाको सिफारिस पत्र तयार गरेको र सो घर जग्गाको घरधुरी सिफारिस वापत भनी रु. २५।- को रसीद काटी रकम बुझी भरपाई समेत गरिदिएको आधार देखाई मिति २०५८।५।१९ मा नै रजिष्ट्रेशन नं ४५८६ बाट सो जग्गा हुसेनी दुसाधका नामबाट सत्यनारायण रायलाई रु. २५,०००।- को थैली राखी घर मात्र पारित गरेको भन्ने कैफियत जनाई मालपोत कार्यालय, सर्लाहीका खरिदार शेखरबहादुर कार्कीले पेश गरेको र कार्यालय प्रमुख व्यस्त जनाई ना.सु. चन्द्रवहादुर भण्डारीले पास गरेको देखियो । सो कार्य सार्वजनिक जग्गा व्यक्तिलाई कब्जा गर्न पाउने गरी फाइदा पुऱ्याउने र श्री ५ को सरकारलाई हानि पुऱ्याउने उद्देश्यले गरिएको देखिएकोले निजहरुको उल्लिखित कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) अन्तर्गतको कसूर अपराध भएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) अनुसार सजायको मागदावी लिई मुद्दा दायर गरिएको तथा तत्कालीन गाउं विकास समिति अध्यक्ष सियाराम यादवका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार सजायको मागदावी लिनुका साथै सार्वजनिक ऐलानी गाउं ब्लकको जग्गामा घर नभए पनि घर छ भनी झूठो बेहोराको मुचुल्का कागज बनाउने चन्द्र मण्डल खतवे, राजगीर ठाकुर, नथुनि राय, जग्गा दर्ता गराई विक्री गर्ने हुसेनी दुसाध तथा जग्गा खरीदकर्ता सत्यनारायण राय समेतले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अन्तर्गतको कसूर अपराध भएकोले निजहरु उपर सोही सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ अनुसार तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अनुसार सजायको मागदावी लिइ मुद्दा दायर गरिएको ।

२२. १ नं नापी गोश्वारा, पर्सा, बीरगंज अन्तर्गत २ नं. नापी टोलीका अमिन सिटहु मण्डलले पर्सा जिल्ला चोर्नी गाउं विकास समिति वडा नं. ५ बस्ने महेन्द्र हजरा दुसाधसंग स्ववासी घडेरी दर्ता सम्बन्धी काम गरिदिन भनी रु. ५००।- रिसवत लिदैका वखत जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत समेतको टोलीले दशी सहित पक्राउ गरेको, रकम लिएको कुरा स्वीकार गरी अभियुक्तले वयान गरेको र निजको उक्त कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसूर भएकोले निज सिटहु मण्डललाई सोही दफा बमोजिम सजायको मागदावी लिई मुद्दा दायर गर्नुका साथै दसीको रु. ५००।- जाहेरवाला महेन्द्र हजरा दुसाधलाई फिर्ता हुन विशेष अदालत, काठमाडौंलाई अनुरोध गरिएको ।

२३. श्रम तथा रोजगार प्रवर्द्धन बिभागका शाखा अधिकृत गणेश अर्यालले आफ्नो हैसियत भन्दा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरी कमाएको सम्पत्ति आफू र आफन्तहरु समेतको नाममा राखी लुकाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा भएको अनुसन्धानबाट निज गणेश अर्यालको नाउंमा भएको कूल सम्पत्ति रु. १,०५,१२,९२९।५४ मध्ये रु. २२,७२,२२६।८६ बराबरको चलअचल सम्पत्तिको स्रोत खुलेकों र बांकी रु. ८२,४०,७०२।५६ को स्रोत खुल्न नआएको त्यस अतिरिक्त श्रीमती भागिरथी भण्डारी (अर्याल)को खाताबाट रु. १९,००,०००।- र बहिनी गोमा अर्याल (खरेल)को खाताबाट रु. १७,२०,०००।- झिकेको रु. ३६,२०,०००।- समेत) गैरकानूनी रुपमा आर्जन गरेको देखिंदा सो गैरकानूनी सम्पत्तिमा कानून बमोजिम माग दावी लिनुका साथै निज गणेश अर्यालउपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१), दफा १५, दफा १६ ग तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) र दफा १६(२) अन्तर्गत बिगो अनुसार कैद र बिगो बमोजिम जरिवाना समेत हदैसम्म सजाय हुन र निजले गैरकानूनी रुपमा आर्जन

गरी निजकी श्रीमती भागिरथी अर्याल (भण्डारी), बहिनी गोमा खरेल (अर्याल) र नारायण कार्कीका नाममा राखेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख को माग दावी लिई मुद्दा दायर गरिएको ।

यसै सन्दर्भमा नापी शाखा, डिल्लीवजारका अमीन सर्वजीत साहले आफूले स्थलगत निरीक्षण गरी जग्गा/घर/बाटोको यथार्थ भौतिक अवस्था उल्लेख गर्नु पर्नेमा सम्बन्धित स्थलमा नगई भौतिक अवस्था दुरुस्त नदेखाई आफ्नो काम कर्तव्य विपरितको कार्य गरी राजस्व रकममा फरक पर्ने गरी घर भएकोमा घर छैन भनी तथा ठूलो बाटो भएकोमा गोरेटो बाटो छ भनी लेखी पठाए अनुरुप उल्लिखित घर जग्गा पारित भएको देखिन आएकोले निजलाई सचेत गराइएको ।

ख) पुनरावेदन तथा पुनरावलोकनका लागि दर्ता गरिएका मुद्दाहरु :

अ) सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण :-

१. जि. सर्लाही, गाउं विकास समिति गडहिया-३ घर भई हाल निमित्त नापी अधिकृतको पदमा नापी शाखा बारामा कार्यरत संजयकुमार ठाकुर प्रत्यर्थी भएको नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको विषयको मुद्दामा पुनरावेदन अदालत, पाटनको माननीय न्यायाधीशहरु दामोदारप्रसाद प्रजापती तथा बोधरीराज पाण्डे समेतको इजलासबाट मिति २०५९।२।१३ मा प्रतिवादी संजयकुमार ठाकुरले सन् १९९४ मा परीक्षा दिएर द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हो भनी मगध विश्व विद्यालयले त्रिभुवन विश्वविद्यालयका उपकुलपतिलाई सन २००२।३।१४ मा लेखेको पत्रबाट प्रस्तुत मुद्दा मगध विश्वविद्यालयको मिति सन् ११।०।२००१ को भूलवस लेखेको पत्रको आधारमा दायर भएको देखिंदा प्रतिवादीले आरोपित कसूर गरेको भन्न नमिल्ने हुंदा सफाई पाउने भनी गरेको फैसला निम्न कारणहरुबाट खण्डनीय एवं बदरभागी देखिएकोले पुनरावेदन गरिएको :

(क) प्र. संजयकुमार ठाकुरले आ.ब. २०५५।५६ मा नापी विभागबाट संचालित सिनियर नापी तालिममा आफ्नो योग्यता वि.एस्सी गणित छ भनी प्रमाणपत्र समावेश गरी बढुवाबाट ओहदा पाउने उद्देश्यले शिक्षा सम्बन्धी योग्यता ढांटेको तथ्य प्रतिवादीको बयान तथा अन्य प्रमाणबाट पुष्टी भएको,

(ख) प्र. संजयकुमार ठाकुर समेतका व्यक्तिहरुले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रका सन्दर्भमा त्रिभुवन विश्वविद्यालयबाट सन् १३।९।२००१ मा सम्बन्धित मगध विश्वविद्यालयसंग पत्राचार सोधनी हुंदा उक्त विश्वविद्यालयले निज संजयकुमार ठाकुरले वि.एस्सी तेश्रो वर्ष गणित अनर्स (B.sc. III Math hons) ठीक होइन (Not Correct) भनी निजको रोल नं. Pat 3143 र रजिष्ट्रेशन नं. 40357 उल्लेख गरी त्रिभुवन विश्वविद्यालयका उपकुलपतिलाई सम्बोधन गरी लेखेको पत्रबाट प्रष्ट देखिएको । यसबाट सम्बन्धित शिक्षण संस्थाबाट उपलब्ध जानकारी अनुसार निज संजय ठाकुरले प्राप्त गरेको शैक्षिक प्रमाणपत्र स्पष्टतः झुठा भै योग्यता ढांटेको तथ्यलाई फैसलाले अन्यथा भन्न सक्ने अवस्था छैन । अतः फैसला आधार नितान्त गलत एवं कानून विपरित भएकोले बदरभागी भएको ।

(ग) साथै मिसिल संलग्न रहेको सन् २००२।३।१४ को मगध विश्वविद्यालयबाट प्राप्त पत्रमा अघिल्लो पत्रको बेहोरा Not Correct भन्ने भूलवस लेखिएको रहेछ भनी उल्लेख गर्दा समेत निज ठाकुरको रोल नं. र रजिष्ट्रेशन नं. समेत अघिल्लै पत्रकै उल्लेख गरेको पाइएबाट पनि पूर्ववत् पत्रकै सत्यता यथावत रहेको पुष्टी हुन आउंछ । त्यसैगरी सन् २००२।३।१४ को पत्रको बेहोराबाट प्रतिवादी संजयकुमार ठाकुरले मगध विश्वविद्यालयमा उक्त विश्व विद्यालयको सन् २००१।१०।१ को पत्रको बेहोरा सच्याई पाउन निवेदन दिएको भन्ने देखिएका कारणले पनि आफ्नो फाइदा प्रमाणको लागि प्रतिवादी ठाकुरले दिएको निवेदनका आधारमा तयार पारिएको भन्ने देखिएको । यसरी पत्रको आधिकारिकता सम्म पनि पुष्टि नभएको अवस्थाको पत्रलाई नै आधार मानी सफाई दिनु सरासर त्रुटी हुन गएको । अतः प्रमाणको गलत मूल्यांकनबाट भए गरेको उक्त फैसलाले मान्यता पाउन सक्दैन र यत्तिकै आधारमा प्रतिवादीले स्पष्टतः भ्रष्टाचारको कसूर गरेको तथ्य स्थापित भएको ।

(घ) त्रिभुवन विश्वविद्यालय जस्तो आधिकारिक संस्थाबाट पत्राचार गरी सम्बन्धित विश्वविद्यालयबाट प्र. संजयकुमार ठाकुरको प्रमाणपत्र सही होइन भनी लेखी आएको अवस्थामा निजलाई कसूरदार ठहऱ्याउनु पर्नेमा व्यक्तिको निवेदनलाई आधारमानी तयार पारिएको र सम्बन्धित विश्वविद्यालयबाट नै उक्त पत्र तयार भएको हो होइन भन्ने सम्बन्धमा यकीन समेत नगरी सो पत्रलाई आधार मानी प्रतिवादी संजयकुमार ठाकुरलाई सफाई दिने गरी भएको सो फैसला बदरभागी छ ।

२. मध्यमान्चल क्षेत्रीय सडक निर्देशनालय नं. २ मीनभवनका तत्कालीन क्षेत्रीय निर्देशक श्यामप्रसाद अधिकारी समेत प्रतिवादी भएको बिटुमिन खरीदको ठेक्कामा भ्रष्टाचार भएको विषयको मुद्दामा पुनरावेदन अदालत, पाटनका माननीय न्यायाधीशहरु रामकुमार प्रसाद शाह तथा बोधरीराज पाण्डेको इजलासबाट मिति २०५९।२।१४ मा प्रतिवादीहरुलाई निम्न आधार लिई सफाइ दिने गरी फैसला भएको देखियो :-

(क) सामूहिक उत्तरदायित्वको सिद्धान्त वमोजिम मूल्यांकन समितिको अन्य सदस्यलाई नभई श्यामप्रसाद अधिकारीलाई मात्र प्रतिवादी वनाइएको ।

(ख) श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याई भ्रष्टाचार गरेको भन्ने दावी छ, तर सो रकम वोलपत्रदाता एक्जीम नेपाललाई भुक्तानी भइसकेको भन्ने वस्तुनिष्ठ आधार अभियोगपत्रमा नखुलाइएको ।

(ग) रीतपूर्वकको एकमात्र परेको वोलपत्र स्वीकृत गर्न मिल्ने नमिल्ने संम्बन्धमा भौतिक योजना मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेखी राय माग्दा पनि उक्त म.ले.नि.का.बाट २०५६।१०।१० मा सो वमोजिम स्वीकृत गर्न नमिल्ने भन्ने राय दिएको देखिएको ।

(घ) निर्णय गर्दा प्र.हरुको वदनियत रहेको भन्ने प्रमाणित गर्न आधार र प्रमाण समेत वादीले पेश गर्न नसकेको ।

उपर्युक्त फैसला निम्न कारणहरुबाट खण्डनीय एवं बदरभागी देखिएकोले पुनरावेदन गरिएको :-

(क) आर्थिक वर्ष २०५६।५७ को लागि आवश्यक १२०० मे.ट. विटुमीन खरिदका लागि मिति २०५६।४।३१ को सूचना अनुसार पेश हुन आएको वोलपत्रलाई आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ७३.२ (ख) विपरित मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयका क्षेत्रीय निर्देशक श्यामप्रसाद अधिकारीले पहिलो वोलकवोलवाला नेपाल विटुमीन एण्ड व्यारेल उद्योगको रु. २,२७,६५,५१२।- लाई स्वीकृत नगरी दोश्रोपटक एक्जीम नेपाल प्रा.लि.ले वोलकवोल गरेको रु. २,५०,७८,८००।- को बोलपत्र स्वीकृत गरी आर्थिक प्रशासन संबन्धी नियमावली,२०५६ को नियम ६६(१३) र नियम ७२.१ (क) को रीत नपुगेको उक्त वोलपत्र स्वीकृत गराई उल्लिखित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को कानूनी व्यवस्थाहरुलाई जानाजानी उल्लघन गरी रु. २३,१३,२८८।- श्री ५ को सरकारलाई गैरकानूनी हानी नोक्सानी गरे गराएको हुंदा भ्रष्टाचारको कसूरमा निज श्यामप्रसाद अधिकारीउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा दफा २९ एवं प्रतिवादी किरण बैद्यउपर सोही ऐनको दफा ८ र दफा २९ वमोजिमको कसूर मिसिल संलग्न तथ्य प्रमाणहरुबाट पुष्टी हुने यथेष्ट अवस्था विद्यमान रहेको ।

(ख) वोलपत्र मूल्यांकन समितिका अन्य सदस्यहरुलाई प्रतिवादी नवनाइएको भन्ने फैसलामा उल्लेख भएको सफाइको आधार सन्दर्भमा हेर्दा प्र.श्यामप्रसाद अधिकारीको अध्यक्षतामा गठित उक्त समितिमा अन्य व्यक्तिहरु इन्जिनियर वलवहादुर के.सी., लेखा अधिकृत गोविन्दप्रसाद पन्त र विशेषज्ञ सिनियर डिभिजनल इन्जिनीयर भगवान श्रेष्ठ रहेका छन् । उक्त समितिका अन्य सदस्यहरुलाई प्रतिवादी श्यामप्रसाद अधिकारीले चाहे अनुरुपको निर्णय गराउन सक्ने अवस्था रहेको भन्ने इन्जिनियर वलवहादुर के.सी. को वयानवाट पनि देखिन आउछ । प्रथम पटक प्राप्त वोलपत्रहरुमध्ये एउटा मात्र रीत पूर्वकको भनी सवै वोलपत्रहरु रद्द गरी पुनः वोलपत्र माग गर्ने र दोश्रो पटक प्राप्त वोलपत्रहरुमध्ये एक्जीम नेपाललाई ठेक्का प्रदान गर्ने निर्णय प्रतिवादी श्यामप्रसाद अधिकारीकै सक्रियतावाट भएको तथ्य स्पष्ट नै छ । तसर्थ अन्य सदस्यहरुलाई मुद्दा नचलाइएको भन्ने आधारमा निज प्रतिवादीहरुलाई सफाई दिइएको फैसला प्रथम दृष्टिमा नै त्रुटीपूर्ण देखिएको ।

(ग) एक्जिम नेपाललाई संभौता वमोजिमको रकम भुक्तानी भइसकेको भन्ने वस्तुनिष्ठ आधार अभियोगपत्रमा नखुलेको भन्ने फैसलाको अर्को आधार सम्बन्धमा हेर्दा दुई पक्ष वीचमा करार भइसकेपछि उक्त करारीय दायित्व

(Contractual liability)बाट कुनै पनि पक्षले उन्मुक्ति नपाउने र करार भंग भएको अवस्थामा त्यसबाट उत्पन्न परिणाम बापत क्षतिपूर्ति समेत प्राप्त गर्न सक्ने अवस्था हुंदा श्री ५ को सरकारबाट प्रतिवादी किरण वैद्यको एक्जिम नेपाललाई सम्पूर्ण रकम भुक्तानी भइसकेको छ वा छैन भन्ने विषयले प्रतिवादीहरुको भ्रष्टाचारजन्य कसूर स्थापित नगर्ने वा कसूरबाट सफाई दिने आधार बन्न नसक्ने ।

(घ) रीतपूर्वकको एकमात्र बोलपत्र परेको अवस्थामा सो बोलपत्र स्वीकृत गर्न नमिल्ने भन्ने महालेखा नियन्त्रक कार्यालयको राय रहेको भन्ने अदालतको निर्णयको आधारका सम्बन्धमा प्रतिवादी श्यामप्रसाद अधिकारीले मिति २०५६।८।१५ मा बोलपत्र मूल्यांकन समितिको सिफारिस समेतका आधारमा पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरेको देखिन्छ । उल्लिखित महालेखा नियन्त्रक कार्यालयको मिति २०५६।१०।१० को पत्र बेहोरा समेतले मूल्यांकनका क्रममा रीत नपुगेका (Non-responsive) भनिएका बोलपत्रहरुलाई बोलपत्र परेको नै नमानी Responsive भनिएको बोलपत्रलाई एकमात्र बोलपत्र मान्नु पर्ने भन्ने देखिन आउँदैन । साथै प्रथम पटक परेका बोलपत्रहरुका आधारमा संभौता नगरी पुनः बोलपत्र माग गर्ने कार्य समेत महालेखा नियन्त्रक कार्यालयको रायको आधारमा गरिएको होइन भन्ने कुरा फैसलामा उल्लिखित पत्रको मिति २०५६।१०।१० र पुनः बोलपत्र माग गर्ने गरी भएको निर्णय मिति २०५६।८।१५ भएबाट नै प्रष्ट भइरहेको छ । बोलपत्र कारवाहीलाई वैधता दिलाउने बदनीयतले पछि मात्र प्राप्त गरेको उक्त कार्यालयको रायलाई आधार मानी बोलपत्र स्वीकृतिको कारवाही गरिएको भन्न मिल्ने अवस्था नभएको ।

(ङ) प्रतिवादीहरुको बदनियत रहेको भन्ने आधार र प्रमाण वादीले पेश गर्न नसकेको भन्ने फैसलाका सन्दर्भमा प्रतिवादी श्यामप्रसाद अधिकारीले पहिलो पटक प्राप्त बोलपत्रहरुमध्ये रीतपूर्वकको भनी मूल्यांकनको लागि स्वीकार गरेको नेपाल विद्युमिन एण्ड ब्यारेल कम्पनीलाई ठेक्का प्रदान गर्नु पर्नेमा आर्थिक नियमावलीको गलत व्याख्या गरी पुनः बोलपत्र माग गर्ने निर्णय गर्ने कार्य स्वयंमा बदनियतपूर्ण रहेको प्रष्टै देखिन्छ । कुनै पनि बोलपत्र नपरेको वा एकमात्र बोलपत्र परेकोमा भन्ने आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ७३.२ (छ) को व्यवस्थालाई गलत एवं बदनियतपूर्वक व्याख्या गरी पुनः बोलपत्र माग गर्ने कार्य नै निज प्रतिवादी श्यामप्रसाद अधिकारीको बदनियत प्रमाणित गर्ने आधार हो । त्यसैगरी बोलपत्र आव्हान गर्दा निर्यात इजाजतपत्र (Export License) पेश गर्नु पर्ने भन्ने शर्त बोलपत्र कागजातको बुंदा नं. १.२.६ (एफ) र १.३ (जि.) मा स्पष्ट रुपमा उल्लेख भई बोलपत्रसाथ उक्त निर्यात इजाजतपत्र समावेश नगरिएमा त्यस्ता बोलपत्रहरुलाई सोझै अस्वीकार (Outright Reject) गरिने छ भनी पूर्व शर्त राखिएको र बोलपत्रको बुंदा ५.१.४ मा रहेको सक्कल परीक्षण प्रतिवेदन (Original Test Report) पेश गर्नु पर्ने भन्ने शर्तलाई समेत बेवास्ता गरी उक्त निर्यात इजाजतपत्र बिना ठेक्का प्रदान गर्ने एवं ठेक्का प्राप्त गरिएको कार्यमा प्रतिवादीहरुको बदनियत स्पष्ट रुपमा देखिएको छ । प्रतिवादीहरुको आपसी मिलेमतो र बदनियतपूर्ण किसिमले ठेक्का लिने दिने निर्णय गर्ने कार्य भएको भन्ने प्रष्टै हुंदाहुँदै प्रतिवादीहरुको बदनियत प्रमाणित हुन नसकेको भनी सफाई दिएको उक्त फैसलामा उद्धृत आधार तथ्य र कानूनसम्मत नदेखिएको ।

३. उदयपुर जिल्ला बेलटार गा.वि.स वडा नं.४ घर भई उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा हेल्थ असिस्टेन्ट पदमा कार्यरत विमला पोखरेल प्रत्यर्थी भएको माथिल्लो तहको शैक्षिक योग्यता हासिल गर्न नक्कली प्रमाण पत्र पेश गरी भ्रष्टाचार गरेको भन्ने विषयको मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६०।१।२ मा निम्न आधार लिई फैसला गरेको देखियो :-

(क) आरोपपत्रको अभियोग र दावी खण्ड आद्योपान्त पढ्दा प्रतिवादीलाई यो यस्तो प्रकारको सजाय गरिपाऊं भनी स्पष्ट र किटानी दावी लिन नसकेको ।

(ख) सजायको मागदावी लिएको भनिएकै स्थितिमा पनि प्रतिवादीले माथिल्लो शैक्षिक योग्यता प्राप्त गर्ने उद्देश्यले सम्म विवादको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको भन्ने स्थिति देखिएको र माथिल्लो शैक्षिक योग्यता प्राप्त गर्ने उद्देश्यले कसैले आफ्नो शैक्षिक योग्यता ढांटेमा वा झुठो प्रमाणपत्र पेश गरेमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ वा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तरगतको सजाय हुन सक्ने कसूर गरेको भन्न मिल्ने अवस्था देखिएन ।

उपर्युक्त फैसला निम्न आधारमा खण्डनीय र बदरभागी देखिएकोले पुनरावेदन गरिएको :

(क) स्पष्ट र किटानी दावी लिन सकेको पाइएन भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्ने पहिलो विषय के हो भने आयोगका तर्फबाट दायर हुने आरोपपत्र दायर गरिनु पूर्व यस आयोगबाट सो मुद्दा दायर गर्ने निर्णय गरिएको हुन्छ । यस आयोगबाट निर्णय नभई कुनै पनि आरोपपत्र अदालतसमक्ष दायर हुन सक्दैन । यसका साथै आरोप पत्रसाथ यस आयोगबाट भएको निर्णयको प्रतिलिपि पनि मिसिल संलग्न गरिएको हुन्छ । प्रतिवादीका सम्बन्धमा आयोगबाट भएको निर्णयमा ".....निजहरुको यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले पनि कसूर गरेको देखिन आएकोले ..... उक्त दफा बमोजिम सजाय हुन मागदावी लिई ..... व्यक्तिपिच्छे छुट्टाछुट्टै आरोपपत्र तयार गरी .....मुद्दा दायर गर्न पठाउने...." भन्ने उल्लेख भएको छ, जसमा प्रतिवादीउपर लिनु पर्ने दावी स्पष्ट छ । आयोगबाट भएको निर्णयमा स्पष्ट रुपमा अभियोग र सजायसंग सम्बन्धित ऐनका प्रावधान उल्लेख हुंदा हुंदै आरोप पत्रमा पुनरुक्ति गर्नसम्म छुटेको विषयलाई अभियोग र सजायको दावी नै नभएको भनी मान्नु पर्ने स्थिति नभएको ।

(ख) विवादित शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिवादीले प्राप्त गर्नुको उद्देश्यबाट भ्रष्टाचार निवारण ऐन अन्तर्गतको सजाय हुने कसूर भन्न नमिल्ने भन्ने निर्णयाधारतर्फ हेर्दा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतको अनुक्रमांक ८८३३४३/१९९५ को इन्टरमिडियट परीक्षा प्रतिवादी विमला पोखरेलले प्रथम श्रेणीमा उत्तीर्ण गरेको भनिएको प्रमाणपत्र नक्कली रहेको तथ्य उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०५९।३।३० को पत्रसाथ प्राप्त विवरणबाट स्पष्ट छ । उक्त प्रमाण पत्र आफूले उच्च शिक्षा हासिल गर्न लिएको हो भनी प्रतिवादीले अदालतमा बयान गर्दा समेत स्वीकार गरेकी छिन् र उक्त प्रमाणपत्र आफूले लिनु पर्ने एकमात्र कारण प्रतिवादीले आफू बहाल रहेको हेल्थ असिस्टेन्ट पदबाट उच्च शिक्षा हासिल गर्ने प्रावधान विदेश लगायत नेपालमा पनि नभएकोले हो भनी खुलाएकी छन् । यसबाट प्रतिवादीले उच्च शिक्षा हासिल गर्ने सुविधा पाउने उद्देश्यले विवादको शैक्षिक योग्यताको प्रमाण आफू कार्यरत संस्थामा पेश गरेको स्पष्ट नै छ । कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता लगायतका कुराको झूठा विवरण दिनु वा सो सम्बन्धी झूठा प्रमाणपत्र पेश गर्नुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) ले कसूर मानी सजायको व्यवस्था गरेको तथ्यतर्फ ध्यान पुग्न नसकेको ।

४. सिरहा जिल्ला लहान न.पा. वार्ड नं. २ बस्ने लहान न.पा. का तत्कालीन उपप्रमुख राजेन्द्र महतो प्रतिवादी भएको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको विषयको मुद्दामा पुनरावेदन अदालत, राजविराजका माननीय न्यायाधीशहरु ओमप्रसाद सुवेदी तथा परशुराम झाको इजलासबाट मिति २०५८।११।६ निम्न आधार लिई फैसला गरेको देखियो :-

(क) प्रतिवादी उपरको आर्थिक दायित्व देवानी दायित्व (Civil Liability) भित्र पर्ने भई सो रकम आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार निजबाट बांकी सरह असुलउपर गराउन सक्ने स्थिति भएकै देखिएको ।

(ख) प्रतिवादी राजेन्द्र महतोउपर निवेदक नन्दी महतो र मोहम्मद इसराइलले दर्ता गराएको निवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ९ बमोजिम सनाखत गराएको नदेखिएको ।

(ग) निजको कसूर किटान गरी अनुसन्धान गर्नको लागि अनुसन्धान अधिकृत नतोकिएको ।

(घ) निज प्रतिवादी कार्यरत नगरपालिकाका मेयर र सचिवको हकमा मात्र अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकृतले तोकिएको ३ (तीन) महिने अनुसन्धानको अख्तियारी समाप्त भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को नियम ९ बमोजिम म्याद समेत थप नगराई कानूनको शर्त र रीत नपुऱ्याएको

उपर्युक्त फैसला निम्न कारणहरुबाट त्रुटिपूर्ण हुंदा बदरभागी भएकोले पुनरावेदन गरिएको :

(क) प्रतिवादी राजेन्द्र महतोले नगरपालिकाको उप-प्रमुखका हैसियतले आफैले पेश्की मागी, आफैले आदेश दिई रु. २,००,०००।- पेश्की बुझी लिई मिति २०५४।८।४ देखि २०५४।१२।२ सम्म नगरपालिका क्षेत्रका धुले सडक ग्राभेलिंग गरेको लगसिट यान्त्रिक कार्यालय, लहानमा पेश गरी हिसाब फरफारक गरे पछिको करीब ८ महिना पछि धेरै यान्त्रिक उपकरण संचालन गरेको नक्कली लगसिट पाना १३ तयार गरी कुल रु. ५,४७,१४०।- खर्च भएको भनी भुक्तानी बुझी लिई रु. २,००,०००।- पेश्कीलाई नगरपालिका बोर्डबाट निर्णय गराई पेश्की फछ्यौंट

गरी रु. ३,४७,१४०।- बदनियतपूर्ण तवरले लिनुखानु गरेको कार्यबाट भ्रष्टाचारको अपराधिक तथ्य स्थापित भएको छ र निज प्रतिवादीले उक्त नगरपालिकाबाट उल्लिखित रकम प्राप्त गरी लिएको कुरा स्वयं फैसलाले पनि स्वीकार गरेको ।

(ख) प्रतिवादी राजेन्द्र महतोले आफुलाई गैरकानूनी फाइदा र सार्वजनिक संस्था नगरपालिकालाई जानीजानी हानी नोक्सानी पुऱ्याउने वदनियतले नक्कली लगसिट तयार गरी धेरै रकम खर्च भएको भनि विश्वासमा पारी झूठा तवरले उक्त कार्य गरेको अवस्थालाई आर्थिक नियमावली अनुसार असुलउपर गर्नुपर्ने भित्रको विषय मात्र मान्न मिल्दैन । वदनियतपूर्ण किसिमले गलत कागजात तयार गरी प्रतिवादी राजेन्द्र महतोले उक्त रकम लिनु खानु गरेको आपराधिक तथ्य स्पष्ट रहेको छ । यस्तो भ्रष्टाचार अपराध पुष्टि हुने प्रमाण हुंदा हुंदै देवानी दायित्वको विषय मानी प्रतिवादीलाई फौजदारी अपराधिक दायित्ववाट मुक्त गराउन नमिल्ने ।

(ग) प्रतिवादी राजेन्द्र महतोले अनुसन्धान क्रमको वयान एवं अदालत समेतमा रु. ५,४७,१४०।- रकम प्राप्त गरेको, लगसिट इन्जिनियरले तयार गरेको, इन्धनको प्रयोग निजी गाडी (भारतीय गाडी) मा गरेको इत्यादि कार्यलाई स्वीकार गरेको छ । निज राजेन्द्र महतोको उक्त गैरकानूनी कार्यका वारेमा नगर प्रमुख मुनी साह तथा बुझिएका गाडी चालकहरु समेतको बयानले यस मुद्दाको अपराधिक तथ्य पुष्टी गरेको छ । प्रतिवादी राजेन्द्र महतोले आफूले सवै पेश्की फछ्यौंट गरेको कुनै नक्कली लगवुक विल तयार गरेको होइन भनी इन्कार गरेतापनि सो कुरा पुष्टी हुने कुनै प्रमाण देखाउन सकेका छैनन् । तर अनुसन्धान क्रममा यान्त्रिक उपकरण संचालन गर्ने चालक र अप्रेटरहरुले उक्त लगसिट आफूहरुले तयार गरेको होइन अरुले दस्तखत गरेका हुन् भनि वयान लेखाएको छ भने गाडीका नम्वर सम्म पनि ती लगसिटमा उल्लेख छैनन् । इन्जिनियर प्रकाश कुमार कर्ण, वैधनाथ प्रसाद साहको बयान र सचिव पुष्पराज ढुंगाना समेतको बयान कागज प्रमाणले प्रतिवादी राजेन्द्र महतोको उल्लिखित कसूर अपराध पुष्टि भएको ।

(घ) यस प्रकार मिसिल प्रमाणवाट लहान नगरपालिकाका उप-प्रमुखका हैसियतले अधिकारको दुरुपयोग गरी आर्थिक वर्ष २०५४।५५ र २०५५।५६ मा लिएको रकमहरु भ्रष्टाचार गरेको भन्ने प्रारम्भिक उजूरीबारे देखिएका तथ्यका आधारमा अनुसन्धान अधिकृतलाई अनुसन्धान गर्न अधिकार प्रदान गरिएको र समयावधिभित्रै कार्य सम्पन्न गरेको भन्ने कुरा मिसिल संलग्न कागजातवाट स्पष्ट हुन्छ । भ्रष्टाचार जस्तो गम्भीर एवं जघन्य अपराधमा जो जुन पदाधिकारीको जे जस्तो संलग्नता रहन्छ सोही बमोजिम अपराधिक दायित्व वहन गर्नुपर्ने हुन्छ । भ्रष्टाचारको अपराधमा उजुरवालाले सनाखत नै गर्नु पर्छ भन्न कानूनले वाध्य गरेको छैन । फैसलामा उल्लिखित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ९ को व्यवस्था अनुचित कार्य सम्बन्धी उजूरीको सनाखत गर्ने व्यवस्था हो । यति कुरामा पनि उक्त फैसलाको ध्यान पुगेको छैन । अनुसन्धान अधिकृत तोकेको पत्रमा उल्लिखित व्यक्तिका अतिरिक्त अन्य व्यक्तिका सम्वन्धमा पनि आयोगवाट अनुसन्धान कारवाई भएको बेहोरा उजूरी प्रतिवेदनले स्पष्ट गरेकै छ । अनुसन्धानको शीघ्रता एवं प्रभावकारीताका लागि व्यवस्थित समयावधि सम्वन्धी कार्यविधिलाई अनुसन्धान क्रममा पालना गरिएको ।

आ) सर्वोच्च अदालतमा पुनरावलोकनका लागि दिएका निवेदनहरुको विवरण :-

१. सावित्रक भूमि प्रशासन कार्यालय गौर, रौतहटवाट मिति २०२५।१।१२ मा ललितकुमार शर्मा समेत १५४ जनाको नाउंमा आवादी दर्ता गरी दिने निर्णय भएको र सोही निर्णय अनुसार चलनपूर्जि पाउने व्यक्तिहरुमध्ये पूर्णमाया शर्मा समेत ५७ जनाका नाउंमा तोकिए वमोजिमको जग्गा दर्ता गरिदिने र २०२४ साल देखिको मालपोत असूल गर्ने गरी मालपोत कार्यालय, सर्लाहीका प्रमुख मालपोत अधिकृत गोविन्दप्रसाद खनालले मिति २०४३।५।२९ मा गरेको निर्णयपर्चा र पूर्णवहादुर समेतका नाउंमा लालपूर्जा दिने भन्ने मिति २०४३।६।२१ को निर्णयपर्चाको सम्बन्धमा उक्त निर्णय कानून विपरित र भ्रष्टाचारजन्य कार्य भएको भनी मोरङ जिल्ला, विराटनगर उप-महानगरपालिका, वार्ड नं. १५ पान्चाली बस्ने गोविन्दप्रसाद खनाल समेतका प्रतिवादीहरुउपर सरकारी जग्गा व्यक्तिगत नाममा दर्ता गरी भ्रष्टाचार गरेको कसूरमा सर्लाही जिल्ला अदालतमा अभियोग पत्र दायर भएकोमा सो अदालतवाट प्रतिवादीहरुलाई सफाइ दिने गरी फैसला भएको ।

उक्त फैसलाउपर पुनरावेदन गर्दा मिति २०५६।१०।२।१ मा पुनरावेदन अदालत, जनकपुरबाट प्रमुख मालपोत अधिकृत गोविन्दप्रसाद खनाल र मालपोत अधिकृत खिलनाथ दुंगेल उपरको अभियोग दावी अनुरुप भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) अन्तर्गतको कसूर देखिन आउंछ । अतः निजहरु दुवैले यसरी अभियोग दावी अनुसार कसूर गरेको

देखिएकाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र ऐ. को दफा २९(२) अनुसार प्रतिवादी गोविन्दप्रसाद खनाललाई तजविजी रु. ३०००।- र प्रतिवादी खिलनाथ ढुंगेललाई रु. २०००।- जरिवाना हुने ठहर्छ, अन्य ५ जना प्रतिवादीहरुका हकमा शुरु सर्लाही जिल्ला अदालतको अभियोग दावीवाट पुरै सफाई दिने गरी गरेको निर्णय मिलेकै देखिंदा सोही सदर हुने भनी फैसला भएको ।

यस विषयमा सर्वोच्च अदालतमा दर्ता गरिएको पुनरावेदनउपर माननीय न्यायाधीशहरु केदारनाथ आचार्य तथा गोपालप्रसाद खत्रीको इजलासबाट मिति २०५९।२।९ मा निम्न आधार लिई सम्पूर्ण प्रतिवादीहरुले सफाई पाउने गरी फैसला भएको छ :-

(क) हाल आवादी समिति, रौतहटको उल्लिखित मिति २०२५।१।१२ को निर्णय हेर्दा स्पष्ट रुपले निवेदकहरुवाट मालपोत लिई जग्गामा चलन पूर्जि दिई दर्ता गरी दिने भनी उल्लेख भएको देखिन्छ । उक्त निर्णयले निवेदकहरुको माग अनुसार जग्गा दर्ता गर्न नमिल्ने वा जग्गा दर्ता रोक्का राखेको भन्ने बेहोरा कतै उल्लेख भएको देखिदैन । उक्त निर्णयको पुनश्च भनिएको खण्डले जग्गा दर्ता गर्न रोक लगाएको हो कि त भनी हेर्दा उक्त पुनश्च खण्डले जग्गा दर्ता गर्न रोक्का राखेको भनी उल्लेख गरेको अवस्था देखिदैन ।

(ख) कुनै प्रश्नमा निर्णयकर्ताको निर्णय आफैमा कसूरजन्य हुदैन । त्यस्तो निर्णय भ्रष्टाचारजन्य कसूर हुन आफुलाई वा अरुलाई फाइदा पुऱ्याउने नियतले नेपाल कानून जानीजानी पालना नगरी श्री ५ को सरकार वा कुनै संगठित संस्था वा व्यक्तिलाई हानी पुऱ्याएको हुनु पर्दछ । पुनरावेदक प्रतिवादीहरुले त्यस्तो कसूर गरेको प्रमाण र आधार प्रस्तुत मुद्दामा वादी पक्षवाट पेश हुन सकेको पाइदैन ।

(ग) जुन कार्य गर्नलाई कानूनले रोकेको छैन, त्यस्तो कार्य कुनै निकाय वा पदाधिकारीले गर्दा कोसंग के कति रकम लिए खाए भन्ने तथ्य प्रमाण वादी पक्षवाट खुलाएको पाइदैन । प्रष्ट प्रमाणको अभावमा कानून बमोजिम गठित हाल आवादी समितिको निर्णय कार्यान्वयन गर्ने कृयालाई भ्रष्टाचार गरेको ठहर गर्नु कानूनको रोहमा समेत उचित देखिएन । वादी श्री ५ को सरकार प्रतिवादी लक्ष्मणकुमार हमाल समेत भएको भ्रष्टाचार मुद्दामा भ्रष्टाचार हुनलाई वदनियत साथ कार्य गरेको हुनुपर्छ र सो कार्यवाट कसैलाई नोक्सान वा फाईदा भएको देखिनु पर्ने हुन्छ भनी नेपाल कानून पत्रिका, २०५३ अंक ११ पृष्ठ ७८४ मा सिद्धान्त समेत प्रतिपादित भइरहेको र उक्त सिद्धान्तको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा वादी पक्षवाट कसूर स्थापित हुन नसकेको र सवुद प्रमाणको अभाव रहेको पाइएकोले प्रतिवादीहरुले आरोपित कसूर गरेको दावी प्रमाणवाट पुष्टी हुन आएको देखिएन । तसर्थ माथी उल्लिखित आधार प्रमाण र यस अदालतवाट प्रतिपादित नजिर सिद्धान्त समेतका आधारमा पुनरावेदन अदालत, जनकपुरले निज प्रतिवादीहरु गोविन्दप्रसाद खनाल र खिलनाथ ढुंगेललाई कसूरदार कायम गरी जरिवाना गरेको फैसला त्रुटी पूर्ण देखिंदा उल्टी गरिदिएको छ ।

प्रस्तुत मुद्दाको निर्णयमा वादी श्री ५ को सरकार प्रतिवादी लक्ष्मण कुमार हमाल समेत भएको भ्रष्टाचार मुद्दामा अबलम्बन गरिएको नजीर यस मुद्दामा कुनै पनि अर्थबाट मिल्ने नदेखिएको र प्रस्तुत मुद्दाको निर्णयमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को देहाय (ख) को अवस्था विद्यमान भएको हुंदा प्रस्तुत मुद्दाको उक्त निर्णय सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५३ बमोजिमको निवेदनपत्रबाट पुनरावलोकन गरिपाउन निम्न आधारमा सर्वोच्च अदालत समक्ष अनुरोध गरिएको :-

(क) प्रतिवादीहरु गोविन्दप्रसाद खनाल र खिलनाथ ढुंगेलले प्रतिवादी कृष्णप्रसाद उपाध्याय काफ्ले समेतलाई गैरकानूनी रुपमा फाइदा पुग्ने गरी श्री ५ को सरकारको जग्गा वास्तविक जोताहालाई नदिई अन्य व्यक्तिका नाउंमा दर्ता गरी चलनपूर्जि तथा जग्गा धनी प्रमाण पूर्जा समेत प्रदान गर्ने गरी निर्णय गरेको भन्ने शुरु भक्तवहादुर समेतको उजूरी निवेदन उल्लिखित निर्णय र प्रतिवादीहरुको वयान समेतवाट पुष्टी भएको देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को प्रावधान हेर्दा सरकारी सेवामा रहेको कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वद्नियतले ... कुनै व्यक्तिलाई हानी पुऱ्याउने वदनीयतले नेपाल कानून जानीजानी पालना नगरेमा ... सरकारी सुविधा वा अधिकार दुरुपयोग गरेमा भ्रष्टाचारको कसूर गरेको मान्नु पर्ने वाध्यात्मक व्यवस्था गरेको देखिन्छ ।

(ख) "भ्रष्टाचार शब्द यति व्यापक छ कि यसलाई परिभाषित गर्नु कठिन छ । भ्रष्टाचार शब्दलाई परिभाषा गरी

निश्चित सीमा रेखाभित्र आवद्ध गर्ने कार्य जोखिमपूर्ण छ भन्ने महसूस गरेर नै विधायिकाले भ्रष्टाचार ऐनमा भ्रष्टाचारको परिभाषा नगरेको महसूस हुन्छ, उक्त ऐनको परिच्छेद-२ मा उक्त ऐन अन्तर्गत कारवाही हुने केही अपराधहरु र तिनमा हुने सजायको व्यवस्था गरे पनि भ्रष्टाचार शब्दले उक्त परिच्छेद-२ मा वर्णित कसूरलाई मात्र जनाउंछ भन्न नसकिने" भनी सर्वोच्च अदालतवाट शिवप्रसाद शर्मा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत (नेपाल कानून पत्रिका २०४४, पृष्ठ ५६१) भएको रिट निवेदनमा सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

(ग) श्री ५ को सरकारको पर्ति जग्गा, जुन जग्गामा आबाद गरी पहिलेदेखि अन्य कुनै व्यक्तिले आबाद कमोद गरी बसेका छन्, तिनीहरुको नाममा दर्ता नगरी उनाउ व्यक्तिको नाममा दर्ता गर्ने गराउने कार्यले गैरकानूनी हानी र लाभ दिए दिलाएको पुगे पुऱ्याएको प्रष्ट छ । यसरी प्रतिवादीहरुले गैरकानूनी तवरले आफु र जग्गा प्राप्त गर्न चाहने अन्य प्रतिवादीहरु समेतलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनीयतसाथ नेपाल कानून जानीजानी पालना नगरी अधिकारको दुरुपयोग गरेकोबाट निजहरुले भ्रष्टाचार गरेको स्पष्ट देखिरहेको अवस्थामा प्रतिवादीहरुको काम कारवाही भ्रष्टाचारजन्य नरहेको भन्ने आधारमा प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको निर्णय अदालतवाटै स्थापित उल्लिखित नेपाल कानून पत्रिका, २०४४, पृष्ठ ५६१ मा प्रकाशित कानूनी सिद्धान्त प्रतिकूल भएको स्पष्ट छ ।

२. भिडियो क्यासेट प्लेयर आयात गर्नका लागि ए. के. ट्रेडिङ कन्सर्नको तर्फवाट आर. के. इम्पेक्सका प्रोप्राइटर रमेश अग्रवालले नेपाल अरव बैंकवाट अमेरिकी डलर १,०१,५००।- को प्रतितपत्र खोली उक्त प्रतितपत्रवाट सामान पैठारी नगरी विदेशी विनिमयको सुविधालाई शर्त विपरीत प्रयोग गरी प्रतिवादीहरु रमेश अग्रवाल र अन्जनकुमार खनालले नेपाल कानूनको जानी जानी पालना नगरी सामान पैठारी गरेवाट श्री ५ को सरकारलाई प्राप्त हुनु पर्ने राजस्व वापतको अमेरिकी डलर ८९,०९४.५० (रु. ५१,०५,११४।८५) हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कसूर गरेको हुंदा यी दुईजना प्रतिवादीलाई सोही ऐनको दफा ८ र २९ बमोजिम सजाय समेत हुन तथा प्रतिवादीहरु सिलु गिरी, वावुरत्न बज्राचार्य, नवीनभक्त श्रेष्ठ, विनीता राणा र राजेशकुमार श्रेष्ठ समेतले नेपाल कानूनको जानी जानी पालना नगरी श्री ५ को सरकारलाई हानी पु-याउने काम गरी सोही ऐनको दफा ७(२) को कसूर गरेको देखिंदा सोही ऐनको दफा ७(२) बमोजिम सजाय हुन माग दावी गरी पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर भएको थियो ।

यसमा "दुई अलग ऐन बमोजिम मुद्दादायर भएको देखिए पनि एउटै विषयको कसूर कायम भएको पाइन्छ । प्रतीतपत्र खोली आयात गर्न लिएको यु.एस.डलर १,०१,५००।- को शर्त विपरित प्रयोग गरेको भन्ने विषय नै यी दुवै कसूरको जरिया देखिन्छ । कसूरको जरिया एउटै भएको अवस्थामा एउटा ऐन बमोजिम हुन सक्ने कैद र जरिवाना समेत प्रतिवादीहरुलाई भइसकेको र श्री ५ को सरकारलाई हुन गएको हानी नोक्सानी उक्त मुद्दाबाटै जरिवानावाट पूर्ती हुन सक्ने हुंदा निज प्रतिवादीहरुलाई भ्रष्टाचारको कसूरमा सजाय गर्न न्यायोचित र कानूनसंगत हुन आउँदैन" भनी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ वमोजिम दायर भएको मुद्दामा सजाय हुने गरी यी दुई प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन बमोजिमको कसूरमा सजाय नहुने गरी पुनरावेदन अदालतले गरेको फैसलालाई सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु कृष्णजंग रायमाझी तथा दिलीपकुमार पौडेलको संयुक्त इजलासवाट सदर गरिएको थियो ।

निम्न प्रकरणहरुमा वर्णित आधारहरुवाट सर्वोच्च अदालतवाट मिति २०५८।१०।४ मा भएको प्रस्तुत मुद्दाको निर्णयमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को देहाय (ख) को अवस्था विद्यमान भएको हुंदा प्रस्तुत मुद्दाको उक्त निर्णय सर्वोच्च अदालत नियमावली,२०४९ को नियम ५३ बमोजिमको निवेदनपत्रबाट पुनरावलोकन गरिपाउन सर्वोच्च अदालत समक्ष अनुरोध गरिएको :-

(क) निवेदक कृष्णप्रसाद सिवाकोटीको हकमा गोपाल सिवाकोटी विरुद्ध श्री ५ को सरकार संचार मन्त्रालय समेत प्रत्यर्थी रहेको वन्दी प्रत्यक्षीकरणको सम्बत् २०४२ सालको रिट नं.१९१५ को निवेदनमा सर्वोच्च अदालतबाटै "छुट्टाछुट्टै ऐन अन्तरगतको छुट्टाछुट्टै कसूर अपराध गरे बापत रिट निवेदकउपर कारवाही चलाई मुद्दा चलाइएको देखिएवाट एउटै अपराधमा दोहरो मुद्दा चलाएको मान्न मिलेन" भनी एउटै जरियाबाट उठेको भए पनि दुई ऐन अन्तरगत छुट्टाछुट्टै अपराध मानिएको कसूर गर्ने व्यक्तिले दुवै आपराधिक दायित्व व्यहोर्नु पर्ने गरी मिति २०४२।१२।१८ मा सिद्धान्त प्रतिपादन भएको छ । प्रस्तुत मुद्दाका प्रतिवादीहरुले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले निषेध गरेको कसूर गरी श्री ५ को सरकारलाई गैरकानूनी हानि र प्रतिवादीहरुलाई गैरकानूनी लाभ पुऱ्याएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को कसूर गरेको अवस्था छ । उल्लिखित कानूनी सिद्धान्त एवं

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३० को व्यवस्थाले यस मुद्दाका प्रतिवादीहरुले दुइवटै ऐनले कसूर ठहऱ्याएको आपराधिक दायित्व व्यहोर्नु पर्ने स्पष्ट छ ।

(ख) उल्लिखित स्थापित कानूनी सिद्धान्त वाहेक सर्वोच्च अदालतवाट श्री ५ को सरकार बिरुद्ध कुलवहादुर क्षेत्री भएको भ्रष्टाचार मुद्दामा (नेपाल कानून पत्रिका, २०४८, नि.नं. ४३५३, पृष्ठ ४७२) "भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३५ मा प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तरगत वनेका नियमहरुमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ भन्ने उल्लेख भएको पाइन्छ । उक्त व्यवस्थावाट भ्रष्टाचार निवारण ऐनमा लेखिए जतिमा सोही ऐन बमोजिम र सोदेखि वाहेकमा अन्य ऐन आकर्षित हुन सक्ने देखिन्छ" भनी सिद्धान्त प्रतिपादन भएको छ । कुनै अभियुक्तका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ तथा अन्य कुनै प्रचलित नेपाल कानूनमध्ये कुन प्रयुक्त हुने भन्ने सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ ले प्राथमिकता पाउने कुरा उक्त ऐनको दफा ३५ एवं माथि उल्लिखित स्थापित कानूनी सिद्धान्तले समेत स्पष्ट गरेको अवस्थामा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आकर्षित गरी सोही कारणले भ्रष्टाचारको कसूरमा सजाय नगर्ने भनी गरिएको निर्णय स्थापित कानूनी सिद्धान्त प्रतिकूल छ ।

(ग) प्रतिवादी रमेश अग्रवाल र अन्जनकुमार खनाल वाहेकका शिलु गिरी लगायतका अन्य प्रतिवादीहरु नेपाल अरव वैंक लिमिटेड का कर्मचारीहरु हुन् । प्रतिवादीहरु रमेशकुमार अग्रवाल र अन्जनकुमार खनालले नेपाल अरब वैंक लिमिटेडबाट त्यस बैंकका यी नै प्रतिवादी कायम गरिएका कर्मचारीहरुको सहयोगमा विदेशी मुद्रा प्राप्त गरेका छन् । त्यसरी प्राप्त विदेशी मुद्रा शर्त विपरीत प्रयोग भएको भन्ने तथ्य निर्विवाद रुपमा स्थापित भएको कुरा सम्मानित अदालतले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत दायर भएको मुद्दामा प्रतिवादीहरु रमेश अग्रवाल र अन्जनकुमार खनाललाई सजाय गरेवाट नै स्पष्ट छ । प्रतिवादी शिलु गिरी समेतका वैंक कर्मचारीको सहयोगवाट त्यस्तो विदेशी मुद्रा प्राप्त गरेपछि प्रतिवादी रमेश अग्रवालले शर्त विपरीत प्रयोग गरेको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कसूर देखिएकोले यस्तो स्थितिमा भ्रष्टाचारको प्रयोजनका लागि कर्मचारीलाई अलग राखेर हेर्न मिल्ने अवस्था रहँदैन । यस मुद्दाका सम्पूर्ण प्रतिवादीहरुको कार्यवाट भ्रष्टाचारको कसूरलाई पूर्णता दिइएको अवस्थामा वैंकवाट विदेशी मुद्रा प्राप्त गर्ने प्रतिवादीहरु र तिनीहरुलाई विदेशी मुद्रा उपलव्ध गराउने प्रतिवादीहरुलाई छुट्याएर हेर्न मिल्ने पनि होइन ।

सम्मानित अदालतवाट यस मुद्दाको निर्णय गरिंदा विदेशी मुद्रा प्राप्त गर्ने प्रतिवादीहरुलाई भ्रष्टाचारको कसूरमा सफाइ दिइएको आधार एवं निजहरुलाई विदेशी मुद्रा उपलव्ध गराउने प्रतिवादीहरुलाई सफाइ दिइएको आधार फरक फरक देखाइएको छ । वस्तुतः विदेशी मुद्रा प्राप्त गर्ने प्रतिवादीहरुलाई भ्रष्टाचार नठहर्दाका अवस्थामा विदेशी मुद्रा उपलव्ध गराउने प्रतिवादीलाई पनि भ्रष्टाचार नठहर्ने स्वतः हुन्छ, अन्य आधार दिइरहनु पर्ने अवस्था नै रहँदैन । अतः विदेशी मुद्रा प्राप्त गर्ने प्रतिवादीहरु रमेश अग्रवाल र अन्जनकुमार खनालका हकमा सर्वोच्च अदालतवाट अवलम्वन गरिएको निर्णयाधारलाई पुनरावलोकन गरिनु पर्ने आधार नै अन्य प्रतिवादीहरुका हकमा भएको निर्णयाधार पनि पुनरावलोकन गरिनु पर्ने आधार हो ।

(घ) विभिन्न वाणिज्य वैंकहरुवाट प्रतितपत्र खोली त्यस्ता प्रतीतपत्रहरुवाट प्राप्त विदेशी मुद्रा शर्त विपरीत प्रयोग गरिएका विभिन्न भ्रष्टाचार मुद्दाहरु यस आयोगवाट दायर भएका छन् । प्रतिवादी रामकुमार अग्रवाल समेत भएको मुद्दामा पुनरावेदन अदालत, पाटनबाट मिति २०५७।७।२१ मा प्रतिवादीहरुलाई भ्रष्टाचारको कसूर ठहर भई फैसला भएको पनि अवस्था छ । यस मुद्दामा भएको सर्वोच्च अदालतको निर्णयले प्रतीतपत्र खोलिंदा गरिएका यावत् भ्रष्टाचारजन्य कसूरलाई प्रभावित पारी प्रतीतपत्र खोल्दा जे जति भ्रष्टाचारका कसूर गरिए पनि दण्डित नहुने स्थितिको सृजना गरेको छ, जबकि प्रतीतपत्र खोल्दा खोलाउंदा कानून विपरीतका काम भएमा उक्त काम कारवाही भ्रष्टाचारको दायराभित्र परी त्यस्तो काम कारवाई बिरुद्ध अनुसन्धान गर्न एवं मुद्दा चल्न सक्ने प्रावधान साविक भ्रष्टाचार निवारण ऐन, २०१७ एवं हालको भ्रष्टाचार निवारण ऐन, २०५९ समेतमा रहेको छ ।

ग) मुद्दा फैसलाको सार-संक्षेप :

विशेष अदालतमा जिम्मेवारी सरी आएका वा दर्ता भएका मुद्दाहरुमध्ये सो अदालत गठन भएको पहिलो वर्ष २०५९/६० मा फैसला भएका कूल ५५ थान भ्रष्टाचार सम्बन्धी मुद्दाहरुमा ४३ थान मुद्दाहरुमा आयोग पूर्ण सफल, ४ थान मुद्दामा आंशिक सफल, ७ थान मुद्दामा असफल र १ थान मुद्दा प्रतिवादीको मृत्यु भएको कारण खारेज भएको छ। हाल विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी २०७ थान मुद्दाहरु विचाराधीन छन्।

परिच्छेद–२
अनुचित कार्य सम्बन्धी कारबाहीको विवरण

क) विभागीय कारबाहीको लागि लेखिएको विवरण :

अर्थ मन्त्रालय र अन्तर्गत :

१. वातावरणीय हिसावले खतरापूर्ण मानिएको क्लोरोफ्लोरो कार्बन (सी.एफ्.सी.) ग्यासको नेपाल अधिराज्यभित्र हुने पैठारी र उपभोगलाई नियन्त्रण गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा मिति २०५७।६।९ मा सूचना प्रकाशित गरी यस्ता पदार्थहरुको पैठारी आयात इजाजतपत्रको आधारमा मात्र गर्न सकिने व्यवस्था गरेको । यस विषयमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई त्यस्ता पदार्थ आयात गर्नको लागि प्रतितपत्र खोल्नुअघि मन्त्रालयको पूर्व अनुमति लिनु पर्ने व्यवस्थाको लागि सम्बन्धित वाणिज्य बैंकहरुलाई तत्काल लागू हुने गरी आवश्यक निर्देशन जारी हुन मिति २०५७।७।१७ को पत्रबाट अनुरोध गरिएकोमा नेपाल राष्ट्र बैंकबाट सबै वाणिज्य बैंकहरुलाई मिति २०५७।७।२५ मा आवश्यक व्यवस्था मिलाउन लेखिए तापनि विभिन्न वाणिज्य बैंकहरुले आयात इजाजत पत्र प्राप्त नगरेका पक्षहरुलाई सो मितिपछि मन्त्रालयको पूर्व अनुमति बिना प्रतितपत्र खोलिदिएको र नेपाल राष्ट्र बैंकले पनि यस सम्बन्धमा अनुगमन गर्न नसकेको देखियो । अतः नेपाल राष्ट्र बैंकबाट आदेश भइसकेपछि पनि प्रतितपत्र खोल्ने वाणिज्य बैंकहरु र सम्बन्धित पदाधिकारीहरु तथा नेपाल राष्ट्र बैंकका तर्फवाट आवश्यक अनुगमन गर्न तोकिएका कर्मचारीहरु यकिन गरी निजहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ एवं नेपाल राष्ट्र बैंक, कर्मचारी नियमावली, २०४९ बमोजिम ३ महिनाभित्र कारवाई गर्न नेपाल राष्ट्र बैंकका गभर्नरलाई लेखिएको ।

मिति २०५७।६।९ मा नेपाल राजपत्रमा प्रकाशित सूचनापछि ओजोन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) नियमावली, २०५७ मिति २०५७।११।८ मा नेपाल राजपत्रमा प्रकाशित गरी सो नियमावली र त्यस्ता पदार्थको पैठारी सम्बन्धी प्रकृया, शर्तहरु, स्पेसिफिकेशन, परिमाणात्मक मापदण्ड तथा विस्थापन दर सम्बन्धी सूचनाको जानकारी एवं आवश्यक कार्यान्वयनको लागि निर्देशन हुन मिति २०५७।११।२२ मा मन्त्रालयबाट भन्सार विभागका महानिर्देशकलाई पत्र लेखी सोको बोधार्थ वीरगन्ज तथा विराटनगर भन्सार कार्यालय समेतलाई दिइएको र यस सम्बन्धी सूचना मिति २०५७।११।२३ को गोरखापत्र तथा २०५७।११।२४ को कान्तिपुरमा समेत प्रकाशन भएको छ । यति हुंदाहुंदै पनि मिति २०५७।६।९ को सूचनापछि वीरगञ्ज तथा विराटनगर भन्सार कार्यालयहरुबाट प्रतितपत्र खोली बिना आयात इजाजत पत्र विभिन्न पक्षहरुबाट पैठारी भएका त्यस्ता पदार्थ जांचपास गरी छाडिएको देखियो । यसबाट मन्त्रालयको पत्र आदेश तथा श्री ५ को सरकारका सूचनाहरु विपरीत काम गर्ने दुवै भन्सार कार्यालयका सम्बन्धित पदाधिकारीहरुलाई तीन महिनाभित्र सचेत गराउन माननीय अर्थमन्त्रीलाई लेखिएको ।

यसका साथै वातावरण संरक्षण सम्बन्धी नेपालको अन्तर्राष्ट्रिय स्तरमा गरिएको प्रतिवद्धतामा आँच आउने गरी मुनाफालाई मात्र लक्ष बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालकै दुर्नाम हुने गरी मिति २०५७।६।९ पश्चात् प्रतितपत्र खोली यस्तो ग्यास आयात गर्ने सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाइ गर्न माननीय जनसंख्या तथा वातावरण मन्त्रीलाई लेखी यस निर्णयांशको बोधार्थ भन्सार बिभागलाई पनि दिइएको ।

श्री ५ को सरकारबाट मिति २०५७।६।९ मा प्रकाशित सूचनामा सन् २००० देखि नै वार्षिक विस्थापन दर लागू हुने भनिएको र आयात इजाजत पत्र विना त्यस्ता पदार्थ आयात गर्न रोक लगाइएको छ । तर यसै सम्बन्धमा मिति २०५७।१२।१४ मा जनसंख्या तथा वातावरण मन्त्रालयबाट भन्सार विभागका महानिर्देशकलाई लेखिएको पत्रमा उक्त पत्रको मितिसम्म पैठारी भइसकेका पदार्थको विस्तृत विवरण माग गरी त्यस मितिसम्म भन्सारमा रोकिएका त्यस्ता पदार्थ बिना इजाजत पैठारी हुनमा पूर्ण रुपमा रोक लगाउन अनुरोध गरिएको देखिंदा मन्त्रालयका पूर्व सूचनाहरु विपरीत उक्त पत्र प्रेषित भएको देखिन आएको छ । यसैगरी जनसंख्या तथा वातावरण मन्त्रालयले गभर्नर, नेपाल राष्ट्र बैंकलाई मिति २०५७।१२।२२ मा मन्त्रालयका पूर्व सूचनासंग बाझिने गरी "अब उप्रान्त इजाजतपत्र बेगर एल.सी. नखोल्नका लागि सम्बन्धित सबै वाणिज्य बैंकहरुलाई अविलम्ब कडाईका साथ निर्देशन पठाई सहयोग गरिदिनुहुन" भनी पत्र लेखिएको समेत देखिएको छ । साथै ऐन अन्तर्गत पैठारी गर्ने आदेश कार्यान्वयन गर्ने बारेको नियमावली भने ५ महिनापछि प्रकाशन गरेको, त्यसमाथि नियमावली बमोजिमका काम कारवाही कार्यान्वयनमा फितलोपना देखिएको र कार्यान्वयनको अनुगमन पनि हुन सकेको देखिएन । यस्ता विवादास्पद र भ्रमपूर्ण पत्रहरु पठाउने र आवश्यक अनुगमन नगर्ने काम मन्त्रालयका तत्कालीन

सचिव डा. गोबिन्दराज भट्ट तथा डा. मुक्तिनारायण श्रेष्ठ समेतबाट भएको र निजहरु हाल सेवानिवृत्त भइसकेको हुंदा यी अधिकारीको हकमा उल्लिखित कुराहरुको अभिलेख राख्न मन्त्रिपरिषद्मा लेखिएको ।

यस विषयमा श्री ५ को सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयलाई निम्न बमोजिम गर्न सुझाव दिइएको :–

क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा गरिएका प्रतिवद्धताहरु पूरा गर्न कुनै पनि काम गर्दा पूर्ण गृहकार्य गरी मात्र गरिनु पर्ने (जस्तो कि उल्लिखित पदार्थहरुको वार्षिक खपत, पैठारी परिमाण तथा विस्थापन दर सम्वन्धी सूचना मिति २०५७।६।९ मा प्रकाशन गरेपछि उक्त सूचना अनुसारको कारवाईलाई नियमित गर्न नियमावली भने २०५७।११।८ मा मात्र प्रकाशन गरिनाले त्यस बीचकै अवधिमा सो सूचनाद्वारा रोक्न खोजिएका पदार्थहरु तोकिएको परिमाणभन्दा कयौं गुणा बढी आयात गरिएबाट गर्न खोजिएको काम अनुरुपको प्रतिफल प्राप्त भएको अवस्था नदेखिएकोले त्यस मन्त्रालयबाट सम्पन्न हुने काम कारवाईहरुमा स्पष्टता राखी कारवाई गर्ने),

खा) अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप गरिन लागेका काम कारवाईहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिए त्यसले राष्ट्रकै छविमा नराकात्मक प्रभाव पार्ने कुरालाई विचार गरी आफूबाट पहिले भएका सूचना आदेशहरुकै प्रतिकूल हुने गरी र पछि सच्याउन नै नमिल्ने गरी सूचना वा पत्राचारहरु नगर्ने ।

ग) हाल बिभिन्न भन्सार कार्यालयहरुमा अवैध रुपमा आयात गरिएको भनी रोक्का राखिएका उक्त पदार्थहरुलाई आयात गर्न पनि रोक लगाउने, Dispose पनि नगर्ने, प्रयोग पनि गर्न नपाइने, जहांबाट आयात गरिएको हो सोही ठाउंमा निकासी गरी पनि नपठाउने वा अन्य कुनै विकल्पद्वारा त्यसबाट छूटकारा लिने पनि नगर्दा पूर्ण लापरवाही गरिएको मान्नु पर्ने भएको हुंदा के कसरी Dispose गर्ने वा के गर्ने भन्ने बारेमा ३ महिनाभित्र योजना बनाई समस्याको पूर्ण निराकरणतर्फ तुरुन्त आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने ।

२. मिति २०५५।२।१० का दिन २१.३० बजेको आर. ए. ४०७ को काठमाडौं-बैंकक-सिङ्गापुर उडानबाट भारतीय रुपैयां (भा.रु.) १ करोड २१ लाख मूल्य बराबरका ५०० दरका नोटहरु सुनील मास्के समेतले लुकाई छिपाई अवैध तरिकाले निकासी गर्न लागेको भन्ने सम्बन्धमा नेपालबाट भारतीय रुपैयाका नोटहरु अर्थ मन्त्रालयको मिति २०४२।३।३३ र २०४७।५।२५ को सूचना बमोजिम भारत वाहेक अन्य देशमा लैजान नपाइने गरी वन्देज लगाइएको, मिति २०५१।४।३१ को नेपाल राष्ट्र बैंकले निकालेको सूचना बमोजिम वाणिज्य बैंकहरु लाई भा.रु. ५००।-दरको नोट स्वीकार गर्न वा सोको कारोवार गर्न रोक लगाएको कारणबाट द्विविधा उत्पन्न भएकोले २०५२।४।३ देखि पटक पटक उक्त दरको नोटहरु भारत बाहेक अन्यत्र लैजान लाग्दा कहिले समात्ने, कहिले छाड्ने, कहिले वरामद गरी जफत गर्ने, कहिले विदेशी मुद्राको अनियमितता सम्वन्धमा जिल्ला अदालतमा मुद्दा चलाउने र जिल्ला अदालतबाट दावी नलाग्ने ठहराई वरामद भएका भा.रु. नोटहरु फिर्ता दिनुका साथै दावी नठहराएको सम्वन्धमा पुनरावेदन दिएको पनि देखियो । प्रस्तुत मुद्दामा तत्कालीन महान्यायाधिवक्ता बद्रीवहादुर कार्कीले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११० ले प्रदान गरेको अधिकार प्रयोग गरेर मुद्दा नचल्ने निर्णय गर्नुको साथै जिल्ला सरकारी वकील दुर्गावन्धु पोखरेलबाट सो निर्णयको आधारमा पहिले फिर्ता गरे जस्तै सुनिल मास्केलाई नै उक्त रकम फिर्ता दिएको पनि देखियो । सर्वोच्च अदालतको मिति २०५७।९।६ को फैसला समेतको आधारमा प्रस्तुत विवादमा भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न सक्नेसम्मको अवस्था र प्रमाणको अभाव भए पनि उक्त नोटहरुलाई वस्तु मानी भारत वाहेक अन्यत्र विदेशमा नेपालको वाटो हुदै लुकाई छिपाई चोरी निकासी गर्नु भन्सार ऐन, २०१९ को दफा ५ को व्यवस्था विपरीत भएकोले चोरी निकासी गर्न लागेको भनी कवोल गर्ने सुनिल मास्के र सहयोगीको रुपमा देखिएको अन्य व्यक्तिहरु समेतलाई भन्सार ऐन, २०१९ को दफा ५ को कसूरमा आवश्यक कारवाही गर्न त्रिभुवन विमानस्थल भन्सार कार्यालय पठाई निम्न पदाधिकारीहरुको हकमा देहाय बमोजिम निर्णय गरिएको :

क) प्रस्तुत विषयका हकमा पटक पटक नेपालबाट ठूलो मात्रामा भा.रु. ५००।- का नोट विदेशतिर निकासी भइरहेको र पटक पटक त्यस्तो नोटहरु पक्रने र छाड्ने काम भइरहेको वास्तविकतालाई नकार्न सकिदैन । साथै नेपालमा कुनै कारणवस बैंकिङ्ग कारोवारमा ग्राह्य नहुने भनी नेपाल राष्ट्र बैंकले सूचना जारी गर्दैमा भारतीय वा अन्य कुनै देशको मुद्राका नोट स्वतः नै मूल्यहीन रहन गई सामान्य कागज सरह हुन जादैन । नेपालमा बैंकले सटही नगरी सटहीको लागी ग्राह्य नमानेको अरु विदेशी मुद्रा पनि छन् । त्यस्ता विदेशी मुद्राका नोटहरु जारी गर्ने ती देशमा र त्यसलाई मान्ने अरु देशमा legal tender को रुपमा ग्राह्य भई नै रहेका पनि छन् । भारतसित नेपालको लामो खुला सिमाना भएकोले भारतबाट सजिलै भारतीय रुपैयाँ नेपाल प्रवेश गर्ने स्थिति रहेको छ । यस्तो परिस्थितिलाई विचार गरेर नै २०४७।५।२५ मा विदेशी विनिमय (नियमित गर्ने) ऐन अन्तर्गत भारतीय रुपैया नेपालमार्फत् विदेशमा निकासी गर्नमा प्रतिवन्ध लगाइएको छ । यस्तोमा सरकारले लगाएको प्रतिबन्धलाई प्रतिकूल प्रभाव पर्ने गरी मुद्रालाई nonlegal tender मानेर निकासीमा छूट दिने गरी कानूनको व्याख्या गर्नु अमिल्दो

र ऐनको मनसाय र नीति विपरित हुन जान्छ । साथै त्यस्तो भारतीय नोटको निकासीलाई रोक्न सक्ने खास गरी भन्सार ऐन अन्तर्गत कानूनी आधार विद्यमान नै रहेको अवस्थामा पनि सोतर्फ ध्यान पुऱ्याएको देखिदैन । जारी गर्ने देशबाट सो जारी गरिएको हैन भनी नभनुञ्जेल र त्यस देशमा legal tender रहिञ्जेल सो नोट भारतीय नै भनिन्छ र खास प्रयोजनको लागि निकासीमा प्रतिबन्ध लगाइएको हो भने त्यसको निकासी नरोक्नाले लगाईएको प्रतिबन्ध पनि निरर्थक साबित हुन जाने प्रष्ट छ । उपर्युक्त परिप्रेक्ष्यमा विचार गर्दा तत्कालीन महान्यायाधिवक्ता राजनैतिक नियुक्तिका मानिस भएका र हाल पदमा पनि नरहेकोले निजका बारेमा आयोगबाट गरिएको यो टिप्पणी मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्नको लागि पठाइएको ।

ख) नेपालबाट भारतीय रुपैयाँ भारत बाहेक अन्य देशमा निकासी हुन नसक्ने गरी अर्थ मन्त्रालयबाट मिति २०४७।५।२५ मा सूचना जारी गरी प्रतिबन्ध लगाइएको भए पनि विभिन्न किसिमले चोरी निकासी भई अन्य देशमा नेपालको बाटो हुँदै भारतीय रुपैयाँ निकासी भइरहेको तथ्य जानकारीमा रहेको र यस्तो काम हुन दिनु उपयुक्त नभएको कुरा तत्कालीन अर्थ सचिव रामविनोद भट्टराईले मिति २०५३।५।३ को अर्थ मन्त्रालयको आफ्नो टिप्पणी रायमा स्वीकार गरीसकेको र यसका साथै महान्यायाधिवक्ताले राय दिएको कारण देखाई मुद्दा नचलाउनेतर्फ निर्णय गरे पनि देशको आर्थिक व्यवस्थाको उत्तरदायित्व वहन गर्ने अर्थ मन्त्रालयको सचिवले आफ्नो तर्फबाट यस सम्बन्धमा नीतिगत वा कार्यगत विकल्पहरु प्रस्ताव नगरी विषयको गम्भीरतातर्फ ध्यान नदिई लाचारी प्रकट गर्नु उपयुक्त थिएन । अतः निजको काम कारवाही दक्षतापूर्ण रहेको भन्न नसकिने हुंदा निज हाल श्री ५ को सरकारको सेवामा नरहेकोले निजको सम्बन्धमा आयोगबाट गरिएको यो टिप्पणी मन्त्रिपरिषद् सचिवालयमा अभिलेखको लागि पठाइएको ।

ग) उक्त विषय सर्वप्रथम राजस्व अनुसन्धान विभागमा अनुसन्धानका लागि मिति २०५५।२।१० मा लेखी आएपछि आफूबाट अनुसन्धान हुंदा मुचुल्का फेरिएको र सुटकेशमा लगाएको सेक्युरिटी बेल्ट स्ट्रिपको Laboratory परीक्षण गर्न भनी प्रहरीमा पठाएपछि सो बेल्टबारे कुनै किसिमको खोजतलास अनुगमन नगरेको मात्र हैन, घटनाको वास्तविकतासित सम्बन्धित थुप्रै अनुत्तरीत प्रश्नहरु हुंदाहुँदै ती प्रश्नहरुको कुनै तार्किक उत्तर खोजी वास्तविकता पत्ता लगाउनमा उदासीन रही तत्कालीन महानिर्देशक तीर्थराज शर्माले भारतीय रुपैयाँ नेपालमार्फत् तेश्रो देशमा निकासी बारम्बार भइरहेको तथ्य जान्दा जान्दै त्यस्तो रुपैयाँ पक्रने र छाड्ने क्रम जारी राखी भन्सार ऐन अन्तर्गत अनुसन्धान र कारवाही हुनसक्ने व्यवस्था रहे भएकोतर्फ कुनै ध्यान नदिएकोले यसतर्फ निजको ध्यानाकर्षण गराइएको ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :

१. उदयपुर सिमेन्ट उद्योगको लागि Pot Transmitter, single bar-graph indicator र Moving coil indicator मिति २०५४।४।२२ को बीलबाट खरीद गरी रु. ८१,३४०।- र Switching power supply, PCB Handfree master र Dynamic selfcheck amp. मिति २०५४।९।१६ को बीलबाट खरीद गरी रु. १,०४,८६८।- लालिमा ट्रेड इम्पेक्स ललितपुरलाई भुक्तानी दिइएको तथा RI Converter र Photo cell मिति २०५५।१२।२७ को बीलबाट खरीद गरी रु. ४३,२१८।- अशोक श्री ट्रेड कन्सर्न, सप्तरीलाई भुक्तानी दिइएकोमा उक्त सबै सामानहरु गुणस्तरयुक्त छ भनी सोही उद्योगका इन्जिनीयर महेश साहले प्रमाणित गरेको पाइयो । तीनवटै बीलमा खरीद बिभागका तर्फबाट वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाले प्रमाणित गरेको र स्टोर बिभागले स्टोर दाखिला गरी भुक्तानीका लागि आर्थिक बिभागमा पठाएको देखियो । खरीद भएको भनिएका उपर्युक्त सबै सामान सोही उद्योग बाहेक अन्यत्र प्रयोग नहुने, जापानमा बनेका र त्यहीबाटै मगाउनु पर्ने प्रकृतिका हुन् भन्ने देखिएबाट सामान आयात गरिएको अवस्थामा आयात प्रक्रिया पारदर्शी हुनु पर्नेमा उक्त सामानको आपूर्तिकर्ता मध्येको अशोक श्री ट्रेड कन्सर्नको तर्फबाट कामकाज गर्ने अशोक वियानीले आफूले दिएको भनिएको सामान इन्जिनीयर महेश शाहले ल्याएको, आफूले बील मात्र दिएको हो भनी उल्लेख गरेको पाइएको र लालिमा ट्रेड इम्पेक्सले कुनै सामान स्थानीय व्यक्तिबाट किनेको भने पनि सामान बिक्री गर्ने व्यक्ति र आफूले खरीद गरेको बील देखाउन सकेको छैन । यस बाहेक निजले दिएको बील मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले निश्चित गरे अनुरुप रीत पुऱ्याई दिइएको पनि छैन । सो खरीद प्रक्रियामा संलग्न अन्य कर्मचारीको बयानबाट सामान एकपल्ट प्रयोग भइसकेको अवस्थामा गोरखापत्रमा बेरिएर आएको भन्ने समेत देखिन्छ । यसबाट उद्योगका लागि खरीद गरिएको भनिएका सामान निर्माणकर्ता कम्पनीबाट नै खरीद गरेको भन्न सकिने अवस्था देखिएन । सामान स्वाभाविक रुपले नयाँ हो भन्न सकिने विश्वसनीय नदेखिंदा नदेखिँदै उक्त सामानको गुणस्तर प्रमाणित गर्ने इन्जिनियर महेश साह र सामान साथ प्राप्त बीलहरु सामान्यरुपमा हेर्दा नै शंकास्पद देखिएको कुरालाई बेवास्ता गर्दै उक्त बील प्रमाणित गर्ने वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाले आफूलाई

प्राप्त अधिकारको दुरुपयोग गरी आफ्नो पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिन आएको हुंदा निजहरुबाट प्रमाणित भई दाखिला हुन आएको भनिएका सामानहरुको परल मूल्य रु. २,२९,४२६।- दुवै जनाबाट असूलउपर गरी उद्योगलाई शोध भर्ना गरी निजहरु उपर विभागीय कारवाही गर्न, प्लान्टहरुको निरीक्षण नै नगरी सामानहरुको माग फाराम सिफारिस गर्ने प्लान्ट महाशाखा प्रमुख महेशप्रसाद काफ्लेलाई अब आइन्दा यस्तो कार्य नगर्न नगराउन सचेत गराउन तथा उल्लिखित अवस्था हुंदा हुंदै सोको बेवास्ता गरी सामान दाखिला कार्यमा संलग्न तत्कालीन स्टोर इन्चार्ज हाल उपप्रवन्धक विदुर ढुंगाना, तत्कालीन स्टोर इन्चार्ज हाल वरिष्ठ अधिकृत विपिन उपाध्याय र तत्कालीन स्टोरकिपर विजयप्रसाद लुइटेललाई आइन्दा यस्तो कार्य नगर्न सचेत गराउन उदयपुर सिमेन्ट उद्योग लिमिटेडलाई लेखिएको ।

कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :

१. वि.सं. २०५७ मा कृषि सामग्री संस्थानबाट युरिया मल खरीद गर्दा मन्त्रिपरिषद्को निर्णय बमोजिम वार्ताद्वारा राष्ट्रिय सहकारी संघ लिमिटेडसंग भारतको IFFCO बाट उत्पादित मल खरीद गर्न सो संघसंग भएको सम्झौता र रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ बमोजिम पैठारीकर्ताको लोगो सहितको बोरा भित्र पोलिथिन समेत हुनुपर्नेमा भित्र पोलिथिन नराखेको पैठारीकर्ताको लोगो विनाको युरीया मल प्राप्त गरी एक वर्ष सम्म यस्तो मल सर्वसाधारणलाई विक्री गर्ने गरेको देखिएकोले सो कार्य गर्ने कृषि सामग्री संस्थानका तत्कालीन महाप्रवन्धक नित्यराज कोइरालाको कार्य र सोही सम्झौता बमोजिम L/C बाट भुक्तानी गर्नु पर्नेमा ड्राफ्टबाट भुक्तानी गर्ने निर्णय गर्ने संचालक समितिका तत्कालीन अध्यक्ष मुक्तिनारायण श्रेष्ठको कार्यलाई सन्तोषजनक मान्न नसकिने हुंदा यी दुवै जनाको हकमा यो निर्णयमा व्यक्त टिप्पणी अभिलेखको रुपमा राख्न मन्त्रिपरिषद्मा लेखिएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत :

१. पशुपति आदर्शनगर निर्माण समिति, वीरगन्जले श्री ५ को सरकारबाट प्राप्त गरेको जग्गामध्ये प्लट नं. ८५९/८६० मा तत्कालीन वीरगन्ज नगरपंचायत बोर्ड समेतको निर्णय बमोजिम बस स्टैण्ड सन्चालन भई सो जग्गा २०३३ सालमा नगर पंचायतलाई हस्तान्तरण भएको थियो । तर पछि बस स्टैण्ड अन्तै सारी सो ठाउँमा सुपरमार्केट राख्ने योजना तर्जुमा भई कारवाई भए पनि योजना सफल हुन नसकेको र सोही बस स्टैण्डको जग्गा २०४६ सालको शहरी नापीमा वीरगन्ज उप-महानगरपालिका वडा नं. १३ स्थित कि.नं. १७ मा ज.वि. १-२-४-३ र कि.नं. २२४ मा ज.वि. ०-०-३-३ नापी भई फिल्ड बुकमा बस स्टैण्ड र बस पार्क जनिएकोबाट वीरगन्ज उप-महानगरपालिकाको भोग अधिकार भित्रको जग्गा हो भन्ने पुष्टि गरेको छ । त्यस्तै, २०२९।६।२ को राजपत्रमा प्रकाशित भएको मुआब्जाको सूचनामा श्रीपुर गा.पं. वडा नं. ९ पूर्व नाली, पश्चिम आदर्शनगर सिमाना र नथुनी कानुको नम्बरी जग्गा, उत्तर घडीअरवा पोखरी र श्रीपुर जाने बाटो तथा दक्षिण आदर्शनगरको नाली भन्ने उल्लिखित चार किल्लाभित्र बस स्टैण्ड समेतको जग्गा पर्ने भन्ने नगरपालिकाको प्राप्त कागजातबाट पनि प्रष्ट हुन आएको छ । साथै १ नं. नापी गोश्वारा, वीरगन्जबाट रुक्मिणी केडियाको नाममा सो जग्गा दर्ता गर्ने गरी भएको निर्णयउपर समेत उप-महानगरपालिकाबाट सबुत प्रमाण सहित जिल्ला अदालतमा फिराद गरेको र जिल्ला अदालतबाट रुक्मिणी केडियाको दावी नठहरी नापी गोश्वाराको निर्णय बदर गरेबाट पनि उक्त बस स्टैण्ड नगरपालिकाको स्वामित्वको रहेको निर्विवाद छ ।

यी सबै तथ्य र प्रमाणहरुलाई नजरअन्दाज गरी सार्वजनिक उपभोगमा हालसम्म रहिरहेको नगरपालिकाको स्वामित्वको जग्गामध्ये रुक्मिणी देवीले निवेदनमा दावी नै नलिएको कि.नं. २२४ को ज.वि. ०-०-३-३ समेत बसपार्कको उल्लिखित दुवै कित्ता जग्गालाई "मिति २०४७।३।१३ र २०५४।१।१२ मा नगरपालिकालाई प्रमाण पेश गर्न लेखेको पत्रबारे नगरपालिकाले कुनै प्रमाण एवं प्रतिनिधि नपठाएको र अदालतबाट तत्सम्बन्धमा कुनै निर्णय भएको भन्ने जानकारी समेत नपाएको" भन्ने बहाना गरी मिति २०५६।३।१३ मा निर्णय गर्दा "चित्त नबुझे अदालतमा जान सक्ने नै हुंदा" भन्ने बोली पारी रुक्मिणीदेवी केडियाका नाममा बदनियतपूर्वक अस्थायी दर्ता गर्ने निर्णय गरेको देखिन आएकोले १ नं. नापी गोश्वाराका तत्कालीन प्रमुख हृदयनारायण मिश्रको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजलाई हदैसम्मको विभागीय कारवाई गर्न सम्बन्धित निकायमा लेखिएको ।

२. जग्गा नापजाँच गर्दा तोकिएका अधिकारीबाट कुनै गल्ती वा त्रुटी वा ऐन नियम विपरीत काम गरेको वा सरकारी सार्वजनिक जग्गा वा गुठी अधिनस्थ जग्गा मिची दर्ता गराएको देखिएमा सुधार गराउने, सार्वजनिक जग्गा बचाउने वा नापजाँच गर्दा कुनै समस्या उठेमा सुल्झाउने प्रयोजनको लागि जग्गा नापजाँच ऐन २०१९ को दफा ११ (ख) अनुसार गठन भएको समितिमा १ नं. नापी गोश्वारा वीरगञ्जका तत्कालीन नापी प्रमुख एवं समितिका सदस्य सचिव हृदय नारायण मिश्रले पर्सा जिल्ला अन्तर्गत साविक नापीमा वन, वुटेन, पर्ति, खोला, चौर, सडक आदि जनिएको सखुवा पर्सौनी गाउं

विकास समितिका जम्मा कित्ता २२० ज.वि. ११६–१४–६.५३, महादेव पट्टी गाउं विकास समितिको जम्मा कित्ता १५ ज.वि. ३४–११–१.३९ र चोर्नी गाउं विकास समिति को जम्मा कित्ता ३ ज.वि. १–१–५.८७ लाई साविक देखि जोतभोग गरेको भनि वनावटी कथित तिरो तिरेको रसीदको दोश्रो प्रति र गाउं विकास समिति को सिफारीसको आधारमा विभिन्न व्यक्तिहरुको नाममा दर्ता गर्ने गरी अधिकार नै नभएको कुरामा निर्णय गराई लालपूर्जा समेत वितरण गरेको देखिन आएको छ । अनुसन्धानबाट यस काम कारवाही प्रति जिम्मेवार देखिन आएका निम्न पदाधिकारीहरुको काम कारबाही सन्तोषजनक नभएकोले विभागीय कारवाहीको लागी सम्वन्धित निकायहरुमा लेखिएको :-

क) जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्र.जि.अ. तुलसीप्रसाद भट्टराई

ख) १ नं. नापी गोश्वाराका प्रमुख हृदय नारायण मिश्र

ग) प्रमुख मालपोत अधिकृत उमानाथ झवाली

घ) कित्ता नापी महाशाखाका प्रमुख नापी अधिकृत विष्णु कुमार न्यौपाने

ङ) नापी टोली प्रमुख सत्यलाल राय यादव

३. बर्दिया जिल्ला मालपोत कार्यालयका कार्यालय प्रमुख मुक्ति वहादुर स्वाँरले भक्ति शम्शेर समेतको हदवन्दीमा रहेको जग्गा दर्तावालामध्ये कोही व्यक्ति नै नभएकोमा डोर खटाई किर्ते ल्याप्चे लगाई डेढलाख नगद र चार विगाहा जग्गा गैरकानूनी रुपमा लिएको र सो जग्गा निज हाकिमले आफनो नोकर छवीर रखालको नाममा राखेको र निज नोकरको नामबाट मुहनलाल डाँगीलाई विक्री गरेको भन्ने उजूरीका सम्वन्धमा २२ जना पक्षहरु सबैले हामी अंशियारहरु हौं भनि निजहरुका विचमा अंशबण्डा गर्न कागजात पेश गरेको र सबै फाँटबाट रुजु हुदै आएको उक्त लिखतलाई प्रमुख मालपोत अधिकृत मुक्तिवहादुर स्वाँरले उक्त अंश वण्डाको लिखत पारित गरिदिएको देखिन्छ । साथै निजको घरेलु कामदार छवीर रखालका नाममा समेत अंशियारहरु मध्येको जग्गाबाट मिति २०५२।११।२९ मा जग्गा विगाहा ४–०–९ राजीनामा पास गरेको, उक्त जग्गा मिति २०५३।१।२४ मा मुहनलाल डाँगीलाई राजीनामा पारित गराई बिकी गरेको पनि देखिएको छ । त्यस्तो लिखतहरु पास गराउने ती व्यक्तिहरुका यी कृयाकलापहरु सरकारको राजस्व छल्ने मनसायले प्रेरित देखिएकोले राजस्व छलेको विषयतर्फ कुनै चासो नराखी सतही रुपमा कानूनको रोहमा मिलेको भन्ने आधारमा बण्डापत्र र राजीनामा पास गर्नमा मालपोत अधिकृतको हैसियतले निज संलग्न देखिएकोमा निजले पेश गरेको स्पष्टीकरण संतोषजनक नहुँदा निजलाई विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

४. काठमाडौं जिल्ला मूलपानी गाउं विकास समिति वडा नं. ३ निवासी थलकुमारी नगरकोटीको नाममा सोही गाउं विकास समितिवडा नं. ५ क कि.नं. २२२ को क्षेत्रफल १–१३–२–० रोपनी जग्गा निजको छोरा जुठे भन्ने टेकबहादुर नगरकोटीले निजको आमाको नागरिकतामा सासु ठुली घर्तिमगरको फोटो टाँसी झुठा बेहोराको निवेदनबाट तीनपुस्ते कायम गरी जग्गा धनी प्रमाण पूर्जामा फोटो टाँस प्रमाणित गर्ने बेहोराको सिफारिस गाउं विकास समिति अध्यक्षबाट लेखाई मालपोत कार्यालय चावहिलबाट उल्लिखित जग्गाको हक स्वामित्व सासु ठूली घर्तिमगरको नाममा कायम गराई निजको नामबाट काठमाडौं कोटेश्वर–३५ वस्ने सुरेन्द्रकुमार सिजापतीलाई विक्री समेत गरिसकेको र यस कार्यलाई सहयोग पुऱ्याउन गाउं विकास समिति अध्यक्षले सम्वन्धित व्यक्तिका सम्बन्धमा सर्जमिन समेत नबुझी गलत शिफारिस गरेको देखिएकोले सम्बन्धित गाउं विकास समिति कार्यालयलाई निजका सम्बन्धमा सोही बेहोराको अभिलेख राख्न लेखी निजको यस प्रकारको कार्यको अभिलेख आयोगको जानकारीमा समेत राखिएको । त्यस्तै, मूलपानी गाउं विकास समिति कार्यालयका प्राविधिक सहायक राजु आचार्य, पियन हरेराम धिमिरे समेतको हकमा थलकुमारी हो, होइन भनी बुझ्नु पर्ने व्यक्ति राम्ररी नबुझी गलत व्यक्तिको नाममा सिफारिसको बेहोरा लेखी लापरवाहीपूर्ण काम गरेकोले निजहरुको हकमा आइन्दा यस्तो कार्य दोहोरिन नदिन एक पटककोलागि सचेत गराउन सम्बन्धित गाउं विकास समिति कार्यालयलाई लेखिएको । यस अतिरिक्त मालपोत कार्यालय चावहिलका तत्कालीन मालपोत अधिकृत हाल मालपोत बिभागका शाखा अधिकृत देवराज ढकाल, मालपोत कार्यालय कलंकीका ना.सु. खगेन्द्रप्रसाद धिमिरे, मालपोत कार्यालय चावहिलका ना.सु. कुशध्वज खत्री, सोही कार्यालयका तत्कालीन खरीदार हृदयराज पोखरेल (हाल मालपोत कार्यालय, सिन्धुली) को हकमा सरकारी काम काज गर्दा आवश्यक कागजात राम्ररी हेरी बुझी काम गर्ने सजगता अपनाउनु भनी सम्बन्धित कर्मचारीहरुलाई निर्देशन दिन मालपोत बिभागलाई ध्यानाकर्षण गराउन लेखिएको ।

५. आर्थिक वर्ष २०५६।५७ मा नापी विभाग अर्न्तगतको कित्तानापी महाशाखाको लागि आवश्यक आधुनिक उपकरण खरिद गर्ने कममा आवश्यक छ सेट टोटल स्टेशन र एसेसरिज समेतको लागि वोलपत्र आह्वान भएकोमा आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को परिच्छेद १७ बमोजिम वोलपत्र मूल्यांकन समिति गठन गरी प्रतिवेदन लिनु पर्ने व्यवस्थाको

पालना नगरेको, प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय एवं न्यूनतम मूल्यमा सामान प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले नै बोलपत्र प्रकृयाको माध्यम अपनाइने सर्वमान्य सिद्धान्त विपरीत स्वीकृत स्पेसिफिकेशन अनुसारको एक मात्र बोलपत्रलाई कम मूल्यमा स्पेसिफिकेशन अनुसारको सामान पाइन सक्ने अन्य संभावनाको कुनै खोजविन नै नगरी सोही बोलपत्र स्वीकृत गर्नु आर्थिक दृष्टिकोणले उपयुक्त हुने भन्ने कुनै स्पष्ट र मनासिब कारण समेत नखुलाई बोलपत्र स्वीकृत गरी आफ्नो अधिकारको वदनीयतपूर्वक स्वेच्छाचारी रुपमा प्रयोग गरेको देखिंदा कित्तानापी महाशाखाका तत्कालीन निमित्त उप-महानिर्देशक नारायण भट्टराईलाई पाँच वर्षसम्म बढुवा रोक्का हुने गरी विभागीय सजाय गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

सो बोलपत्र स्वीकृत गर्ने क्रममा तत्कालीन लेखा अधिकृत मोहनबहादुर चापागाईले तत्काल प्रचलित आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ अनुसार बोलपत्र मूल्यांकन समितिको गठन गरी त्यस्तो समितिबाट बोलपत्रहरुको मूल्यांकन गराउनु पर्नेमा सो समिति गठन नै नगरी रीतपूर्वक मूल्यांकन नै नभई रायको लागि आफू समक्ष पेश भएको फाइलमा उक्त नियमावलीले वाध्यात्मक रुपले तोकेको कार्यविधि अपनाउनेतर्फ कुनै राय नदिई कानून बमोजिम मूल्यांकन नै नभएको बोलपत्रहरुमध्ये प्रमुख नापी अधिकृतले दिएको रायलाई आधार मानी स्पेसिफिकेशन अनुसार परेको दि राईजिङ्ग ट्रेडर्सको एक मात्र बोलपत्रलाई स्वीकृत गर्न टिप्पणी पेश गरेबाट निजले आफनो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने कर्तव्य पालना गरेको नदेखिएको हुंदा निजको दुई तलव वृद्धि रोक्का हुने गरी विभागीय सजाय गर्न महालेखा नियन्त्रकलाई लेखिएको ।

तत्कालीन प्रमुख नापी अधिकृत विष्णुकुमार न्यौपानेले प्राप्त बोलपत्रहरुको आफैले प्राविधिक मूल्यांकन गरी आफूलाई अधिकारै नभएको कार्य गर्नुका साथै दि राईजिङ्ग ट्रेडर्सले पेश गरेको एक मात्र बोलपत्र स्वीकृत स्पेसिफिकेशन अनुसार भएको र सो बोलपत्र स्वीकृत गर्नुअघि लेखाको राय लिन पर्ने भनी प्रचलित कानूनमा व्यवस्था हुंदाहुंदै सोवारे कुनै राय नदिई आफनो उत्तरदायित्व पन्छाएको देखिएकोले निजलाई एक तलव वृद्धि रोक्का हुने गरी विभागीय सजाय गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवलाई लेखिएको ।

कित्तानापी महाशाखाले स्पेसिफीकेशन तयार गर्दा आर्थिक वर्षैपिच्छे फरक फरक गुणस्तरको मापदण्ड स्वीकृत गरी सोही अनुसार बोलपत्र माग गर्ने गरेबाट कुनै निश्चित उत्पादक वा सप्लायरले मात्र बोलपत्रमा भाग लिन सक्ने सम्भावना रहन गई यथेष्ट प्रतिस्पर्धाको लागि प्रतिकुल स्थिति सृजना हुने सक्ने देखिएको हुंदा नापीसंग सम्वन्धित प्राविधिक सामानहरु खरिद गर्दा सम्वन्धित महाशाखा वा शाखा वा क्षेत्रको कामको लागी कुन गुणस्तरको कस्तो सामान चाहिन्छ भन्ने सम्वन्धमा एकरुपता ल्याउनुका साथै पारदर्शी बनाउन त्यस प्रकारको सामानको समयानुकुल निश्चित मापदण्ड नापी विभागबाट तयार गरी सो अनुसार खरिद वा प्राप्त गर्ने व्यवस्था गराउन र सो गरे नगरेको बारे सम्वन्धित मन्त्रालयको सचिवले समय समयमा अनुगमन गर्ने परिपाटी व्यवस्थित गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव पठाइएको ।

६. यस आयोगको मिति २०५४।२।१४ को निर्णयानुसार गुठी संस्थानका तत्कालीन कार्यालय प्रमुख कृष्णमुरारी शर्मामाथि सख्त विभागीय कारवाही गर्न गुठी संस्थानका अध्यक्षलाई लेखिएकोमा त्यसको झण्डै डेढ वर्षसम्म कुनै कारवाही नगरी निजको अनिवार्य अवकाश हुने समय सम्मको अवधि त्यसै बिताई अनिवार्य अवकाश दिएको सम्वन्धमा गुठी संस्थानको प्रशासक विष्णुप्रसाद सिग्देलले संस्थानका तत्कालीन कार्यालय प्रमुख कृष्णमुरारी शर्मासंग मिति २०५४।२।२७ र मिति २०५४।३।२२ मा गरी दुई पटक स्पष्टीकरण माग गरी स्पष्टीकरण प्राप्त भएपछि आफनो कुनै लिखित राय बिना अध्यक्षसमक्ष फाइल पेश गरी आफनो जिम्मेवारी पन्छाई जानाजान आयोगको निर्णय कार्यान्वयन गर्नेतर्फ लापरवाही गरेकोले निज विष्णुप्रसाद सिग्देललाई अब आइन्दा जिम्मेवारीपूर्ण पदमा नियुक्ति दिंदा यस कुरालाई समेत विचार गर्नु भनी अभिलेख राख्न श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

यसै सम्बन्धमा गुठी संस्थानको तत्कालीन प्रशासक श्यामराज ढुंगेलले दोश्रो पटकसम्म स्पष्टीकरण लिइसकिएको र कृष्णमुरारी शर्मालाई कारवाही गर्ने सम्वन्धमा निर्णय गर्न मात्र बाँकी रहेको विषयलाई निज शर्माको अवकाश हुन चार महिना बाँकी रहेको अवधिसम्म निर्णयका लागि पेश नै नगरी आयोगको निर्णय कार्यान्वयन गर्नेतर्फ उदासीन रही विभागीय कारवाई नगर्ने नीयतले आफनो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरी अनुचित कार्य गरेको हुंदा निज श्यामराज ढुंगेललाई अब आइन्दा जिम्मेवारीपूर्ण पदमा नियुक्ति दिंदा यस कुरालाई समेत विचार गर्नु भनी अभिलेख राख्न श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

१. मनुष्मारा सिंचाइ प्रणालीको नहर किनारामा रहेका रुख विरुवाहरु गैरकानूनी रुपमा कटान गरे गराएको ,भन्ने सम्बन्धमा सर्लाहीका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेले आयोगबाट अनुसन्धान शुरु भएपछि अघिल्लो २०५८।१०।१२ को मिति पारी पछि २०५९।५।२८ मा चिठी तयार गरी चलानी गरेबाट निजले समयमा निर्देशन दिन वा निगरानी गर्नु पर्ने दायित्व पूरा नगरी आफ्नो जिम्मेवारी पन्छाएको देखिंदा निजलाई विभागीय कारवाही गर्न गृह मन्त्रालयमा लेखिएको ।

२. डावर नेपाल प्रा.लि. र माछापुच्छ्रे हर्वल प्रा.लि.लाई वन मन्त्रालयबाट वन पैदावार (लौठ सल्ला) संकलन गर्न इजाजत दिनु अघि वन विभागबाट वातावरण संतुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्री वितरण गर्न आवश्यक हुने कार्ययोजना र वनको व्यवस्थापनको लागि के कति लौठ सल्लाको पात संकलन गर्न सकिन्छ भनी वन पैदावार (लौठ सल्लाको पात) को संकलन, उपभोग तथा विक्री सम्बन्धि वार्षिक विवरण तयार गर्नु पर्ने र सोही बमोजिम वन पैदावारको संकलन र विक्री गर्नुपर्ने वन नियमावली २०५१ को ३ (ङ) र (छ) तथा नियम ६ (१) मा व्यवस्था भएकोमा कुनै अध्ययन नै नगरी तथा उक्त क्षेत्रमा कति लौठ सल्लाको पात संकलन गर्न (Sustainable Yield) सकिन्छ सो यकीनसम्म पनि नगरी इजाजत दिएको देखिन्छ । वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ लागू भइसकेको अवस्थामा सो ऐनको दफा ३ बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assesment) गराउनु पर्ने र उक्त मूल्यांकन प्रस्ताव स्वीकृत नगराई प्रस्ताव कार्यान्वयन गर्न नहुने सोही ऐनको दफा ४ ले गरेको व्यवस्था विपरीत डावर नेपाल प्रा.लि.को हकमा वन विभागका उप महा-निर्देशकको संयोजकत्वमा वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत वातावरण शाखाका अधिकृतको टोलीले फिल्ड निरीक्षण गरी TOR तयार गर्ने र यसरी तयार भएको TOR को आधारमा उद्योगले एक वर्षभित्र वातावरण प्रभाव मूल्यांकन (EIA) पेश गर्नु पर्नेछ भन्ने तथा माछापुच्छ्रे हर्वल प्रा.लि.को हकमा उद्योगले वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ को प्रकृया अपनाई EIA पेश गरी बढीमा एक वर्षभित्र स्वीकृत गराउनु पर्ने जस्तो प्रावधानहरु राखिएकोमा ऐनद्वारा व्यवस्थित पूर्व शर्तहरु कुनै पनि पुरा नगरी करार गरी लौठ सल्लाको पात संकलन गर्ने इजाजत नवीकरण गरी डावर नेपाल प्रा.लि.को हकमा तत्कालीन वन तथा भू संरक्षण राज्य मन्त्री मो. अफताव आलम, निमित्त सचिव सुसील भट्टराई र वन विभागका तत्कालीन महानिर्देशक इन्द्रसिंह कार्की तथा माछापुच्छ्रे हर्वल प्रा.लि.को हकमा तत्कालीन सचिव रविबहादुर विष्ट र वन विभागका तत्कालीन महानिर्देशक इन्द्रसिंह कार्की समेतले अनुचित कार्य गरेको देखिन आयो । तर हाल उक्त व्यक्तिहरु बहालमा नभएको हुंदा निजहरुले गरेको उक्त कार्यको अभिलेख राख्न मन्त्रिपरिषद्मा लेखिएको ।

उद्योग विभागबाट भएको कामहरुको हकमा त्यस्तो उद्योगको क्षमता अभिवृद्धिको लागि औद्योगिक प्रवर्द्धन बोर्डका हाल पदमा नरहेका सरकारी कर्मचारी वाहेकका व्यक्तिहरु तथा अवकाश प्राप्त गरेका कर्मचारीहरुको हकमा मन्त्रिपरिषद्मा अभिलेख राख्न लेखी अन्य सदस्यहरु र उद्योग बिभागका सम्बन्धित अधिकृतहरुलाई सचेत गराउनुका साथै उपर्युक्त करारमा उल्लेख भए अनुसारको EIA प्रतिवेदन सकेसम्म चाँडो बनाउन लगाई त्यस्तो प्रतिबेदनबाट सिफारिस भएका सुझावहरु तदारुकतापूर्वक लागू गर्न गराउन समेत वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिएको ।

शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

१. तत्कालीन शिक्षा मन्त्रीको अध्यक्षतामा मिति २०५४।१।१९ गते बसेको उच्च माध्यमिक शिक्षा परिषद्को ४९औं बैठकले "अबदेखि अर्को निर्णय नभएसम्म शिक्षा मन्त्रालयको कानून शाखाबाट कानूनी परामर्श लिने गरी परिषद्को कानूनी सल्लाहकारको व्यवस्था खारेज गर्ने" भन्ने निर्णय भएको छ । यसरी परिषद्ले गरेको निर्णय यथावत् रहंदा रहंदै मिति २०५६।८।२ मा अधिवक्ता चन्द्रप्रसाद काफ्ले तथा तत्पश्चात् पनि दशजना भन्दा बढी कानून व्यावसायी नियुक्ति गरी विभिन्न शीर्षक अन्तर्गत तीन वर्षमा रु. ६,०८,९७५।- खर्च गरेको देखियो । उक्त रकममध्ये रु. २७,३३९।- वारेश तारेख वापत र अन्य रकम वहस पैरवी लिखित जवाफ वापत खर्च भएको देखियो । वारेश तारेख वापत प्रदान गरिएको रु. २७,३३९।- लाई स्वभाविक खर्च मानिए पनि वहस पैरवी लिखित जवाफ समेतका लागि भनी भुक्तानी गरिएको रु. ५,८१,६३६।- अनियमित तवरबाट कानून व्यवसायीहरूलाई भुक्तानी गरेको देखिंदा परिषद्को निर्णय विपरीतको कार्य गर्ने तत्कालीन उपाध्यक्ष नारायण कुंवर र सदस्य सचिव रामप्रसाद लामिछानेको उल्लिखित कार्यको अभिलेख राख्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखी निम्न सुझाव समेत पठाइएको :

(१) उच्च माध्यमिक शिक्षा परिषद्ले कानूनी राय सल्लाह लिनुपर्ने भएमा परिषद्को ४९औं बैठकको निर्णय यथावत् रहुञ्जेल शिक्षा तथा खेलकुद मन्त्रालयको कानून शाखाबाट लिने ।

(२) परिषद्लाई आवश्यक पर्न सक्ने कानूनी राय परामर्श शिक्षा तथा खेलकुद मन्त्रालयमा भएको कानून शाखाले दिन सक्ने देखिएको र मन्त्रालयको कानून शाखाबाट अदालतमा वहस पैरवी गर्न कानूनतः बाधा देखिएमा प्रचलित कानून बमोजिम कानूनी राय परामर्श दिने, वहस पैरवी गर्न सक्ने एवम् मितव्ययी समेत हुने भएकोले नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयसंग समन्वय गरी व्यवस्था मिलाउने ।

२. नेपाल स्थित अमेरीकी राजदूतावासले रुजु (verification) गर्ने क्रममा शंकास्पद केही शैक्षिक प्रमाणपत्रहरु त्रिभुवन विश्वविद्यालय (त्रिभुवन विश्वविद्यालय), परीक्षा नियन्त्रण कार्यालयमा पठाएकोमा ती मध्ये १० थान शैक्षिक प्रमाणपत्रहरु सो कार्यालयको अभिलेखमा ठीक दुरुस्त नदेखी नभिडी थप अनुसन्धानका लागि आयोगमा प्राप्त हुंदा त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय (प.नि.का.)ले नै छपाई र खरिद गरिल्याएका ट्रान्सक्रिप्ट कागज तथा होलोग्राम मध्येको भएको ९ र होलोग्राम प्रयोग नै नभएको १ थान ट्रान्सक्रिप्ट रहेको तथ्य बैज्ञानिक परीक्षण प्रतिवेदन समेतबाट देखियो । त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका कर्मचारीहरुको उक्त ९ थान होलोग्राम सहितको ट्रान्सक्रिप्ट प्रयोग गर्ने मध्येका व्यक्तिहरुलाई उपलब्ध गराउने काममा प्रत्यक्षतः संलग्नता नदेखिए तापनि सम्बन्धित कामको जिम्मेवारी बहन गर्नु पर्ने मध्येका निम्न कर्मचारीहरुको लापरवाहीबाट निजहरुले पदीय दायित्व पूरा नगरेको कारण त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट प्रचलनमा ल्याइएको होलोग्राम र ट्रान्स्कृप्ट गलत रुपमा प्रयोग भएको देखिएकोले निजहरुलाई त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम, सम्बन्धित निर्णय र परिपत्र बमोजिम आवश्यक कारवाही हुनका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय समक्ष लेखी निम्न सुझाव समेत पठाइएको :

शम्भुराज रेग्मी, प्रमुख,रेकर्डस् तथा प्रमाणपत्र महाशाखा,

श्रीत्तम पोखरेल, भण्डार नियन्त्रक प.नि.का. बल्खु

पद्मिनी बज्राचार्य, शाखा प्रमुख, कम्प्यूटर शाखा प.नि.का. जमल तथा निजका सहयोगी कर्मचारीहरु :

- सुशील बज्राचार्य
- लक्ष्मण के.सी.
- सपना श्रेष्ठ
- शान्ति प्रधान
- लक्ष्मीनारायण महर्जन

<u>सुझाव</u> :

क) त्रिभुवन विश्वविद्यालयबाट तैयार भई जारी हुने प्रमाण पत्र ट्रान्सक्रिप्ट वा यस्तै शैक्षिक योग्यताका प्रमाण पत्रको जारी नं. (issue no) तथा सिरियल नं. समेत प्रष्ट रुपमा कुन सिरियल नं. को पेपर कति issue no बाट जारी भयो वा रद्द भयो वा Duplicate बनाई जारी गरियो भन्ने थाहा पाउने खालको कम्प्यूटर प्रोग्राम फिट गरी कम्प्यूटरबाटै यकीन हिसाव देखिने थप व्यवस्था हुनु पर्ने ।

ख) प्रमाण पत्र ट्रान्सक्रिप्ट जस्ता छपाइएका सामग्रीहरु स्टोर दाखिला गर्दा र स्टोरबाट तैयारी र वितरणका क्रममा निकासा दिंइदा क्रमशः सिरियल नं. अंकित गरि बुझिलिने कर्मचारीको नाम थर पद, शाखा/फाँट खुलाएर भरपाई गराइ मात्र दिने व्यवस्था गर्ने ।

ग) ट्रान्स्कृप्ट समेतमा प्रयोग हुने होलाग्राम पुन प्रयोग हुन नसक्ने व्यवस्था मिलाउने ।

घ) उपर्युक्त उल्लिखित काम समेत ट्रान्स्कृप्ट वा प्रमाण पत्र तथा होलोग्राम (स्टिकर) छपाई ल्याउने, स्टोर दाखिला गर्ने, निकासी गर्ने, तैयार गर्ने, चेक गर्ने, अन्तिम दस्तखत गर्ने, वितरण गर्ने आदि कामका लागि स्पष्ट रुपमा छुट्टै कार्यविधि र शाखा/फाँट अनुसार प्रत्येक कर्मचारीको पदीय जिम्मेवारी तथा कार्य प्रकृति तोकिदिई

कार्यविधि निर्धारण गरी लागू गर्ने ।

३. राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिवले अनियमित तरिकाले नियुक्ती दिएको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा खुल्न आएका अनियमितितामा निम्नानुसार कारबाही गर्न लेखिएको :

- सरोज गुरुङ एकवर्षे परीक्षणकाल अवधिमै छोटो अवधिको लागि विदेश पठाइएकोमा विदेशमै गायव रही गयल खारेजीमा परेको अर्थात परिषद्को कर्मचारी सेवा शर्त सम्वन्धी नियम २०४८ बमोजिम प्रक्रया पुऱ्याई मिति २०५३।११।२१ को निर्णयले नै अवकाश भइसकेकोमा कानून बमोजिम परिषद्मा निजको सेवा कायम रहेको नहुंदा निजलाई पूर्व निर्णय अनुसारको अवकाश कायमै राख्ने तर्फ कारवाही गर्ने ।
- गैर कानूनी ढंगले अष्ट्रेलिया वस्ने सरोज गुरुङलाई कानून बमोजिम अवकाश दिइसकेको कुरा लुकाई टीप्पणी पेश गर्ने प्रशासन शाखाका तत्कालीन अधिकृत डेम वस्नेत, लेखा अधिकृत वासुदेव आचार्य तथा विभागीय प्रमुख कमल खनाललाई सचेत गराउन राष्ट्रिय खेलकूद परिषद्लाई लेखिएको ।
- विद्यमान कानूनी व्यवस्थालाई वेवास्ता गरी पेश भएको टिप्पणीमा अवकाश पाइसकेका सरोज गुरुङको अध्ययन विदा कानून विपरीत स्वीकृत गरी हाजीर गराउने निर्णय गरी उक्त अवधिको तलव भत्ता खुवाउने समेत निर्णय गर्ने तत्कालीन सदस्य सचिव विनोदशंकर पालिखेलाई विभागीय कारवाही गर्नुपर्ने हो तापनि निजले पदवाट अवकाश पाइसकेको देखिंदा आइन्दा जिम्मेवारीपूर्ण कार्यमा नियुक्ती गर्न विचार गर्नुपर्ने गरी अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयमा लेखिएको ।
- निज सरोज गुरुङलाई अनियमित अध्ययन विदा स्वीकृत गरी अवकाशमा परेको अवधिको समेत तलव भत्ता खुवाए वापतको रकमलाई पेश्कीमा कायम गरिएको र निजसंग सो रकममध्ये केही रकम असुल भएको भन्ने देखिंदा असुल गर्न वाँकी रकम निजवाट असुल गर्ने, निजवाट असुल हुन नसकेमा निर्णयमा संलग्न मूख्य पदाधिकारी सदस्य सचिव विनोदशंकर पालिखेवाट असुल गर्नेतर्फ कारवाही गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिएको ।

सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

१. मिति २०५७।३।१६ मा चलचित्र विकास बोर्डको सदस्य सचिवमा नियुक्त भएपछि मणिराम ओझा चलचित्र विकास बोर्डको दैनिक प्रशासनिक एवं अन्य काम कारवाही गर्न भनी तोकिएको र बोर्डको २०५८।१२।६ को बैठकले "इजाजतपत्रको म्याद सकिएका चलचित्र प्रदर्शकहरुको इजाजतपत्र नवीकरण गर्दा नियमानुसार गरिदिने" भन्ने निर्णय भएपछि मिति २०५८।१२।८ र ९ गते निजले १८ वटा चलचित्र घरहरुको नवीकरण गरेको देखियो । मिति २०५८।११।२ गते देखि लागू भएको "चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) नियमावली, २०५७)" को नियम १० को उपनियम (६) मा "बोर्डले चलचित्र प्रदर्शन गर्न उपयुक्त छ भनी सिफारिश गरेको चलचित्र घरहरुलाई मात्र यस नियम बमोजिम प्रदर्शन इजाजत नवीकरण गरिने छ" भन्ने प्रावधान हुंदा हुंदै पनि उक्त नवीकरण गरिएका १८ वटा चलचित्र घरहरुमध्ये ९ वटा चलचित्र घरहरुको भौतिक पूर्वाधार पुगे-नपुगेको जाँच नगराई नवीकरण गरिदिएको, ४ वटा चलचित्र घरहरुका सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट भौतिक पूर्वाधार नपुग भएको भनी प्रतिवेदन प्राप्त भए पनि नवीकरण गरेको र २ वटा चलचित्र घरका सम्बन्धमा बोर्डबाट निरीक्षण गराइएकोमा सम्बन्धित निरीक्षकले नियमानुसार नभएको भन्ने प्रतिवेदन दिंदा दिंदै ती चलचित्र घरहरुको नवीकरणको निर्णय गरेबाट जानी जानी वाध्यात्मक रुपमा अपनाउनु पर्ने कार्यविधिको पालना नगरी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालन नगरेको हुंदा निजउपर विभागीय कारवाही गर्न सूचना तथा सञ्चार मन्त्रालयलाई लेखिएको ।

२. जिल्ला हुलाक कार्यालय, ओखलढुंगाको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी इलाका हुलाक कार्यालय रुम्जाटारका खरिदार मधुप्रसाद दाहाल र तत्कालीन मुखिया शेखरप्रसाद राई समेत भएको भ्रष्टाचार मुद्दामा अनुसन्धान कारवाही सम्पन्न गरी निजहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम धनादेश रकम रु. १५,०००।- हिनामिना गरेको कसूरमा कारवाही सजायको मागदावी लिई मुद्दा दायर गर्न जिल्ला प्रशासन कार्यालय, ओखलढुंगाका प्रमुख जिल्ला अधिकारीवाट प्रस्तावित आरोपपत्र सहितको सक्कल मिसिल हेर्दा यसमा अनुसन्धान क्रममा मुखिया शेखरप्रसाद राई र खरिदार मधुप्रसाद दाहालवाट उक्त रकमहरु असुल भई दाखिला भई सकेको भन्ने समेत देखिंदा वेरुजु रहेको रकम असुल उपर भई सकेकोले भ्रष्टाचारको कसूर अपराधमा मुद्दा चलाउन पर्ने सम्मको अवस्था नदेखिएको, तर खरिदार मधुप्रसाद दाहालले अनुचित कार्य गरेको सम्बन्धमा यस आयोगवाट प्रत्यायोजित अधिकार बमोजिम विभागीय कारवाही गर्न जिल्ला प्रशासन कार्यालय, ओखलढुंगालाई लेखिएको । मुखिया शेखरप्रसाद राईको हकमा निजले नोकरीवाट अवकाश प्राप्त गरी

सकेकोले केही नगरिएको ।

स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

१. परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी प्रसूति गृह विकास समितिले मेडिसिन डिपो संचालन गर्ने सम्बन्धी दरभाउ पत्र माग गरेको सूचनामा औषधी बिक्री गर्न स्वीकृति प्राप्त फर्मले मात्र दरभाउ पत्र दिन सक्ने भनिएकोमा दरभाउ पत्र पेश गर्दाको अवस्थामा तदनुरुपको स्वीकृति नपाएको अरुणोदय फर्माको दरभाउ पत्रलाई स्वीकार गरेको कार्य उचित नभए तापनि पछि दरभाउ पत्र स्वीकृत हुंदाका अवस्थामा निजले औषधी बिक्री गर्न इजाजत पाइसकेको र उक्त फर्मकै कबोल दर बढी हुनाले प्रसूति गृह विकास समितिलाई हानी नोक्सानी पुगेको अवस्था देखिएन । तथापि इजाजत प्राप्त नगरेको फर्मको दरभाउ पत्र स्वीकार गरेतर्फ श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह विकास समितिका पदाधिकारीहरु अध्यक्ष डा. वि.डि. चटौत, सदस्यहरु उप सचिव सदानन्द उपाध्याय, डा. कस्तुरी मल्ल, डा. लता ब्रजाचार्य, उर्मिला वैद्य र शर्मिला लिगललाई ध्यानाकर्षण गराउने र सोको जानकारी स्वास्थ्य मन्त्रालयलाई दिने । तत्कालीन सदस्य सचिव डा. सरस्वती पाध्येले त्यस्तो प्रकृतिको विवादित सम्झौतामा अर्को पक्षको दस्तखत नहुंदै आफू अनिवार्य अवकाश हुने अघिल्लो दिन २०५८।६।५ मा दस्तखत गरेको र अर्को पक्षको दस्तखत भने मिति २०५८।८।२५ मा मात्र भएको देखिंदा सोको विभागीय अभिलेख राख्न स्वास्थ्य मन्त्रालयमा लेखिएको ।

२. वि.पि. कोइराला मेमोरीयल क्यान्सर अस्पताल, भरतपुरको सञ्चालक समितिको मिति २०५५।९।१० को बैठकको "कोटेशनद्वारा दरभाउ लिई अस्पताल नियमावलीको परिधिभित्र रही" खरीद गर्ने भन्ने निर्णय विपरीत सो अस्पतालका तत्कालीन कार्यकारी निर्देशक डा. विदुर वस्ती र लेखा अधिकृत रामभक्त खड्काले समय अभावको कारण दर्शाई सञ्चालक समितिको उक्त निर्णयपछि पनि २०५६ साल आषाढ मसान्तसम्म ६ महिना २० दिनको अवधिमा पटक पटक गरी विभिन्न सामान कोटेशनवाट खरीद गरेको र यसरी खरीद गरेका सामान हेर्दा २०५५ फागुनदेखि २०५६ आषाढसम्म १८ पटक फर्निचर खरीद गर्दा कोटेशन माग गरी १८ पटक नै एउटै आपूर्तिकर्ताको न्यूनतम मूल्य कवोल गरेको देखाइएवाट खरीद कार्य पारदर्शी र प्रतिस्पर्धापूर्ण नदेखिएको, दरभाउ पत्रवाट सामान खरीद गर्दा साविक अस्पताल आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५४ को नियम ६.२ को देहाय ३ को उप नियम (२) तथा अस्पताल आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५८ को नियम २२.३ को देहाय ३ को उप-नियम (२) वमोजिम दरभाउ पत्रको प्रयोजनको लागि आपूर्ति गर्नसक्ने फर्म वा कम्पनीहरुलाई सूचीकृत गर्नका लागि सूचना प्रकाशित गर्नुपर्ने जस्तो वाध्यात्मक कार्यविधिको पालना नगरेको, करीव ६ महिना २० दिनसम्म पटक पटक दरभाउ पत्रद्वारा सामान खरीद गर्दा संचालक समितिको मिति २०५५।९।१० को निर्णयलाई अनियमित तवरवाट सैद्धान्तिक आधार वनाएको समेत देखियो । अतः यसमा अस्पतालका तत्कालीन कार्यकारी निर्देशक, हाल यातना पिडित सरोकार केन्द्रमा कार्यरत डा. विदुर वस्तीको हकमा निज हाल सार्वजनिक पदमा नरहेकोले मन्त्रिपरिषद् सचिवालयलाई अभिलेख राख्न तथा लेखा अधिकृत रामभक्त खड्काउपर कारवाहीका लागी सम्वन्धित अस्पताल संचालक समितिलाई लेखिएको ।

३. साझा स्वास्थ्य सेवाका व्यापार अधिकृत रामकुमार श्रेष्ठले विराट फर्मा वुटवलका कर्मचारी निश्चल पोखरेलले पेश गरेको मिति २०५६।१।१९ नं. ३४२ को सक्कल हातैले लेखेको बीललाई फिर्ता दिइ भ्याटमा दर्ता नै नभएको कम्पनीको नक्कली भ्याट नम्बर राखिएको अर्को कम्प्यूटर प्रिन्ट गरिएको बील तयार गरिगराइ भुक्तानीको लागि सिफारिस गरी अनुचित कार्य गरेकोले निजलाई विभागीय कारवाही गर्न सो साझा स्वास्थ्य सेवामा लेखिएको ।

ख) सचेत गराइएको विवरण :

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :

१. उदयपुर सिमेन्ट उद्योगको आर्थिक स्थिति कमजोर भइरहेको अवस्थामा कारखानाका बहुसंख्यक कर्मचारीहरु भ्रमणमा जान नपाएर Demotivation भएको भन्ने पारी निम्नस्तरका स्वीपरदेखि तह ५ सम्मको करिब २५६ जना कर्मचारीलाई भारतको जम्शेदपुर, पटना तथा जलपाईगुढीमा औद्योगिक भ्रमणमा पठाइएबाट प्रतिव्यक्ति रु. १०,२४०।- देखि रु. १६,७८१।- सम्म अनुत्पादक खर्च हुन गएको देखियो । उल्लिखित भ्रमणवाट उद्योगको उत्पादकत्व र कार्य क्षमतामा बृद्धि भएको भन्ने कुरा तथ्यगत रुपमा स्थापित गर्न नसकेकोले तत्कालीन महाप्रबन्धक तेजकान्त झा र कृष्णवहादुर नेउपानेलाई अब आइन्दा उद्योगको आर्थिक स्थितिलाई ध्यानमा राखी अनुत्पादक खर्च नियन्त्रण गर्नेतर्फ सचेत रहन लेखिएको । यसैगरी

उद्योगको मेशिनरी लगायतको मर्मत सम्भारमा उद्योगको स्थापनाकालदेखि आर्थिक वर्ष २०५८।५९ सम्म सवारी साधन एवं मालसामान ओसार पसार समेतको कार्यको खर्चमा वृद्धि भई उद्योगलाई आर्थिक भार बढ्न गएको परिप्रेक्ष्यमा उद्योगमा रहेको कार्यशाला (Workshop) लाई औजार उपकरणहरुले सुसज्जित गराई बाहिर गरिने मर्मत सम्भारलाई सकभर कम गर्न र प्रत्येक वर्ष मर्मत खर्च बढ्न गएको कारणहरु पत्ता लगाई बढी खर्च हुन नदिनेतर्फ उद्योगलाई सजग गराउन उद्योग मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :

१. कृषि अनुसन्धान परिषद्वाट पाखिवास कृषि अनुसन्धान केन्द्रका विभिन्न कर्मचारीलाई अस्थायी वा ज्यालादारीमा आवश्यकता अनुसार त्यहांवाटै छनौट गरी नियुक्त गर्न सक्ने अधिकार प्रत्यायोजन भइसकेको अवधिमा पनि उक्त परिषद्का निर्देशक दुलारचन साहु पथिकले विभिन्न व्यक्तिहरुवाट आफैले निवेदन लिई त्यस्तो निवेदनमा नियुक्ति दिनका लागि तोक लगाएको र सोही तोकका आधारमा सम्वन्धित व्यक्तिले नियुक्ति पनि पाएको देखिएकोले आफ्नो मातहतमा रहेका कर्मचारीलाई अधिकार प्रत्यायोजन भइसकेको विषयमा पनि दवाव दिई आफू अनुकूलको काम गराई अनुचित कार्य गरेकोले निजलाई सचेत गराइएको ।

२. पशु स्वास्थ्य सेवा सुदृढीकरण आयोजनाका सह-निर्देशक डा. प्रभाकर पाठक फ्रान्स भ्रमणमा गएका बखत २०५९।२।२० देखि ऐ ३१ गतेसम्म निजको घर विदा स्वीकृत भएको र निज राजपत्रांकित प्रथम श्रेणीको जिम्मेवार अधिकृत भएर पनि घर विदा स्वीकृत गराई भ्रमणमा गएका बखत श्री ५ को सरकारको परियोजनाबाट यूरो १९९० भुक्तानी लिएको देखिंदा यसरी घर विदा लिएको अवस्थामा निजले कार्यालयको कामबाट फुर्सद लिएको मान्नु पर्ने हुंदा निजले परियोजनाबाट भुक्तानी लिएको १९९० युरो बराबरको रकम भरिभराउ गर्न तथा सो कार्य गरे बापत निजलाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रालयमा लेखिएको ।

जलस्रोत मन्त्रालय र अन्तर्गत :

१. मोरङ जिल्लामा आर्थिक वर्ष २०५२।५३ देखि संचालित बक्राहा नदी नियन्त्रण योजनाका ठेकेदार चाइना हेनान इन्टरनेशनल इकोनोमिक टेक्नीकल कोअपरेशन कर्पोरेशनले स्वीकृत लागत अनुमान भन्दा करिव ३४% कममा उक्त योजनाको निर्माण कार्य गर्दै आएकोमा बचत हुन आएको करिव रु. १२ करोड खर्च गर्ने मनसायले थप काम गर्न आवश्यक परेको भनी सोही ठेकेदारलाई वार्ताद्वारा थप काम दिएको सम्बन्धमा ठेकेदारसंग दरभाउ तय गर्ने वार्ता टोलीको संयोजक तथा सिंचाई बिभागका तत्कालीन उप-महानिर्देशक आमोदानन्द मिश्र समेतले वार्तावाट दरभाउ तय गरी निर्माण कार्य सम्पन्न नगरी नहुने परिस्थिति सृजना भएको भन्ने कुरामा जोड दिई आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को दफा १८८ बमोजिम गठित बोलपत्र मूल्यांकन समितिलाई वस्तुस्थिति वोध गराएको देखियो । सो नियमावली अनुसार उक्त समितिको काम बोलपत्रमा उल्लिखित दरभाउ मूल्यांकन गर्ने सम्मको भएकोमा सिंचाई बिभागका उप महानिर्देशक आमोदानन्द मिश्र समेतको भनाईमा बढी भर परी आफ्नो कानूनी कर्तव्य भन्दा पृथक सो नियमावलीको नियम १९१ को प्रावधान बमोजिम राय व्यक्त गरेको देखिएकोले सो राय प्रतिवेदन कानूनले तोकेको अधिकार तथा कर्तव्य भित्र पर्ने देखिएन । यसमा निज आमोदानन्द मिश्रउपर सोही योजनाको सम्बन्धमा भएको अनुसन्धानबाट भ्रष्टाचार निवारण ऐन बमोजिम विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भइसकेकोले मूल्यांकन समितिका अन्य कर्मचारीहरुको सम्बन्धमा अनुपकुमार आचार्य र दिवाकरप्रसाद रिमाललाई प्रचलित सेवा सम्बन्धी कानून बमोजिम आइन्दा आफ्नो अधिकार कर्तव्य प्रति सचेत रही कर्तव्य पालन गर्न सम्बन्धित मन्त्रालयमा लेखिएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत :

१. काठमाडौं महानगरपालिका वालाजु ५(ख) कि.नं. ९९१ को जग्गा र.नं. १६७५ बाट मिति २०५८।५।२५ मा जग्गा दिने श्रम तथा रोजगार प्रवर्द्धन बिभागका शाखा अधिकृत गणेश अर्याल र लिने नारायण कार्की भएको लिखत पारित गर्दा जग्गाको वस्तुस्थिति सम्बन्धमा भौतिक अवस्थाको स्थलगत निरीक्षण गरी जे जस्तो अवस्थामा छ सो दुरुस्त खुलाई लेखिदिनु पर्ने कर्तव्य भएका नापी शाखा डिल्लीवजारका अमिन सर्वजीत साहले सो अनुसार नगरी कार्यालयमै वसी लिखत गरी लिने दिनेको भनाईलाई विश्वास गरी घर र चौडा बाटो भएको जग्गालाई "घर छैन, गोरेटो बाटो छ" भनि लेखिदिएबाट निजले आफ्नो कर्तव्यप्रति लापरवाही गरेको देखिएकोले निजलाई सचेत रहन लेखिएको ।

२. धादिंग जिल्ला अन्तर्गत विभिन्न जग्गाहरु तात्कालीन मालपोत अधिकृत लोकदर्शन पण्डित र खरदार लक्ष्मण बस्नेत समेतले सम्बन्धित व्यक्तिको नाममा जग्गा दर्ता गर्दा मालपोत नियमावली, २०३६ को नियम ४(क) अनुसारको प्रमाण

बुझ्ने र ऐ नियमावलीको ऐ नियम अनुसार गठित समितिमा राखी निर्णय गर्नु पर्ने कार्यविधि पुरा गरेको नदेखिएको हुंदा निजहरुलाई सचेत गराइएको ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत :

१. समाज कल्याण परिषद् अन्तर्गत भृकुटीमण्डप सञ्चालन कार्यको प्रत्येक आर्थिक वर्षको आम्दानी सोही आर्थिक वर्षमा दाखिला गर्नु पर्नेमा त्यस्तो रकम समयमै बैंक दाखिला नगर्ने नगराउने तत्कालीन कार्यालय प्रमुख राजन कोइराला तथा लेखापाल हरिबहादुर अधिकारीलाई सचेत गराउन र नियम अनुसार समयमै आम्दानी रकम बैंक दाखिला गरी आम्दानी खर्चको हिसाब दुरुस्त राख्न समाज कल्याण परिषद्लाई लेखिएको ।

वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

१. भूमिसुधार कार्यालय, पाँचथरमा पेश भएको भूमि सम्बन्धी ऐन, २०२१ अनुसारको ७ नं. फारामको सि.नं. ४० मा लेखिएको फिदिम वडा नं. ८ को बाँजोबारी भन्ने सरकारी जंगलसँग जोडिएको जग्गा २०३१।३२ सालमा नापी हुँदा नापनक्सा गराउन छूट भएकोले मेरा नाममा नापनक्सा दर्ता गरी पाउँ भनी देवमान आङ्दम्बेका छोरा कृष्णराज आङ्दम्बेले मिति २०४१।१२।२८ मा मालपोत कार्यालय, पाँचथर, फिदिममा दिएको निवेदनउपर कारबाही हुँदा २०५५।५।२१ मा नापी शाखाबाट नापनक्सा गरी २०५५।६।८ मा मालपोत कार्यालयबाट कृष्णराज आङ्दम्बेका नाममा उक्त नक्सामा कि.नं. २२१ क्षेत्रफल रोपनी ४०-११-१-३ (पछि नरबढी गराई ५४-११-३-२ कायम), कि.नं. २२२ क्षे.फ. ३२-४-०-० तथा २०३२ सालमा नापी हुँदा कायम भएको कि.नं. ५७ को सार्वजनिक जग्गाको क्षेत्रफल मध्येबाट कित्ता काट गरी कि.नं. २२३ कायम गरी क्षेत्रफल रोपनी १-१०-३-२ समेत ३ कित्ता जग्गा दर्ता गरेको पाइयो ।

वन तथा भू-संरक्षण मन्त्रालयबाट गठित प्राविधिक टोलीको छानवीन प्रतिवेदनबाट कि.नं. २२१ र २२२ को जग्गा राष्ट्रिय वन क्षेत्रभित्रको भन्ने देखिन आएको र निवेदकले २०४१ सालमा नापी गराउन दिएको निवेदनबाट पनि जंगलसँग जोडिएको जग्गा भन्ने देखिने, नापीकै समयमा सो क्षेत्रमा सालका रुखहरु भएको भन्ने पनि पुष्टि हुन आउँदा कि.नं. २२१ र २२२ सरकारी वन जंगल क्षेत्रको जग्गा अतिक्रमण भई नापनक्सा भएको र मालपोत कार्यालयले नाप नक्सा गर्दा कानून बमोजिमको प्रकृया समेत नपुऱ्याई नाप नक्सा गरी वन क्षेत्रको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरेको देखिंदा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम फिदिम गाउं विकास समिति वडा नं. ८(घ) का कि.नं. २२१ र २२२ (यसबाट कित्ता फोड भई कायम भएका अन्य कित्ता समेत) को नापी तथा दर्ता कानूनको रीतपुऱ्याई बदर गरी दुष्परिणाम सच्याउन सम्बन्धित मालपोत कार्यालयका मालपोत अधिकृतलाई लेखी यसरी वन क्षेत्रको जग्गा नापनक्सा गरी गराई दर्ता समेत गर्ने काममा संलग्न तत्कालीन का.मु. मालपोत अधिकृत विनोदकुमार पोखरेल, सर्भेक्षक शिवशंकर चौधरी, खरिदार डिल्लीप्रसाद हाङ्गसुरुम्बा र अमिन रुपलाल मुखिया, जिल्ला वन अधिकृत राजेन्द्र काफ्ले र रेञ्जर प्रकाश ठाकुरलाई सचेत गराउन सम्बन्धित अख्तियारवालालाई लेखिएको ।

मालपोत कार्यालयले मालपोत ऐन, २०३४ को दफा ७ (१) बमोजिम नापी गर्नु भन्दा पहिला नापी विभागको स्वीकृति लिएर नापी गर्ने कुरामा नापी विभाग र भूमिसुधार तथा व्यवस्थापन विभाग बीच यी कि.नं. २२१ र २२२ को नापी कार्यको सन्दर्भमा सहमति लिने कुरामा विवाद देखिएकाले सो ऐनको दफा ७(१) बमोजिम नापी गराउने कुरामा नापी गराउनु भन्दा पहिले नापी विभागको पूर्व स्वीकृति लिएर मात्र नापी गराउने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको र कि.नं. २२१ र २२२ को जग्गा सरकारी वन सिमानासंग जोडिएको जग्गा भनी नापी भएको र वन सिमाना कायम भएको भनी जिल्ला वन कार्यालयले अभिलेख पेश गर्न नसकेको देखिंदा सरकारी वनको सीमाना कायम गरेको अभिलेख जिल्लाहरु र केन्द्रमा समेत सुरक्षित राख्ने विषयमा आवश्यक व्यवस्था गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिएको ।

२. मिति २०५८।६।१२ मा टिम्बर कर्पोरेशन अफ नेपाल (टि.सि.एन.) कार्यालय, वीरगन्जले काठ लिलाम गर्नको लागि सूचना प्रकाशित गरेकोमा उक्त सूचनामा बोलपत्रदाताले नवीकरण सहितको आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने शर्त रहेकोमा उक्त शर्त विपरीतको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरेको देखियो । स्वीकृत बोलपत्र सबैभन्दा बढी रकम दिन कबूल गर्ने बोलपत्र नै हो र कुनै पनि बोलपत्रवालाले त्यस्तो आयकर दर्ता प्रमाणपत्र पेश गरेका पनि छैनन् । तथापि आफैले राखेको शर्त विपरीतको बोलपत्र स्वीकृत गर्दा बोलपत्रदाता भविष्यमा आयकर दर्ता नवीकरण नगर्न प्रोत्साहित हुने र आयकर दर्ता नवीकरण गरेर काम गर्नेहरु हतोत्साही हुने देखिन्छ । यसले राजस्व असूलीमा समेत नकारात्मक असर पर्न गई नियम, कानून र प्रक्रिया मिचिन जाने र कसैले पनि कर असूलीका प्रकृयाहरुलाई गम्भीरतापूर्वक नलिने समेत हुंदा टि.सि.एन.का कर्मचारीहरु हरिनारायण यादव, रामानन्द प्रसाद जैसवाल, रामचन्द्र भट्ट र

महाप्रबन्धक हरिशंकर श्रेष्ठलाई सचेत गराइएको ।

सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

१. नेपाल दूर संचार प्राधिकरणले यूनाईटेड टेलिकम लिमिटेडलाई वायरलेस लोकल लूप (WLL) प्रविधिमा आधारित स्थानीय टेलिफोन सेवा संचालन गर्न मिति २०५९।६।१८ (४ अक्टोवर २००२) मा अनुमति पत्र प्रदान गर्नुअघि स्वदेशी वा विदेशी निजी क्षेत्रवाट प्रस्ताव आव्हान गर्दाको सूचनामा Basic Telephone Service based on WLL Technology in the kingdom of Nepal भन्ने सम्म उल्लेख गरी Request For Proposal डकुमेण्टमा आवश्यक व्याख्या नगरी annex मा मात्र उल्लेख गरी Basic Telephone Service अन्तर्गत domestic, international र leased circuit service समेत पर्ने गरी अनुमति पत्रको ढाँचामा उल्लेख गरेवाट प्रस्ताव आव्हान गर्न अपनाइएको प्रक्रिया पूर्णतः पारदर्शी नगरिएकोले उक्त कार्यमा संलग्न नेपाल दूर संचार प्राधिकरणका अध्यक्षलाई सचेत गराइएको ।

यूनाईटेड टेलिकम लिमिटेडलाई (जसमा नेपाली पक्ष Nepal Venture Private Limited को २०% र भारतीय पक्षमध्ये भारत सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका विदेश संचार निगम लिमिटेड, महानगर टेलिकम लिमिटेड र टेलिकम कन्सल्ट्याण्ट इण्डिया लिमिटेड समेत प्रत्येकको २६.६६% गरी ८०% शेयर छ) दिएको अनुमति पत्रमा accounting rate को सम्वन्धमा प्राधिकरणलाई जानकारी दिनु पर्ने भन्नेसम्म उल्लेख भएको तर सेवा प्रदायकहरुबीच आपसी सहमतिद्वारा कायम गरिने accounting rate गोप्य रहन सक्ने संभावना भएकोले Unfair Trading हुन गई श्री ५ को सरकारलाई प्राप्त हुने राजस्व न्यून हुन सक्ने अवस्था देखिएकोले सेवा प्रदायकहरु United Telecom Limited र भारतको विदेश संचार निगम लिमिटेडबीच कायम गरिने accounting rate नेपाल दूरसंचार प्राधिकरणवाट पूर्व स्वीकृत (approve) गराएर मात्र लागू गर्न प्राधिकरणलाई निर्देशन दिन श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालयलाई सुझाव दिइएको ।

सेवा संचालनको अनुमति दिंदा यूनाईटेड टेलिकम लिमिटेड र भारत सरकारको विदेश संचार निगम लिमिटेड (VSNL) बीच टेलिफोन कलको आदान प्रदान गर्नको लागि आ-आफ्नो नेटवर्क जोड्न सक्ने गरी अनुमति दिएको र यसबाट ती दुई सेवा प्रदायकहरु बीच नेटवर्क जोडिएपछि तेस्रो मुलुकबाट नेपालभित्र आउने अधिकांश कलहरु VSNL मार्फत नै आउने भएकोले त्यस्ता कलहरुलाई VSNL ले Refile/Reoriginate गर्न सक्ने संभावना रहेको हुंदा सकेसम्म त्यसो हुन नदिन तात्कालिक उपाय स्वरुप चुस्त मोनिटरिङ्गको व्यवस्था गर्न प्राधिकरणलाई निर्देशन दिन तथा भविष्यमा अन्य सेवा प्रदायकहरु पनि थपिँदै जाने र यो समस्या पनि जटिल बन्दै जाने परिप्रेक्ष्यमा तत्कालै आवश्यक कानूनी व्यवस्था (e.g. Anti Trust Act /Fair Trading Act) गर्न पनि श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालयलाई सुझाव दिइएको ।

२. रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा, शर्त नियमावली, २०५६ को नियम १० मा रेडियो प्रसार सेवा विकास समिति समक्ष पदपूर्तिको लागि सिफारिस गर्न अध्यक्ष लगायत तीन सदस्य र एक सचिव रहेको पदपूर्ति समिति रहने व्यवस्था भएकोमा उक्त समितिको विज्ञापन नं. ३।०५८।५९ बमोजिम विविध सेवा, समाचार समूह, तह ६ को सम्वाददाता पद-५ र सम्पादक पद-१ को खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने क्रममा उक्त नियम विपरीत बढी संख्याको सदस्य रहेको पदपूर्ति समिति गठन गरी तत्सम्बन्धी काम कारवाही गरेको देखिन आयो । यसरी नै उक्त नियमावलीको नियम २० मा पदपूर्तिको लागि विज्ञापन गर्दा सर्वसाधारणले थाहा पाउने गरी राष्ट्रिय स्तरको कुनै प्रमुख पत्रिका वा रेडियो वा टेलिभिजनबाट कम्तीमा एक महिना अवधि तोकी विज्ञापन वा सूचना प्रकाशित गर्नुपर्ने, यस प्रकार विज्ञापन गर्दा वा सूचना टाँस्दा पदपूर्ति गर्नुपर्ने पदको संख्या, सेवा समूह, तह, स्थायी वा अस्थायी, आवश्यक न्यूनतम योग्यता, कामको किसिम, परीक्षाको किसिम, उमेरको हद, नागरिकता, दरखास्त दिने अन्तिम मिति, दस्तूर आदि कुराहरु स्पष्ट रुपमा खुलाउनु पर्ने व्यवस्था रहेकोमा सो सूचना प्रसारण गर्दा नियमले निर्दिष्ट उल्लिखित सबै विषयवस्तु नखुलाई अस्पष्ट र अपूर्ण सूचना प्रसारण गरेको देखिन आयो । जसले गर्दा उक्त पद पूर्तिका लागि जम्मा २१ मध्ये २० जना आवेदकहरु रेडियो प्रसार सेवा विकास समिति अन्तर्गतका स्थायी र करार सेवामा कार्यरत कर्मचारी मात्र रहेको देखिएबाट उक्त सूचना सोही समितिमा कार्यरत कर्मचारीद्वारा मात्र पदपूर्ति गर्ने नीयतले नियम विपरीत सर्वसाधारणले थाहा नपाउने गरी जारी गरिएको पुष्टी हुन आएकोले उक्त पदपूर्ति सम्बन्धी सम्पूर्ण कामकारवाही प्रारम्भदेखि नै रद्द गर्न रेडियो प्रसार सेवा विकास समितिलाई लेखिएको ।

आफ्नै अध्यक्षतामा नियम विपरीत पदपूर्ति समिति गठन गर्नुका साथै रेडियो प्रसार सेवा विकास समिति अन्तर्गत कार्यरत कर्मचारीबाट मात्र पदपूर्ति गर्ने नीयतले सर्वसाधारणले थाहा नपाउने गरी नियम प्रतिकूल अस्पष्ट र अधुरो रुपमा

पदपूर्तिको सूचना प्रसारण गरी गराई आफ्नो पदीय कर्तव्य एवं दायित्वलाई गैरजिम्मेवारीपूर्ण तरिकाले बेवास्ता गर्ने उक्त समितिका कार्यकारी निर्देशक शैलेन्द्रराज शर्मालाई सचेत गराइएको ।

३. रेडियो प्रसार सेवा विकास समितिको सूचना नं. ५।२०५८।५९ बाट तह ९ को डिपुटी चीफ इन्जिनीयरको पद संख्या तीन माग भएकोमा पछि अर्को सूचनाबाट थप २ पद समेत पद संख्या ५ बनाई कार्य क्षमताको मूल्यांकनबाट ती पदहरु पूर्ति गरेकोमा रेडियो प्रसार सेवा विकास समिति, कर्मचारी सेवा शर्त नियमावली, २०५७ को नियम १६(१) अनुसार आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्नुपर्ने प्रतिशत नछुट्याएको देखियो । यसबाट पदपूर्ति समितिको अध्यक्षको हैसियतले रेडियो प्रसार सेवा विकास समितिका कार्यकारी निर्देशक शैलेन्द्रराज शर्माले आफ्नो कर्तव्य तथा जिम्मेवारी इमान्दारीका साथ पालना गरेको भन्न सकिने अवस्था नदेखिएकोले अब उप्रान्त यस्तो गल्ती नदोहरिने गरी नियमावलीको अक्षरशः पालना गर्न गराउन निजलाई सचेत गराइएको ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :

१. नेपाल नागरिक उड्डयन प्राधिकरणबाट आर्थिक वर्ष २०५८।५९ मा कर्पोरेट निर्देशनालयको लागि खरीद गरिएको कम्प्यूटरको स्वीकृत स्पेसिफिकेशनमा प्रोसेसर १.६ गिगाहर्ज र की-बोर्ड-८ प्रोग्रामेवल उल्लेख भएकोमा प्रोसेसर १.५ गिगाहर्ज र की-बोर्ड इनहेन्स्ड भएको, एभिएशन फायर डिभिजनको लागि खरीद गरिएको कम्प्यूटरको स्वीकृत स्पेसिफिकेशनमा मोडेम ५६ के.पि.सि.आई. उल्लेख भएकोमा सो बमोजिम नभएको र इकाओ एसए र अन्तर्राष्ट्रिय सम्बन्ध विभागको लागि खरीद गरिएको कम्प्यूटरको स्वीकृत स्पेसिफिकेशनमा की-बोर्ड -८ प्रोग्रामेवल र माउस एम.आई.एस. इन्टेलिप्वाइन्ट (Intelipoint) उल्लेख भएकोमा दुबै सामान्य खालको भएको पाइएकोमा उक्त सामानहरुको प्राविधिक जाँच गरी सिफारिस गर्न प्राधिकरणका उपनिर्देशक प्रदीपनाथ शर्मा र प्रमुख अधिकृत वासुदेवप्रसाद घिमिरेलाई जिम्मेवारी दिएकोमा निजहरुले प्राप्त कम्प्यूटरहरु स्वीकृत स्पेसिफिकेशन अनुसार छ भनी सिफारिस गरेको हुँदा प्राप्त कम्प्यूटरहरुको राम्ररी जाँच नै नगरी हचुवा सिफारिस गरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालना नगरेको हुँदा यो एक पटकलाई निजहरुलाई सचेत गराइएको ।

सिभिल इन्जिनियरिङ्ग निर्देशनालयको लागि कोटेशनको माध्यमबाट ४ थान कम्प्यूटर वेलट्रोन टेडिङ्ग प्रा.लि.बाट खरीद गर्ने मिति २०५९।३।१३ मा निर्णय गरी सो प्रा.लि.को मिति २०५९।३।२८ को बील अनुसार भुक्तानी भौचर नं. ५११ बाट मिति २०५९।३।३२ मा रु. ४,९०,६००।- भुक्तानी दिएको र त्यसको लगत्तै सोही निर्देशनालयको लागि कोटेशनको माध्यमबाट वेलट्रोन इन्टरनेशनलबाट अर्को ४ थान कम्प्यूटर खरीद गर्ने गरी मिति २०५९।३।१७ मा निर्णय गरी मिति २०५९।३।२८ कै बील अनुसार भुक्तानी भौचर नं. ५१२ बाट मिति २०५९।३।३२ मा रु. ४,९६,१००।- भुक्तानी दिएको देखियो । रु. ५ लाख भन्दा बढी मूल्यको वस्तु वा सेवा उपलब्ध गर्दा सिलबन्दी कोटेशनको माध्यम अपनाउनु पर्नेमा ४ दिनको फरकमा निर्णय गरी एउटै मितिको बील एवं भौचरबाट रु. ९,८६,७००।- को ८ थान कम्प्यूटर खरीद गरेबाट नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ को नियम ७.२ (१) ले गरेको व्यवस्थाको उद्देश्य विपरित सिलबन्दी कोटेशनको प्रक्रिया छली कोटेशनको माध्यमबाट खरीद गरी उपनिर्देशक कमलकुमार के.सी.ले अनुचित कार्य गरेको देखिन आएको र सोही कार्यमा अर्थ विभागका उपनिर्देशक वासुदेवलाल श्रेष्ठले सिलबन्दी कोटेशनको बदला कोटेशनबाट खरीद गर्न राय दिई अनुचित कार्य गरेको देखिन आएकोले यो एक पटकको लागि सचेत गराइएको ।

२. शाही नेपाल वायु सेवा निगमका तत्कालीन कानूनी सल्लाहकार रामकृष्ण निरालाले राजदरवारमा दुःखद घटना घटेकोले सार्वजनिक शोक विदा भई काठमाडौ जिल्ला अदालत बन्द रहेको अवस्थामा मिति २०५८।२।१९ मा माउण्टेन भ्वायजको ५ वटा मुद्दामा बहस गरेको भनी रु. ३०००।- का दरले ५ पटकको हुने रु. १५,०००।- मुद्दामा बहस नै नगरी भुक्तानी लिएको र त्यस्तै गरी निगम र विपक्षी वन्तलाल श्रेष्ठसंगको उत्प्रेषण विषयको रिट निवेदनमा मिति २०५८।४।२६ मा सर्वोच्च अदालतसमक्ष बहस गरे बापत रु. ३०००।- र विपक्षी सावित्री शर्मासंग भएको उत्प्रेषण विषयको रिट निवेदनमा सर्वोच्च अदालतसमक्ष मिति २०५८।४।३० गतेका दिन उपस्थित भए बापत रु.१५००।- समेत रु. ४,५००।- मात्र लिनु पर्नेमा मिति २०५८।९।२ र २०५८।१०।३ मा दोहोरो विल पेश गरी रु.९०००।- भुक्तानी लिएको देखियो । निज रामकृष्ण निरालाले उपर्युक्त बमोजिम जम्मा रु. १९,५००।- दोहोरो भुक्तानी लिई अनुचित कार्य गरेको देखिएकोले अनियमित तवरले लिएको रकम निज रामकृष्ण निरालावाट भरिभराउ गर्न लगाउन शाही नेपाल वायु सेवा निगमलाई लेखी निज अधिवक्ता रामकृष्ण निरालाले गरेको कार्य कानून व्यवसायीको आचार संहिता, २०५१ को दफा ३ (१) (क) र (झ) मा भएको व्यवस्था विपरीत भएकोले नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० को दफा ११ बमोजिम नेपाल कानून व्यवसायी परिषदको जानकारीको लागि लेख्नुका अतिरिक्त उल्लिखित रकमको भुक्तानी दिन सिफारिस गर्दा दोहोरो भुक्तानी र विदाको दिन समेतलाई नहेरी लापरबाही गर्ने शाही नेपाल वायु सेवा निगमका का.मु. उपनिर्देशक (कानून

अधिकृत) तेजवहादुर थापालाई सचेत गराइएको ।

३. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पर्यटन यातायात चालक तथा व्यवसायी संघ (नेपाल यातायात व्यवसायी महासंघ) ले दीर्घकालीन अवधिको संझौता गरी पाउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन (त्रि.अ.वि.ना.उ.) कार्यालयमा मिति २०५७।९।११ मा दिएको निवेदन नेपाल नागरिक उड्डयन प्राधिकरणमा पठाएकोमा तत्कालीन महानिर्देशक मेदिनीप्रसाद शर्माले समयमा निर्णय नगरी सैद्धान्तिक निर्णय गर्नु पर्ने कुरालाई वेवास्ता गरी ट्याक्सी सेवा संचालन समेतका विषयहरुका लागि बोलपत्र आव्हान गर्न निर्देशन दिए अनुरुप मिति २०५८।१।१५ मा बोलपत्र प्रकाशित भएको र सैद्धान्तिक सहमति हुनुपर्ने कुरालाई वेवास्ता गरिएकै कारण बोलपत्र त्रुटीपूर्ण हुन गएपछि प्रकाशित भइसकेको बोलपत्र स्थगन गर्न मौखिक आदेश दिएको देखिंदा निजले अनुचित कार्य गरेको होईन भन्ने अवस्था नरहेकोले निज महानिर्देशकलाई सचेत गराइएको ।

पर्यटक ट्याक्सी सेवा नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयसंग गरेको संझौता बमोजिम काम नगरेको परिणाम स्वरुप कार्यालयलाई हुन गएको हानिनोक्सानी समेत असुलउपर गर्नेतर्फ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका तत्कालीन महाप्रवन्धक लिवेन्द्रमान शाक्यले समयमा नै कारवाही चलाउनु पर्नेमा त्यसो गरेको नदेखिंदा निजले अनुचित कार्य गरेको होईन भन्ने अवस्था नरहेकोले निज महाप्रवन्धकलाई सचेत गराइएको ।

४. शाही नेपाल वायुसेवा निगममा कार्यरत विमान परिचारिका शकुन्तला भुजेल थापाले श्री ५ को सरकारको मिति २०५२।१०।२६ को निर्णयानुसार गृह मन्त्रालयबाट २२ वर्षको उमेर जनाई अंगीकृत नागरिकताको प्रमाणपत्र लिएकोमा जन्ममिति २०१२।७।२५ कायम गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०४०।८।१२ मा वंशजको नाताले पनि नागरिकता लिएको देखिंदा निज शकुन्तला भुजेललाई सचेत गराई निजको दुईमध्ये एक मात्र नागरिकता कायम गर्न गृह मन्त्रालयलाई लेखिएको ।

स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

१. बारा जिल्ला वेनौली गाउं विकास समिति स्थित सार्वजनिक पोखरीमा माछा पालन गरी विक्री गर्ने कार्यको एक पटक डाक वढावढ भई कवोल गरी सम्झौता समेत भइसकेको अवस्थामा गाउँ परिषद्वाटै कबोल अंक घटाउने निर्णय गरेको र साविकमा उक्त पोखरीमा माछा पालन गरी विक्री गर्न रु. ५,००,००१।- मा ठेक्का लागेको खुल्न आएवाट हाल कायम भएको रु. ७,०१,०००।- बढी नै देखिएकोले गाउं विकास समितिलाई नोक्सानी पुऱ्याएको भन्ने अवस्था नभए पनि ठेक्का कवोल गर्नेले रु. १९,१५,०००।- कबोल गरी तत्पश्चात् कबोल अंकमा कार्य गर्न नसक्ने जानकारी दिएकोमा त्यस्तो ठेकदारको धरौटी जफत गरी तत्काल पुनः डाक वढावढ गराउनु पर्नेमा आफ्नो उत्तरदायित्व पन्छाई निर्णयार्थ गाउँपरिषद्मा पेश गर्ने गाउं विकास समितिका तत्कालीन अध्यक्ष कैलासप्रसाद यादवले अनुचित कार्य गरेकोले निजलाई सचेत गराइएको ।

स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

१. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका का.मु. निर्देशक डा. महानन्द मिश्रले आर्थिक ऐन नियमको रीत पुऱ्याई औषधीहरुको जेनेरिक नाम उल्लेख गरी बोलपत्र प्रकृयाको माध्यमवाट प्रतिस्पर्धा गराई आर्थिक वर्ष २०५६।५७ को लागि औषधि खरिद गर्नु पर्नेमा २०५६ पौषमा नै बजेट निकासा भइसकेको अवस्थामा बजेट ढीला निकासा भएको भन्ने बहाना गरी पारदर्शी ढंगले कारवाही नगरी कम्पनीको नाम किटान गरी साझा स्वास्थ्य सेवालाई औषधी आपूर्ति गर्न दिएको आदेश उचित नदेखिंदा अव आइन्दा यस प्रकारको कार्य नगर्न सचेत गराइएको ।
२. स्वास्थ्य सेवा विभाग अन्तर्गत बाह्रविसे स्वास्थ्य चौकीमा कार्यरत स्टाफ नर्स रीता पोखरेलले नर्सिङ्ग क्याम्पस, महाराजगञ्जमा कक्षा संचालन भएको ४८ दिनको अवधिमा समेत आफू कार्यरत रहेको बाह्रविसे स्वास्थ्य केन्द्रमा रुजु हाजिर रही तलव भत्ता लिएको र यसरी अनियमित रुपमा डा. युवराज पोखरेलले दोहोरो हाजिर देखाई तलव भत्ता दिलाएको हुंदा दोहोरो हाजिर गरेको पाइएको ४८ दिनको तलव भत्ता स्टाफ नर्स रीता पोखरेलबाट असूलउपर गर्न स्वास्थ्य मन्त्रालयलाई लेखी उक्त अनियमित कार्यमा सहयोग गर्ने डा. युवराज पोखरेललाई सचेत गराइएको ।

परिच्छेद ३
सुझाव पठाइएको वा ध्यानाकर्षण गराइएको विवरण

क) सुझाव पठाइएको विवरण :

गृह मन्त्रालय र अन्तर्गत :

१. प्रहरी प्रधान कार्यालयले नेपाल प्रहरीका कर्मचारीहरुका लागि आवश्यक पर्ने करीव १२ करोड २५ लाख नेपाली रुपैंया बराबरको कपडा लगायतका विभिन्न सामानहरु बोलपत्रको माध्यम नअपनाई सोझै चीनियां कम्पनीहरुबाट आर्थिक वर्ष २०५७।५८ मा खरीद गरेको र प्रहरी प्रधान कार्यालयले प्रहरी कर्मचारीहरुलाई इनिसियल इस्यूमा व्यवस्था भए बमोजिमको लत्ताकपडामध्ये एकसरो अति आवश्यक जुत्ता कपडाहरु वितरण गर्न नितान्त आवश्यक भएकोले यसरी खरीद गर्नुपरेको भन्दै चिनियाँ राजदूतावास मार्फत् चिनियाँ कम्पनीसंग खरीद सम्झौता गरेको पाइयो । यसरी सम्झौता गरीएका चिनियां कम्पनीहरुमा XIAN KANGBEI Co, CMEC Co, BEIJING Co र WUHAN Co पर्दछन् । सो सामानहरुको नमूना नेपालस्थित चिनियां राजदूतावासवाट मगाई प्रहरी प्रधान कार्यालयले घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वरवाट प्राविधिक राय लिई चिनियां राजदूतावासको रोहवरमा प्रहरी प्रधान कार्यालयले सम्झौता गरेको देखिन्छ । आर्थिक प्रशासन सम्वन्धी नियमावलीको नियम ५८ मा दरभाउपत्र वा वोलपत्रद्वारा खरीद गर्नु पर्ने व्यवस्था भए पनि सोही नियमावलीको नियम ५९ (क) अनुसार विदेशी सरकार वा विदेशी सरकारको अधिकांश स्वामित्व भएको संस्थावाट निर्धारित मोलमा खरीद गर्दा दरभाउपत्र वा वोलपत्र आव्हान गरी खरीद गर्न नपर्ने देखिन्छ । सामान खरीद गरिएका कम्पनीहरु चीन सरकारको स्वामित्वको भएको तथ्य सम्वद्ध कागजात तथा चिनियां दूतावास साक्षी बसेवाट समेत स्थापित भएको छ । तथापि विभिन्न देशहरुमा सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका कम्पनीहरु पनि व्यापारिक उद्देश्यले नै संचालन हुने र आन्तरिक रुपमा नै सम्बन्धित देशमा पनि त्यस्ता कम्पनीहरुले अन्य गैरसरकारी कम्पनीहरु सित पूर्ण प्रतिस्पर्धा गर्नु पर्ने अवस्थामा त्यस्ता कम्पनीहरुलाई नेपालले विशेष सहूलियत दिनु पर्ने कुनै विशेष कारण नभएको र यस्तो व्यवस्थाको दुरुपयोग हुने प्रशस्त संभावना समेत रहने हुँदा नियम ५९ क. को उक्त व्यवस्था खारेज गर्न अर्थमन्त्रालयलाई सुझाव पठाइएको ।

२. नेपाल प्रहरीका कर्मचारीहरु संलग्न भई संस्था दर्ता ऐन, २०३४ अन्तर्गत प्रहरी कल्याण कोष नामक संस्था खोली विभिन्न किसिमका व्यापारिक, गैरव्यापारिक तथा प्रहरीहरुको सामूहिक हितका कार्यक्रमहरु संचालन भइरहेको र सो कोषको लागि प्रहरीहरुबाटै विभिन्न किसिमले रकमहरु उठाई यसको संचालन पनि बहालवाला उच्च प्रहरी अधिकृतहरुबाटै भएको देखिन्छ । सरकारी निकायका सदस्यहरुको कल्याणका लागि विभिन्न कामहरु गर्नु स्वयंमा नराम्रो होइन । तथापि त्यसलाई औचित्यपूर्ण एवं सम्बन्धित निकायको उद्देश्य, हित अनुरुप संचालन गर्ने सदस्यहरुको आचरण र व्यवहार तथा कोषको रकमहरुबाट गरिने काम कारवाई बीचको तालमेल एवं एक अर्काको उद्देश्य र आचरणबीच अन्तर्विरोध हुने सम्भावनाको विषय ज्यादै संवेदनशील हुने भएकोले त्यसतर्फ समयमै सजग रहनु नितान्त जरुरी छ । संस्था दर्ता ऐनको माध्यमलाई अपनाएर बनाइएका यस्ता संस्थाहरु वस्तुतः निजी वा गैर सरकारी व्यक्तिहरुले मिलेर खोल्ने/संचालन गर्ने उद्देश्य लिएको देखिन्छ । संस्था दर्ता ऐन अन्तर्गत दर्ता हुने संस्थाहरुको हकमा त्यस्ता संस्थाहरुलाई लाभको उद्देश्यले व्यापारिक काम कारवाईहरुमा संलग्न गर्न नपाउने मनसाय ऐनको रहेको भए पनि व्यवहारमा अनेकौं रंगका व्यापार गर्नेदेखि लिएर अन्य ठेकदारसित मिली वा स्वतन्त्र रुपले ठेक्कामा भाग लिने लगायतका कामहरु हुने गरेको छ । यस्ता संस्थाहरुमा वाञ्छित मात्रामा पारदर्शिता हुने नगरेको र प्राप्त उपलब्धिहरु तथा स्रोत र साधनहरुको उचित प्रयोगको विषय धेरै नै शंकास्पद रहेको अवस्थामा त्यही कानूनी माध्यम अपनाएर त्यस्तै किसिमले अधिकार र कर्तव्य पालन गर्ने र सरकारी सम्पत्तिको प्रयोग त्यस्ता संस्थाले गर्ने कुरा प्रहरी, सैनिक र अन्य सरकारी निकाय र संगठनहरुको हकमा उपयुक्त देखिदैन । सरकारी संगठनहरुका सदस्यहरुको कल्याणकारी कामहरु गर्नका लागि वास्तवमा कर्मचारी संचय कोष जस्ता निकायहरुले सो काम गर्न सकेमा त्यसले बढी उपादेयता ग्रहण गर्न सक्ने हुन्छ । संस्था दर्ता ऐन अन्तर्गत संस्था दर्ता गराएर बहालवाला कर्मचारीले नै संचालन गर्ने जस्तो कतिपय कुराहरु प्रहरी कल्याण कोष र यस्तै अन्य संस्थाहरुको सम्बन्धमा उपयुक्त छैन । त्यसको लागि विद्यमान ऐन कानून अन्तर्गत गठन भएको कर्मचारी संचय कोष जस्तो निकायबाट वा छूट्टै ऐन बनाएर अर्कै निकायद्वारा कल्याणका कार्यहरु गरिनु उपयुक्त भएकोले सो बमोजिम हुन श्री ५ को सरकार मन्त्रीपरिषद्लाई सुझाव दिइएको ।

जलस्रोत मन्त्रालय र अन्तर्गत :

१. नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली, २०५० (संशोधन सहित) ले व्यवस्था गरे बमोजिम तह ७ र सो भन्दा मुनीका रिक्त पदहरुमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति नहुन्जेलसम्म बढीमा ६ महिनासम्म म्यादी कर्मचारी राख्न सकिने र सो अवधिभित्र स्थायी पदपूर्तिको लागि पहल गर्नु पर्ने, तह १० र सो भन्दा माथिका पदहरु खुल्लाबाट पूर्ति हुन नसकेमा वा बढुवाबाट पूर्ति गर्न प्राधिकरणमा उम्मेदवार नभएमा वा विशेषज्ञको सेवा आवश्यक भएमा मात्र करारमा राख्न सकिने व्यबस्था भएको र आकस्मिक तथा मौसमी कामको लागि आवश्यक भएमा दैनिक ज्यालादारीमा कामदार राखी काम सम्पन्न गराउने व्यबस्था भएकोमा सो विपरीत बर्षौसम्म म्यादी, करारजस्ता अस्थायी कर्मचारी र स्थायी प्रकृतिको ज्यालादारी कामदार राखी काम गराएको देखियो । यसरी बर्षौसम्म पनि खुल्ला प्रतियोगिता संचालन नगरी म्याद थपमात्र गरी उनै कर्मचारीलाई काममा निरन्तरता दिएको देखिँदा प्राधिकरणको कर्मचारी सेवा विनियमावली, २०५० (संशोधन सहित) मा स्थायी रिक्त पदहरु कुनै अवधिभित्र पूर्ति हुन वा गर्न नसके सो पद स्वतः रद्द हुनुपर्ने जस्ता प्रावधान नभएबाट यसरी खुल्लाबाट पदपूर्ति गर्न ढिलासुस्ती गरी अनियमित किसिमले कर्मचारी भर्ना गरी बर्षौसम्म काममा लगाएको देखिंदा प्राधिकरणको विनियमावलीमा आकस्मिक कामको प्रकृति अनुरुप निश्चित अवधि तोकी त्यस्ता अस्थायी तथा ज्यालादारी कर्मचारी राख्न पाउने प्रावधान राख्ने तथा एकपटक अवधि समाप्त भएपछि पुनः नियुक्ति गर्न समेत बन्देज हुने व्यवस्था गर्न प्राधिकरणको संचालक समितिलाई सुझाव दिई हालसम्म रिक्त पदहरुमा प्राधिकरणको कर्मचारी सेवा विनियमावली, २०५०(संशोधन सहित) ले व्यबस्था गरेको प्रक्रिया अवलम्बन गरी पदपूर्ति कार्य सम्पन्न गर्न नेपाल विद्युत प्राधिकरणलाई लेखिएको ।

२. काठमाडौं-नौविसे सडकको चेनेज १३+००० कि.मि. को पहिरो मोडल साईटमा आवश्यक संरचना निर्माण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण विभागबाट बोलपत्र आह्वान भए अनुसार मिति २०५८।११।२५ सम्ममा बुझाउनु पर्ने टेण्डर २५ र २६ गते सार्वजनिक बिदा परेकोले मिति २०५८।११।२७ गते दिनको १२ बजे सम्ममा छ वटा फर्मबाट सिलबन्दी बोलपत्र प्राप्त भएको र ठेकेदार मूनलाईट कन्स्ट्रक्सन, जूटपानी (चितवन) ले मिति २०५८।११।२३ मा बोलपत्र खरीद गरी बोलपत्रलाई सिलबन्दी गरी अर्को खाम भित्र राखी महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभागलाई सम्बोधन गरी प्रेषकमा सुरेश पाठक मात्र उल्लेख गरी कुरीयर मार्फत् मिति २०५८।११।२४ मा सो बिभागमा पठाएको बेहोरा जलस्रोत मंत्रालयद्वारा उक्त बोलपत्र सम्बन्धी अनियमितताको छानविन गर्न गठित टोलीको प्रतिवेदनबाट खुल्न आयो । महानिर्देशकलाई सम्बोधन गरिएको उक्त खाममा फर्मको नाम, ठेगाना, छाप, बोलपत्र सम्बन्धी कुनै कुरा उल्लेख नभएको र तोकिएको स्थानमा दर्ता समेत नभएकोले आर्थिक प्रशासन नियमावली तथा बोलपत्र आह्वान गर्न प्रकाशित सूचनामा उल्लिखित विधि समेत पुरा नभएको हुंदा यसमा "केही गरी रहन नपर्ने" भनी महानिर्देशकले मिति २०५८।१२।९ मा गरेको निर्णय बेमनासिब नभए पनि आईन्दा बोलपत्र आह्वान गर्दा बढी भन्दा बढी बोलपत्रदाताहरुले भाग लिन पाउन् र स्वस्थ प्रतिस्पर्धा होस् भनी आर्थिक प्रशासन नियमावली, २०५६ को नियम ६६(ट) अनुसार एक भन्दा बढी स्थानमा बोलपत्र खरीद तथा दर्ता गर्न सक्ने व्यबस्था गर्ने सुझाव उक्त विभागलाई पठाइएको ।

भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :

१. बैतडी-दार्चुला सडक अन्तर्गत चमेलिया गाडमा निर्माण हुने स्टील पुलको डिजाइन गर्दा परामर्शदाताले अस्वाभाविक तवरले कम जग राखेको, सुरक्षित नहुने र निर्माण संहिता विपरीत हुने मोटाइको स्टील प्लेटहरु समेत प्रयोग गर्ने गरी स्टील ट्रसको डिजाइन गरेको र आफैले तयार गरेको नक्सामा परेका नट बोल्ट जस्ता वस्तुहरुको तौल लागत अनुमानमा समावेश गर्न छुटाएको समेत कारणले पछि निर्माण लागत बढाउनु परेको र बजारको अध्ययन नै नगरी High Strength Steel प्रयोग गर्ने गरी डिजाइन गरेकोमा सो स्टीलको सट्टा Mild Steel प्रयोग गर्नु पर्ने अवस्था समेत सिर्जना भएको र यसबाट पुनः सुरक्षित डिजाइन गर्ने, लागत अनुमान संशोधन गर्ने लगायतका कार्य गर्नु परेकाले निर्माण अवधि समेत बढ्न गएको पाइयो । यस्तो परिणति परामर्शदाताको गैर जिम्मेवारीपूर्ण क्रियाकलाप र लापरवाहीका कारण उत्पन्न भएको तर यस प्रकारको लापरवाहीलाई कसूरको मात्रा बमोजिम पर्याप्त दण्डित गर्ने समुचित कानूनको अभावमा कालो सूचीमा राख्ने जस्तो सामान्य दण्डविहीन स्थितिको सजाय मात्र गर्नु पर्ने अवस्था रहेकोले यस प्रकारको कार्यलाई कसूरको मात्रा अनुसार जरिवाना, अतिरिक्त व्ययभार असूल उपर गराउने र कसूरको गाम्भीर्य अनुसार कैद गर्न सकिने जस्ता उपयुक्त प्रावधान सहित सम्बन्धित कानूनमा आवश्यक व्यवस्था गर्न मन्त्रिपरिषद् सचिवालयमा सुझाव पठाई उक्त परामर्शदाता M/S SOIL TEST Pvt. Ltd. लाई कालो सूचीमा राख्न र यसरी कालो सूचीमा परेको कम्पनीसंग कुनै सरकारी कारोवार गर्न प्रतिबन्ध लगाउने समेत व्यवस्था गर्न लेखिएको ।

२. श्री ५ को सरकारको पूर्ण स्वामित्वमा रहेको NCCN लाई बार्ताको माध्यमबाट बिना प्रतिस्पर्धा सोझै निर्माण कार्य गर्न दिन सकिने गरी श्री ५ को सरकार मन्त्रिपरिषद्बाट भएको नीतिगत निर्णयको सन्दर्भमा सडक बिभाग अन्तर्गतका बिभिन्न कार्यालयहरुले सो कम्पनीलाई ठेक्का दिने गरेको देखिन्छ । यस सन्दर्भमा NCCN को मिति २०५६।५।९ को काम पाउं भन्ने विषयको निवेदनमा श्रमिक र निर्माण सामग्री उपलब्ध गराउने बाहेक अन्य कार्य Sublet मा दिन नपाउने गरी राप्ती पुल लगायतका सात वटा योजनाहरुको निर्माण कार्य NCCN लाई दिने मंत्रीस्तरीय निर्णय भई NCCN संग वार्ता गर्न गठित टोलीले महानिर्देशक समक्ष प्रतिवेदन पेश गरेको र सो प्रतिवेदनमा मिति २०५६।१०।१३ मा ईन्जिनियरलाई टिप्पणी उठाउन तोक आदेश भई विभिन्न पदाधिकारीहरुबाट राय प्रकट हुँदै गएर सोही दिन अन्तिम निर्णय भई NCCN संग संझौता समेत भएको देखिन्छ । सोको भोलिपल्ट सम्ममा पांच जना ठेकेदारहरुको NCCN मा निवेदन परेको र तीनै निवेदनहरुलाई समेटी सोही दिन कम्पनीको कमजोर कार्यक्षमता, जनशक्ति, यन्त्र उपकरणहरु तथा आर्थिक अवस्था जस्ता बिभिन्न अवरोधहरुले गर्दा NCCN आफैले गर्न नसक्ने भनी उपर्युक्त पुलको सम्पूर्ण काम ती पांच ठेकेदारहरुमध्येबाट सीमित प्रतिस्पर्धा गराई Sublet मा दिन उपयुक्त हुने भनी ती ठेकेदारहरुलाई मनोनयन गर्ने प्रस्ताव श्री ५ को सरकारसमक्ष पुगी मिति २०५६।१०।१७ मा Sublet मा दिन पाउने गरी मन्त्रिस्तरीय निर्णय भएको देखिन्छ । आफैले ठेक्का पाउं भन्ने निवेदन दिएर एउटा शर्तमा ठेक्का सम्झौता गरिसकेपछि पुनः सो काम अरु ठेकदारबाट गराउनका लागि ठेक्का सम्झौता संशोधन गरी Sublet मा दिन NCCN बाट र मन्त्रालयबाट निर्णय भएकोमा त्यस्तो निर्णय गर्दाका प्रकृयाहरु र काम कारवाईहरु (जस्तै एकै दिनभित्र विभिन्न ११ जनासम्म अधिकृतहरुले फाइलमा राय दिनु, तीनै पांच ठेकदारबाट सिलबन्दी प्रस्ताव आह्वान गरी ठेकेदार चयन गर्ने निर्णय NCCN स्वयंले गर्न सक्नेमा मन्त्रालयबाट गर्नु गराउनु, सोको फेहरिस्त मन्त्रालयमा पेश गर्नु इत्यादि) बाट आफूलाई प्राप्त अधिकार NCCN ले पन्छाएको र स्वेच्छाचारी रुपमा मन्त्रालयले हस्तक्षेप गरी सो अधिकार प्रयोग गरेको देखिएकोमा निर्णयमा संलग्न पदाधिकारीहरुमध्ये कोही हाल पदमा बहाल नरहेको र कोहीउपर यस आयोगबाट अन्य कसूरमा विशेष अदालतमा मुद्दा चलिरहेकोले स्वतः निलम्बनमा परेको हुंदा केही गर्न नपरे पनि अब उप्रान्त श्री ५ को सरकारले देहाय बमोजिमको कदम चाल्नु पर्ने देखिएकोले मन्त्रिपरिषद् सचिवालयमा सुझाव पठाइएको :

- श्री ५ को सरकारको स्वामित्वमा रहेको कारण वार्ताद्वारा NCCN लाई काम दिने, NCCN ले Sublet गरी अन्य ठेकेदारलाई पूर्णरुपमा सो काम गराउने प्रचलन पारदर्शी नहुने र यस्तो प्रकृयाले NCCN अनुचित कार्य वा भ्रष्टाचार गर्ने माध्यम बन्न सक्ने देखिएकोले यसरी वार्ताद्वारा काम दिने प्रचलन बन्द हुन तथा यस परिप्रेक्षमा NCCN आफैले अन्य ठेकेदारहरुसंग प्रतिस्पर्धा गरी आत्मनिर्भर हुनु पर्नेतर्फ आवश्यक सुधार गर्ने वा सो कम्पनीलाई क्रमशः निजीकरण गर्ने तर्फ विचार गर्ने ।
- NCCN का आर्थिक प्रशासन नियमहरुमा सो संस्थाका पदाधिकारीहरुले आफ्नो अधिकार प्रयोग गर्दा स्वेच्छाचारी रुपले प्रयोग गर्न नसक्ने गरी पारदर्शी व्यवस्था राखी संशोधन हुनु पर्ने ।
- परामर्शदाताले तयार गरेको डिजाईन र इष्टीमेटहरुउपर बिभागीय स्तरबाट समसामयिक आवश्यक अध्ययन तथा विश्लेषण हुने गरेको नदेखिएकोले यस सम्बन्धमा सडक बिभागलाई आइन्दा यस्तो हुन नदिनेतर्फ आवश्यक व्यबस्था गर्न निर्देशन दिने ।

निर्वाचन आयोग :

१. निर्वाचन आयोगमा अनियमित तरिकाले कर्मचारी भर्ना गरी भ्रष्टाचार भएको भन्ने विषयको उजूरीका सम्बन्धमा भएको छानविनबाट देखिएको तथ्यको आधारमा निम्न सुझाव सो आयोगमा पठाइएको :

क) निर्वाचन आयोग ऐन, २०४७ को दफा ९ बमोजिम भर्ना गरिएका व्यक्ति कर्मचारीलाई आर्थिक अधिकार सुम्पनु मनासिब नहुने देखिंदा त्यसतर्फ आवश्यक सुधार गर्ने ।

ख) निर्वाचन आयोग ऐन, २०४७ को दफा ९ बमोजिम भर्ना गरिने वा गरिएका कर्मचारीलाई ऐनले निर्देश गरे बमोजिमको अवधिसम्म मात्र काममा लगाउने र उक्त दफा ९ बमोजिम कर्मचारी भर्ना गर्दा वा लिंदा निर्वाचनको काम सञ्चालन गर्ने प्रयोजनको लागि मात्र भर्ना गर्ने वा लिने गर्न आवश्यक सुधार गर्ने ।

शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

१. नेपालको संविधान, २०१९ को धारा ५८ को उपधारा (१) तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३ को उप-धारा (१) मा रहेको "कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन" भन्ने संवैधानिक प्रावधान विपरीत कपिलवस्तु बहुमुखी क्याम्पस, कपिलवस्तुको तत्कालीन संचालक समितिले २०३८।४।२७ मा र विभिन्न समयमा सर्वदलीय बैठक समेतबाट निर्णय गरी गराई रजिष्ट्रेशन पारित गर्न आउने व्यक्तिहरुबाट लिने गरेको रकम कानूनतः लिन मिल्ने होइन । अतः उक्त क्याम्पसको अतिरिक्त अन्य संघ संस्थाहरु समेतले रजिष्ट्रेशन गर्न आउने वा अन्य यस्तै विविध तरिकाले रकमहरु उठाउने गरेकाले यस्ता क्रियाकलाप रोक्न मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गरी परिपत्र हुनु पर्ने देखिएकोले मन्त्रिपरिषद्लाई सुझाव पठाइएको ।

सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

१. सामान्य प्रशासन समूहको उप सचिव पदमा बढुवाको लागि भएको विज्ञापन नं. १०।०५१ का उम्मेदवारमध्ये सामान्य प्रशासन मन्त्रालयले प्रकाशित गरेको सूचना उपर चित्त नबुझी लोक सेवा आयोगमा दिएको उजूरीको आधारमा लोकसेवा आयोगले पुनर्मूल्यांकन गरी २०५२।२।२ मा प्रकाशित बढुवा नामावलीबाट हटेका शम्भु कोइराला, कैलाश बजिमयले दिएको रिट निवेदनमा सर्वोच्च अदालतबाट बढुवाको फाराम भर्ने अवधिभित्र प्राप्त शैक्षिक योग्यताको अंक जोडी पुनर्मूल्यांकन गर्न लोक सेवा आयोगलाई भएको परमादेश बमोजिम बढुवा सूचनाबाट हटेका कान्ता रिमाल र जर्नादन शर्मा अधिकारीलाई उपसचिवको रिक्त पदमा पद स्थापना गर्न मन्त्रिपरिषद्को मिति २०५३।७।१ बाट निर्णय भएको देखियो ।

उक्त बढुवा सूचना नं. १०।०५१ का उम्मेदवारमध्ये गोविन्द सापकोटा, खडानन्द चौलागाई र फत्यबहादुर बटुवाले उक्त सूचनाबाट बढुवा भएकालाई नियमले नपाउने शैक्षिक योग्यता र तालिमको अंक दिई बढुवा गरेको भनी सर्वोच्च अदालतमा २०५६ सालमा दिएको रिट निवेदनमा सो अदालतबाट भएको पोष्ट ग्राजुयट डिप्लोमाको अंक कटाई बढुवा गर्ने भन्ने परमादेशबाट लोक सेवा आयोगको मिति २०५८।५।८ को बढुवा नामावलीबाट हट्न गएका जर्नादन शर्मा अधिकारी, माधवप्रसाद चापागाई र खडानन्द चौलागाईलाई मन्त्रिपरिषद्को मिति २०५८।८।१८ को निर्णयबाट उप सचिवको विशेष पद श्रृजना गरी बढुवा कायम गरेको देखियो । यसरी सामान्य प्रशासन मन्त्रालय बढुवा शाखामा बढुवा हुने उम्मेदवारहरुको अंक तालिका तयार गर्नेले कुन शैक्षिक योग्यताको अंक दिने भन्ने यकीन गरी अंक दिनु पर्नेमा नदिएको र बढुवा समितिले पनि यस कुरालाई हेरेको देखिएन, जसले गर्दा सामान्य प्रशासन मन्त्रालयले निजामती सेवा नियमावली, २०५० को नियम ५ को विशेष पद श्रृजना गर्ने बाहेकको अवस्थामा पनि बढुवा भई उपल्लो पदमा बसी कार्य गरी सकेकालाई घटुवा गर्दा मनोवल गिर्ने भन्ने मात्र कारण देखाई पटक पटक विशेष पद श्रृजना गरी सो पदमा कायम राख्न निजामती सेवा ऐनको दफा २० को बढुवा समितिको सिफारिस बेगर मन्त्रिपरिषदमा प्रस्ताव पठाएको र मन्त्रिपरिषद्बाट पनि निजामती सेवा ऐन, नियमावलीलाई दृष्टिगत नगरी पटक पटक विशेष पद श्रृजना गर्दा उक्त विज्ञापनबाट बढुवा भई सर्वोच्च अदालतको परमादेशबाट घटुवा हुने जनार्दन शर्मा अधिकारीलाई कहिले रिक्त उप सचिव पदमै र कहिले विशेष पद श्रृजना गरी कायम राखेको देखिन आएकोले यस्तो कार्यले अदालतको निर्णयलाई निष्प्रभावी तुल्याउने हुंदा त्यसरी रिक्त पद र विशेष पद श्रृजना गरी बढुवा पदमा मिलान गर्ने कार्य नगर्न श्री ५ को सरकारलाई सुझाव दिई तदनुरुप सामान्य प्रशासन मन्त्रालयलाई पनि सजग रहन लेखिएको ।

२. सर्वोच्च अदालतका रेखा विशेषज्ञ केशवबहादुर थापाले कार्य विवरण निर्देशिकाको परिधिभित्रै रहेर लेखा विशेषज्ञ समेतको काम गरेको सम्बन्धमा सर्वोच्च अदालतबाट उक्त पद हस्तरेखा तथा हस्तलेखा दुवैको परीक्षण गर्न योग्यता भएको जनशक्ति रहनु पर्ने गरी व्यवस्था गरिएको भन्ने जवाफ प्राप्त भएको, लोकसेवा आयोगबाट पनि पदको नाम रेखा विशेषज्ञ भनिए तापनि नेपालको परिप्रेक्ष्यमा उक्त पदमा कार्यरत रहने कर्मचारीले हस्ताक्षर र हस्तरेखा दुवैको कार्य गर्नु पर्ने, उक्त पदले हस्ताक्षर विशेषज्ञलाई पनि समान रुपमा जनाउने भन्ने जवाफ प्राप्त हुन आएकोले निजउपर कुनै कारवाई गर्नु पर्ने देखिएन । तर अनुसन्धानको क्रममा यस विषयका विशेषज्ञको राय मागिएकोमा रेखा विशेषज्ञ भन्नाले हस्तरेखा विशेषज्ञलाई मात्र जनाउने, हस्तरेखा विज्ञान र हस्ताक्षर आईडेन्टीफिकेशन साइन्स अलग अलग विषय भएको, एउटा विषयमा मात्र तालिम प्राप्त व्यक्ति दुवै विषयको विशेषज्ञ हुन नसक्ने भन्ने राय प्राप्त भएको र निज केशवबहादुर थापाले हस्तरेखा विशेषज्ञको मात्र तालिम लिएको देखिंदा विशेषज्ञको राय समेतको आधारमा उल्लिखित बेग्ला बेग्लै विषयका कार्यको लागि ती दुवै विषयहरुमा अध्ययन, तालिम प्राप्त गरेका व्यक्तिहरुले मात्र नियुक्ति पाउन सक्ने व्यवस्थाको लागि सम्बन्धित सेवा समूह सम्बन्धी सामान्य प्रशासन मन्त्रालयलाई लेखी सर्वोच्च अदालत र लोक सेवा आयोगलाई पनि जानकारी दिइएको ।

सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

१. नेपाल दूर संचार संस्थानले डिजिटल स्वीचिङ्ग सिष्टम (प्याकेज 'ए'), अप्टिकल फाइवर एक्सेस नेटवर्क सिष्टम (प्याकेज 'बी') र इन्टेलीजेन्ट नेटवर्क सिष्टम (प्याकेज 'सी') खरीद तथा जडान समेतका लागि मिति ५ अप्रिल २००२ मा बोलपत्र आह्वान गर्दा कुन प्रणाली अपनाउने भन्ने स्पष्ट निर्णय नभएको अवस्थामा दुई खाम प्रणाली अपनाएको र बोलपत्र गर्दा दुई खाम प्रणाली अपनाउने र सोको मूल्यांकन गर्ने आधार संस्थानको आर्थिक विनियमावलीमा उल्लेख नभएको अवस्थामा यस सम्बन्धी स्पष्ट व्यवस्था बोलपत्र प्रकाशित गर्नु अगावै नगरी संस्थानले जारी गरेको बोलपत्र सम्बन्धी कागजातलाई नै मूल्यांकनको आधार (Criteria) कायम गरेको र सोही आधारमा मूल्यांकन गर्न समितिहरु र सो समितिका "सहयोगी" भनि तीन जना वरिष्ठ अधिकृतहरु समेत तोकेको (जसमध्ये दुई वरिष्ठ अधिकृत संचालक समितिका सदस्यमा समेत तत्काल बहाल रहेको देखिन्छ) देखियो । सो बोलपत्र सम्बन्धी कागजातमा रहेका प्रस्ताव स्वीकृत/अस्वीकृत हुने, हुन सक्ने शर्तहरुमध्ये केही शर्तहरुलाई मूल्यांकन समितिले व्याख्या गरी सिफारिस गर्न सक्ने र सो कागजात अन्तर्गत Minor Deviation धेरै भए तापनि प्रस्तावक योग्य हुन बाधा नपर्ने तर Major Deviation एउटै मात्र भए पनि प्रस्तावक अयोग्य हुन सक्ने भनिएको, तर कुन कुरा Major र कुन कुरा Minor हुन भन्ने कुरा सोही मूल्यांकन समितिले नै तय गर्न सक्ने र समितिलाई अस्पष्ट भएको बुंदाको सम्बन्धमा सहयोगी भनि तोकिएका वरिष्ठ अधिकृतहरुले राय सल्लाह दिने व्यवस्था गरेको देखिन आयो ।

सिद्धान्ततः सबै प्रस्तावहरुप्रति समान व्यवहार गरी बढी भन्दा बढी प्रस्तावकबीच प्रतिस्पर्धा गराई समुचित प्रस्तावक छनौट गर्नु गराउनु नै ग्लोबल बोलपत्रको उद्देश्य तथा मर्म भएकोले उपर्युक्त काम कारवाईबाट सो उद्देश्य हासिल भयो भएन भन्ने समेत कुराहरुलाई विचार गरी यसतर्फ संस्थानको हितलाई ध्यानमा राखी के गर्नु पर्ने हो सो गर्न संचालक समितिलाई निर्देशन दिई अब आइन्दा संस्थानको आर्थिक विनियमावलीमा भएका प्रावधानहरुलाई संस्थानको कामको प्रकृति समेतलाई विचार गरी अद्यावधिक गर्न समेतका लागि सूचना तथा संचार मन्त्रालयमा लेखिएको ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :

१. नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत विराटनगर विमानस्थल अपग्रेडिङ्ग गर्ने कार्यको बोलपत्र पाउन सफल China Shangdong International Economic & Technical Co-operation Corporation ले आठौं दक्षिण एशियाली खेलकूदको पूर्वाधार निर्माणको लागि ल्याइएको भन्सार छूटका मेशिन उपकरण आफ्नो सम्पत्ति भनी देखाई ठेक्का पाएको भन्ने विषयमा के कति र कस्ता मेशिन उपकरणहरु भन्सार छूटमा ल्याएको थियो भन्ने विषयको अभिलेख भन्सार विभागले अधूरो रुपमा मात्र आयोगलाई उपलब्ध गराउन सकेको र शिक्षा तथा खेलकूद मन्त्रालयले भने उपलब्ध नै गराउन नसकेको हुंदा यसरी भन्सार छूटमा नेपाल भित्रिएका सामानको अभिलेख राख्नु पर्ने कर्तव्य भएका निकायले अभिलेख नराख्दा ठेक्कापट्टाको प्रतिस्पर्धा एवं राजस्वमा समेत असर पर्न जाने देखिएकोले अब उप्रान्त श्री ५ को सरकारले भन्सार छूट दिई नेपाल प्रवेश गर्न दिएको मेशिन, उपकरण एवं अन्य सामानहरुको सम्पूर्ण विवरण खुलेको (अर्थात् ती सामानहरुको प्रवेश, वितरण लगायत प्रयोग पश्चात् फिर्ता लगेको देखिने वा कानून बमोजिम हक हस्तान्तरण भएको देखिने) अभिलेख अद्यावधिक राख्ने व्यवस्था गर्न मन्त्रिपरिषद् सचिवालयलाई सुझाव दिइएको ।

२. शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ४ (१) मा श्री ५ को सरकारले आवश्यक देखेमा संचालकमा वाणिज्य, अर्थ तथा लेखाशास्त्रमा ख्याति प्राप्त वा उड्डयन तथा पर्यटन प्रवर्द्धन सम्बन्धी क्षेत्रमा अनुभव प्राप्त गैरसरकारी व्यक्तिलाई पनि नियुक्त गर्न सक्ने व्यवस्था गरेकोछ । यस बाहेक यस आयोगबाट मिति २०५६।२।१६ मा "शाही नेपाल वायुसेवा निगमको संचालक सदस्य मनोनयन गर्दा कानून बमोजिम योग्यता पुगेका व्यक्तिलाई मनोनयन गर्नु पर्नेमा विमान सेवाको कुनै अनुभव नभएका व्यक्तिलाई मनोनयन गरिएकोले अब आइन्दा यस्तो हुन नपाउने व्यवस्था मिलाउन" र मिति २०५६।५।२५ मा "शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम निगमको संचालक तथा महाप्रवन्धकमा विभिन्न व्यक्तिहरु नियुक्ति गर्दा निगम सम्बन्धी व्यवसायिक ज्ञान र सीप भएका अनुभवी व्यक्तिलाई मात्र नियुक्त गर्ने" भनी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत् श्री ५ को सरकारलाई लेखिएकोमा मन्त्रिपरिषद्बाट मिति २०५६।६।१० मा सो कुरा कार्यान्वयन गर्न भनी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखिएकोछ । उल्लिखित व्यवस्था तथा निर्देशन विपरीत मिति २०५८।९।९ मा नियुक्त भएका केशवबाबु खत्रीको योग्यता वि.ए., वि.एड. र वि.एल. र अर्का संचालक अटलशेर राईको योग्यता स्नातक सम्म अध्ययन गरेको भन्ने देखियो । संचालकमा नियुक्त मध्येका केशवबाबु खत्री (के.सी.) मा. मन्त्रीको नातामा भाई पर्ने र अटलशेर राई मा. राज्य मन्त्रीको साथी रहेका देखिन्छन् । यसरी शाही नेपाल वायुसेवा निगम ऐनद्वारा नै निर्धारित योग्यता नपुगेका व्यक्तिहरुलाई संचालक नियुक्त नगर्ने

र त्यसरी नियुक्त भइरहेकाको हकमा पनि यो व्यवस्थालाई कडाईका साथ लागू गर्न तथा श्री ५ को सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम भन्दा बढि सुविधाहरु दिन तुरुन्त बन्द गर्ने लगायतका अन्य कारबाही गर्न सम्माननीय प्रधानमन्त्रीलाई लेखिएको ।

स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

१. मध्यपुर थिमी नगरपालिकाका प्रमुख तथा उप-प्रमुखले आर्थिक वर्ष २०५४।५५ मा विनियोजित रकम आफूखुसी खर्च गरी अनियमितता गरेको भन्ने सम्बन्धमा यस्तै प्रकृतिको काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतले मनोमानी आर्थिक सहायता वितरण गरेको भनी परेको उजूरी उपर आयोगको मिति २०५६।१२।३ को बैठकबाट "नगरपालिका कार्य व्यवस्था नियमावली, २०४९ को नियम ५६ ले एक पटकमा रु. ३००।- सम्म आर्थिक सहायता खर्च गर्न सक्ने भन्ने प्रष्ट व्यवस्थालाई पालना गरेको नदेखिंदा आर्थिक सहायता प्रदान गर्ने व्यवस्थाको सम्बन्धमा संस्था, व्यक्ति वा त्यस्तै अन्यलाई के वापत कति दिने भन्ने नियमावलीमा नै प्रष्ट व्यवस्था गरी सो बमोजिम मात्र आर्थिक सहायता प्रदान गर्ने व्यवस्था मिलाउने" भनी निर्णय भएको छ । मध्यपुर थिमि नगरपालिकाबाट आर्थिक सहायता प्रदान गर्दा विद्यमान रहेको नगरपालिका कार्य व्यवस्था नियमावली, २०४९ लाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले खारेज गरिसके तापनि विद्यमान प्रचलनमा रहेको स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम २६ ले आर्थिक सहायतामा खर्च गर्न सक्ने अवस्था विद्यमान रहेको देखिंदा सो नियम बमोजिम आर्थिक सहायता प्रदान गर्दा स्पष्टतः संस्था, व्यक्ति वा त्यस्तै अन्यलाई के वापत कति दिने भन्ने प्रावधान नियमावलीमा नै समावेश गर्नेतर्फ प्रक्रिया अगाडि बढाउन स्थानीय विकास मन्त्रालयमा लेखी आइन्दा यस्ता प्रकृतिका उजूरी आयोगको जानकारीमा आएमा अख्तियारको दुरुपयोग भएको ठानी सोउपर कडा कारवाई हुने बेहोरा समेत जानकारी गराइएको ।

ख) <u>ध्यानाकर्षण गराइएको विवरण</u> :

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :

१. नेपाल आयल निगमको विकेता नियमावली २०५३ को अनुसूची-३ को देहाय (च) अनुरुप अन्तर्राष्ट्रिय सीमा क्षेत्रवाट ५ कि.मि. दूरीभित्र विकेता नियुक्ति नगर्ने किटानी व्यवस्था भएकोमा प्रकाश आयल स्टोर्स, बारालाई प्याक्ड विकेता नियुक्त गर्ने कममा उक्त आयल स्टोर्स र अन्तराष्ट्रिय सीमाको दूरी विभिन्न निकायहरुवाट फरक फरक उल्लेख भइआएकोले पटक पटक विवाद भई दूरी यकीन गर्न निगमका कर्मचारीद्वय शैलेन्द्रकुमार पण्डित र प्रदीपराज अधिकारीलाई खटाइएकोमा निजहरुले उक्त प्रकाश आयल स्टोर्स भारतीय सिमा क्षेत्रवाट २.५ कि.मि. दूरीभित्र पर्ने भनी उल्लेख गरेको र सो सम्वन्धमा नापी विभाग स्थलरुप नापी महाशाखावाट समेत प्रकाश आयल स्टोर्स भारतीय सीमा क्षेत्रबाट १.९२५ कि. मि. भित्र भएको भनी लेखि आउंदा समेत उक्त आयल स्टोरलाई प्याक्ड विकेता नियुक्त गरी मिति २०५७।१२।३० को १२९९ औं बैठकवाट समेत दूरी सम्वन्धमा विवाद हुन आएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयवाट लेखी आएको ७ कि. मि. को दूरीलाई यकीन दूरीको रुपमा मान्यता दिने निर्णय गरेको देखिंदा अन्तर्राष्ट्रिय सीमा क्षेत्रवाट करीव २.५ कि.मी. भित्र पर्ने प्रकाश आयल स्टोर्सलाई निगमको विकेता नियमावली विपरीत अनियमित तवरवाट प्याक्ड विकेता नियुक्त गरेको पाइएकोले उक्त नियुक्ति रद्द गर्न नेपाल आयल निगमलाई लेख्नुका साथै निगमका तर्फवाट भएको स्थलगत निरीक्षण र नापी विभाग, स्थलरुप नापी महाशाखावाट समेत यकीन भई आएको दूरीलाई वेवास्ता गरी निगमको विक्रेता नियमावली, २०५३ (संशोधन) विपरीत भ्रम सिर्जना गर्ने गरी संचालक समितिको १२९९ औं बैठकवाट निर्णय भएतर्फ संचालक समितिको ध्यानाकर्षण गराइएको ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत :

१. समाज कल्याण परिषद् अन्तर्गत भृकुटीमण्डप सञ्चालन कार्यको प्रत्येक आर्थिक वर्षको आम्दानी सोही आर्थिक वर्षमा दाखिला गर्नु पर्नेमा त्यस्तो रकम समयमै बैंक दाखिला भएको नपाइएकोले नियम अनुसार समयमै आम्दानी रकम बैंक दाखिला गरी आम्दानी खर्चको हिसाब दुरुस्त राख्न समाज कल्याण परिषद्लाई ध्यानाकर्षण गराइएको ।

वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

१. उदयपुर जिल्ला मिर्चैया, कटारी सडकको दायांबायांका रुखहरु बिक्री वितरण र अनियमित ओसार पसारको नियन्त्रण तथा वन पैदाबारमा हुने अनियमितता हटाउने सम्बन्धमा वन पैदावारको बिक्री, राजस्व आम्दानी र सामुदायिक वनका पदाधिकारीहरुको क्रियाकलापमा समेत विशेष ध्यान दिने लगायतका छानविन प्रतिवेदनमा प्रस्तुत राय सुझावहरु कार्यान्वयन गर्नेतर्फ सम्बन्धित मन्त्रालय र विभागको ध्यानाकर्षण गराई वन कार्यालयलाई निर्देशन समेत दिइएको ।

शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

१. अमृत साइन्स क्याम्पसमा २०४७।२।११ देखि करार सेवामा सहायक प्राध्यापकका रुपमा प्रवेश गरी श्रीमती गीता श्रेष्ठले सोही क्याम्पसमा २०५८।३।३० देखि स्थायी उप-प्राध्यापक भई हालसम्म कार्य गर्दै आएको साथै २०४८।३।३० मा माध्यमिक तहको शिक्षक पदमा स्थायी नियुक्त भई शहीद शुक्र माध्यमिक विद्यालय मा २०४८।३।३० देखि २०५९।१२।७ सम्म शिक्षण पेशामा कार्यरत रही दुवै शिक्षण संस्थाबाट तलब सुविधा उपभोग गरेको देखिन्छ । यसै गरी प्रकाश खड्गी २०४८।३।३० मा माध्यमिक तहको शिक्षक पदमा स्थायी नियुक्त भई शहीद शुक्र माध्यमिक विद्यालय मा २०५९।१२।७ सम्म कार्यरत रहनुका साथै २०४९।१०।१७ देखि पाटन संयुक्त क्याम्पसमा सहायक प्राध्यापक पदमा स्थायी सेवा प्रवेश गरी हालसम्म शिक्षण पेशामा कार्यरत रहदै आएको देखिन्छ । शिक्षक नियमावली, २०५९ को नियम १३३(ज) अनुसार व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको पूर्व स्वीकृति लिएर मात्र एकै व्यक्तिले सरकारी शिक्षण संस्थामा दोहोरो काम गरी तलब सुविधा लिन पाउने र त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा पढाउने शिक्षकहरुले त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ६९ बमोजिम त्रिभुवन विश्वविद्यालयका शिक्षक वा कर्मचारीले त्रिभुवन विश्वविद्यालय सम्बन्धी काम वाहेक कुनै प्रकारको अन्य रोजगारी परिषद्बाट तोकिएको पदाधिकारी वा समितिको पूर्व स्वीकृति बेगर गर्नु नहुने र गरेमा नियम ८४ बमोजिम सेवाबाट हटाउने सम्मको विभागीय कारवाही हुने अवस्था भए पनि निज शिक्षकद्वय प्रकाश खड्गी र गीता श्रेष्ठ यो नियम लागू हुनु पूर्वदेखि नै कार्यरत रहेको र निजहरुले त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० लागू भएपछि नियमानुसार अन्य निकायमा काम गर्न स्वीकृति लिनु पर्नेमा सो लिएको नदेखिएकोले सेवा सम्बन्धी कानून बमोजिम निजहरुमाथि विभागीय कारवाही गर्नु पर्ने देखिए तापनि निज शिक्षकहरुले २०५९।१२।१२ देखि लागू हुने गरी माध्यमिक शिक्षक पदबाट राजीनामा दिइसकेको हुँदा निजहरुको हकमा केही गरिरहनु परेन । आइन्दा सरकारी शैक्षिक संस्थाहरुमा स्थायी नियुक्ति लिई दोहोरो तलब सुविधा लिन नपाउने व्यवस्था मिलाउन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई ध्यानाकर्षण गराइएको ।

२. पूर्वाञ्चल विश्वविद्यालयबाट २०५९ भाद्रमा संचालित बी.आइ.टी. दोश्रो सेमेष्टरको प्रश्नपत्र परीक्षा अगावै बाहिरिएकोले परीक्षा रद्द भएको सम्बन्धमा निम्न कुराहरुमा सो विश्वविद्यालयको ध्यानाकर्षण गराइएको :

क) प्रश्नपत्र निर्माता शिक्षकले आफ्नो क्याम्पसमा विद्यार्थीहरुको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अभ्यास गराउने प्रश्नहरु नै परीक्षामा आएको देखिंदा बाहिरिने तथ्य, संस्कार र प्रचलनको रुपमा विकास भएकोले प्रश्न निर्माण सम्बन्धी कुरामा विशेष ध्यान दिई परिमार्जनको व्यवस्था गर्ने ।

ख) पाठ्यक्रम भन्दा बाहिरका प्रश्न निर्माण हुनु र त्यसमा प्रश्नपत्र निर्माण सम्परीक्षण समिति (Moderation Committee) को दृष्टि नपुग्नुबाट विषयको गम्भीरता र संवेदनशीलतालाई उपेक्षा गरिएको देखिंदा आइन्दा यस्तो हुन नपाउने गरी विशेष ध्यान पुऱ्याउने ।

३. महेन्द्र मोरंग क्याम्पस, विराटनगरका तत्कालीन क्याम्पस प्रमुख प्रा. डा. उपेन्द्रकुमार कोइरालाले विभिन्न अनियमितता गरेको भन्ने सम्बन्धमा त्रिभुवन विश्वविद्यालयबाट गठित छानविन समितिले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लिखित प्रशासनिक अनियमितताका सम्बन्धमा कारबाही भएको नदेखिएकोले अविलम्ब त्यस्तो अनियमित कार्य गर्नेहरु उपर कारबाही गर्न र यस्ता कृयाकलाप पुनः दोहरिन नदिनेतर्फ समेत त्रिभुवन विश्वविद्यालयका उपकूलपतिको ध्यानाकर्षण गराइएको ।

सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

१. निजामती किताबखानाको नायब सुब्बा पदमा कार्यरत देवेन्द्रबहादुर के.सी. सामान्य प्रशासन मन्त्रालयको मिति २०५९।७।५ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयमा सरुवा भई मिति २०५९।८।१ देखि सरुवा भएको मन्त्रालयमा हाजिर हुनुपर्नेमा हाजिर भएको नदेखिएकोले निजामती वा ऐन, २०४९ को दफा ६१ (१) को दण्ड (छ) बमोजिम ९० दिनसम्म विदा स्वीकृत नगराई तोकिएको कार्यालयमा अनुपस्थित रहेकोले सोही दफा बमोजिम सेवाबाट हटाउने वा

बर्खास्त गर्नेतर्फ आवश्यक कारबाही गर्न निजामती कितावखानाको ध्यानाकर्षणको लागि लेखिएको ।

स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

१. मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतमा औषधी खरीद गर्न आंशिक रुपमा स्वीकार गरिएका बोलपत्रहरुका प्रत्येक आइटमको कबोल दर न्यूनतम रहेको, बोलपत्रमा माग भए भन्दा बढी परिमाणका औषधीहरु खरीद गर्ने सम्झौता भए पनि बढी परिमाणमा खरीद गरिएका सामानको दर पनि न्यूनतम नै रहेको र बोलपत्रको कबोल दर बमोजिम खरीद गर्ने सम्झौता भए पश्चात् रु. १४,३१,५००।- रकम बराबरको औषधी खरीद गर्न स्वीकृत गरेको दरभाउ पत्रको दर पनि स्वीकृत बोलपत्रको दर भन्दा घटी नै रहेको हुंदा विवादित औषधी खरीद गर्ने काम कारवाईबाट श्री ५ को सरकारलाई हानी नोक्सानी नभए पनि कम रकम र परिमाणको बोलपत्र माग गरिएको अवस्थामा कबोल अंक (दर) बढी हुन सक्ने र बढी रकम र परिमाणको बोलपत्र माग गरी प्रतिस्पर्धा हुंदा कबोल अंक कम हुन सक्नेतर्फ दृष्टि नपुऱ्याएको र तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ५८.१(ख) ले एक पटकमा पाँच लाख रुपैया सम्मको मालसामान मात्र दरभाउ पत्रबाट खरीद गर्न सक्नेमा रु. १४,३१,५००।- बराबरको औषधीहरु दरभाउ पत्रबाट खरीद गर्ने निर्णय गरी आर्थिक ऐन नियमको प्रक्रिया अवलम्बन नभएतर्फ उल्लिखित निर्णयमा संलग्न पदाधिकारीहरु तत्कालीन का.मु. निर्देशक डा. श्यामसुन्दर मिश्र, वरिष्ठ फार्मेसी अधिकृत प्रकाशराज पन्त र लेखापाल दयाराम न्यौपानेलाई ध्यानाकर्षण गराइएको ।

२. आर्थिक वर्ष २०५८।५९ मा वीर अस्पताल विकास समितिले एक्सरे फिल्म तथा केमिकल्स समेत खरिद गर्न बोलपत्र माग गर्दा प्राप्त बोलपत्रहरुमध्ये प्राविधिकको राय अनुसार कोडाक ब्राण्डका फिल्मस् खरिद गर्ने गरी टी.आर. ट्रेड कन्सर्नसंग संझौता गरेको देखियो । ठेकेदारले बजारमा कोडाक ब्राण्डका फिल्म्स उपलव्ध नभएको कारण दर्शाउँदा समितिका निर्देशकले कोडाक प्राप्त नभएसम्म कोनिका ब्राण्डका फिल्महरु बोलपत्र निवेदनमा कोनिकाको लागि परेको दररेट (कोडाक भन्दा सस्तो) मा सप्लाई गर्न पाउने भनी आदेश दिएको र ठेकेदारले करिब १८ हप्तासम्म कोनिका ब्राण्डका ३४,३०० सिट सप्लाई गरेको, तत्पश्चात् मात्र कोडाक ब्राण्डका ३६,७०० सिट सप्लाई गरेको देखियो । यस खरीद प्रकृयाबाट संस्थालाई खासै थप आर्थिक भार नपरेको र फिल्महरुको अभावमा एक्सरे जस्तो संवेदनशील सेवालाई रोक्न नसकिने हुँदा कोनिका ब्राण्डका फिल्म लिएकोलाई भ्रष्टाचार गरेको वा अनुचित कार्य भएको मान्न सकिएन । तर यस खरीद प्रकृयामा आर्थिक नियम तथा बोलपत्र शर्त अनुसार ठेकेदार सप्लायरले संझौता अनुसार सामान दिन नसकेको स्थितिमा निजको संझौता रद्द गरी धरौटी जफत गरी कोनिका ब्राण्डको बोलपत्रदातासंग संझौता गर्न सकिनेमा सो नगरेको सम्वन्धमा वीर अस्पताल विकास समितिका निर्देशकलाई ध्यानाकर्षण गराइएको ।

परिच्छेद ४

विविध

क) विविध निर्णयहरु :

१. श्री ५ को सरकारको निजामती/प्रहरी/संस्थान/समिति तथा शिक्षण संस्थामा रही सार्वजनिक पद धारण गरेका राष्ट्र सेवकहरुको शंकास्पद शैक्षिक प्रमाणपत्र छानवीनको क्रममा रहेकोमा त्यस्ता राष्ट्र सेवकहरुको अवकाश एवं सुविधा सम्वन्धमा विभिन्न निकायहरुबाट निर्देशन माग भई आएका विषयहरुमा सम्बन्धित निकायहरुमा देहायको प्रकृया अवलम्वन गर्न लेखिएको :-

क) मृत्यु भएका राष्ट्रसेवकहरुको परिवारले पाउने सुविधा सम्वन्धमा : शैक्षिक प्रमाणपत्र शंकास्पद देखिई आयोगमा पठाई सकेको तथा आयोगवाट मुद्दा दायर हुनु अगावै मृत्यु भइसकेका कर्मचारीको शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण नगर्ने । प्रमाणीकरणको लागि पठाइ सकेको भए सोमा थप कारवाही अगाडि नवढाउने ।

ख) उमेर वा सेवा अवधि अनुसार अनिवार्य अवकास हुनेको सम्वन्धमा : शैक्षिक प्रमाणपत्रको छानविन भइरहेको वा मुद्दा दायर भइसकेका कर्मचारीहरु उमेरको हद वा सेवा अवधि अनुसार अनिवार्य अबकाश पाउने भएमा त्यस्ता कर्मचारीहरुलाई अवकास दिन वाधा नपर्ने र सेवा शर्त अनुसार प्राप्त हुने सुविधा सम्वन्धमा कर्मचारी संचयकोष, नागरिक लगानी कोष र संचित विदा वापतको रकमका हकमा नरोक्न, अन्यको हकमा भने छानविनबाट प्राप्त नतिजा र अदालतबाट भएको फैसला वमोजिम हुने व्यवस्था मिलाउने ।

ग) राजिनामा पेश गरेको सम्वन्धमा : शैक्षिक प्रमाणपत्र छानविनको क्रममा रहेका राष्ट्र सेवकले राजिनामा दिएमा आयोगवाट भएको छानविन नतिजा प्राप्त भएपछि मात्र नियमानुसारको सुविधा लिन सम्वन्धित राष्ट्र सेवक मन्जूर भई कवुलियत गरेको अवस्थामा त्यस्ता राष्ट्र सेवकको राजिनामा स्वीकृत गर्न सकिने । छानविनको अन्तिम किनारा नलागेसम्म त्यस्ता राष्ट्र सेवकले पाउने कर्मचारी संचय कोष, नागरिक लगानी कोष र संचित विदा वापतको रकम बाहेक अन्य सुविधाहरुका हकमा छानविनको नतिजा वा अदालतको निर्णय वमोजिम हुने ।

घ) वित्तीय सुधार कार्यक्रम अन्तर्गत स्वेच्छिक अवकास सम्वन्धमा : संस्थाको स्वेच्छिक अवकास कार्यक्रम अन्तर्गत अवकास लिन चाहने राष्ट्र सेवकको शैक्षिक प्रमाणपत्र शंकास्पद भई आयोगवाट छानविन भइरहेकोमा आयोगबाट अनुसन्धान पुरा भइसकेपछि मात्र कार्यक्रम अनुसारको सुविधा लिन सम्वन्धित राष्ट्र सेवक मन्जूर भई कवुलियत गरेको अवस्थामा त्यस्ता राष्ट्र सेवकलाई अवकास दिन सकिने । छानविनको अन्तिम किनारा लागे पछि मात्र त्यस्ता राष्ट्रसेवकले पाउने सुविधा पाउने नपाउनेबारे निर्णय गर्ने । यस्तो कार्यक्रम अन्तर्गत अवकास लिने संस्थाहरुका राष्ट्र सेवकहरुको शैक्षिक प्रमाणपत्रलाई आयोगले प्राथमिकता दिई प्रमाणीकरण गरी दिने । यसरी प्राथमिकता दिई प्रमाणीकरण कार्य गराउन लाग्ने खर्च सम्वन्धित संस्थाले व्यहोर्नु पर्ने गरी निर्देशन दिने ।

ङ) विभागीय कारवाही गरी नोकरीवाट हटाउने सम्वन्धमा : सम्वन्धित संस्थाको प्रचलित नियमानुसार विभागीय कारवाही गरी भविष्यमा अयोग्य ठहरिने गरी नोकरीवाट वर्खास्त गर्न बाधा नपर्ने । तर भविष्यमा अयोग्य नठहरिने गरी नोकरीवाट वर्खास्त गर्दा भने छानविनवाट अन्तिम टुंगो लागे पछि सोही वमोजिम हुने गरी सुविधा तत्काल प्रदान नगर्ने । तर कर्मचारी संचयकोष, नागरिक लगानी कोष र संचित विदा वापतको रकमको हकमा भने नरोक्ने ।

२. नेपाल औद्योगिक विकास निगमबाट हिमसिला कार्पेट इण्डष्ट्रिज (प्रा.) लि. लाई ऋण प्रवाह गर्दा ऋणीले पेश गरेका कागजातमध्ये विजयकुमार बस्नेत र प्रमोदराज पन्तको नाममा संयुक्त रुपमा रहेको काठमाडौं जिल्ला, खड्का भद्रकाली गाउं विकास समिति वडा नं.६ (ख) को कि.नं.६५ को जग्गामा घर रहेको भनी पेश गरेको घरको नक्सामा प्रमाणित गरिएको गाउं विकास समितिको छाप र गाउं विकास समिति सचिवको दस्तखत कीर्ते देखियो । यसैगरी सूर्यबहादुर बोहोराका नामको तत्काल काठमाडौं महानगरपालिका वडा नं.२२ (ट) को कि.नं. २२५ को जग्गा समेत देखाई निजै ऋणीले उक्त ऋण लिएकोमा यथार्थमा उक्त जग्गा ऋण लिने क्रममा पेश भएको नापी नक्सामा देखाइएको स्थानमा

नरहेको र जग्गाको प्रकृति पनि भिन्न रहेको देखियो । त्यसरी झूट्ठा विवरण पेश गरी कर्जा लिने ऋणी उक्त उद्योगका कार्यकारी निर्देशक रामबहादुर कुंवर समेतउपर सरकारी छाप दस्तखत कीर्ते लगायत प्रचलित कानून बमोजिमको कारवाही उठान गर्नु उपयुक्त हुने देखिंदा निगमबाट नै सो बमोजिम गर्न सम्बन्धित प्रहरी कार्यालयमा पठाउन लेखिएको ।

३. साविक विशेष प्रहरी विभागमा रिक्त प्रहरी सहायक निरीक्षक पद ३ खुल्ला प्रतियोगितावाट पूर्ति गर्दा अनियमितता गरेको सम्बन्धमा उक्त विभागका तत्कालीन का.मु. प्रहरी वरिष्ठ उपरीक्षक (हाल प्रहरी वरिष्ठ उपरीक्षक) महावीरप्रसाद मल्ली तथा तत्कालीन का.मु. प्रहरी वरिष्ठ उपरीक्षक (हाल प्रहरी अतिरिक्त महानिरीक्षक) सच्चिदानन्द सिटौलालाई विभागीय कारवाही गर्न लेखिएकोमा "अव आइन्दा यस प्रकारको अनुचित कार्य नगर्ने गरी यो एक पटकको लागि सचेत गराइएको भनी मिति २०५६।१२।८ मा पत्र दिइएको" भनी गृह मन्त्रालयको मिति २०५९।९।२६ को पत्रवाट प्राप्त जानकारीका सम्वन्धमा प्रहरी नियमावली, २०४९ को परिच्छेद ९ (सजाय र पुनरावेदन) को नियम ८४ मा सचेतलाई सजायको रुपमा नलिइएको हुंदा विभागीय कारवाही भएको नदेखिएकोले प्रहरी नियमावली, २०४९ बमोजिम विभागीय कारवाही गरी आयोगलाई जानकारी दिन गृह मन्त्रालयलाई लेखिएको ।

४. मानसिक अस्पताल, लगनखेलका निर्देशक निराकारमान श्रेष्ठले श्री ५ को सरकारको स्वीकृती नलिई निजी क्लिनिक संचालन गरेको सम्वन्धमा निज निर्देशकले लिखित अनुमति नलिएको कुरा स्वीकार्दै आफूले मिति २०५९।७।२३ गतेको गोरखापत्रमा प्रकाशित स्वास्थ्य मन्त्रालयको सूचना तथा स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५ बमोजिम अनुमति लिने प्रकृया सुरु गरिसकेको भन्ने बयान गरेकोले तदनुसार निजी क्लिनिक संचालन गर्ने अनुमति प्राप्त गरेमा यस आयोगमा पेश गर्न लगाउने, अन्यथा निजको क्लिनिक संचालनमा बन्देज लगाउने समेतको कानून बमोजिमको कारवाही गर्न स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

५. नेपाल विद्युत प्राधिकरणको खरीपाटी स्थित तालीम केन्द्र भवन निर्माणको लागि विस्तृत आर्किटेक्चरल तथा इन्जिनियरिंग डिजाइन, बोलपत्र डकुमेन्ट र लागत अनुमान तयार, पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन, निर्माण सुपरीवेक्षण आदि समेतको कार्य गर्न परामर्शदाताको रुपमा नियुक्त भएका स्थानीय परामर्शदाता सिल्ट कन्सल्टेन्ट्स प्रा.लि. र आर्किटेक्ट मोड्यूल्स प्रा.लि. ले बोलपत्र डकुमेन्ट तयार गर्ने क्रममा विभिन्न कामको परिमाण ब्लकवाइज रुपमा छुट्टाछुट्टै उल्लेख गरेको कारणबाट एउटै आइटमको लागि एकै समयमा एकै स्थानमा काम गर्नको लागि ठेकेदारबाट विभिन्न दर पेश हुन आएको र बोलपत्र डकुमेन्टमा प्लाष्टर अफ पेरिस (ट्रेनीज होस्टेलमा) को परिमाण आवश्यक मात्रामा उल्लेख नभएको हुँदा थप काम गराई नयाँ दर निर्धारण गरी थप रकम भुक्तानी भएको देखिन आयो । आवश्यक परिमाण बोलपत्र संझौतामा नै उल्लेख भएको भए उक्त काम अन्य भवनहरु सरहको रेट प्रति वर्ग फीट (व.फी.) रु. ११।८२ मा सम्पन्न हुन सक्नेमा कन्सल्टेन्ट स्वयंले स्वीकारे बमोजिम कूल अनुमानित परिमाण उल्लेख गर्दा गल्ती हुन गई ६०५६०.१६ व.फी. प्लास्टर अफ पेरिसको कामको लागि प्रति व.फी. रु १७।०२ का दरले भुक्तानी हुन जाँदा अन्य भवनको तुलनामा रु. ५।२० प्रति व.फी. का दरले जम्मा रु. ३,१४,९१२।८३ बढी भुक्तानी हुन गएको हुँदा उक्त रकम सिल्ट कन्सल्टेन्ट्स प्रा.लि. र आर्किटेक्ट मोड्यूल्स प्रा.लि. बाट असुलउपर गर्न लेखिएको । त्यस्तै, माथिल्लो ट्रेनिज होस्टेलमा एलुमिनियम चौखट फ्रेमको लागि भएको वास्तविक काम भन्दा वढी भुक्तानी हुन गएको रकम रु १,४५,५१५।३६ तत्कालीन ठेकेदारबाट असूलउपर गर्न लगाउने र ठेकेदारबाट असूलउपर हुन नसकेमा सम्वन्धित पदाधिकारीहरु टीम लीडर कृष्णप्रसाद श्रेष्ठ, ई. अमोघशरण मानन्धर र ई .मणीकुमार काफ्लेबाट असूलउपर गर्न लेखिएको ।

६. यस आयोगको मिति २०५९।४।१६ को निर्णय अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीलाई विदेशमा हुने तालिम, अध्ययन भ्रमण आदिमा मनोनयन गर्दा अनियमितता भएको सम्वन्धमा कारवाही गर्न र अनियमित रुपले रकम लिएका भए सो असूलउपर गर्न तथा प्राधिकरणका कर्मचारीले IFATCA को बैठकमा भाग लिंदा संचालक समितिको निर्णयले लिन पाउने भत्ता बाहेक अन्य कुनै रकम लिएको भए सो लिने कर्मचारी संग असूलउपर गर्न र निजहरुबाट असूलउपर नभएमा त्यसरी संचालक समितिको निर्णय बाहिर गई आदेश दिने पदाधिकारीबाट असूलउपर गर्न उक्त प्राधिकरणलाई लेखिएकोमा सो बैठकमा भाग लिन गएका प्रमुख अधिकृतहरु (ए.टि.सी.) विमलेशलाल कर्ण र पूर्णप्रसाद चुडालले आयोगको उक्त निर्णयबाट निजहरुले सहूलियत दरमा लिएको टिकट एवं फुटकर खर्च असूलउपर गर्दा मर्का परेकोले आयोगको निर्णयमा पुनर्विचार हुन भनी पेश गरेको निवेदनका सम्बन्धमा आयोगको मिति २०५९।४।१६ को निर्णयमा पुनर्विचार गर्नु पर्ने अवस्था नहुँदा सोही बेहोराको जानकारी निवदेकहरुलाई गराइएको ।

७. राष्ट्रिय खेलकुद परिषद्का सरोज गुरुङले यस आयोगबाट तोकिएको २०५९।१।२ को तारेख गुजारी बसेको, आयोगको मिति २०५९।४।७ को निर्णयानुसार निजको तथा निजको परिवारको नाउंको चल अचल सम्पत्ति विवरण लिई पेश गर्ने सम्बन्धमा निजलाई आयोगबाट झिकाउंदा आयोगका अनुसन्धान अधिकृतसमक्ष उपस्थित भई मलाई किन डाकेको, यसरी

डाक्दा मलाई मानसिक यातना भएकोले अदालत समक्ष मुद्दा हाल्नेछु म कुनै थप केही कुरा भन्दिन, मैले पहिले नै बयानमा भनी सकेको छु, आयोगले जे निर्णय गर्न सक्छ गरोस्, म हेरुंला भनी धम्की दिई गएको समेत विषयमा निजलाई यस आयोगमा उपस्थित हुन दिइएको अवधि समेत समाप्त भइसकेकोबाट निज सरोज गुरुङले निजसंग आयोगले माग गरेको जानकारी दिन इन्कार गरेको देखिंदा एक हजार रुपैया जरिवाना असूलउपर गरी राजस्व खातामा जम्मा गरी सोको जानकारी यस आयोगलाई दिनका साथै निज सरोज गुरुङलाई पत्र प्राप्त भएको भोलिपल्टै आयोगमा उपस्थित नभएमा निजमाथि कानून बमोजिम अग्रिम कारवाई हुने समेत जानकारी गराउन राष्ट्रिय खेलकूद परिषद्लाई लेखिएको ।

ख) विस्तृत अनुसन्धान पश्चात् तामेलीमा राखिएका विषयहरुको विवरण :

१. चौधौं एशियाली खेलकूदको तयारी तथा छनौटका लागि अर्थ मन्त्रालयवाट रु. २५ लाख निकासा भएकोमा राष्ट्रिय खेलकूद परिषद्, तालिम तथा प्रशिक्षण विभागका प्रमुख विश्वप्रकाश थापाले सो रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

२. शाही नेपाल वायु सेवा निगमले वोइङ्ग ७५७ को ईन्जिन नं ३०५९८ (RB 211- 535 E4) मर्मत गर्ने प्रकियामा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

३. भक्तपुर जिल्ला नगरकोट गाउं विकास समिति वडा नं. ३(ख) कि.नं. ६२ को अन्दाजी ५० रोपनी सरकारी पर्ती जग्गा मालपोत विभागका कर्मचारीले आवाद गरी आफ्नो नाउँमा दर्ता गरेको भन्ने विषय ।

४. अर्थ मन्त्रालय अन्तर्गत तातोपानी भन्सार कार्यालयमा तत्काल कार्यरत उप-सचिव शेरजंग ध्वज कार्की, नायव सुब्बा दयासागर पराजुली तथा आन्तरिक राजस्व कार्यालय, लाजिम्पाटमा तत्काल कार्यरत कर अधिकृत अग्नि कार्कीका सम्बन्धमा हालसम्म संकलित सवुद प्रमाणबाट मुद्दा दायर गर्न सकिने पर्याप्त आधार नदेखिएकोले पछि थप प्रमाण प्राप्त भएमा आवश्यक कारवाही हुन सक्ने गरी तामेलीमा राखिएको ।

५. राष्ट्रिय सभागृह विकास समिति अन्तर्गत बालाजु बाईसधारा सभागृह विकास समितिका प्रवन्धक समेतका कर्मचारीहरुले वाइसधारा उद्यानभित्र पम्प, पाइप, तथा केवुल जडान गर्दा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

६. सूचना तथा संचार मन्त्रालयका तत्कालीन सहसचिवले स्पेश टाईम नेटवर्कका जमिम साहसंग घूसरिसवत मागेको भन्ने विषय ।

७. राष्ट्रिय दुग्ध विकास बोर्डबाट आर्थिक वर्ष २०५७।५८ मा कार्यालय सहायक प्रथम श्रेणीको लागि दुई पदमा विज्ञापन गरेर परीक्षा लिइसकेपछि तीन पदमा नियुक्ति दिएको भन्ने विषय ।

८. तत्कालीन प्रहरी महानिरीक्षक समेतले आर्थिक वर्ष २०५७/५८ मा हतियार किन्न सम्झौता गर्दा करोडौं रुपैयाको आर्थिक हिनामिना गरेको भन्ने विषय ।

९. वीर अस्पतालले वायोकेम इम्युनोसिष्टम (यू.ए.ए.) मोडेल नं. ९१२० को रक्त परीक्षण गर्ने मेसिनलाई वढि मूल्य तिरी खरिद गरेको भन्ने विषय ।

१०. २०५५।५६ साल तिर मोवाइल फोन पैठारीका लागि तत्कालीन सूचना तथा संचार मन्त्रीले बिना इजाजत ५९००० थान मोवाइल सेट झिकाउन दिई भ्रष्टाचार गरेको भन्ने विषय ।

११. साझा प्रकाशन, सहकारी संस्था लिमिटेड, ललितपुरका महाप्रवन्धक समेतले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको पाठ्यपुस्तक ढुवानीमा अनियमितता गरेको भन्ने विषय ।

१२. आर्थिक वर्ष २०५७।५८ को ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत पाल्पा जिल्लाका विभिन्न गाउंहरुमा विद्युतीकरणको कार्य गर्दा नेपाल विद्युत प्राधिकरण, पाल्पा शाखाका प्रमुखले अनियमितता एवं भ्रष्टाचार गरेको भन्ने विषय ।

१३. नापी विभाग अन्तर्गत कित्ता नापी महाशाखाका निमित्त प्रमुखले कार्य सम्पादन मूल्यांकन फाराम सुपरीवेक्षण र पुनरावलोकन गर्ने क्राममा वदनियतपूर्ण काम गरेको भन्ने विषय ।

१४. वीर अस्पताल विकास समितिमा सी.टी. स्क्यान मेसिन खरिदमा भ्रष्टाचार भएको भन्ने विषय ।

१५. दुग्ध विकास संस्थान लैनचौरले निकालेको बोलपत्र सूचना नं. DDC/210/Deep Freeze/058/59 को बोलपत्र छनौट

गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।

१६. शहिद गंगालाल राष्ट्रिय हृदयराग केन्द्र वासवारीका एकाउन्टेन्ट विमल उप्रेतीले अस्पतालको सामान सप्लायर्ससंग मिली कमिसन खाने गरेको भन्ने विषय ।

ग) अनुसन्धान अधिकृत नियुक्त भई विस्तृत अनुसन्धान जारी रहेका विषयहरुको विवरण♦ :

अर्थ मन्त्रालय र अन्तर्गत :

१. नेपाल बैंक लिमिटेड, मुख्य शाखा कार्यालयमा धितो मूल्यांकन गर्दा अनियमित भएको भन्ने विषय ।

२. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखामा जग्गा लिलाम गर्दा अनियमित भएको भन्ने विषय ।

३. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंमा प्रोफेशनल गार्मेन्टमा कर्जा लगानीमा भ्रष्टाचार भएको भन्ने विषय ।

४. कृषि विकास बैंक, शाखा कार्यालय, भक्तपुरमा कर्जा लगानीमा अनियमित भएको भन्ने विषय ।

५. नेपाल बैंक लिमिटेडमा दि फुलवारी होटल लिमिटेडलाई कर्जा लगानी गर्दा अनियमित भएको भन्ने विषय ।

६. त्रिभुवन विश्वविद्यालयको लागि अधिग्रहण भएको जग्गा बैंकमा धितो राखी अनियमित भएको भन्ने विषय ।

७. नेपाल बैंक अफ सिलोनको शेयर लगानीमा अनियमित भएको भन्ने विषय ।

८. कैलालीका विभिन्न बैंकहरुले अरुण चन्दको पुरानो मिललाई ऋण दिई अनियमित कार्य गरेको भन्ने विषय ।

९. सम्पत्ति न्यायिक जांचबूझ आयोगको प्रतिवेदन समेतको सूचनाको आधारमा विभिन्न सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको भन्ने विषय ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :

१. शाही औषधी लिमिटेडमा भएको विभिन्न भ्रष्टाचार सम्बन्धी विषय ।

२. नेपाल आयल निगममा विभिन्न अनियमित कार्य भएको भन्ने विषय ।

कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :

१. कृषि सामाग्री संस्थाका प्रमुखले भ्रष्टाचार गरी सम्पत्ति आर्जन गरेको भन्ने विषय ।

२. कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशकले भ्रष्टाचार गरेको भन्ने विषय ।

३. कृषि विभागमा उन्नत जातका रांगा सांढे खरिदमा अनियमित भएको भन्ने विषय ।

४. साझा भण्डारमा रकम जम्मा गर्दा भौचर सच्याई अनियमित भएको भन्ने विषय ।

५. पशु उत्पादन निर्देशनालयमा रांगा खरिदमा भ्रष्टाचार भएको भन्ने विषय ।

गृह मन्त्रालय र अन्तर्गत :

१. मतदाता परिचय पत्र व्यवस्थापन कार्यालयमा बोलपत्र सम्बन्धी कार्यमा अनियमिता भएको भन्ने विषय ।

२. गोपालप्रसाद वस्यौला समेतले नक्कली राहदानी बनाई कीर्ते गरेको भन्ने विषय ।

३. विदेश जानको लागि राहदानीमा फोटो परिवर्तन गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

४. प्रहरी सेवामा कार्यरत विभिन्न अधिकृतहरुले अवैध सम्पत्ति आर्जन गरेको भन्ने विषय ।

♦ *संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने अथवा उजूरीमा उठाइएको विषयको व्यापकताका कारण एउटै उजूरीमा पनि धेरै जनालाई अनुसन्धान अधिकृत नियुक्त गरिएको हुन सक्ने हुंदा जम्मा अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लिखित विषयगत संख्यामा अन्तर पर्न सक्छ ।*

जलश्रोत मन्त्रालय र अन्तर्गत :

१. मोरंग सिंचाई आयोजनामा स्थानीय व्यक्तिलाई काम लगाई डोर हाजिरको रकम हिनामिना गरेको भन्ने विषय ।

२. भुम्केजुला सिंचाई आयोजना, सल्यानमा विविध निर्माण कार्यमा अनियमित भएको भन्ने विषय ।

३. गिरुवारी खोला नियन्त्रणको कार्यमा भ्रष्टाचार भएको भन्ने विषय ।

४. प्रगन्ना कुलो सिंचाई आयोजना, दाडमा ठेक्का पट्टामा भ्रष्टाचार भएको भन्ने विषय ।

५. ओखलढुंगा साना जलविद्युत आयोजनामा अनियमित भएको भन्ने विषय ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत :

१. मालपोत कार्यालय, डिल्लीबजारका प्रमुखले नेपाल बैंक लिमिटेडबाट रोक्का जग्गा फुकुवा गरेको भन्ने विषय ।

२. भूमिसुधार कार्यालय, धादिंगमा दर्ता बदर मोही कायम गर्दा अनियमित भएको भन्ने विषय ।

३. मोहीको स्वीकृत बिना मालपोत कार्यालयका कर्मचारी समेतको संलग्नतामा जग्गा धनीले मोही तथा जग्गाधनी दुवैको मुआव्जा रकम बुझी लगेको भन्ने विषय ।

४. मालपोत कार्यालय, डिल्लीबजारका कर्मचारीले कीर्ते काम गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५. नापी शाखा, काठमाडौंमा नाप नक्सा गर्दा सडक नभएकोमा सडक देखाई अनियमित गरेको भन्ने विषय ।

६. जलेश्वर, सुन्दरपुरस्थित श्री ठाकुरजीको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने विषय ।

७. एउटै जग्गा दुई व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :

१. चौथो सडक सुधार आयोजना अन्तर्गत परामर्शदाताको छनौटमा भ्रष्टाचार भएको भन्ने विषय ।

२. जिल्ला खानेपानी कार्यालय, ललितपुरका प्रमुखले भ्रष्टाचार गरेको भन्ने विषय ।

३. सडक विभागबाट गलत कार्य सम्पादन मूल्यांकनको आधारमा ठेकेदारको स्तरवृद्धि गरेको भन्ने विषय ।

वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

१. वन तथा भू-संरक्षण मन्त्रालयमा बेतलवी विदामा बसेका रेन्जरहरुको विदालाई तलवी अध्ययन विदामा परिणत गरेको भन्ने विषय ।

२. शाही शुक्ला फांटा वन्यजन्तु आरक्षमा जग्गा सट्टा भर्ना दिंदा अनियमित गरेको भन्ने विषय ।

३. जिल्ला वन कार्यालय, बांकेमा सालका रुख लिलाम गर्दा अनियमित गरेको भन्ने विषय ।

४. राष्ट्रिय निकुञ्जका कर्मचारीहरुले वन्यजन्तुको हड्डी छाला अवैध रुपले बिक्री गरेको भन्ने विषय ।

५. पर्सा, बर्दिया र शुक्लाफांटा राष्ट्रिय निकुञ्जहरुमा भएका भनिएका विभिन्न अनियमित कार्य सम्बन्धी विषय ।

शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

१. कुलेश्वर क्लवका अध्यक्ष समेतले अनियमित कार्य गरेको भन्ने विषय ।

२. नेपाल इन्स्टिच्युट अफ साइन्समा (NEST) संस्थाको रकम हिनामिना गरेको भन्ने विषय ।

३. उच्च माध्यमिक शिक्षा परिषद्मा पर्यवेक्षक नियुक्त गर्दा अनियमित गरेको भन्ने विषय ।

४. वन विज्ञान अध्ययन संस्थानका डिनले नियम विपरित ट्रान्सक्रिप्ट दिएको भन्ने विषय ।

श्रम तथा यातायात मन्त्रालय र अन्तर्गत :

१. यातायात व्यवस्था विभागमा गैरकानूनी तवरले सवारी दर्ता गरेको भन्ने विषय ।

सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

१. सामान्य प्रशासन मन्त्रालयबाट अनियमित तवरले १७ जना कर्मचारीलाई विशिष्ट श्रेणीमा बढुवा गरेको भन्ने विषय ।

सूचना तथा संचार मन्त्रालय र अन्तर्गत :

१. हिमालय टाइम्स, अंग्रेजी दैनिकले विदेशी लगानी गरी पत्रिका संचालन गरेको भन्ने विषय ।

२. नेपाल टेलिभिजनमा विश्वकप २००२ को प्रत्यक्ष प्रसारणको विज्ञापनमा अनियमितता भएको भन्ने विषय ।

३. नेपाल दूर संचार संस्थानका विभिन्न पदाधिकारीहरुले अवैध सम्पत्ति आर्जन गरेको भन्ने विषय ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :

१. होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रमा विभिन्न अनियमितता भएको भन्ने विषय ।

२. शाही नेपाल वायुसेवा निगमबाट ट्रान्सएरो विमान भाडामा लिंदा अनियमित भएको भन्ने विषय ।

३. नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रमुखले विमानस्थल सुधारको ठेक्कामा अनियमित गरेको भन्ने विषय ।

४. शाही नेपाल वायुसेवा निगमका कर्मचारी एवं संचालक मिली फ्रान्स र लण्डनको सेल्स एजेन्ट नियुक्तिमा भ्रष्टाचार गरेको भन्ने विषय ।

५. पुरातत्व विभाग अन्तर्गत श्वावही बहाल जीर्णोद्धारमा प्राप्त काठ हिनामिना भएको भन्ने विषय ।

६. वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा अनियमितता भएको भन्ने विषय ।

७. लुम्बिनी विकास कोषमा कर्मचारी आवश्यकताको विज्ञापनको कार्यमा अनियमितता भएको भन्ने विषय ।

८. शाही नेपाल वायुसेवा निगमका हंगकंग स्थित कर्मचारीहरुले प्रति महिना १ हजार डलर हिनामिना गरेको भन्ने विषय ।

९. लुम्बिनी विकास कोषको नाममा विदेशीबाट उठाएको चन्दा हिनामिना भएको भन्ने विषय ।

स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

१. जिल्ला विकास समिति, बारामा विभिन्न अनियमित कार्य भएको भन्ने विषय ।

२. जिल्ला विकास समिति, रसुवामा ७२ लाखसम्म पेश्की बांकी राखी अनियमित गरेको भन्ने विषय ।

३. वीरगन्ज उप-महानगरपालिकामा स्वीमिंग पुल तथा हेल्थ क्लव निर्माणमा अनियमित कार्य भएको भन्ने विषय ।

४. जिल्ला विकास समिति, कालिकोटमा अतिथि गृह निर्माणमा अनियमित कार्य भएको भन्ने विषय ।

५. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुखले भ्रष्टाचार गरेको भन्ने विषय ।

६. भक्तपुर वागेश्वरी गाउं विकास समितिका सचिवले गाउं विकास समितिको रकम हिनामिना गरेको भन्ने विषय ।

७. इटहरी नगरपालिकामा लिवेजवृज निर्माण गर्दा अनियमितता भएको भन्ने विषय ।

स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

१. वीर अस्पताल विकास समितिमा म्याद भुक्तान भइसकेको औषधी खरिद गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

घ) अन्य निकायमा आवश्यक कारबाहीको लागि उजूरी पठाएको विवरण :

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये अख्तियारवाला वा अन्य निकायबाट कारबाही हुन उपयुक्त हुने देखिएकोले त्यस्तो निकायहरुमा पठाइएको तथा आयोगबाट प्रत्यायोजित अधिकार अनुसार बिशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा सीधै पठाइएका निवेदनहरुको संख्या निम्न बमोजिम रहेको छ :

क्र.सं.	आवश्यक कारबाहीको लागि उजूरी पठाइएको निकाय	जम्मा
१	अर्थ मन्त्रालय	५६
२	आन्तरिक राजस्व विभाग	२
३	उपत्यका अपराध अनुसन्धान शाखा	१
४	उद्योग वाणिज्य महासंघ, नेपाल	१
५	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	६५
६	इटहरी नगरपालिका	१
७	इन्जिनियरींग अध्ययन संस्थान	३
८	कम्पनी रजिष्ट्रारको कार्यालय	१
९	कृषि तथा सहकारी मन्त्रालय	५४
१०	कृषि विकास बैंक	३१
११	काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालय	१
१२	काठमाडौं महानगरपालिका	१९
१३	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	२
१४	कालिमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति	१
१५	केन्द्रीय अध्यागमन कार्यालय	१
१६	खानी तथा भू-गर्भ विभाग	१
१७	गुठी संस्थान	७
१८	गृह मन्त्रालय	३५
१९	ग्रामीण आवास तथा वस्ती विकास कं.	३
२०	जनसंख्या तथा वातावरण मन्त्रालय	२
२१	जलस्रोत मन्त्रालय	८
२२	जिल्ला अदालतहरु	२
२३	जिल्ला प्रशासन कार्यालयहरु	१०१३
२४	जिल्ला प्रहरी कार्यालयहरु	६
२५	जिल्ला वन कार्यालयहरु	५
२६	जिल्ला विकास समितिहरु	७
२७	जिल्ला शिक्षा कार्यालयहरु	१४
२८	दि टिम्बर कर्पोरेशन अफ नेपाल	२
२९	दुग्ध विकास संस्थान	१
३०	निर्वाचन आयोग	६
३१	नेपाल आयल निगम	३
३२	नेपाल कृषि अनुसन्धान परिषद्	१

३३	नेपाल खानेपानी संस्थान	३
३४	नेपाल टेलिभीजन	२
३५	नेपाल दूर सञ्चार प्राधिकरण	१
३६	नेपाल दूर सञ्चार संस्थान	२१
३७	नेपाल नागरिक उड्डयन प्राधिकरण	२
३८	नेपाल बार काउन्सिल	२
३९	नेपाल बैंक लिमिटेड	५
४०	नेपाल राष्ट्र बैंक	१७
४१	नेपाल विद्युत प्राधिकरण	१९
४२	नेशनल कन्स्ट्रक्शन कम्पनी, नेपाल	२
४३	न्याय परिषद्	१०
४४	न्याय सेवा आयोग	५
४५	परराष्ट्र मन्त्रालय	२
४६	पनौती नगरपालिका	१
४७	पशुपति क्षेत्र विकास कोष	१
४८	पृथ्वीनारायण नगरपालिका, गोरखा	१
४९	पुरातत्व विभाग	२
५०	पोखरा विश्वविद्यालय	१
५१	प्रहरी प्रधान कार्यालय	२१
५२	प्राविधिक शिक्षा तथा व्यववसायिक तालिम परिषद्	१
५३	भक्तपुर जिल्ला अदालत	०
५४	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१४३
५५	भूमिसुधार कार्यालय, रौतहट	१
५६	भू तथा जलाधार संरक्षण विभाग	१
५७	भौतिक योजना तथा निर्माण मन्त्रालय	२९
५८	मध्यपुर थिमी नगरपालिका	१
५९	महालेखा परीक्षकको विभाग	१
६०	महालेखा नियन्त्रक कार्यालय	१
६१	मर्स्याङ्दी जलविद्युत परियोजना	१
६२	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२
६३	मन्त्रिपरिषद् सचिवालय	२
६४	मालपोत कार्यालयहरु	१

६५	यातायात व्यवस्था विभाग	४
६६	रक्षा मन्त्रालय	२२
६७	राजस्व अनुसन्धान विभाग	१३
६८	राष्ट्रिय अनुसन्धान विभाग	१
६९	राष्ट्रिय खेलकूद परिषद्	४
७०	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
७१	राष्ट्रिय मानवाधिकार आयोग	९
७२	राष्ट्रिय योजना आयोग	२
७३	राष्ट्रिय वाणिज्य बैंक	१६
७४	रेडक्रस सोसाइटी	१
७५	रेडियो प्रसार विस्तार सेवा समिति	२
७६	ललितपुर उप-महानगरपालिका	१
७७	लोक सेवा आयोग	९
७८	वन तथा भू-संरक्षण मन्त्रालय	६४
७९	वन विभाग	१
८०	विज्ञान तथा प्रविधि मन्त्रालय	३
८१	वीर अस्पताल	१
८२	शाही नेपाल वायुसेवा निगम	८
८३	शिक्षा तथा खेलकूद मन्त्रालय	२०१
८४	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	३०
८५	श्रम तथा रोजगार प्रवर्द्धन विभाग	३
८६	सडक विभाग	२
८७	समाज कल्याण परिषद्	७
८८	सर्वोच्च अदालत	२
८९	सहकारी विभाग	३
९०	सशस्त्र प्रहरी प्रधान कार्यालय	१
९१	सामान्य प्रशासन मन्त्रालय	३
९२	सिंचाई विभाग	७
९३	सिंहदरवार वैद्यखाना	१
९४	सूचना तथा सञ्चार मन्त्रालय	२०
९५	संसद सचिवालय	१
९६	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	८

९७	स्थानीय विकास मन्त्रालय	७९
९८	स्वास्थ्य मन्त्रालय	२७
९९	स्वास्थ्य सेवा विभाग	७
१००	हुलाक सेवा विभाग	६
१०१	क्षेत्रीय प्रशासन कार्यालयहरु	१०९
१०२	क्षेत्रीय वन निर्देशनालय	३
१०३	त्रिभुवन विश्वविद्यालय	४७
	जम्मा उजूरी संख्या	२३८६

ङ) विभागीय वा अन्य कारबाही गर्न वा सचेत गराउन लेखिएका विषयको कार्यान्वयन स्थिति :

यस आयोगको स्थापना कालदेखि हालसम्म आयोगले गरेको अख्तियार दुरुपयोग सम्बन्धी काम कारबाहीबाट देखिन आएको तथ्यको आधारमा विभिन्न निकायमा प्रेषित विभागीय कारबाहीको सिफारिस तथा सचेत गराउन लेखिएका पदाधिकारीको सम्बन्धमा हालसम्म सम्बन्धित निकायहरुबाट कारबाही गरिएको जानकारी प्राप्त हुन नसकेको विवरण निम्नानुसार छ :-

अर्थ मन्त्रालय र अन्तर्गत :-

(१) राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालयका व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीतपत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।४ को निर्णय अनुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्तउपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(२) शाही नेपाल वायुसेवा निगमको हंगकंग-काठमाडौं उडानबाट आउँदै नआएको व्यक्तिको नाममा सुनचांदी छुटाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।५को निर्णयानुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख द्वारिकाप्रसाद उपाध्याय, उपसचिव ईश्वरप्रसाद पोखरेल, शाखा अधिकृत टंककुमार साख तथा ना.सु. कूलराज ज्ञवालीउपर विभागीय कारबाही गर्न अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(३) निम्नकोटीको मदिरा उत्पादन एवं बिक्री वितरण गर्न बोलपत्र आह्वान गरी ठेक्का दिएको तथा रेक्टिफाइड स्प्रीट उत्पादन एवं बिक्री वितरण समेत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।९।२२ को निर्णयानुसार तत्कालीन शाखा अधिकृत सनतकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त नभएको ।

(४) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंले केन्द्रीय कार्यालयको स्वीकृति बिना कोदन इन्टरप्राइजेज समेतलाई कर्जा प्रवाह गर्दा धितोको बढी मूल्यांकन गरेको, गोदाम नभेटिएको र सामान नपुग भएको कारणबाट बैंकलाई गैरकानूनी हानि र पार्टीलाई अनुचित लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।९।१३ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, काठमाडौं शाखाका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, एकाउण्टेण्ट नरेन्द्रबहादुर प्रधान, गोदाम इन्चार्ज पुरुषोत्तमबहादुर खत्री, पारसप्रकाश पाण्डे, कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले र एकाउन्टेण्ट रामप्रसाद भण्डारीउपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, तत्कालीन एकाउन्टेण्ट नरेन्द्रबहादुर प्रधान तथा कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले समेतलाई विभागीय कारबाही नै नगरी अनिवार्य अवकास हुने मौका दिइएको साथै अन्यको हकमा पनि विभागीय कारबाही गरेको जानकारी हालसम्म प्राप्त नभएको ।

(५) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयका कर्मचारीहरुले केन्द्रीय कार्यालयको स्वीकृति बिना नेपाल उड स्टक कम्पनी प्रा.लि. का सञ्चालक खेमचन्द्र चौडरीयालाई ऋण प्रवाहमा धितोको बढी मूल्यांकन गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय काठमाडौंका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, एल.सी. शाखा इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ तथा एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले मिति २०५६।११।१६ मा तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय अनिवार्य अबकास भई सकेको, तत्कालीन एल.सी. इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ लामो समयदेखि अनुपस्थित रहेको र अनुपस्थित मितिदेखि लागू हुने गरी राजिनामा समेत दिई सकेको तथा तत्कालीन एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर अर्कै उजूरीको सम्बन्धमा भ्रष्टाचारमा मुद्दा परी स्वतः निलम्वनमा रहेको भन्ने बेहोराको पत्र आयोगलाई प्राप्त भएको । यसमा आयोगको पूर्व निर्णयानुसार विभागीय कारबाही गर्नेतर्फ हालसम्म पनि कुनै कारबाही चलाएको नदेखिएको ।

(६) दुग्ध विकास संस्थानले भारतको डेली फूडबाट आयात गरेको कम गुणस्तरको धूलो दूधको आयात प्रतीतपत्र स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।१० को निर्णयानुसार वीरगञ्ज भन्सार कार्यालयका तत्कालीन भन्सार अधिकृत सुरेशकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(७) मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली-काठमाडौं आर.ए. नं. २१८ को उडानबाट आएकी उषा सुब्बा नामक यात्रुले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलेमतो गरी चोरी पैठारी गरेको भन्ने सम्बन्धमा ना.सु. नरेन्द्र बस्नेत, ना.सु (प्रा.) गोविन्दनाथ मिश्र, खरीदार मोहनकुमार पोखरेल, खरीदार अशोक सत्याललाई समेत विभागीय कारबाही गर्न अर्थ मन्त्रालयलाई लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(८) राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुरबाट नहरमा परेको जग्गालाई धितो मूल्यांकन गरी ऋण प्रवाह गरी अनियमितता गरेको भन्ने सम्बन्धमा उक्त कार्यालयका सह-लेखा अधिकृत सूर्यनाथ न्यौपानेलाई विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(९) राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ललितपुर इमाडोल स्थित ६-२-०-० रोपनी जग्गा धितो लिई रु. १५ लाख हाईपोथिकेशन ऋण प्रवाह गरेकोमा सो धितो जग्गा अति थोरै मूल्य रु. २९,९५५।- मा लिलाम गरी बैंकका कर्मचारी समेतको मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा राजेश्वर आचार्यलाई विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालयमा र गोदाम रक्षक केशवसिंह ठकुरी लगायतका पदाधिकारीहरुलाई विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(१०) तातोपानी भन्सार कार्यालयमा बसपार्क निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सो कार्यालयका प्रमुख शेरजंगध्वज कार्की, डिभिजन सडक कार्यालयका तत्कालीन डिभिजन प्रमुख निज रामकुमार लम्साल, डिभिजन सडक कार्यालय. चरिकोटका तत्कालीन इन्जिनियर नवीनमान श्रेष्ठउपर विभागीय कारबाही गर्न सम्वद्ध मन्त्रालयहरुमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(११) कर अधिकृत निशितकुमार पौडेलले मन्त्रीदेखि सचिवसम्मको कीर्ते सही गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निजलाई आफ्नो पदबाट निलम्वन गरी श्री ५ को सरकारको सेवाबाट हटाउने सम्बन्धी विभागीय सजायको कारबाही गर्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(१२) राष्ट्रिय बाणिज्य बैंक, महेन्द्रपुल शाखाबाट निलम ह्याचरी प्रा.लि.लाई विभिन्न मितिमा कर्जा प्रवाह भएकोमा अब असूल उपर हुन नसक्ने अवस्थामा पुगेकोले तत्कालीन प्रवन्धक शशि शर्मा प्याकुरेल र एकाउन्टेन्ट प्रवीण श्रेष्ठलाई विभागीय कारबाही गर्न र निमित्त एकाउन्टेन्टको रुपमा कार्य गर्ने श्रीकृष्ण खड्कालाई सचेत गर्न उक्त बैंकको केन्द्रीय कार्यालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :-

(१) बांसवारी छाला जुत्ता कारखाना लि.को हाताभित्रको जग्गा संचालक समितिको निर्णयले प्रचलित दरभन्दा कम मूल्यमा च्याम्पियन फूट वेयरलाई बिक्री गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा यस आयोगबाट मिति २०४९।११।५ को निर्णयानुसार तत्कालीन संचालक समितिका पदाधिकारीहरुलाई सतर्कता अपनाउन मन्त्रिपरिषद् सचिवालयलाई लेखी

गएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) चिया विकास निगम लि. को वर्ने चिया कमानको हरियो चिया पत्ति बिक्री गर्दा र चिया प्याक गर्ने टीनको बट्टा खरीद गर्दा अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।१२।२३ को निर्णयानुसार नेपाल चिया विकास निगमका कार्यकारी अध्यक्ष रामकुमार थापा, वर्ने चिया कमानका प्रवन्धक शिवप्रसाद आचार्य तथा वर्ने चिया कमान बिक्री महाशाखा प्रमुख बाबुराम पौडेललाई सचेत गराउन नेपाल चिया विकास निगमलाई लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) हेटौडा सिमेन्ट उद्योग अन्तर्गत ओखरे खोलासम्म जाने प्रवेश मार्ग निर्माण अन्तर्गत सम्झौताभन्दा कम तौलको ग्याबियन तार जाली प्रयोग गरी निर्माण कार्य गराई सम्झौताकै दर रेटमा बील भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।३।४ को निर्णयानुसार हेटौडा सिमेन्ट उद्योग लि. का तत्कालीन नायव महाप्रवन्धक राधेश्यामप्रसाद चौरसिया र का.मु. नायव महाप्रवन्धक शिरोमणी ढकाललाई सचेत गर्न उद्योग मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त नभएको ।

(४) कोइला आयातको सम्झौता गर्दा घटी लिने गरी सम्झौता गरेको, जग्गा खरीद, भवन निर्माण, टेलिफोन सुविधा, तथा औषधी उपचार खर्च समेतमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।३।१३ को निर्णयानुसार नेपाल कोल लिमिटेडका तत्कालीन नायव महाप्रवन्धक बिष्णुराज अर्यालेलाई विभागीय कारबाही गर्न आपूर्ति मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(५) नेपाल खाद्य संस्थानमा खाद्यान्न ढुवानी गर्दा बोलपत्र रद्द नगरी नेगोसिएशन गरिएको भए कम्तिमा बोलपत्र दरमा ढुवानी गराउन सकिनेमा बोलपत्र रद्द गरेको कारणले सो अवस्था अन्त्य भई संस्थानलाई रु. ८०,६५,८८५।१८ बराबरको थप व्ययभार हुन गएको प्रष्ट देखिनका साथै नेकोन एयरले कबोल गरेको बोलपत्र दरमा बीस प्रतिशत थप व्यय भार वहन गर्नु पर्ने गरी बोलपत्र शर्त विपरीत निर्णय गरी संस्थानलाई रु. ५,९०,८३८।– थप व्यय भार पर्न गएको र आर्थिक वर्ष २०५३।५४ को लेखा परीक्षण प्रतिवेदनमा समेत यी दुवै कलम बेरुजु कायम भइरहेको देखिन आएकोले तत्कालीन सन्चालक समितिका सदस्यहरुमध्ये हाल श्री ५ को सरकारको सेवामा रहेका जगन्नाथ थपलिया (सहसचिव, कृषि मन्त्रालय) लाई विभागीय कारबाही गर्न लेखिएकोमा हालसम्म सोको जानकारी प्राप्त हुन नआएको ।

(६) नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले श्री ५ को सरकारले तोकेको सुविधा भन्दा वढी लिनुखानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्ण चन्द्र झाले तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(७) जिल्ला प्रशासन कार्यालय, संखुवासभामा कार्यरत खरीदार राधाकृष्ण नेपालले तथ्यगत अध्ययन नगरी नआएको नून हेलिकोप्टरबाट आएको भनी प्रतिवेदन दिनुका साथै सो कार्य सहायक प्रमुख जिल्ला अधिकारीको करकाप, जवरजस्तीमा परी गरेको भन्ने बहानामा बिना कूपन ५३० थान कूपन प्राप्त भएको भर्पाई गरी संखुवासभा वहुउद्देश्यीय सहकारी संस्था लि. का राजकुमार श्रेष्ठलाई दिएको हुंदा विभागीय कारबाही गर्न गृह मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :–

(१) तत्कालीन कृषि मन्त्री पद्मसुन्दर लावतीले आफ्नो निवासको टेलिफोन खर्च नेपाल कृषि अनुसन्धान परिषद्बाट जवरजस्ती भुक्तानी गर्न लगाई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।७।१७ को निर्णयानुसार कृषि अनुसन्धान परिषद्को तत्कालीन कार्यकारी निर्देशक उपेन्द्र मिश्र तथा कृषि मन्त्रालयका तत्कालीन सचिव दानबहादुर शाही समेतलाई सचेत गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(२) कृषि औजार कारखानाले आवश्यक पर्ने बियरिङ्ग खरीद गर्ने सम्बन्धमा टाम चाइनिज बियरिङ्ग पोल सप्लायर्ससंग भएको सम्झौता बमोजिम खरीद नगरी निजको धरौटी समेत फुकुवा गरी अन्यत्रबाट खरीद गरी अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।९।२ को निर्णयानुसार कृषि औजार कारखानाका तत्कालीन महाप्रवन्धक रमेश नेपाललाई सतर्क गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(३) पशु सेवा विभागबाट तालीम संचालन गर्ने गराउने जिम्मेवारी प्राप्त क्षेत्रीय पशु तालीम केन्द्र विराटनगरका तत्कालीन

तालीम अधिकृत डा. योगेन्द्रप्रसाद यादवले आफू तालीम अधिकृत भएकै बेला गैर सरकारी तालीम संचालन गरी तालीममा सहभागी नै नभएकी जि. खोटाङ्ग खाल्टे गाउं विकास समिति वडा .नं. ७ बस्ने यशोदा के.सी.लाई तालीम प्राप्त गरेको भनी प्रमाण-पत्र दिने दिलाउने कार्य गरेको र उक्त प्रमाण-पत्रमा श्री ५ को सरकारको पूर्व स्वीकृति बिना श्री ५ को सरकारको निशान छाप, चिन्ह, तालीम भवन र सरकारी छाप समेत प्रयोग गरेको र छुट्टै कार्यालयको कार्य संचालन समेत आफू कार्यरत तालीम केन्द्रबाटै गर्ने गरेकोले निज डा. योगेन्द्रप्रसाद यादवलाई विभागीय कारबाही गरी निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को ३ बमोजिम ५ (पांच) वर्षसम्म बढुवा रोक्का गर्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त नभएको ।

(४) नेपाल कृषि अनुसन्धान परिषद्ले लिएको विभिन्न तहको परीक्षाको नतीजा प्रकाशन गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा पदपूर्ति समितिका सदस्यहरु वरिष्ठ वैज्ञानिक डा. माधव जोशी, बाली रोग विज्ञान महाशाखा प्रमुख डा. सुन्दरकुमार श्रेष्ठ, कृषि तथा सहकारी मन्त्रालयका सहसचिव सुरेशकुमार बर्मा, र सदस्य सचिव एवं बाली तथा बागवानी अनुसन्धान निर्देशक दुलारचन साहु पथिकलाई र पदपूर्ति समितिको बैठकमा आमन्त्रित भई परीक्षाको नतीजा प्रकाशन लगायतका कार्यमा संलग्न रहेका कर्मचारी प्रशासन शाखा (नेपाल कृषि अनुसन्धान परिषद्) का प्रशासकीय अधिकृत कुमारबहादुर थापालाई विभागीय कारबाही गर्न लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(५) सह-लेखापाल निलाबहादुर रायमाझीले मस्यौट गरेको रकम रु. २,०६,०७१।३६ आन्तरिक लेखा परीक्षण बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेको भएपनि उक्त विवाद आर्थिक वर्ष २०५२।५३ को देखिंदा उक्त रकम मस्यौट गरेको दिनदेखिको दशौंदका हिसाबले सूद समेत असूल गराई निजलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवालाकहां लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(६) कृषि विकास योजना नक्टाझिझमा आर्थिक वर्ष २०५७।५८ मा Impact evaluation of Deep Tubewell irrigation in the Command area of the Agriculture development project (पहिलो काम) र Impact evaluation of Agriculture development project and preparation of project for donor agency (दोश्रो काम) सम्बन्धी दुईवटा अध्ययनको काम गराउंदा योजना प्रमुख बद्रिप्रसाद विमोलीलाई विभागीय कारबाही हुन र शुरु टिप्पणी उठाई आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ विपरीत राय पेश गर्ने कृषि इञ्जिनीयर फुलगेन प्रधान तथा सोही नियमावली विपरीत भए गरेको काममा आफ्नो राय नबझाई सहमति जनाउने मूल्यांकन समितिका सदस्यहरु मध्येका लेखा अधिकृत मुकुन्दकेशरी पोखरेल र हाइड्रोजियोलजिष्ट इच्छाकुमार श्रेष्ठलाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रीलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

गृह मन्त्रालय र अन्तर्गत :-

(१) जिल्ला प्रशासन कार्यालय, सिरहाका का.मु. प्रमुख जिल्ला अधिकारीले रकम लिई नागरिकता तथा राहदानी वितरण गरेको भन्ने सन्दर्भमा आयोगको मिति २०५६।४।२५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सिरहाका तत्कालीन का.मु. प्रमुख जिल्ला अधिकारी शालिग्राम सापकोटालाई विभागीय कारबाही गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(२) गृह मन्त्रालयले ५० वटा गाडी खरीद गर्ने सम्बन्धमा बोलपत्र आह्वान गर्दा घटी कबोल गर्ने बोलपत्रदाताभन्दा २ लाख ३५ हजार बढी भएको कम्पनीलाई बोलपत्र दिने निर्णय गरी कमिशन लिनु खानु गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।५।१६ को निर्णयानुसार गृह मन्त्रालयका तत्कालीन सचिव पदमप्रसाद पोखरेल तथा सह सचिव पुरुषोत्तम ढकाल समेतलाई सचेत गराउन गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(३)पूर्वान्चल अनाथाश्रमका बालबालिकाहरु अनियमित तवरले विदेशीहरुलाई धर्मपुत्र/पुत्री दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।१०।१० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मोरंगका तत्कालीन प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडा तथा पूर्वान्चल अनाथाश्रम विराटनगरका प्रमुख सीता पोखरेलउपर विभागीय कारवाई गर्न गृह मन्त्रालय तथा समाज कल्याण मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(४) गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कारबाही गर्न लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त नभएको ।

(५) भोजपुर जिल्लाको कारागार भवन एवं कम्पाउण्ड वाल निर्माण गराउंदा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।१०।१८ को निर्णयानुसार जिल्ला कार्यालय, भोजपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारीद्वय नरेन्द्रराज पौडेल र वामनप्रसाद न्यौपाने तथा जिल्ला भवन कार्यालय, भोजपुरका का.मु. अ.इ. रत्नबहादुर काफ्लेउपर विभागीय कारबाही गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(६) नाम्गेल डोल्कर लामा र निजको पूर्व पति जर्मन नागरिक कास्टेन डाइकसंगको आफ्नो सम्पत्तिमा विवाद परी काठमाडौं जिल्ला अदालतमा कारबाही चलिरहेको मुद्दा र प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयबाट हुने कारबाहीको टुंगो नलागेसम्म निजहरुको सम्पत्ति यथास्थितिमा राख्ने भन्ने जिल्ला प्रशासन कार्यालयको आदेश विपरीत कार्य गर्ने वडा प्रहरी कार्यालय, बौद्धका प्रहरी निरीक्षक तुलसीप्रसाद अधिकारीलाई प्रहरी नियमावली अनुसार विभागीय कारबाही गर्न गृह मन्त्रीलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएका ।

जलस्रोत मन्त्रालय र अन्तर्गत :-

(१) प्रचलित कानून विपरीत अनुचित निर्णय गरी कर्मचारीको बृत्ति विकासमा बाधा पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।२६ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कीर्तिचन्द ठाकुर, तत्कालीन निर्देशक प्रेमराज गौतम, बढुवा समिति सदस्य सुशीलकुमार शर्मा समेतलाई विभागीय कारबाही गर्न नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी आयोगमा प्राप्त नभएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत :-

(१) घर नभएको जग्गालाई घर भएको भनी चपली गाउं विकास समिति वडा नं. ७ कि.नं. ७४ को ७ आना जग्गा मोहियानी खरीद बिक्री गर्ने गराउने गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।९।२१ को निर्णयानुसार भूमिसुधार कार्यालय, काठमाडौंका तत्कालीन ना.सु. रामकृष्णराज तिमिल्सिना र शम्भुप्रसाद अर्याललाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिगएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(२) नक्साल भगवती मन्दिर कम्पाउण्डसंग रहेको पूजाघर र असन अन्नपूर्ण गुठीको गोंगबु स्थित २ रोपनी जग्गा गुठी संस्थान ऐन विपरीत व्यक्तिको नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हिनामीना गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।३।३० को निर्णयानुसार गुठी संस्थानका सहायक प्रशासक गिरीधारी भट्टलाई विभागीय कारबाही गर्न गुठी संस्थानमा लेखी पठाएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(३) भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ३ दत्तात्रेय स्थित जंगम मठको पाटी कानून विपरीत कम रकम कबोल गर्ने व्यक्तिलाई भाडामा दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।६।२२ को निर्णयानुसार गुठी तहसिल तथा खर्च कार्यालय, भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दीपकबहादुर पाण्डेलाई सचेत गराउन गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारबाहीको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

(४) भीमभक्तेश्वर गुठीको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।१०।१५ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका अधिकृत ध्रुवप्रसाद वाग्ले र ना.सु. कोमलप्रसाद श्रेष्ठउपर विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त नभएको ।

(५) गुठी तैनाथी जग्गामा मोही कायम गर्ने समेत विभिन्न अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।२।१४ को निर्णयानुसार गुठी संस्थानका तत्कालीन नवौं तहका अधिकृत कृष्णमुरारी शर्माउपर सख्त विभागीय कारबाही गर्न लेखी गएकोमा निजले २०५५।८।४ मा अनिवार्य अवकास प्राप्त गरेको भन्ने गुठी संस्थानको २०५७।२।३ को पत्रबाट जानकारी प्राप्त हुन आएको । समयमै आयोगको निर्णय कार्यान्वयन नगरी उदासीन रहने जिम्मेवार पदाधिकारीहरुको नामावली तुरुन्त उपलब्ध गराउन गुठी संस्थानलाई लेखी गएकोमा जानकारी प्राप्त नभएको ।

(६) नुवाकोट जिल्ला मालपोत कार्यालय समेतले नुवाकोट जिल्ला चतुराले गाउं विकास समिति अन्तर्गतको परापूर्वकालदेखि सरकारी वन बुट्यान जनिएको जग्गा गीता फलोद्यानको नाउंमा दर्ता गराई सरकारी वन जंगल हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५३।१।११ को निर्णयानुसार

मालपोत कार्यालय, नुवाकोटका खरीदार आनन्दमान श्रेष्ठ, जिल्ला वन कार्यालयका सहायक वन अधिकृत अरुणकुमार श्रीवास्तव, वन नियन्त्रक माधवप्रसाद आचार्य, खरीदार रत्नबहादुर ओझा, वन सहायक रामचन्द्र साह समेतउपर विभागीय कारबाही गर्न मालपोत विभाग तथा वन विभाग समेतमा लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

(७) जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरीत गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धांधली गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५०।१०।२९ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मालपोत अधिकृत कलाधर देउजा, शान्तबहादुर श्रेष्ठउपर विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा तोकिएको कामकाज गरेको हुंदा कारबाही गर्न नपर्ने भनी मालपोत विभागबाट लेखी आएको तर आयोगको निर्णयानुसारको कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(८) धनगढी नगरपालिका - ३ का वंशीधर शर्माको कि.नं. ७०४ को घर भएको जग्गालाई घर नभएको भनी झूठा फील्ड निरीक्षण प्रतिवेदन दिने नापी कार्यालय, कैलालीका अमीन गंगाप्रसाद मालीलाई विभागीय कारबाही गरी सोको जानकारी यस आयोगलाई दिन नापी विभागलाई लेखिएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(९) भूमिसुधार सचिव योद्धा शाहले पश्चिम नेपाल टोपोग्राफिकल नक्सा आयोजनालाई गैह्र कानूनी दबावमा मोवाइल टेलिफोन जडान गर्न लगाई आफैले सो फोन प्रयोग गरी महसूल समेत सोही कार्यालयबाट तिर्न लगाई "अनुचित कार्य" गरेकोले निज योद्धा शाहलाई विभागीय कारवाहीको लागि मन्त्रिपरिषद् सचिवालयलाई लेखिएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त नभएको ।

भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :-

(१) रसुवा स्थित हेलिप्याड निर्माण गराउंदा अनियमित कार्य गरेको सम्बन्धमा आयोगको मिति २०४९।९।१६ को निर्णयानुसार अ.ई. किरणकुमार चित्रकार र ओ.सि. राजकुमार श्रेष्ठलाई विभागीय कारवाई गर्न लेखी पठाएकोमा निजहरु कार्यरत तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयले कारबाही गरेको जानकारी हालसम्म पनि उपलब्ध नभएको ।

(२) इलाम बजार क्षेत्रमा नेपाल दूर संचार संस्थानले पिच सडक खनी केबुल बिछाएको ठाउंमा डिभिजन सडक कार्यालय, इलामबाट लागत अनुमान अनुसार मर्मत सम्भार कार्य नभएको भन्ने सम्बन्धमा डिभिजन सडक कार्यालय, इलामका डि.इ. गोपालप्रसाद सिंहलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :-

(१) तत्कालीन बांके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्ष समेतले जग्गा वितरण गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०४८।११।५ को निर्णयानुसार मालपोत कार्यालय बांकेका तत्कालीन मालपोत अधिकृत श्यामनन्द सुमन तथा भेरी अन्चल क्षेत्रीय बसोवास कार्यालय, बांकेका तत्कालीन ना.सु. खेमराज सुवेदीउपर सचेत गराउन वन तथा वातावरण मन्त्रालयमा लेखी गएकोमा तत्कालीन वन तथा वातावरण मन्त्रालयले मिति २०४८।१२।२६ मा सचेत गराउने निर्णय गरेको तर सम्बन्धित कर्मचारीलाई सचेत गराईएको जानकारी भने प्राप्त नभएको ।

(२) जिल्ला वन कार्यालय, रसुवाका का.मु. जिल्ला वन अधिकृतले वन विज्ञान अध्ययन संस्थान, पोखराबाट पासै नगरेको वि.एस. सी. फरेष्ट्री पास गरेको देखाएको भन्ने सम्बन्धमा रामयशप्रसाद साहलाई विभागीय कारवाई गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(३) जिल्ला वन कार्यालय, बर्दियाका जिल्ला वन अधिकृतले सरकारी वन जंगल क्षेत्रका रुखहरु ठेकेदारसंग मिलेमतो गरी अबैध रुपले कटान गरेको सम्बन्धमा तत्कालीन का.मु. जिल्ला वन अधिकृत लालनारायण सिंहलाई विभागीय कारवाई गर्न वन तथा भू संरक्षण मन्त्रालयमा लेखिएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(४) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत राजपत्राङ्कित द्वितीय (वन, जनरल फरेष्ट्री) श्रेणीका अधिकृतहरुको मिति २०५८।१०।२५ को राज्यमन्त्री स्तरको सरुवा सम्बन्धी निर्णयमा सरुवाको प्रस्ताव गर्ने वन विभागको महानिर्देशक दिव्यदेव भट्ट तथा सरुवा सदर गर्ने माननीय वन तथा भू संरक्षण राज्य मन्त्री सुरेन्द्र हमाललाई सचेत गराउन क्रमशः

वन तथा भू-संरक्षण मन्त्री र सम्माननीय प्रधानमन्त्रीसमक्ष लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(५) बुडर-जोगबुढा-दैजी सडकको सडक रेखाङ्कनभित्र परेका विभिन्न जातका २५२६ रुखहरु २०५० साल असार मसान्त भित्र कटान गरी निकासी गर्ने गरी मिति २०४९।३।८ मा जिल्ला वन कार्यालय, डडेल्धुरा र ठेकेदार रामहरि शर्मा बीच भएको करारनामा विपरीत करारको अवधि समाप्त भएको ६।७ वर्षपछि रुख काट्न दिने निर्णय गरेको सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव रविबहादुर विष्टबाट हर्जाना असुल गर्न तथा विभागीय कारबाही गर्नका लागि वन तथा भू संरक्षण मन्त्रीसमक्ष लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गत :-

(१) नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनाष्ट)ले बिना नीति नियम इ-मेलको संचालन गरी विभिन्न व्यक्ति एवं संस्थालाई लाइन वितरण गरी संस्थालाई हानि नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार रोनाष्टका तत्कालीन उपकूलपतिलाई सचेत गराउन रोनाष्टमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(२) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशकले पदीय प्रभावको आधारमा बालाजु यन्त्रशाला प्रा.लि.को १४ लाख रुपैया वरावरको एक तृतियांश शेयर खरीद गरी कार्यालय समयमा नै उक्त कारखानामा रुजु हाजीर समेत रही विभिन्न अनियमितता गरेको भन्ने सम्बन्धमा कार्यकारी निर्देशक डा. मदनबहादुर बस्नेतलाई विभागीय कारबाही गर्न विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :-

(१) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्रोत केन्द्र सबलीकरणका लागि डानिडाबाट प्राप्त नगद एवं वस्तुगत सहयोग वितरण तथा सामान खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।१०।१९ को निर्णयानुसार स्रोत केन्द्र विकास एकाईका एकाई प्रमुख शोभितराम बिष्टउपर विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(२) विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा योजना क्षेत्रभित्र संचालित सर्कुलर पोखरी खन्ने कार्यमा वास्तविकताभन्दा बढी कार्यदिन देखाई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार लुम्बिनी विकास कोषको तत्कालीन संचालक समितिलाई सचेत गराउन शिक्षा मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(३) जिल्ला शिक्षक छनौट समिति, कैलालीले आर्थिक वर्ष २०५२।५३ मा ५१ जना प्राथमिक विद्यालय शिक्षक पदको लागि विज्ञापन प्रकाशित गरी प्रतियोगितात्मक लिखित परीक्षा लिई सफल उम्मेदवारहरुको नामावली प्रकाशित गरी सकेकोमा अनियमित तवरबाट १४ परीक्षार्थीलाई पुनर्योगबाट सफल गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा प्राथमिक विद्यालय शिक्षक छनौट समितिका पदाधिकारी प्रधान अध्यापक यादवप्रसाद जोशी, प्रधान अध्यापक खगेन्द्रदत्त चटौत र शिक्षक हेमराज ओझा तथा माध्यमिक विद्यालय र निम्नमाध्यमिक विद्यालय शिक्षक छनौट समितिका पदाधिकारी क्षेत्रीय शिक्षा निर्देशक नीलबहादुर के.सी., प्रधान अध्यापक राधेश्याम जोशी, शिक्षक लालबहादुर कठायत र प्रधान अध्यापक मुक्तिनाथ शर्मा समेतलाई विभागीय कारवाईका लागि र अस्थायी कार्यरत रहेका हाल अबकाश प्राप्त विद्यालय निरीक्षक हिक्मतबहादुर शाहीको अभिलेख राख्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म पनि विभागीय कारवाईको जानकारी प्राप्त नभएको ।

(४) शिक्षा मन्त्रालयबाट शिक्षा नियमावलीमा भएको व्यवस्था विपरीत प्राथमिक विद्यालयहरुको लेखा परीक्षण कार्य शिक्षा मन्त्रालयबाट पारिश्रमिक भुक्तानी दिने गरी नाम मात्रको लेखा परीक्षण गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा शिक्षा मन्त्रालयका तत्कालीन सचिव शरद भट्टराईको अभिलेख राख्न र सहसचिव विश्वनाथ ढकाल र उपसचिव (लेखा) गोपिनाथ मैनालीलाई सचेत गराउन विभागीय मन्त्रीसमक्ष लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(५) शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालयबाट २०५५ सालको एस्.एल.सी. परीक्षाको नतीजा प्रकाशन गर्दा अनियमित गरेको सम्बन्धमा तत्कालीन परीक्षा नियन्त्रक हरिबोल खनाललाई विभागीय कारवाई गर्न अख्तियारवाला समक्ष लेखिएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(६) त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल कमर्स क्याम्पस, मीनभवनको हाताभित्र आर्थिक वर्ष २०५६।५७ मा भवन

निर्माण सम्बन्धी बोलपत्र स्वीकृत गर्दा निर्माण समितिका सदस्यद्वय केशवप्रसाद पाण्डे र राजेन्द्रगोपाल श्रेष्ठ आमन्त्रित सदस्यको हैसियतले मात्र निर्माण समितिको बैठकमा उपस्थित भएको देखिए तापनि गैरकानूनी निर्णयमा सहभागी भएको देखिंदा निजहरुउपर विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालयका उपकूलपतिसमक्ष लेखिएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(७) जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालीन जिल्ला शिक्षा अधिकारी हिराप्रसाद ढकालले अनियमित तरीकाबाट अस्थायी शिक्षक नियुक्ति, सरुवा गरेको भन्ने सम्बन्धमा निज हिराप्रसाद ढकालउपर यसभन्दा अगाडि भएका कारबाही भन्दा कडा विभागीय कारबाही गर्न एवं उक्त कार्यालयका ना.सु. रामपुकार यादवलाई कुनै पनि कार्यालयको विद्यालय प्रशासन शाखाको जिम्मेवारी समेत नदिने गरी सजाय स्वरुप अन्यत्र सरुवा गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गत :

(१) नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले फिलिपिन्स र बंगलादेशमा आफ्ना छोराछोरी अध्ययनरत रहेको अवस्थामा संस्थानबाट आफूलाई प्राप्त सुविधाको टेलिफोनबाट निजहरुलाई ट्रंककल गरी सोको भुक्तानी संस्थानबाट गराएको देखिएकोले सुविधाको दुरुपयोग गरी निजी प्रयोजनमा ट्रंककल गरेको रकम रु. ९४,५६०।- र सोको नियमानुसारको व्याज निज प्रकाशकुमार पौडेलबाट असूल गर्नू र प्रयोग भएको टेलिफोनबाट गरिएको ट्रंककल संस्थानको काममा प्रयोग गरेको भन्ने कुनै आधार प्रमाण नलिई प्रयोग गर्ने अधिकारीबाट प्रमाणित नगराई कारोवार नै नभएको मुलुकमा गरेको ट्रंककलको रकम भुक्तानीको सिफारिस गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कारबाही गर्न नेपाल यातायात संस्थानलाई लेखिएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(२) श्री ५ को सरकारको नीति अनुसार ५० प्रतिशत भन्सार छूट अन्तर्गत ट्याक्सी क्याबहरु भिकाई ट्याक्सी क्याब कम्पनी सञ्चालन गरी आएका कम्पनीहरुले नियमानुसार लाग्ने आयकर नतिरी कम्पनीका नामका गाडीहरु व्यक्तिको नाममा नामसारी गरी दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यातायात व्यवस्था कार्यालय, बागमती अन्चल गौशालाका तत्कालीन खरीदार हरिशरण फुयाललाई सचेत गराउन यातायात व्यवस्था विभागमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

(१) निजामती कर्मचारीको सेवा समूह परिवर्तन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पूरा नगरी सेवा समूह परिवर्तन गरेको भन्ने सम्बन्धमा शाखा अधिकृत दामोदर भण्डारी उपर निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) (१) अनुसार नसिहतको विभागीय कारबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रीलाई लेखिएको, तत्कालीन सचिव हिरण्यलाल रेग्मीको हकमा निजले सेवाबाट अवकास पाइसकेको हुंदा मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्न लेखिएको र अन्य अधिकृतहरु आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको हकमा लोकसेवा आयोगबाट आवश्यक कारबाही गर्न लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

(१) नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंबाट चन्दनप्रसाद पौड्यालको नामबाट OYT नम्वरहरु २५६७८८ र २५६७९० अनियमित तवरबाट जडान हुन गई ती नम्बरहरुबाट STD, ISD कल भई २०५४ साल श्रावण, भाद्र, आश्विन महिनामा सोबाट उठेको बीलको रकम र टेलिकम सर्भिस चार्ज १० प्रतिशत, मूल्य अभिवृद्धि कर १० प्रतिशत समेतको हिसाव गर्दा नेपाल दूर संचार संस्थानलाई रु. १,०३,०१,५५१।- वरावरको हानि नोक्सानी हुन गएको सम्बन्धमा काठमाडौं क्षेत्रीय निर्देशनालयको टेलिफोन डिभिजनका इन्जिनीयर झवीन्द्रलाल उपाध्यायले एरिया इन्जिनीयरको हैसियतमा काम गर्दा आउट साइट सुपरभाइजर गोपीनाथ अधिकारीले इष्टिमेट गरी ल्याएको नक्सा समेततर्फ विचार नपुऱ्याई दस्तखत गरेकोसम्म देखिएको र नेपाल दूर संचार संस्थान क्षेत्रीय कार्यालय, काठमाडौंका तत्कालीन एम.सी.सी. शाखाका प्रमुख, हाल नेपाल दूर संचार संस्थान क्षेत्रीय निर्देशनालय नेपालगञ्जका का.मु. क्षेत्रीय निर्देशक शिवभूषण लालले १७१ क्या.नं. बाट लागत अनुमान गर्न आदेश भएकोमा गोपिनाथ अधिकारीले नक्सा र क्याविनेट नम्वर सच्याई त्यसपछि १६५ क्याविनेट नं.बाट पेयर नं. उपलब्ध गराएको देखिंदा यी दुवै कर्मचारीलाई सचेत गराउन

महाप्रवन्धक, नेपाल दूर संचार संस्थानलाई लेखिएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(२) नेपाल दूरसंचार संस्थान, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका तत्कालीन निर्देशक शिवभूषण लालले सो निर्देशनालयमा निर्देशक भई कार्यरत रहेको अवस्थामा दोहोरो सुविधा लिए वापत निजलाई सचेत समेत गराउन नेपाल दूरसंचार संस्थानलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) नेपाल टेलिभिजनबाट प्रकाशित विज्ञापन नं. १४।०५५।५६ बमोजिम अधिकृतस्तर तह-६ को पद संख्या-३ पदपूर्ति गर्न विज्ञापन भएकोमा लिखित र अन्तरवार्तामा सफल भएका मुख्य उम्मेदवारहरु राजेन्द्रराज तिमिल्सिना, चुडामणी लुइटेल र राजेन्द्रप्रसाद गौतमले नियुक्ति पत्र लिई हाजीर भएको अवस्थामा नै प्रतीक्षा सूचीमा रहेका उम्मेदवार गजुरधन राई र मदनप्रसाद आचार्यलाई नेपाल टेलिभिजन संस्थानको कर्मचारी सेवा शर्त विनियमावली, २०५५ विपरीत नियुक्ति गरेको सम्बन्धमा महाप्रवन्धक दुर्गानाथ शर्मालाई विभागीय कारबाही गर्न नेपाल टेलिभिजन संस्थानको संचालक समितिका अध्यक्षलाई लेखिएको तथा पदपूर्ति समितिका सदस्यहरुमध्ये उप-सचिव (कानून) मणिराम ओझालाई सचेत गराउन कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई र पूर्णबहादुर शाक्यको हकमा नेपाल टेलिभिजनको संचालक समितिका अध्यक्षलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :-

(१) शाही नेपाल वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव हरिभक्त श्रेष्ठलाई विभागीय कारबाही गर्न क्रमशः अर्थ मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएको र निगमका तत्कालीन अध्यक्ष अजितनारायणसिंह थापाको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयलाई लेखिएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(२) शाही नेपाल वायु सेवा निगम, अपरेशन्स विभागका तत्कालीन का.मु. निर्देशक सुधीर राईले विमान चालक तथा कर्मचारीका लागि सिंगापुर तथा फ्रयांकफर्टमा होटेल भाडामा लिएको सम्बन्धमा तत्कालीन का.मु. निर्देशक सुधीर राईलाई ५ (पांच) ग्रेड घटाउने विभागीय कारबाही गर्न निगमलाइ लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

स्थानीय विकास मन्त्रालय र अन्तर्गत :-

(१) काठमाडौं महानगरपालिका प्रमुखले श्री ५ को सरकारको निर्देशन विपरीत चुंगीकर ठेक्कामा दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।४।११को निर्णयानुसार काठमाडौं महानगरपालिका प्रमुख केशव स्थापितलाइ सचेत गराउन काठमाडौं महानगरपालिकालाई लेखी गएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) राप्ती एकीकृत ग्रामीण विकास परियोजनाको निर्माण सामग्री खरीद गर्दा बोलपत्र प्रकृयाबाट खरीद गर्नु पर्नेमा बजारबाट सीधै खरीद गर्न पेश्की दिई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।२।१४ को निर्णयानुसार जिल्ला विकास समिति, रोल्पाका तत्कालीन स्थानीय विकास अधिकारी उमाकान्त अधिकारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(३) जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुको सडक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०५०।५१ मा झोलुंगे पुलहरुको लागि ठेक्का स्वीकृत गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।३।२३ को निर्णयानुसार जिल्ला विकास समिति, सोलुखुम्बुका तत्कालीन का.मु. स्थानीय विकास अधिकारी यक्षबहादुर खत्रीउपर विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(४) सिरहा जिल्ला, सन्हैठा गाउं विकास समितिका अध्यक्षले गाउं विकास समितिलाई प्राप्त सरकारी अनुदान रकम बेहिसाव गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ (संशोधन सहित) को नियम २२ को प्रावधान विपरीत एकैपटक लगत इष्टमेट र मूल्यांकन गर्ने गराउने गाउं विकास समिति अध्यक्ष राजेश्वर यादव, ओ.सि. दुःखी हरिजन र स.ओ.सी. मोहितनारायण महतोलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि सचेत गराएको जानकारी प्राप्त नभएको ।

(५) सार्वजनिक उद्यान तथा सभागृह विकास समितिका पसल भाडा दिंदा, सामान खरीद आदि विभिन्न कार्यहरुमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा सदस्य सचिव पुष्पलाल श्रेष्ठ तथा लेखा अधिकृत सहदेव श्रेष्ठलाई बिभागीय कारवाई

गरी सोको जानकारी यस आयोगमा पठाउन स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(६) जिल्ला विकास समितिको कार्यालय, बाँके अन्तर्गत बिनौना, बैजापुर र कन्चनपुर गाउं विकास समितिहरुमा आ.ब. २०५२।५३ देखि २०५४।५५ सम्म ठेकेदार र प्राविधिकले मिलेमतो गरी गुणस्तरहिन सामग्री प्रयोग गरी निर्माण गरेको पुल, कलभर्टहरु भत्के बिग्रेको सम्बन्धमा ओ.सि. धनबहादुर रोकाया र इन्जिनियर नारायणप्रसाद श्रेष्ठलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

(७) वीरगञ्ज उपमहानगरपालिकाका प्रमुख विमलकुमार श्रीवास्तवले सम्वन्धित निकायको स्वीकृति नलिई वीरगञ्ज भन्सारदेखि गण्डक सम्मको माटो पुर्ने कामको प्रकृति अनुसार एकै लागत अनुमान तयार गर्नुपर्नेमा टुक्रा टुक्रा गरी तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिंदा निजलाई सचेत गराउनको लागि स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयलाई लेखिएकामा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(८) काठमाडौं महानगरपालिकाद्वारा स्थायी कर्मचारी पदपूर्ति गर्दा अनियमितता भएको सम्बन्धमा बोर्ड अध्यक्ष काठमाडौं महानगरपालिका प्रमुख केशव स्थापितलाई आइन्दा त्यस्तो कार्य नगर्न सचेत गराउन र अन्य कर्मचारीहरु जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि रामशरण चिमोरीया, सदस्य सचिव हरिप्रसाद रिमाल र स्थानीय विकास मन्त्रालयका प्रतिनिधि रामप्रसाद शर्मा समेतलाई विभागीय कारबाही गर्न काठमाडौं महानगरपालिकालाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(९) स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालित वि.पि. मार्ग सडक योजना, दाङबाट आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा सडक निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा स्थानीय विकास निर्माण आयोजनाका तत्कालीन प्रमुख मोतिलाल पाण्डेबाट बण्ड वापतको रकम रु. ३१,०००।- असूल उपर गरी निजलाई विभागीय कारबाही समेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(१०) लहान नगरपालिकाका तत्कालीन सचिव पुष्पराज ढुंगानाले उप-प्रमुख राजेन्द्र महतोको नामको पेश्की फछ्यौंट गर्दा यान्त्रिक कार्यालय लहानमा रकम दाखिला गरेको भर्पाई माग गर्नु पर्नेमा सो माग नगरी पेश्की फछ्यौंट र सोधभर्ना भुक्तानी गरी पछि मात्र भर्पाई पेश गर्न पत्र लेखी कार्यालयको काममा लापरवाही गरेको देखिएकोले अब आइन्दा त्यस्तो कार्य नगर्न निज पुष्पराज ढुंगानालाई सचेत गर्न, ना.सु. मायानाथ आचार्यका हकमा इस्यू भएको रसीदको अर्धकट्टी सुरक्षित नराखेको र कर असूल गर्दा लागेको अन्य खर्च समेतको लेखा दुरुस्त नराखी आफ्नो काममा लापरवाही गरेको देखिएकोले निजलाई सचेत गर्न तथा नगरपालिका प्रमुख मुनि साहले नगरपरिषदबाट पारित भएको विकास योजनाहरुको कार्यान्वयन नगरपालिका बोर्डको निर्णय बिना सीधै तोक आदेशबाट कार्यान्वयन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) प्रतिकूल हुने गरी काम कारबाही गरेको समेत देखिएकोले निज मुनि साहलाई अब आइन्दा यस्तो कार्य नगर्ने गरी सचेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको । यसै क्रममा नगर विकास कोषको अनुदानमा आर्थिक वर्ष २०५५।५६ र २०५६।५७ मा निर्माण भएका १०० वटा शौचालयहरुको निर्माण कार्यको स्वीकृत लागत अनुमानको बुंदा नं. ७.२ को आइटमको प्रति बर्ग मीटरको दररेट रु. १२३१।१८ हुनु पर्नेमा रु. २२६१।४७ राखी तयार र स्वीकृत गरी खर्च समेत भएकोले लापरवाहीपूर्ण कामकारबाही गर्ने सो कोषका इन्जिनियर रमेशप्रसाद शर्मा र कार्यकारी निर्देशक हेमन्त ज्ञवालीलाई सचेत गर्न नगर विकास कोष संचालक समितिमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

स्वास्थ्य मन्त्रालय र अन्तर्गत :-

(१) सामान खरीद गर्दा सामान स्टोरमा दाखिला नगरी नक्कली बील बनाई भुक्तानी दिने गरेको, कार्यालय तथा अस्पतालहरुमा आवश्यक पर्ने स्टेशनरी सामान छपाईमा आर्थिक प्रशासन सम्बन्धी नियम विपरीत खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा. के.बि. सिंह कार्की तथा लेखा अधिकृत रत्नबहादुर नेपाली समेतलाई बिभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) सुदूर पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दीपायलका का.मु. निर्देशक डा. शम्भुशरण तिवारीले कर्मचारी नियुक्ति, औषधी खरीद तथा ढुवानी, गाडी मर्मत गर्दा समेत अनियमित तथा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।३।१४ को निर्णयानुसार निजलाई बिभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(३) स्वास्थ्य मन्त्रालय अन्तर्गत चिकित्सा महाशाखा टेकूबाट बढी क्षमताको एक्स-रे मेशीन खरीद गर्न आदेश भएकोमा कम क्षमताको मेशीन बढी मूल्यमा खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।५।२४ को निर्णयानुसार वीर अस्पतालका प्रमुख रेडियोलोजिष्ट डा. नेत्रबहादुर अमात्य, त्रि.वि. शिक्षण अस्पतालका तत्कालीन प्रमुख रेडियोलोजिष्ट डा. टेकबहादुर बुढाथोकी, वीर अस्पतालका सम्भार अधिकृत गंगालाल श्रेष्ठ तथा स्वास्थ्य सेवा विभाग, चिकित्सा महाशाखाका प्रमुख डा. हरिनाथ आचार्य समेतलाई बिभागीय कारबाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त नभएको ।

(४) स्वास्थ्य सेवा विभाग अन्तर्गत सन् १९९७ का लागि भारतको मणिपाल कलेजमा ३ वर्षे व्याचलर इन अक्यूपेसनल थेरापी अध्ययनका लागि छात्रवृत्तिमा छनौट गर्ने क्रममा तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनालीको निजी सचिवालयमा कार्यरत असिष्टेन्ट हेल्थवर्कर केदार बस्नेतलाई पठाउन पहिला गोरखापत्रमा प्रकाशित २०५४।३।२८ गतेको सूचना अनुरुप योग्यता नपुग्ने हुंदा सो संशोधन गरी निज केदार बस्नेतको छनौट काइटेरीया पुग्ने गरी पुनः २०५४।५।१३ गते गो.प.मा संशोधित सूचना प्रकाशित गरेको र छनौट गर्दा तुलनात्मक मूल्यांकन तालिकामा समेत ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अंक र शैक्षिक योग्यताको गणना गर्दा अनियमित कार्य गरी आफ्नो अधिकार बदनीयतकासाथ स्वेच्छाचारी रुपमा प्रयोग गर्नुका साथै पद अनुरुप कर्तव्य पालना गरेको नदेखिएकोले सो निर्णय गर्ने गराउने तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनाली, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. बद्रीलाल श्रेष्ठ, तत्कालीन स्वास्थ्य सचिव हाल सूचना तथा संचार सचिव श्रीराम पौडेललाई सचेत गराउन लेखिएकोमा हालसम्म सचेत गराएको जानकारी प्राप्त हुन नआएको ।

(५) आयुर्वेद विभागका विभिन्न कर्मचारीहरुले कुनै पनि विदा नलिई आयुर्वेद क्याम्पस, नरदेवीमा वि.ए.एम.एस. तहमा अध्ययनरत रही महिनामा एक दिन मात्र आफनो कार्यालयमा गई महिना भरिकै हाजीर गरी तलब भत्ता खाएको सम्बन्धमा अधिकृत कविराज रामचन्द्र पाण्डे, अधिकृत कविराज मुनकर्ण थापा, कविराज मुरलीप्रसाद साह, कविराज प्रशान्त पण्डित, कविराज रामचन्द्र ढकाल, कविराज रवीन्द्र पाण्डे, वैद्य सन्तोषकुमार ठाकुर र वैद्य श्यामबाबु यादवले क्याम्पस र कार्यालय दुवैतर्फ हाजीर भएको दिनको भुक्तानि लिएको तलब, भत्ता र अन्य कुनै रकम भए सो समेत असूलउपर गर्न र प्रत्येकलाई सचेत गराउन तथा तत्कालीन वरिष्ठ चिकित्सक डा. ठाकुरराज अधिकारीलाई प्रचलित नियममा भएको व्यवस्था अनुसार गर्न एक पटकको लागि सचेत गराउन लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

परिच्छेद ५
आयोगका अन्य गतिविधि

क) रणनैतिक योजनाको तर्जुमा तथा कार्यान्वयन :

मुलुकले आर्थिक सामाजिक विकासमा द्रुततर गति लिन नसक्नुमा अख्तियारको दुरुपयोगबाट उत्पन्न विकृति तथा विसंगतिहरु पनि मुख्य कारक तत्व भएको सन्दर्भमा सार्वजनिक प्रशासनयन्त्रभित्र विद्यमान कुनै पनि किसिमको भ्रष्टाचार तथा अनुचित कार्य बिरुद्ध सशक्त ढंगले प्रतिकार गर्न यस संवैधानिक निकायले आफूलाई सुम्पिएको जिम्मेवारी यथासम्भव निर्वाह गर्दै आए तापनि यसले के कसरी आफ्नो काम संचालन गर्दछ ? यसको दीर्घकालीन सोच के छ ? गरेको काम तथा आयोगको प्रभावकारिताको कसरी मूल्यांकन हुन्छ ? भ्रष्टाचार निवारणसंग सम्बद्ध अन्य निकाय तथा नागरिक समाजसंग के कस्तो सहकार्य हुन्छ ? र जनमानसमा सूचना प्रवाह कसरी हुन्छ ? भन्ने जस्ता कुराहरुलाई मनन गर्दै आफ्नो काम कारबाही सुनियोजित तवरले गर्न र आफ्नो काम कारबाहीको प्रभावकारितामा निरन्तर बृद्धि गर्न आयोगले आफ्नो नयां रणनीति तयार गरेको छ । यस रणनीति अनुरुप आयोगको संपूर्ण कृयाकलापलाई निर्दिष्ट दिशाबोध गराउन आयोग निम्न दीर्घकालीन सोच, ध्येय र उद्देश्यप्रति कटिबद्ध रहने भएको छ :

दीर्घकालीन सोच (Vision) :

अख्तियार दुरुपयोग मुक्त राज्यसंयन्त्रको माध्यमबाट सुशासनलाई सुदृढ गरी अनुशासित समाज स्थापना गर्ने ।

ध्येय (Mission) :

अनुचित कार्य वा भ्रष्टाचार बिरुद्धको कारबाहीलाई समयन्वयात्मक ढंगले सशक्त बनाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।

उद्देश्य (Objective) :

राज्यसंयन्त्रका सेवाग्राहीलाई पांच वर्षभित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रुपमा घटेको महसूस गराउने ।

आयोगले आफूले गरेको काम कारवाहीहरुबाट समाजमा के कस्तो प्रतिफल प्राप्त भयो भन्नेतर्फ समसामयिक अध्ययन मूल्यांकन गर्दै जनसमर्थन कायम राख्ने तथा आफ्ना काम कारवाहीहरुमा समसामयिक सुधार तथा तिनलाई अद्यावधिक गरी आफ्नो काम कारवाहीको प्रभावकारिता बढाउने सोच राखिनेछ । देशमा सुशासनको आवश्यकता र यसमा आयोग जस्ता निकायको भूमिकाको महत्व टड्कारो रुपले स्थापित भए तापनि आयोगको काम कारवाहीको कारण सरकारी निकायहरुमा निर्णय गर्न डर त्रास पैदा भई राम्रो काम गर्नेहरुमा पनि नकारात्मक सोच नआओस् भन्नेतर्फ पनि उचित ध्यान पुऱ्याइने छ । यी सबै कुराहरुलाई ध्यानमा राख्नुको अतिरिक्त आयोगको दीर्घकालीन सोच, ध्येय र उद्देश्यतर्फ केन्द्रित भएर निम्नानुसार रणनीति तर्जुमा गरिएको छ :

- पर्याप्त कानूनी व्यवस्था
- भ्रष्टाचार नियन्त्रण गर्न केन्द्रिय र स्थानीय स्तरमा संस्थागत संयन्त्रको विकास एवं सुधार ।
- भ्रष्टाचारका छिद्रहरु टाल्न नीतिगत मामिलामा दृष्टि ।
- प्रभाव अनुगमनको आधारमा लक्ष निर्धारणको पुनरावलोकन तथा पुनर्व्यवस्था ।
- राजनैतिक, व्यवसायिक, लगायत व्यापारिक समुदायमा आचार संहिता लागू गर्ने गराउने ।
- अख्तियार दुरुपयोग तथा भ्रष्टाचारको अनुसन्धानको काममा क्षेत्रगत मंत्रालय र जिल्ला कार्यालयको परिचालन, क्षमता वृद्धि र सशक्तीकरण गर्ने ।

- सार्वजनिक पदमा रही निर्णायक भूमिका खेल्ने पदहरुका काम कारवाहीहरुलाई भ्रष्टाचार रोकथामको दृष्टिकोणबाट जानकारीमा राख्ने ।
- राजस्व, विकास निर्माण तथा ठूलठूला खरिद, सेवा प्रदान, शान्ति सुरक्षा जस्ता क्षेत्रहरुमा रणनीतिक छनौटका आधारमा मुद्दा छनौट गरी अनुसन्धान तहकिकात गर्ने ।
- भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तरराष्ट्रिय संस्थाहरुसंग अन्तरकृया तथा सम्पर्क गरी र प्रविधि उपलब्ध गरी क्षमता विकास गर्ने ।
- नागरिक समाज तथा गैर सरकारी संस्थाहरुको संलग्नतामा भ्रष्टाचार विरोधी अभियान संचालन गर्ने गराउने ।
- राजस्व वृध्दि, विकास आयोजनाहरुमा समय तथा खर्चको वृध्दिमा कमी, सार्वजनिक सेवा तथा पूर्वाधारहरुमा सेवा प्रदानमा प्रभावकारिता तथा गुणस्तर वृध्दि र शान्ति सुरक्षामा सुधार जस्ता कुराहरुबाट सुशासनका सूचकहरुको मूल्यांकन गर्ने ।
- तथ्यांक राख्ने र सोको आधारमा आयोगको कार्य सम्पादनको विश्लेषण गरी योजना तर्जुमा तथा व्यवस्थापन गर्ने ।
- केन्द्रीय र स्थानीय स्तरमा छिटो छरितो ढंगबाट उजूरी फर्छ्यौट गर्ने ।
- तालिम, कार्य सम्पादन मूल्यांकन, कार्यालय भवन र काम गर्ने वातावरण लगायत संस्थागत सवलीकरण गर्ने
- कार्य सम्पादन निर्देशिका तयार गर्ने ।
- आयोगसित सम्वन्धित विभिन्न विषयहरुको प्रकाशन तथा सूचना संचार गर्ने तथा यथासंभव पारदर्शी बनाउने ।
- स्थानीय भ्रष्टाचार विरोधी संस्थाहरुसंग सहकार्य गरी भ्रष्टाचार विरोधी अभियान तथा चेतना वृध्दि कार्यक्रम संचालन गर्ने ।
- प्रत्येक रुपैयां खर्च वापत आयोगको प्रत्यक्ष र अप्रत्यक्ष प्रतिफलको लेखाजोखा गर्ने ।
- स्थानीय निकायसित मिलेर स्थानीय निकायहरुमा हुन सक्ने भ्रष्टाचारको रोकथामको संयन्त्रको विकास र प्रभावकारिताको अनुगमन गर्ने ।

ख) अन्तर्राष्ट्रिय सहकार्य :

- अन्तर्राष्ट्रिय स्तरमा भ्रष्टाचारविरुद्ध सहकार्य गर्ने उद्देश्यले प्रत्येक २ वर्षमा आयोजना हुँदै आएको International Anti-Corruption Conference (IACC) को ११ औं अन्तर्राष्ट्रिय सम्मेलन गत २५-२८ मे २००३ मा दक्षिण कोरियाको राजधानी सिउलमा आयोजना गरिएको थियो । आयोगको तर्फबाट सो सम्मेलनमा माननीय आयुक्त श्री माधवदत्त भट्ट र श्री कृष्णवल्लभ शर्मा काफ्लेका साथै आयोगका सह-सचिव श्री सूर्यप्रसाद कोइरालाले भाग लिनुभएको थियो । उक्त सम्मेलनका दुई बेग्ला-बेग्लै कार्यशालाहरूमा आयोगको तर्फबाट "Corruption Control in Nepal" र "Managing Integrity in Customs: Experience of Nepal" विषयका कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।
- एघारौं अन्तर्राष्ट्रिय सम्मेलनमा व्यक्त अवधारणा लागू गर्न तथा भ्रष्टाचार निवारणका सम्बन्धमा अन्य उपयुक्त नीति तर्जुमा गर्ने लगायतको प्रयोजनको लागि सम्मेलनको लगत्तैपछि विभिन्न राष्ट्रहरूको सरकारी प्रतिनिधिमण्डल समावेश गरिएको Global Forum III को आयोजना पनि दक्षिण कोरियाको राजधानी सिउलमै गरिएको थियो । दक्षिण कोरियाको न्याय तथा कानून मन्त्रालयले सरकारी प्रतिनिधिहरूलाई आमन्त्रण गरी मे २९ देखि ३१ सम्म आयोजना गरिएको उक्त मञ्चमा नेपाल अधिराज्यको प्रतिनिधिमण्डलको नेतृत्व यस आयोगका सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले गर्नुभएको थियो । सो मञ्चको प्रतिनिधिमण्डलमा प्रधानमन्त्रीको कार्यालयका सचिव श्री पूर्णप्रसाद मानन्धर पनि रहनुभएको थियो । अमेरिकी राष्ट्रपति महामहिम जर्ज डब्ल्यू बुशले सन्देश पठाउनुभएको उक्त मञ्चको समुद्घाटनमा दक्षिण कोरियाका महामहिम राष्ट्रपतिबाट पनि सम्बोधन भएको थियो । सो मञ्चमा यस आयोगका सम्माननीय प्रमुख आयुक्तबाट नेपालमा भ्रष्टाचार

निवारणका सन्दर्भमा भए गरेका प्रयासहरूका बारेमा जानकारी प्रस्तुत भएको थियो ।

- मित्रराष्ट्र डेनमार्कको सहयोगमा विभिन्न मुलुकमा संचालित आयोजनाहरूमा हुनसक्ने भ्रष्टाचारको नियन्त्रणसँग सम्बन्धित एक कार्यशाला गोष्ठीमा यस आयोगको तर्फबाट सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय तथा सचिव श्री बालकृष्ण प्रसाईंले भाग लिनुभएको थियो । डेनमार्कको अन्तर्राष्ट्रिय विकास नियोगले आयोगको संस्थागत सुदृढीकरण आयोजनामा अभिरुची प्रकट गरी सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त भई कार्यक्रम तर्जुमा भइरहेको सन्दर्भमा प्रस्तुत भ्रमण निकै महत्त्वपूर्ण मानिएको छ ।

- द एशिया फाउण्डेशनले भ्रष्टाचार निवारणसम्बन्धी शीप तथा ज्ञान आर्जन गर्न सहायक सिद्ध हुनसक्ने करीब रु. ४ लाख मूल्य पर्ने पुस्तकहरू आयोगलाई उपलब्ध गराई सहयोग गरेको छ । गत जेष्ठ १ गते आयोगको सभाकक्षमा द एशिया फाउण्डेशनका राष्ट्रिय निर्देशक नीक लैंगटनले सो पुस्तकहरूको पहिलो आधा किस्ता यस आयोगका सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायलाई हस्तान्तरण गर्नुभएको थियो । पुस्तकहरूको बाँकी किस्ता यथाशीघ्र यस आयोगलाई उपलब्ध गराइने भएको छ । प्राप्त सहयोगको लागि सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय तथा तत्कालीन सचिव श्री माधवप्रसाद घिमिरेले सो कार्यक्रममा कृतज्ञता व्यक्त गर्नुभएको थियो ।

- संयुक्त राष्ट्रसंघीय भ्रष्टाचारविरुद्धका मस्यौदामाथि छलफल गर्न गठित तदर्थ समितिको पाँचौं बैठक गत फागुन २६ देखि चैत्र ७ गतेसम्म अस्ट्रियाको राजधानी भियनामा बस्यो । उक्त समितिमा नेपालका तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त श्री वासुदेव लामिछानेको नेतृत्वमा आयोगका सह-सचिव श्री मोहन बन्जाडे र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव श्री माधव पौडेल रहेको प्रतिनिधिमण्डलले भाग लिएको थियो । बैठकमा विश्वका ११४ राष्ट्रले भाग लिएका थिए । साथै विभिन्न अन्तर्राष्ट्रियस्तरका संस्थाहरुको पनि पर्यवेक्षकको रुपमा सहभागिता रहेको थियो । उक्त महासन्धिको मस्यौदामा मूलतः भ्रष्टाचार निवारणका लागि राज्य पक्षहरूले अवलम्बन गर्नुपर्ने भ्रष्टाचार रोकथामका उपाय, भ्रष्टाचारको अपराधीकरण सम्बन्धी व्यवस्था, भ्रष्टाचार निवारणका लागि अन्तर्राष्ट्रिय सहयोगको प्रवर्द्धन र सवलीकरण, भ्रष्टाचार गरी अर्को मुलुकमा लगिएको गैरकानूनी सम्पत्ति फिर्ता गर्ने सम्बन्धी व्यवस्था, प्राविधिक सहयोग, तालिम तथा सूचना संकलन, आदान-प्रदान एवं विश्लेषण र महासन्धि कार्यान्वयनको मूल्याङ्कन संयन्त्रजस्ता प्रमुख पक्ष छन् । भ्रष्टाचार रोकथामका उपाय अन्तर्गत खासगरी राज्यले भ्रष्टाचार रोकथामसम्बन्धी नीति तर्जुमा गर्नु पर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने निकायलाई सक्षम, सवल र स्वतन्त्र बनाउनुपर्ने, निर्वाचित हुने तथा सार्वजनिक क्षेत्रमा सुशासनका उपाय अवलम्बन गर्नुपर्ने, सार्वजनिक पदाधिकारीको आचार-संहिता, सार्वजनिक खरिद र सार्वजनिक वित्तीय व्यवस्थापनमा गर्नुपर्ने सुधार, न्यायपालिका र अभियोजन क्षेत्रमा गर्नुपर्ने सुधार, राजनीतिक दलको कोषसम्बन्धी पारदर्शिता, निजीक्षेत्रमा हुने भ्रष्टाचार निवारण गर्न अवलम्बन गर्नुपर्ने उपाय, निजीक्षेत्रको लेखाको आधार मापदण्ड, भ्रष्टाचार नियन्त्रणमा सामाजिक सहभागिता, भ्रष्टाचारबाट आर्जित मुद्राको निर्मलीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायजस्ता विषय पनि मस्यौदामा उल्लेख छन् । महासन्धि अझै पनि वार्ताकै क्रममा रहेको भए पनि यसका कतिपय प्रावधानलाई तदर्थ समितिले अन्तिम रुप दिइसकेको र कतिपय महत्त्वपूर्ण विषय निर्णयाधीन रहेको छ । नेपाली प्रतिनिधिमण्डलले तदर्थ समितिमा विभिन्न विषयमा मुलुकको संविधान, कानूनी व्यवस्था, राष्ट्रिय क्षमता तथा भविष्यमा गर्नुपर्ने सुधारका वाञ्छित क्षेत्र एवं विश्व जनमतका सन्दर्भमा आफ्नो धारणा राखेको थियो ।

- डेनमार्कको अन्तर्राष्ट्रिय विकास नियोग (DANIDA) ले आयोगको संस्थागत सुदृढीकरण आयोजनामा अभिरुची प्रकट गरी पहिलो चरणको सहयोग कार्यक्रम अन्तर्गत आयोगलाई भौतिक साधन उपलब्ध गराउनुका अतिरिक्त आयोगका पदाधिकारी तथा कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्न तालिम तथा अन्तर्राष्ट्रिय भ्रमणको लागि सहायता प्रदान गरेको थियो । यसै कार्यक्रमलाई निरन्तरता दिदै डेनमार्कको अन्तर्राष्ट्रिय विकास नियोग र बेलायती सरकारको अन्तर्राष्ट्रिय सहयोग विभाग (DFID) ले संयुक्त रुपमा आगामी आर्थिक वर्षदेखि तीनवर्षको लागि दोश्रो चरणको सहयोग प्रदान गर्ने भएको छ ।

ग) अन्य उपलब्धिहरु :

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दोश्रो संशोधन पश्चात् आयोगले सोही ऐनले दिएको अधिकार प्रयोग गरी नयां अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ बनाई लागू गरेको छ ।
- अख्तियार दुरुपयोग सम्बन्धी अनुसन्धान कार्यमा सहायक सिद्ध हुने तीनवटा पुस्तकाकार प्रकाशनको कार्य भएको छ । ती प्रकाशनहरु हुन् :
  - आयोगबाट दायर भएका मुद्दाहरुको संक्षिप्त टिपोट
  - भ्रष्टाचारका सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्था एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको संग्रह
  - अख्तियार दुरुपयोग अनुसन्धान आयोग : अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०५९
- आयोगमा पर्न आएका विकास निर्माण कार्य सम्बन्धी उजूरीहरूको छानबिन प्रक्रियामा एकरुपता ल्याउन तथा समान प्रकृतिको अख्तियार दुरुपयोगको कार्यमा उस्तै किसिमको सजाय गर्ने गराउने समेत उद्देश्यले त्यस्ता उजूरी सम्बन्धी अनुसन्धान तथा छानबिन गर्ने मार्गदर्शन तयार गरिएको छ । हालसम्म मस्यौदाकै रुपमा रहेको र अन्तिम संशोधन तथा परिमार्जनको क्रममा रहेको सो मार्गदर्शनको मस्यौदाउपर विकास निर्माणसम्बन्धी कार्यमा लामो समयदेखि अनवरत सेवारत रही उल्लेखनीय अनुभव हासिल गरिसकेका प्राज्ञिक तथा व्यावसायिक संघ-संस्थाका प्रतिनिधिहरूले छलफल गरी शुरु मस्यौदामा विभिन्न परिमार्जन, संशोधन तथा सुधारको सिफारिस गरेको थियो । प्राज्ञिक क्षेत्रको प्रतिनिधित्व गर्दै सो कार्यक्रममा इञ्जिनियरिङ अध्ययन संस्थान, नेपाल इञ्जिनियरिङ कलेज तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट उच्चतम तहको प्रतिनिधित्व रहेको थियो भने व्यावसायिक संघ-संस्थाको प्रतिनिधित्व गर्ने संस्थाहरूमा नेपाल इञ्जिनियरिङ परिषद्, नेपाल इञ्जिनियरिङ एशोसियसन, नेपाल विद्युत् प्राधिकरण, नेपाल निर्माण व्यवसायी महासंघ तथा सोसाइटी अफ कन्सल्टिङ आर्किटेक्चरल एण्ड इञ्जिनियरिङ फर्मस् रहका थिए ।

  प्रारम्भिक छलफलमा प्रस्तुत सुझावहरूलाई समावेश गरी परिमार्जन गरिएको मस्यौदा मार्गदर्शनउपर विकास निर्माण कार्यहरूमा प्रत्यक्षरुपमा संलग्न रहने विभिन्न निकायगत राय प्राप्त गर्न एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा मुख्य रुपमा विकास निर्माणका योजनाहरू कार्यान्वयन गर्ने सरकारी तथा अर्द्धसरकारी निकायहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । श्री ५ को सरकारका अर्थ मन्त्रालय, जलस्रोत मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्थानीय विकास मन्त्रालय, कृषि विभाग, खानेपानी तथा ढल निकास विभाग, वन विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, सडक विभाग, सिंचाइ विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, नेपाल नागरिक उड्डयन प्राधिकरण तथा राष्ट्रिय योजना आयोगबाट समेत उच्च तहमा सो कार्यक्रममा प्रतिनिधित्व भएको थियो ।
- नेपाल अधिराज्यका सबै संवैधानिक निकायहरूका पदाधिकारीबीच भेटघाट गर्न आयोजित कार्यक्रममा यस आयोगका सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले आयोगका गतिविधिहरूबारे जानकारी दिनुका साथै आयोगको दीर्घकालीन सोच, ध्येय तथा उद्देश्यबारे पनि प्रकाश पार्नुभएको थियो । आफ्नो प्रस्तुतिको क्रममा उहाँले राज्यसंयन्त्रका सेवाग्राहीलाई ५ वर्षभित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रुपमा घटेको महसुस गराउने आयोगको लक्ष्य रहेको र सो लक्ष्य हासिल गर्न आयोगको कार्यशैलीमा सुधार गरेको जानकारी पनि दिनुभयो ।
- भ्रष्टाचारको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतबाट हुने तहकिकातदेखि मुद्दाको आरोप पत्र तयार गर्ने र मुद्दा दायर भइसकेपछि के कस्तो काम वा राय सल्लाह वा सहयोग गर्न सकिन्छ भन्ने विषयमा सम्माननीय महान्यायाधिवक्ता तथा आयोगका पदाधिकारीबीच एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा तय गरिएका विषयहरूउपर आयोगमा कार्यरत न्यायसेवासँग सम्बन्धित अधिकृतहरू समेत उपस्थित भई बृहत् छलफल गरिएको थियो । आयोगको अनुसन्धानको क्रममा कुनै कानूनी द्विविधा उत्पन्न भएमा सोको समाधानका अतिरिक्त अभियोग पत्रको तयारीमा र मुद्दासम्बन्धी बहस, पैरवी, पुनरावेदन र फैसला कार्यान्वयनजस्ता पक्षमा

आयोगको तर्फबाट हुने संलग्नतामा स्तरीयता कायम गर्न सो छलफल कार्यक्रमका निष्कर्षहरू अत्यन्त प्रभावकारी तथा महत्त्वपूर्ण हुने विश्वास गरिएको छ ।

- भ्रष्टाचार तथा अनुचित कार्यको नियन्त्रण गर्न सरकारी निकाय तथा संस्थानहरूमा आन्तरिक रुपमा गर्न सकिने महत्त्वपूर्ण कार्यहरू के के हुन सक्छन् र ती कार्यहरू तत्तत् निकायहरूबाट प्रभावकारी रुपमा भए नभएको बारेमा अनुगमन गर्न समेत आयोगले श्री ५ को सरकारका सबै मन्त्रालय र अन्य संवैधानिक अंगका प्रशासनिक प्रमुखहरूसँग समय-समयमा छलफल गर्ने कार्य हुँदै आएको छ । यसै सन्दर्भमा आयोगसँग छलफलको क्रममा प्रतिबद्धता व्यक्त गरिएका वा आयोगबाट निर्दिष्ट गरिएका सुधारात्मक कार्यहरूको कार्यान्वयन गर्न प्रत्येक मन्त्रालयमा एकजना वरिष्ठ अधिकृतलाई 'फोकल प्वाइन्ट' तोक्ने कार्य भएको छ ।
- आयोगले छलफल कार्यक्रमहरूमा तय भएका काम कारबाहीको कार्यान्वयन स्थितिको बारेमा पनि फोकल प्वाइन्टहरूबाटै जानकारी प्राप्त गर्ने र अख्तियारको दुरुपयोगलाई नियन्त्रण गर्न उपचारात्मकभन्दा प्रतिकारात्मक उपायहरूलाई प्रभावकारी रुपमा अवलम्बन गर्ने उद्देश्य राखिएको हुँदा फोकल प्वाइन्टहरूसँगको नियमित र सामूहिक भेटघाट अनिवार्य भएको छ ।

घ) लक्ष्य, चुनौती र आगामी कार्यक्रम :

आयोगबाट हुँदै आएको छानविन एवं अनुसन्धानको कामकारबाहीलाई अझ बढी प्रभावकारी, नतीजामूलक एवं सरलीकृत गर्ने उद्देश्यले आयोगको ५ वर्षे रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन शुरु गरिएको छ । उक्त योजना अनुसार आयोगले ५ वर्षभित्रमा नेपाली जनताले अनुभूत गर्नसक्ने गरी मुलुकमा भ्रष्टाचार एवं अनुचित कार्यको रोकथाम एवं नियन्त्रण गर्ने लक्ष्य लिएको छ ।

सार्वजनिक क्षेत्र लगायत अन्य क्षेत्रहरुमा समेत भ्रष्टाचार व्याप्त रहेको जनगुनासो हुने गरेको र सार्वजनिक क्षेत्रको दायराभित्र हुने सबै अनियमित एवं भ्रष्टाचारजन्य कार्यहरु आयोगको क्षेत्राधिकारभित्र नपर्ने र प्रचलित नेपाल कानूनले भ्रष्टाचार नियन्त्रणको लागि कसूरदारको पहिचान गर्ने, कसूरको अनुसन्धान तहकिकात गर्ने, अनुसन्धानको आधारमा अभियोग पत्र दायर गर्ने र आवश्यकता अनुसार पुनरावेदन र पुनरावलोकनको लागि आवेदन दिने सम्मको जिम्मेवारी यस आयोगलाई दिएको छ । यसर्थ आयोगको एकल प्रयासबाट मात्र मुलुकमा पूर्ण रुपमा भ्रष्टाचार नियन्त्रण गर्न कठिन हुन्छ । मुलुकमा सुशासन कायम गर्ने तथा भ्रष्टाचारमुक्त प्रशासन चलाउने दायित्व सरकारको नै हो । तथापि यस दायित्वलाई पूरा गर्न सरकारलाई संवैधानिक निकायहरु, सरकारका सबै अंगहरु तथा नागरिक समाजको सक्रीय एवं सकारात्मक सहयोगको आवश्यकता रहन्छ । भ्रष्टाचारमुक्त समाजको स्थापनामा भ्रष्टाचारीलाई हेर्ने नागरिक समाजको दृष्टिकोण, अशिक्षा र गरिवी, नेपाली समाजको चेतनाको स्तर, उपहारको संस्कृति, अस्पष्ट तथा अनौपचारिक कार्यशैली र कार्यपद्धति, ऐन कानूनको अपर्याप्तता, विद्यमान ऐन कानूनको कार्यान्वयनमा सिथिलता तथा जिम्मेवारीवोधको अभाव लगायत थुप्रै चुनौतीहरु विद्यमान छन् ।

- प्रथमतः भ्रष्टाचार नियन्त्रणका लागि कानून र नीतिहरुमा सुधार गरिनु पर्छ । पद्धतिभित्र प्रशासनिक र प्रक्रियागत सुधार गरिनु पर्छ । भ्रष्टाचारको मुद्दा चलाएर भ्रष्टाचार नियन्त्रण गर्ने भन्दा भ्रष्टाचार हुन नदिएर सदाचार कायम गर्ने तत् तत् स्थानबाटै यथोचित प्रयास हुनु पर्छ । जबसम्म इमान्दारीपूर्वक त्यस्ता प्रयासहरु प्रभावकारी हुँदैनन् तबसम्म भ्रष्टाचार नियन्त्रणको कार्यले स्वभाविक गति लिन कठिन हुन सक्छ ।
- सरकारी निकायहरुमा सरकारी रकमको निकासा र खर्चलाई उपलब्धिसंग जोडेर हेर्ने भन्दा खर्च गरेको भरमा विकास भएको ठान्ने मानसिकताले विनियोजित बजेटको चरम दुरुपयोग हुने गरेको पाइएको छ । आर्थिक वर्षको अन्तिम महिनाका अन्तिम हप्तातिर बजेट रकम निकासा गर्ने र खर्च गरेको कागजात बनाई विकास भएको ठान्ने मानसिकतामा सुधार हुनु पर्छ । निकासा भएको रकम प्रक्रिया पुऱ्याएर खर्च गर्ने समय नहुंदा नहुँदै पनि बजेट निकासा र खर्च गरिनुको उद्देश्य मूलतः भ्रष्टाचारलाई उत्प्रेरित गर्नु हुन सक्छ ।
- राज्यले कर व्याज छुट वा मिनाहा दिने नीतिगत आधार तयार गरेको पाइदैन । कर छुट दिनु पर्ने कूटनैतिक दायित्व सम्झौतागत दायित्व र लोक कल्याणकारी दायित्व हुन सक्छ । तर पहिले नै पारदर्शी आधार तयार नगरी छुट वा मिनाहा दिने सरकारी मान्यतालाई स्वभाविक र स्वच्छ कार्य भन्न नसकिने हुंदा सरकारले पारदर्शी नीति बनाउने कार्य स्वचालित रुपमा नगर्ने र आर्थिक क्रियाकलापमा अत्यधिक विवेकाधिकार प्रयोग गर्ने वातावरणले संकट सृजना गरिरहेको छ ।

- सरकारी कार्यालयहरुमा अभिलेख नराख्ने, केही राखिएका अभिलेख अव्यवस्थित रुपमा राख्ने, अभिलेख वा सूचना समयमा नपठाउने वा जनताले प्राप्त गर्न सक्ने स्थिति नहुने कार्यले पनि भ्रष्टाचार नियन्त्रणमा कठिनाई देखिएको छ। साथै अभिलेख विहिनता वा दुषित अभिलेखका कारण पदमा रहनेले आम नागरिकहरुलाई सताउन सक्ने पर्याप्त वातावरण देखिएको छ। अभिलेख पद्धतिलाई व्यवस्थित गरेमा मात्र पनि भ्रष्टाचार केही हदसम्म नियन्त्रण हुन सक्ने देखिन्छ।

- समयबद्ध कार्यप्रणालीको विकास गरेर भ्रष्टाचारमा कमी ल्याउन सकिन्छ। कुनै काम गर्दा सेवा प्रदान गर्ने संस्थाले सेवाग्राहीलाई कुन काम कति समयमा हुन्छ भन्ने कुराको जानकारी पहिले नै दिने गरिएमा पनि सुधारको संभवना हुन्छ। सूचनाहरु पारदर्शी नगरी सूचना माथि आधिपत्य कायम राख्ने बानीले भ्रष्टाचारलाई प्रोत्साहित गरिरहेको छ।

- नियन्त्रण र सुपरिवेक्षण बिहिनताले कुनै पनि काम जहिले गरे पनि हुने वातावरण देखिन्छ। सरकारी काममा समयवद्धता प्रति चासो र सरोकार पाइदैन। २०२१ सालका हदबन्दी सम्बन्धी कतिपय विवादहरु अद्यापि निर्णय हुन नसकेको उदाहरण पाइनु स्वयंमा लज्जास्पद कुरा हो।

- दण्ड र पुरस्कारका आधार स्पष्ट भएको पाइदैन। पुरस्कृत गर्दा कसले के काम गरेका कारण पुरस्कृत गरिएको हो स्पष्ट हुदैन। पुरस्कारले कसलाई प्रोत्साहित गर्नु पर्ने हो र को किन दण्डित हुन पर्ने हो आधार सहित निर्णय गर्ने प्रणाली विकसित गरेमा दण्ड र पुरस्कारले सदाचार सृजना गर्न सक्दछ। तर आधार र कारण खोली दण्डित र पुरस्कृत गर्ने वातावरण तयार भएको पाइदैन।

आयोगबाट स्वीकृत रणनैतिक योजनाले लिएको लक्ष्य हासिल गर्न तथा ऐन कानूनद्वारा आयोगलाई सुम्पिएको दायित्व पूरा गर्न उल्लिखित चुनौतिहरुलाई दृष्टिगत गरी आयोगले निम्न कार्यक्रमहरु सञ्चालन गर्ने सोच लिएको छ :-

- कुनैपनि संगठनको स्वरुप उसको कामको प्रकृति र मात्रामा निर्भर गर्दछ। विगत केही समयदेखि यस आयोगको कामको चाप बढीरहेको र अनुसन्धानका विविध क्षेत्रमा कामको प्रकृति अनुरुपको जनशक्ति आवश्यक पर्ने हुंदा संगठनमा सुधार गर्ने सोच बनाइएको छ। यस सन्दर्भमा संगठनात्मक संरचना र जनशक्ति विकासतर्फ प्रयास भइरहेको छ। आयोगको कामको प्रकृति विशेष किसिमको भएको र आयोगका कामका लागि विशेष ज्ञान र शीपको आवश्यकता पर्ने हुंदा आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको लागि स्वदेश तथा विदेशमा विभिन्न तालिम तथा अध्ययन भ्रमणको व्यवस्था गरिने भएको छ।

- आयोगको भौतिक सुविधा विस्तार सम्बन्धमा दातृ राष्ट्रको सहयोग लिई आवश्यक व्यवस्था गरिने भएको छ।

- यस आयोगको प्रमुख कार्य अपराधको सूचना प्राप्त गर्नु, अनुसन्धान गर्नु र मुद्दालाई अभियोजन तहसम्म पुऱ्याउनु हो। त्यसैले आयोगमा कार्यरत राष्ट्रसेवकहरुका लागि तत्सम्बन्धी पाठ्यसामग्रीको विकास र अनुसन्धान सम्बन्धी विभिन्न दिग्दर्शन निर्माण गर्ने कार्य अघि बढाइएको छ।

- भ्रष्टाचार नियन्त्रण कार्य कसूरको अनुसन्धानबाट मात्र सम्भव नहुने हुंदा निरोधात्मक उपाय (preventive measures) हरुतर्फ पनि आवश्यक कार्यहरु गरिने लक्ष्य रहेको छ। यस्ता कार्यमा अन्य सरकारी निकाय, गैर सरकारी संस्था र नागरिक समाजसंग सहकार्य गरिने छ।

- भ्रष्टाचार नियन्त्रणका लागि राजधानी भन्दा बाहिर पनि आयोगको पहुंच पुऱ्याउनु अनिवार्य देखिइसकेको छ। यसको लागि आयोगबाट अधिकार सम्पन्न टोलीहरु बनाई विभिन्न स्थानमा समय समयमा आकस्मिक निरीक्षण गर्ने व्यवस्था मिलाइने छ।

- भ्रष्टाचार बढी हुने क्षेत्र (Corruption prone/vulnerable areas) पहिचान गरी त्यसमा निगरानी र अनुगमन गर्न समन्वयात्मक रुपमा कार्यहरु गरिने छ।

- भ्रष्टाचारको आरोपमा मुद्दा चलाइएका, कसूर ठहरेका व्यक्तिहरुको केन्द्रीय अभिलेख राख्ने व्यवस्था गरिने छ। भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी मस्यौदाको अन्तिम चरणमा पुगेको छ। सो महासन्धीले सृजना गर्ने नयां दायित्वहरुबारे नेपालले पूर्व तयारी गर्नु पर्ने हुंदा त्यसमा पनि आयोगले आफ्नो भूमिका निर्वाह गर्ने छ।

ङ) निस्कर्ष :

आर्थिक वर्ष २०५७।५८ मा विभिन्न विषयका १,२६८ उजूरी परेकोमा आर्थिक वर्ष २०५८।२९ मा यो शतप्रतिशतले बृद्धि भएको थियो । यस्तै आर्थिक वर्ष २०५९।६० मा अघिल्लो आर्थिक वर्षको तुलनामा ५७.२६ प्रतिशतले मात्र बृद्धि भएको छ । यसरी भएको उजूरीको बृद्धिले भ्रष्टाचार विरुद्ध जनचेतना बृद्धि भएको मान्नु पर्छ । आयोगमा प्राप्त उजूरीहरु आर्थिक वर्ष २०५७।५८ मा ५५.३५ प्रतिशतले फछ्यौंट भएको थियो भने आर्थिक वर्ष २०५८।५९ मा ७९।९० प्रतिशत उजूरी फछ्यौंट भएको छ । आर्थिक वर्ष २०५९।६० मा ६२.५६ प्रतिशत उजूरी फछ्यौंट भएको छ । यसरी हेर्दा के देखिन्छ भने प्रत्येक वर्ष उजूरी संख्यामा भएको बुद्धिसंगै फछ्यौंट क्षमता पनि बृद्धि भएको छ । आयोगले आर्थिक वर्ष २०५७।५८ मा अदालतमा २६ वटा मुद्दा दायर गरेको थियो भने २०५८।५९ मा ६१ वटा र २०५९।६० मा १४७ वटा मुद्दा दायर गरेको छ । आयोगले दायर गरेको १४७ थान मुद्दा मध्ये हैसियत भन्दा बढी सम्पत्ति कमाई भ्रष्टाचार गरेको १९ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्र लिई भ्रष्टाचार गरेको ५५ प्रतिशत, गैर कानूनी कर्जा सम्बन्धी १२ प्रतिशत र अन्य विषयको १४ प्रतिशत छन् । यसरी २०५७।५८ को तुलनामा २०५९।६० मा समग्रमा हेर्दा आयोगको उजूरी फछ्यौंट गर्ने, मुद्दा दायर गर्ने क्षमतामा सुधार भएको छ ।

अख्तियारको दुरुपयोग नियन्त्रणमा आयोगको भौतिक सुविधा विस्तार, जनशक्ति परिचालन तथा अनुसन्धान कार्यमा श्री ५ को सरकारबाट प्राप्त भइरहेको सहयोग निरन्तर रुपमा प्राप्त गर्न आयोगको संविधान र ऐनद्वारा प्रदान भएका जिम्मेवारी पूरा गर्न र आफ्नो समग्र काम कारवाहीमा प्रभावकारीता बृद्धि गर्न आयोग निरन्तर रुपमा सुधार कार्यमा लागिरहेको छ । विगतको आफ्नो काम कारवाहीले प्रशासन यन्त्रको निर्णय क्षमतामा कति परिवर्तन भयो, जनताले छिटो छरितो र सुलभ रुपमा सेवा प्राप्त गरे गरेनन, देशको राजस्वमा कति रकम बृद्धि भयो, आर्थिक अनुशासन कायम भयो भएन र बजेटको साधारण खर्च कति मितव्ययिता गर्न सकियो भन्ने कुराले आयोगको कार्य कति प्रभावकारी भयो भनी भन्न सकिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक निकायमा सार्वजनिक पद धारण गरेका व्यक्तिबाट हुने अनुचित कार्य एवं भ्रष्टाचार नियन्त्रणको लागि आयोगलाई सर्वोपरि जिम्मेवारी सुम्पिएको छ । आफूलाई सुम्पिएको यो गहन जिम्मेवारी पूरा गर्नमा आयोग स्थापनाकालदेखि नै सक्रीय एवं क्रियाशील रहँदै आएको छ । यस क्रममा आवश्यक पर्ने कानून निर्माण गरी आयोगलाई कानूनद्वारा शक्तिसम्पन्न तुल्याइएको छ । आयोगबाट हुने कामकारबाहीमा अझ बढी प्रभावकारिता ल्याउने उद्देश्यले आयोगको ५ वर्षे रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिएको छ । उक्त योजना अनुसार आयोगले ५ वर्षभित्रमा नेपाली जनताले अनुभूत गर्नसक्ने गरी मुलुकमा भ्रष्टाचार एवं अनुचित कार्यको रोकथाम एवं नियन्त्रण गर्ने आयोगले लक्ष्य लिएको छ । यस दिशातर्फ आयोगले केही कदमहरु चाली सकेको छ । आयोगको बढ्दो कार्यबोझलाई दृष्टिगत गरी संगठन ढांचामा केही परिवर्तन गरिएको र आयोगको जनशक्ति केही वृद्धि गरिएको छ । स्थानीय स्तरमा आयोगको उपस्थिति महसूस गराउन क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुलाई आयोगको अधिकार प्रत्यायोजन गरिएको छ ।

आयोगको वर्तमान जनशक्तिको कार्यक्षमता अभिवृद्धि गर्ने हेतुले आयोगमा कार्यरत जनशक्तिलाई स्वदेश एवं विदेशमा अनुसन्धान सम्बन्धी विषयको तालिमको व्यवस्था गरिएको छ । वैदेशिक सहायता लिई आयोगको कार्यालयलाई सुसज्जित गर्ने कार्य भइरहेको छ । आयोगको कामकारबाहीमा सजिलोपन, एकरुपता तथा प्रभावकारिता ल्याउन आयोगको कार्यविधि लगायत विभिन्न दिग्दर्शनहरु तयार गर्ने कार्य सम्पन्न गरिएको छ । आयोगको भौतिक सुविधा विस्तारको लागि श्री ५ को सरकारबाट आवश्यक जग्गा उपलब्ध भइसकेको छ र सो जमीनमा कार्यालय भवन निर्माणार्थ सहयोग प्राप्त गर्ने प्रयास भइरहेको छ ।

भ्रष्टाचारले सार्वजनिक क्षेत्र बाहेक अन्य क्षेत्रलाई पनि ग्रसित गरेको छ । सार्वजनिक क्षेत्रमा अनियमित एवं भ्रष्टाचारजन्य कार्य व्यापक रुपमा हुने गरेको कुरा सर्वसाधारण जनता, नागरिक समाज, बौद्धिक वर्ग, राजनैतिक पार्टी एवं दातृराष्ट्र समेत सबैले मूल मुद्दाको रुपमा उठाउने गरेका छन् । नेपालमा भ्रष्टाचारले सदियौंदेखि जरो गाड्दै आएको भएपनि हालका दिनहरुमा यसको परिमाण एकदमै बढेको कुरा सबैले महसूस गरेको कुरा हो । भ्रष्टाचारको कारण राष्ट्रले बहुतै मिहिनेत गरी संकलन गरेको आन्तरिक स्रोत एवं बाह्य स्रोतको केही अंश चुहावट भई सही रुपमा सदुपयोग हुन सकिरहेको छैन । यसबाट जनताले सरकारद्वारा संचालित विकास योजनाबाट जेजति पाउनु पर्ने सेवा सुविधा एकातर्फ पाउन सकिरहेका छैनन् भने अर्कोतर्फ पाएको सेवासुविधा पनि भरपर्दो, दिगो एवं गुणस्तरीय हुन सकिरहेका छैनन् । यसको प्रत्यक्ष असर गरीब नेपाली जनताले खेप्नुपरिरहेको दुःखद परिस्थिति रहेको छ र हाम्रो देश राष्ट्र विकासको दृष्टिले झन झन पछि परिरहेको र जनताले बढी बोझ खप्नु परिरहेको छ ।

सुशासनको अभाव एवं कानूनको सही रुपमा परिचालन हुन नसक्नु तथा सार्वजनिक निकायबाट गरिने कार्यहरुको स्पष्ट प्रकृया नतोकिनु एवं अव्यवस्था, भ्रष्टाचारीलाई कारबाही नहुनु आदि कारणले गर्दा भ्रष्टाचारलाई मलजल पुऱ्याएको देखिन्छ । भ्रष्टाचारी बिरुद्ध कानूनी कारबाही गर्दैमा भ्रष्टाचारलाई पूर्ण रुपमा रोक्न नसकिने हुन्छ । तसर्थ भ्रष्टाचार हुनै नदिनेतर्फ पनि निरोधात्मक उपायहरु अवलम्वन गर्न वाञ्छनीय हुन्छ । यस दिशातर्फ पनि आयोगले विभिन्न मन्त्रालयहरुमा सुझावहरु पठाई भइरहेको कार्यप्रणालीमा सुधार ल्याउने कार्य गरिएको छ । भ्रष्टाचारलाई रोक्ने तथा भ्रष्टाचारीलाई उचित कानूनी कारबाही गर्नेतर्फ आयोगको एकल प्रयासमात्र पर्याप्त हुदैन । तसर्थ सरकारको तर्फबाट पनि सुशासन कायम गर्ने तथा भ्रष्टाचार रोकथाम एवं नियन्त्रणको लागि भ्रष्टाचार मौलाउने वातावरण (Breeding place) को अन्त्यतर्फ प्रभावकारी उपायहरु अवलम्वन गरिनु पर्ने आवश्यकता रहेको छ । मुलुकबाट भ्रष्टाचार समाप्त गर्न सरकारका अन्य अंगहरुको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ । भ्रष्टाचारको संस्कृतिलाई मौलाउन नदिन नागरिक समाज एवं बौद्धिक वर्ग एवं राजनैतिक संगठनहरुको समेत धेरै ठूलो भूमिका रहेको हुन्छ । भ्रष्टाचार हुनाका कारणहरु पहिचान गरी सो हुन नदिन सरकारी निकायहरुको पनि महत्वपूर्ण भूमिका रहन्छ । अनियमित एवं भ्रष्टाचारजन्य कार्य हुन नदिन सबैबाट सामूहिक प्रतिबद्धता प्रकट भएमा भ्रष्टाचारको पंजाबाट मुलुकलाई मुक्ति दिलाउन सकिने आयोगले विश्वास लिएको छ ।

संविधान र ऐनद्वारा प्रदान भएका जिम्मेवारी पूरा गर्न र आफ्नो समग्र काम कारवाहीमा प्रभावकारिता ल्याउन आयोग निरन्तर लागिरहेको छ । प्रशासन यन्त्रको निर्णय क्षमतामा कति परिवर्तन भयो, जनताले छिटो छरितो र सुलभ रुपमा सेवा प्राप्त गरे गरेनन्, देशको राजस्वमा कति बृद्धि भयो, आर्थिक अनुशासन कायम भयो भएन, उपलव्ध सीमित स्रोत र साधनको सही परिचालन भयो भएन, ऐन, कानून तथा नीति निर्देशनहरुको सही रुपमा पालना भयो भएन भन्ने कुराहरुले आयोगको प्रभावकारिता दर्शाउने हुंदा आयोगका सम्पूर्ण प्रयासहरु यसतर्फ केन्द्रित रहेका छन् ।

भ्रष्टाचार नियन्त्रणको महायज्ञमा आयोगलाई सहयोग पुऱ्याउने संवैधानिक निकायहरु, सरकारी अंगहरु, दातृराष्ट तथा दातृ संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाजहरु, सञ्चार जगत, सर्वसाधारण तथा राष्ट्रसेवकहरुप्रति आयोग हार्दिक आभार व्यक्त गर्न चाहन्छ ।

अन्त्यमा, नेपाली जनताले अपेक्षा गरे अनुरुप भ्रष्टाचारी बिरुद्ध अभियानकै रुपमा सशक्त कारबाही अगाडि बढाई अख्तियार दुरुपयोगमुक्त राज्यसंयन्त्रको माध्यमबाट सुशासनलाई सुदृढ गरी अनुशासित समाज स्थापना गर्न आयोग कृतसंकल्प छ । आयोगको यस चुनौतीपूर्ण लक्ष्य प्राप्तिको लागि सबै वर्ग र क्षेत्रबाट आवश्यक सहयोग प्राप्त हुने आशा एवं विश्वास आयोगले लिएको छ ।

अनुसूचीहरु

अनुसूची – १


श्री ५ महाराजाधिराज
संवैधानिक परिषद्
राष्ट्रिय/अन्तर्राष्ट्रिय नागरिक समाज, (ट्रान्सपरेन्सी इन्टरनेशनल आदि)
सम्माननीय प्रमुख आयुक्तज्यू तथा माननीय आयुक्तज्यूहरु (आयोग)
सचिव
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
महाशाखा ६
मुद्दा महाशाखा
योजना महाशाखा
प्रशासन महाशाखा
प्रहरी महाशाखा
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
संसद
मन्त्रिपरिषद् सचिवालय
मन्त्रालयहरु
राष्ट्रिय सतर्कता केन्द्र
राजस्व अनुसन्धान विभाग
विभागहरु
पुनरावेदन सरकारी वकीलहरु
क्षेत्रीय प्रशासकहरु
प्रमुख जिल्ला अधिकारीहरु
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

सचिवालयको प्रस्तावित संगठन तालिका



पूर्ण दरबन्दीतर्फ : २०

आ.व. २०५९/६० को बजेट व्यवस्था

वार्षिक विनियोजन			खर्च		बांकी			कैफियत
			निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुबै	
साधारणः	रु.	२१,५४३,०००।००	२०,२७१,३५२।५५	२०,२७१,३५२।५५				
अर्थ बजेटः	रु.	३,८७६,६७२।४३	३,८७६,६७२।४३	३,८७६,६७२।४३				
जम्माः	रु.	२५,४१९,६७२।४३	२४,१४८,०२४।९८	२४,१४८,०२४।९८				
विकास बजेटः	रु.	२,६७५,०००।००	२३१,४१६।००	२३१,४१६।००				
जम्माः	रु.	२८,०९४,६७२।४३	२४,३७९,४४०।९८	२४,३७९,४४०।९८				

आ.व. २०५९/६० को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तूर र अन्य समेत गरी जम्मा रु. १,१५९/- राजस्व आम्दानी भएको छ।

आ.व. २०५९/६० को धरौटीतर्फ

आ.व. २०५८/५९ को जिम्मेवारी सरेको	रु.	२,८७२,५०८।११	पै.
२०५९ श्रावणदेखि २०६० आषाढ मसान्तसम्मको जम्मा धरौटी	रु.	२,६५५,२५०।००	पै.
२०६० आषाढसम्म फिर्ता वा सदर स्याहा भएको धरौटी रकम	रु.	१,६९६,४६९।७७	पै.
२०६० आषाढसम्ममा बांकी धरौटी	रु.	३,८३१,२८८।३४	पै.

अनुसूची ४

आ.व. २०५९/६० को वार्षिक प्रगति विवरण

क्र.सं.	मन्त्रालय		जम्मा उजूरी संख्या										फछ्यौंट भएको
			गत वर्षको		यस वर्षको		जम्मा		आयोगको ल.क.		आयोगमा बांकी		
			भ्र	अनु	भ्र	अनु	भ्र	अनु	भ्र	अनु	भ्र	अनु	
१	अर्थ मन्त्रालय	प्रारम्भिक	२५	०	२५८	०	२८३	०	२३९	०	४४	०	२२२
		विस्तृत	०	०	०	०	३३	०	२५	०	८	०	२५
२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	प्रारम्भिक	४५	८	११३	६	१५८	१४	१४७	१४	११	०	१४८
		विस्तृत	०	०	०	०	६	०	३	०	३	०	३
३	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	प्रारम्भिक	३	०	४५	०	४८	०	४६	०	२	०	४१
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
४	कृषि तथा सहकारी मन्त्रालय	प्रारम्भिक	६८	१३	१२९	१२	१९७	२५	१७६	२४	२१	१	१५४
		विस्तृत	०	०	०	०	९	०	३	०	६	०	३
५	गृह मन्त्रालय	प्रारम्भिक	४४	०	१७२	७९	२१६	७९	१९६	७६	२०	३	१९४
		विस्तृत	०	०	०	०	५	०	३	०	२	०	३
६	जनसंख्या तथा वातावरण मन्त्रालय	प्रारम्भिक	०	०	०	२	०	२	०	२	०	०	१
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
७	जलस्रोत मन्त्रालय	प्रारम्भिक	१२	०	१५१	०	१६३	०	१३६	०	२७	०	८८
		विस्तृत	०	०	०	०	१०	०	४	०	६	०	४
८	परराष्ट्र मन्त्रालय	प्रारम्भिक	३	०	७	०	१०	०	६	०	४	०	६
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
९	प्रधानमन्त्रीको कार्यालय	प्रारम्भिक	०	०	०	०	०	०	०	०	०	०	०
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
१०	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	प्रारम्भिक	१९३	०	३५६	९	५४९	९	४९४	९	५५	०	३६५
		विस्तृत	०	०	०	०	१५	०	६	०	९	०	६
११	भौतिक योजना तथा निर्माण मन्त्रालय	प्रारम्भिक	३३	०	११९	०	१५२	०	१२६	०	२६	०	८९
		विस्तृत	०	०	०	०	८	०	४	०	४	०	४
१२	मन्त्रिपरिषद् सचिवालय	प्रारम्भिक	०	०	१९	०	१९	०	१९	०	०	०	१९
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
१३	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	प्रारम्भिक	६	०	१५	०	२१	०	१६	०	५	०	१२
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
१४	रक्षा मन्त्रालय	प्रारम्भिक	२	०	३४	०	३६	०	३४	०	२	०	३४
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
१५	राष्ट्रिय योजना आयोग	प्रारम्भिक	२	०	८	०	१०	०	९	०	१	०	८
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
१६	वन तथा भू-संरक्षण मन्त्रालय	प्रारम्भिक	३६	२	२६८	०	३०४	२	२९०	२	१४	०	१२०
		विस्तृत	०	०	०	०	१४	०	४	०	१०	०	४
१७	विज्ञान तथा प्रविधि मन्त्रालय	प्रारम्भिक	२	०	४	१	६	१	६	१	०	०	७
		विस्तृत	०	०	०	०	०	०	०	०	०	०	०
१८	शिक्षा तथा खेलकूद मन्त्रालय	प्रारम्भिक	२९	२	४२२	८१	४५१	८३	४१७	७८	३४	५	३६०
		विस्तृत	०	०	०	०	६	०	४	०	२	०	४
१९	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	प्रारम्भिक	१२	०	६९	०	८१	०	६८	०	१३	०	५२
		विस्तृत	०	०	०	०	४	०	१	०	३	०	१
२०	सामान्य प्रशासन मन्त्रालय	प्रारम्भिक	०	०	१४	०	१४	०	१३	०	१	०	१३
		विस्तृत	०	०	०	०	३	०	२	०	१	०	२
२१	सूचना तथा सञ्चार मन्त्रालय	प्रारम्भिक	१०	१	१२२	२७	१३२	२८	१२२	२१	१०	७	११८
		विस्तृत	०	०	०	०	११	०	९	०	२	०	९
२२	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	प्रारम्भिक	१५	०	१०५	०	१२०	०	८४	०	३६	०	७४
		विस्तृत	०	०	०	०	८	०	२	०	६	०	२
२३	स्थानीय विकास मन्त्रालय	प्रारम्भिक	५९	०	४६०	०	५१९	०	४६३	०	५६	०	१७९
		विस्तृत	०	०	०	०	१०	०	२	०	८	०	२
२४	स्वास्थ्य मन्त्रालय	प्रारम्भिक	१८	०	२१६	०	२३४	०	१८०	०	५४	०	१०१
		विस्तृत	०	०	०	०	६	०	४	०	२	०	४
	कूल जम्मा	प्रारम्भिक	६१७	२६	३१०६	२१७	३७२३	२४३	३२८७	२२७	४३६	१६	२४०५
		विस्तृत	०	०	०	०	१४८	०	७६	०	७२	०	७६
				६४३		३३२३		३९६६		३५९०		५२४	

वार्षिक प्रगति

कूल फछ्यौंटको आधारमा = ६२.५६ %	आयोगको लगत कट्टा गरी अधिकार प्रत्यायोजित निकायहरूमा प्रेषित उजूरी संख्या :	११०९
आयोगमा बांकी उजूरीको आधारमा = ९०.५२ %	आयोगबाट तामेली भई फछ्यौंट संख्या :	२४८१
	आयोगको कूल लगत कट्टा :	३५९०

* द्रष्टव्य : - आयोगमा परेका उजूरी मध्येबाटै विस्तृत अनुसन्धान गरिने हुदा कूल उजूरीमा विस्तृत अनुसन्धानको संख्या पुनः जोड्न मिल्दैन ।

आयोगबाट अधिकार प्रत्यायोजन भएका कार्यालयहरुबाट भएको कामको प्रगति विवरण

क्र. सं.	अधिकार प्रत्यायोजन भएको कार्यालयको नाम	जम्मा उजूरी संख्या			फछ्यौट भएको उजूरी संख्या				बाँकी उजूरी संख्या
		गत वर्षको जिम्मेवारी	यस आ.व.को उजूरी	जम्मा	सम्बन्धित कार्यालयबाटै तामेली	अन्य निकायमा पठाई तामेली	मुद्दा दायर गर्न आयोगमा पठाएको	जम्मा	
	क्षेत्रीय प्रशासन कार्यालयहरू								
१	पूर्वाञ्चल विकास क्षेत्र	०	४७	४७	२	०	०	२	४५
२	मध्यमाञ्चल विकास क्षेत्र	०	८९	८९	४	०	०	४	८५
३	पश्चिमाञ्चल विकास क्षेत्र	०	३४	३४	२	१०	०	१२	२२
४	मध्यपश्चिमाञ्चल विकास क्षेत्र	०	२६	२६	१	७	०	८	१८
५	सुदूरपश्चिमाञ्चल विकास क्षेत्र	०	२५	२५	०	०	०	०	२५
	जिल्ला प्रशासन कार्यालयहरू								
१	ताप्लेजुङ्ग	१	१	२	०	१	०	१	१
२	पाचथर	११	०	११	०	०	०	०	११
३	इलाम	२०	९	२९	१२	१		१३	१६
४	झापा	१८	१६	३४	१०	१	०	११	२३
५	सखुवासभा	१	४	५	२	०	०	२	३
६	भोजपुर	४	०	४	०	०	०	०	४
७	तेह्रथुम	६	९	१५	२	०	०	२	१३
८	धनकुटा	२	४	६	०	०	०	०	६
९	मोरङ्ग	८	३७	४५	१७	०	०	१७	२८
१०	सुनसरी	१२	३१	४३	४	०	०	४	३९
११	उदयपुर	११	०	११	२	३	०	५	६
१२	सिरहा	५	१७	२२	१	०	०	१	२१
१३	सप्तरी	१०	६०	७०	९	३	०	१२	५८
१४	खोटाङ्ग	६	६	१२	१	०	०	१	११
१५	*आखलढुंगा**			०				०	०
१६	*सोलुखुम्बु*	०	१	१	०	०	०	०	१
१७	दोलखा	२	१	३	०	०	०	०	३
१८	रामेछाप	२४	१	२५	१	०	०	१	२४
१९	सिन्धुली	२९	०	२९	०	०	०	०	२९
२०	सलाही	५	४६	५१	१३	१	३	१७	३४
२१	महोत्तरी	३६	१४	५०	०	१	०	१	४९
२२	धनुषा	४७	४८	९५	६	२२	०	२८	६७
२३	*रसुवा*	१	५	६	०	५	०	५	१
२४	सिन्धुपाल्चोक	६	३	९	१	०	०	१	८
२५	*धादिंग**			०				०	०
२६	काभ्रेपलान्चोक	०	८	८	२	१	०	३	५
२७	नुवाकोट	१३	४	१७	२	०	०	२	१५
२८	काठमाडौं	०	५७	५७	०	०	०	०	५७
२९	ललितपुर	०	८	८	०	०	०	०	८
३०	भक्तपुर	०	७	७	०	१	०	१	६
३१	बारा	५८	६७	१२५	३	८	०	११	११४
३२	मकवानपुर	२२	०	२२	४	०	०	४	१८
३३	पर्सा	२७	३२	५९	१८	६	०	२४	३५
३४	रौतहट	२	२१	२३	८	०	०	८	१५
३५	चितवन	१८	१३	३१	६	१	०	७	२४
३६	कास्की	४४	३	४७	०	२	०	२	४५
३७	तनहूं	१३	७	२०	४	०	०	४	१६
३८	स्याङ्जा	५	११	१६	०	०	०	०	१६
३९	गोरखा	०	८	८	०	१		१	७
४०	*लमजुङ*	१	४	५	०	०	०	०	५
४१	पर्वत	४	३	७	४	०	०	४	३
४२	म्याग्दी	२	३	५	४	०	०	४	१
४३	*मुस्ताङ्ग*	१	०	१	०	०	०	०	१
४४	बाग्लुङ्ग	२	९	११	०	१	०	१	१०

४५	मनाङ्ग	०	०	०	०	०	०	०	०
४६	गुल्मी	०	११	११	०	१	०	१	१०
४७	अर्घाखांची	०	२	२	०	०	०	०	२
४८	पाल्पा	४	०	४	०	०	०	०	४
४९	रूपन्देही	६	३२	३८	०	१	०	१	३७
५०	नवलपरासी	०	५	५	१	०	०	१	४
५१	कपिलवस्तु	५	०	५	२	१	०	३	२
५२	प्यूठान	०	०	०	०	०	०	०	०
५३	सल्यान	०	४	४	१	१	०	२	२
५४	रोल्पा	०	२	२	०	०	०	०	२
५५	दाङ्ग	९	१९	२८	८	३	०	११	१७
५६	*रूकुम**			०				०	०
५७	बांके	१६	२५	४१	१५	३	०	१८	२३
५८	बर्दिया	८	३३	४१	१५	५	०	२०	२१
५९	सुखेत	२	१०	१२	२	५	०	७	५
६०	*दैलेख*	४	६	१०	०	०	०	०	१०
६१	*जाजरकोट**			०				०	०
६२	*जुम्ला*	६	०	६	०	१	०	१	५
६३	कालीकोट	९	४	१३	७	१	०	८	५
६४	मुगु	१५	३	१८	०	१	०	१	१७
६५	कैलाली	२३	८	३१	३	३	०	६	२५
६६	डोटी	०	५	५	१	१	०	२	३
६७	*बझाङ**			०				०	०
६८	*बाजुरा*	३	६	९	०	०	०	०	९
६९	हुम्ला	०	३१	३१	१६	१४	०	३०	१
७०	डोल्पा	११	०	११	४	२	०	६	५
७१	बैतडी	०	७	७	०	०	०	०	७
७२	अछाम	०	०	०	०	०	०	०	०
७३	कंचनपुर	२	४	६	१	०	०	१	५
७४	डडेलधुरा	०	२	२	१	०	०	१	१
७५	दार्चुला	१	०	१	१	०	०	१	०
	जम्मा :	६०१	१०१८	१६१९	२२३	११९	३	३४५	१२७४

द्रष्टव्य :

आयोगबाट अख्तियारी सौंपिएका क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणहरू यथारूपमै यसमा समावेश गरिएका छन् ।

* यो चिन्ह लागेका ५ वटा जिल्ला प्रशासन कार्यालयहरूबाट अध्यावधिक प्रगति विवरण प्राप्त हुन नसकेको ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

आर्थिक वर्ष २०५९/६० को वार्षिक प्रगति

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
२०५७
पत्रकालय

क्र.सं.	विवरण	आ.व. २०५९/६०	आ.व. २०५८/५९	आ.व. २०५७/५८
१	कूल उजूरी संख्या			
	क) नयां उजूरी	३३२३	१९५९	९००
	ख) गत वर्षको जिम्मेवारी	६४३	५६३	३६१
	जम्मा	३९६६	२५२२	१२६१
२	फछ्यौंट भएको उजूरी संख्या	२४८१	२०१५	६९८
३	अदालतमा मुद्दा दायर	१४७	६१	२६
४	प्रेषित उजूरी संख्या :			
	क) विभागीय कारबाही	२५	१८	१२
	ख) सचेत/सतर्क	२५	१५	८
	ग) ध्यानाकर्षण	९	२४	४
	घ) सुझाव	२२	४४	१८




कारबाही विवरण
उजूरी संख्या
१६०
१४०
१२०
१००
८०
६०
४०
२०
०
१४७
६१
२६
२५
१८
१२
२५
१५
८
९
२४
४
२२
४४
१८
अदालतमा मुद्दा दायर
विभागीय कारबाही
सचेत/सतर्क
ध्यानाकर्षण
सुझाव
अवधि
आ.व. २०५९/६०
आ.व. २०५८/५९
आ.व. २०५७/५८